अध्याय ५३

# पवित्र आत्माका वरदानहरू (२) : विशेष वरदानहरू

# Gifts of the Holy Spirit (2) : Specific Gifts

***विशेष आत्मिक वरदानहरूलाई हामीले कसरी बुझ्नु र चलाउनुपर्छ ?***

## व्याख्या र धर्मशास्त्रीय आधार

यस अध्यायमा हामी आत्मिक वरदानहरूबारे यसअघिका अध्यायहरूमा भएको सामान्य छलफललाई अघि बढाउनेछौं अनि विभिन्न विशेष वरदानहरूलाई अझ विस्तृत रूपमा जाँच गर्नेछौं। हामी नयाँ करारमा उल्लेखित प्रत्येक वरदान विचार गर्नेछैनौं, तर यस्ता विभिन्न वरदानहरूमा ध्यान केन्द्रित गर्नेछौं जसलाई राम्ररी बुझिएका छैनन् वा जसका प्रयोगले आज केही विवाद उठाएका छन्। यसकारण हामी ती वरदानहरूबारे अध्ययन गर्नेछैनौं जसका अर्थ र प्रयोग संलग्न शब्दावलीमा स्वतः सुस्पष्ट छन् (जस्तै, सेवा, प्रोत्साहन, अवदान, अगुवापन देखाउने वा करुणा देखाउने), तर तलको तालिकामा भएका वरदानहरूबारे विचार गर्नेछौं, जो मूलतः १ कोरिन्थी १२:२८ र १२:८-१० बाट लिइएका छन् :

१. अगमवाणी
२. शिक्षण
३. आश्चर्यकर्महरू
४. चङ्गाइ
५. अन्य भाषाहरू र अर्थ खोलाइ
६. बुद्धिका/ज्ञानका वचन
७. आत्माहरू छुट्याउने वरदान

### क. अगमवाणी

अगमवाणीको वरदानबारे विभिन्न परिभाषाहरू दिइएका भए तापनि, यस विषयबारे नयाँ करारका शिक्षालाई नयाँ गरी जाँच गर्दा यो देखिन्छ कि यसलाई "भविष्यकथन" भनी वा "प्रभुबाट आएका वचनको घोषणा" भनी परिभाषित गर्नुको सट्टा

*"परमेश्वरले मनमा स्वतः ल्याइदिनुभएको कुनै कुरा भन्नु"* भनी परिभाषित गर्नुपर्दछ। तल दिइएको सामग्रीका प्रथम चारवटा बुँदाहरूले यस निष्कर्षलाई समर्थन गर्छन्; बाँकी रहेका बुँदाहरूले यस वरदानसम्बन्धी अरू विचारहरूबारे छलफल गर्छन्।[1]

**१. नयाँ करारका प्रेरितहरू पुरानो करारका अगमवक्ताहरू प्रतिपक्ष (counterpart) हुन्।** पुरानो करारका अगमवक्ताहरूका उदेकको उत्तरदायित्व थियो – उनीहरूले पूर्ण रूपमा परमेश्वरीय अख्तियार भएका वचनहरू बोल्न र लेख्न सक्थे। उनीहरूले "परमप्रभु भन्नुहुन्छ" भन्न सक्थे अनि यसपछि आउने वचनहरू परमेश्वरकै वचनहरू हुन्थे। उनीहरूले आफ्नै वचनहरूलाई सबै समयका निम्ति परमेश्वरका वचन भनी लेखे (हे. गन्ती २२:३८; व्यव १८:१८-२०; यर्मि १:९; इज २:७, आदि)। त्यसकारण एउटा अगमवक्ताका वचनहरूलाई अविश्वास गर्नु र त्यसलाई नमान्नु परमेश्वरलाई अविश्वास वा अटेरी गरेको समान थियो (हे. व्यव १८:१९; १ शमू ८:७; १ राज २०:३६; र अन्य धेरै खण्डहरू)।

नयाँ करारमा यस्ता मानिसहरू पनि थिए जसले परमेश्वरकै वचनहरू बोले अनि तिनलाई धर्मशास्त्रमा अभिलिखित गराए, तर येशूले तिनीहरूलाई अब "अगमवक्ता" नभन्नुभएर एउटा नयाँ  शब्द "प्रेरितहरू" प्रयोग गर्नुभएको देख्दा हामी छक्कै पर्न सक्छौं। प्रेरितहरू पुरानो करारका अगमवक्ताहरूका प्रतिपक्ष (counterpart) हुन् (हे. १ कोर २:१३; २ कोर १३:३; गला १:८-९; ११-१२; १ थेस २:१३, ४:८, १५; २ पत्र ३:२)। नयाँ  करारको धर्मशास्त्रका वचन लेख्ने अख्तियार भएका मानिसहरू अगमवक्ताहरू होइनन्, प्रेरितहरू हुन्।

प्रेरितहरूले उनीहरूको अद्वितीय अख्तियार स्थापित गर्न खोज्दा उनीहरूले कहिल्यै पनि "अगमवक्ता"-को उपाधि प्रयोग गरेनन् तर यसको सट्टा आफैलाई "प्रेरितहरू" भने (रोम १:१; १ कोर १:१; ९:१-२; २ कोर १:१; ११:१२-१३; १२:११-१२; गला १:१; एफि १:१; १ पत्र १:१; २ पत्र १:१; ३:२; आदि)।

**२. नयाँ करारको समयमा *अगमवक्ता* शब्दको अर्थ।** धर्मशास्त्र लेख्ने अख्तियार भएको मानिसहरूलाई उपाधि दिनका लागि येशूले नयाँ शब्द *प्रेरित* किन चुन्नुभयो ? यसको सम्भाव्य कारण यो थियो कि नयाँ  करारको समयमा ग्रीक शब्द  prophetes (अगमवक्ता)-का अति व्यापक अर्थहरू थिए। यसले "परमेश्वरकै वचनहरू बोल्ने"

---

[1]अगमवाणीको वरदानबारे तल भएका सबै बुँदाहरूलाई अझ विस्तृत रूपमा विकास गर्नलाई हे. Wayne Grudem, *The Gift of Prophecy in 1 Corinthians* र Wayne Grudem, *The Gift of Prophecy in the New Testament and Today* (अझ धेरै विद्वत्तापूर्ण पुस्तकादिसित गरिएको अन्तरक्रिया लिएर भएको छलफलको कारण पहिलो पुस्तक बढ़ी प्राविधिक छ)।

अगमवाणीबारे तलको सामग्रीको अधिकांश खण्ड मेरो लेख "Why Christians Can Still Prophesy," *CT* (सेप्ट., १६, १९८८), पृ.२९-३५ बाट अनुमतिसहित लिइएको छ; हे. मेरो अर्को लेख "What Should Be the Relationship Between Prophet and Pastor?," *Equipping the Saints* (शरद्, १९९०), पृ. ७-९, २१-२२ पनि; र "Does God Still Give Revelation Today?," *Charisma* (सेप्टे., १९९२), पृह. ३८-४२ मा पनि हे.।

मैले अगमवाणीको वरदानलाई जसरी बुझेको छु, त्योसित अनेकौं लेखकहरू असहमत छन्। यस अध्यायमा प्रस्तुत दृष्टिकोणको वैकल्पिक दृष्टिकोणको निम्ति हे. Richard Gaffin, *Perspectives on Pentecost* (Gaffin-ले मूलतः सन् १९८२ मा मेरो अप्रकाशित पुस्तकप्रति प्रतिक्रिया देखाइरहेका छन्), र Victor Budgen, F. David Farnell, Kenneth L. Gentry, Jr., Robert Saucy, Robert L.Thomas, र R. Fowler White-बारे अध्यायहरूको अन्त्यमा भएको पुस्तक-सूची। अर्कोतिर, D.A. Carson, Roy Clements, Graham Houston,

मानिसहरू बुझाउँदैन-थियो तर "कुनै बाहय प्रभावको आधारमा बोल्ने" (प्रायः नै कुनै किसिमको आत्मिक प्रभाव) व्यक्ति बुझाउँथ्यो। तीतस १:१२ ले यस शब्दलाई यस अर्थमा प्रयोग गर्छ, जहाँ पावलले मूर्तिपूजक ग्रीक कवि एपिमेनाइडस्लाई उद्धृत गर्छन् : "तिनीहरूमध्येका एक जना, तिनीहरूकै अगमवक्ताले भनेका छन्, 'क्रेटका मानिसहरू सधैँ झुट बोल्ने, दुष्ट पशुहरू र अल्छे घिचुवाहरू हुन्छन्।'" येशूलाई पट्टी बाँधिदिएर उहाँलाई क्रुरतापूर्वक, "तँलाई हिर्काउने को हो ? लौ अगमवाणी भन्" भनी गिल्ला गर्ने सिपाहीहरूले पनि यस तरिकामा "अगमवाणी बोल्नु" भन्ने वाक्यांशलाई प्रयोग गरेका देखिन्छ (लूक २२:६४)। तिनीहरूको भनाइको अर्थ "पूर्ण परमेश्वरीय अख्तियार भएका वचनहरू बोल" भन्ने थिएन, तर "तर तँलाई प्रकट गरिएको कुनै कुरा हामीलाई भन्" भन्नेथियो (तु. यूह ४:१९)।

बाइबलेतर अनेकौं लेखहरूले अगमवक्ता (ग्रीक *prophetes*) शब्दलाई यस प्रकारले प्रयोग गर्छन् जसमा "अगमवक्ता" भनिएको व्यक्तिका वचनहरूमा कुनै परमेश्वरीय अख्तियार भएको सङ्केत गरिएको हुँदैन। वास्तवमा, नयाँ करारको समयसम्ममा, साधारण अर्थमा अगमवक्ता शब्दले प्रायः नै "परालौकिक ज्ञान" भएको वा "भविष्य बताउने" वा "प्रवक्ता" मात्र बुझाउँथ्यो (परमेश्वरीय अख्तियार बुझाउने कुनै सम्पृक्तार्थविना)। नयाँ करारको समयछेउछाउका अनेकौं उदाहरणहरू *Theological Dictionary of the New Testament*-मा Helmut Kramer-को लेखमा दिइएका छन् :[२]

दार्शनिकलाई "अमर स्वभावका *अगमवक्ता*" भनिन्छ।
– Dio Chrysostom, ख्री.पू. ४०-१२०।

एउटा शिक्षक (Diogenes) "सत्यता र स्पष्टवादिताको *अगमवक्ता* बन्न चाहन्छन्"।
– Samosata-का Lucian, ख्री.पू. १२०-१८०

एपिक्युरी दर्शनशास्त्र समर्थन गर्नेहरूलाई एपिक्युरीका *अगमवक्ताहरू*" भनिन्छ।
– Plutarch, ख्री.पू. ५०-१२०

लिखित इतिहासलाई "सत्यताकी *अगमवादिनी*" भनिन्छ।
– Diodorus Siculus, प्रायः ख्री.पू. ६०-३० मा लेखे)

एक वनस्पति "विशेषज्ञ"-लाई *"अगमवक्ता"* भनिन्छ।
– Cilicia-को Dioscurides, ख्री.पू. प्रथम शताब्दी।

झोलाछाप डाक्टर (quack) -लाई "अगमवक्ता" भनिन्छ।
– Pergamum-को Galen, ख्री. १२९-१९९)

Kramer निष्कर्ष निकाल्छन् कि "अगमवक्ता" बुझाउने ग्रीक शब्द *prophetes*-ले "केवल विवरण दिने, घोषणा गर्ने, जाहेर गर्ने औपचारिक कार्य बुझाउँछ"। तरै पनि, "हरेक अगमवक्ताले यस्तो कुरा घोषणा गर्छ जो तिनको आफ्नै होइन," "अग्रदूत"

Charles Hummel, र M.M.B. Turner साथै विभिन्न पुस्तकहरूले १९८२ र १९८८ मा प्रकाशित भएका मेरा पुस्तकहरूमा प्रस्तुत मेरो दृष्टिकोणप्रति प्रचुर सहमति अभिव्यक्त गरेका छन्।

[२]निम्नलिखित उदाहरणहरू *TDNT* 6, पृ. ७९४ बाट लिइएका हुन्।

बुझाउने ग्रीक शब्द (*Keryx*) अगमवक्ताको "निकटस्थ पर्यायवाची हो।"[३]

निश्चय नै, *अगमवक्ता* र *अगमवाणी* शब्दहरूलाई *कहिलेकाहीँ प्रेरितहरूबारे* त्यस सन्दर्भमा *प्रयोग गरिन्थ्यो* जसले बाहिरी आत्मिक प्रभाव (पवित्र आत्माबाट)-माथि जोड़ दिन्थ्यो। पवित्र आत्माको प्रभावमा नै उनीहरू बोल्थे (प्रका १:३; २२:७, र एफि २:२०; ३:५),[४] तर यो प्रेरितहरूका निम्ति प्रयोग गरिने साधारण शब्दावली थिएन, नता *अगमवक्ता* र *अगमवाणी* शब्दहरूले आफैमा तिनीहरूका बोली र लेखनमा परमेश्वरीय अख्तियार इङ्गित गर्छन्। धेरै सामान्य रूपमा, *अगमवक्ता* र *अगमवाणी* शब्दहरू यस्ता सामान्य ख्रीष्टियानहरू बुझाउन प्रयोग गरिन्थे जसले पूर्ण अख्तियारसित नबोलेर, परमेश्वरले तिनीहरूका हृदयमा राखिदिनुभएको वा तिनीहरूका मनमा ल्याइदिनुभएको कुरा केवल बताई मात्र दिन्थे। अगमवाणीको यो सामान्य वरदानको अख्तियार बाइबलको अख्तियारभन्दा कम हुन्थ्यो, अनि प्रारम्भिक मण्डलीमा मान्यता प्राप्त बाइबल शिक्षाकै भन्दा पनि कम हुन्थ्यो भन्ने धेरैवटा सङ्केतहरू बाइबलमा छन् जो निम्नलिखित खण्डबाट स्पष्ट हुन्छ।

## ३. अगमवक्ताहरूले धर्मशास्त्रको वचनसरहको अख्तियारसित वचन बोल्थेनन् भन्ने सङ्केतहरू ।

**अ. प्रेरित २१:४ :** प्रेरित २१:४ मा हामी यो पढ्छौं: "पावललाई यरूशलेम नजानू भनी तिनीहरूले पवित्र आत्माद्वारा भने।" यो पावललाई तोकेर गरिएको अगमवाणीतिर गरिएको सङ्केत थियो भन्ने देखिन्छ, तर पावलले यसलाई अवज्ञा गरे ! यस अगमवाणीमा यदि परमेश्वरकै वचन भएको भए र यसमा धर्मशास्त्र बराबरकै अख्तियार थियो भने पावलले यस्तो कहिल्यै गर्नेथिएनन्।

**आ. प्रेरित २१:१०-११ :** त्यसपछि प्रेरित २१:१०-११ मा, अगाबसले यो अगमवाणी

[३] ऐजन, पृ. ७९५।

[४] *The Gift of Prophecy in the New Testament and Today,* पृ. ४५-६३ मा मैले एफिसी २:२० बारे लामो छलफल गरेको छु। यहाँ मैले यो तर्क गरेको छु कि पावल भन्छन्, मण्डली "प्रेरित-अगमवक्ताहरूको (वा "प्रेरितहरू जो अगवक्ताहरू पनि हुन्") जगमाथि बसालिएर निर्माण भएको छ।" *ton apostolon kai proheton* वाक्यांशको यो व्याकरणिक रूपमा स्वीकार्य अनुवाद हो। यसर्थ, यस लेखांशले ती प्रेरितहरू बुझाउँछ जसलाई गैरयहूदीहरूलाई मण्डलीमा संलग्न गरिनुको रहस्य प्रकट गरिएको थियो (हे. एफि ३:५ जसले विशेष गरी भन्छ कि यो रहस्य अब "उहाँका पवित्र प्रेरितहरू र अगमवक्ताहरूलाई [वा "प्रेरित-अगमवक्ताहरू वा, "प्रेरितहरू जो अगमवक्ताहरू पनि हुन्"] पवित्र आत्माद्वारा प्रकट गरिएको छ")।

अगमवाणीको प्रकृतिबारे सम्पूर्ण छलफलमा एफिसी २:२० को धेरै सान्दर्भिकता छ भनी म ठान्दिनँ। हामी यहाँ मैले देखे जस्तै एउटा समूह (प्रेरित-अगमवक्ताहरू) वा Richard Gaffin र अन्य अनेकौंले देखे जस्तै दुई समूहहरू (प्रेरितहरू र अगमवक्ताहरू) देखे तापनि, हामी सबै यस कुरामा सहमत हुन्छौं कि मण्डलीको जग उपलब्ध गर्ने *यी* अगमवक्ताहरू हुन्, र तसर्थ यी अगमवक्ताहरू नै ती व्यक्तिहरू हुन् जसले परमेश्वरको अचूक वचन बोले। यस पदले नयाँ करारका मण्डलीहरूमा *अगमवाणीको वरदान प्राप्त सबैको* स्वभाव वर्णन गर्छ वा गर्दैन भन्ने प्रश्नसम्बन्धी नै हामी असहमत हुन्छौं। आरम्भिक मण्डलीमा अगमवाणी बोल्ने सबै मानिसहरूलाई यस पदले वर्णन गर्छ भन्ने कुनै पत्यारलाग्दो प्रमाण म देख्दिनँ। बरु, सन्दर्भले स्पष्टतः अगमवक्ताहरूका यस्तो सीमित समूह देखाउँछ जो (क) मण्डलीको जगकै वास्तविक भाग थिए, (ख) प्रेरितहरूसँग निकटस्थ रूपमा सम्बन्धित थिए, अनि (ग) मण्डलीमा गैरयहूदीहरू यहूदीहरूसरहका सदस्यहरू थिए भनी परमेश्वरबाट प्रकाश पाउनेहरू (एफि ३:५) थिए। चाहे हामी यो समूह प्रेरितहरूको समूह मात्र थियो भनौं, वा धर्मशास्त्रको गुण भएका वचनहरू बोल्ने प्रेरितहरूसँग घनिष्ठ रहेका अगमवक्ताहरूको एउटा सानो समूह थियो भनौं, हामी विश्वव्यापी मण्डलीको यो जग उपलब्ध

अख्तियारसित गरे कि "त्यसलाई (अर्थात् पावललाई) यरूशलेममा यहूदीहरूले यसै गरी बाँध्नेछन् र अन्यजातिहरूका हातमा सुम्पिदिनेछन्। यो प्राय: नै सही अगमवाणी थियो तर पक्का अगमवाणी थिएन, यहूदीहरूले होइन, रोमीहरूले पावललाई बाँधे (प. ३३; २२:२९ पनि),[५] अनि यहूदीहरूले उनलाई स्वेच्छाले सुम्पिदिनुका सट्टामा उनलाई मार्ने कोसिस गरे र उनलाई बलजफतीसँग बचाइनुपरेको थियो (प. ३२)।[६] यो पूर्ववाणी साह्रै नमिलेको त थिएन, तर यसमा यस्ता गलत बेहोराहरू थिए जसले पुरानो करारका कुनै पनि अगमवक्ताहरूको वैधतालाई नै शङ्काजनक बनाइदिनेथियो। यसको विपरीत, यस मूलपाठलाई यसरी सही प्रकारले बुझाउन सकिन्छ कि अगाबसले यरूशलेममा पावल क्रुद्ध भीड़द्वारा घेरिएका रोमी कैदी बनेको दर्शन देखे। पवित्र आत्माबाटको यस्तो "दर्शन" वा "प्रकाश"-बारे तिनको आफ्नै व्याख्या यस्तो हुनेथियो कि यहूदीहरूले पावललाई बाँधेर रोमीहरूलाई सुम्पिदिनेथिए। अगाबसले यस्तै अगमवाणी गर्नेथिए (केही गलत मात्रामा)। यो ठीक यस्तै प्रकारको अगमवाणी हो जो माथि प्रस्ताव गरिएको नयाँ करारको विश्वासीजन सामुदायिक अगमवाणीको परिभाषाअनुरूप छ, अर्थात् परमेश्वरले मनमा एकाएक ल्याइदिनुभएको कुनै कुराको प्रतिवेदन आफ्नै शब्दमा दिनु।

यस दृष्टिकोणलाई विरोध गर्ने एउटा तरिका यो भन्नु हो कि अगाबसको अगमवाणी वास्तवमा पूरा भएको थियो, र पावलले प्रेरित २८:१७ मा त्यसको प्रतिवेदन पनि दिन्छन्, "बन्दी भई यरूशलेमदेखि रोमीहरूका हातमा मलाई सुम्पिएको छ।"[७]

तर पद आफैले यस व्याख्यालाई समर्थन गर्नेछैन। प्रेरित २८:१७ को ग्रीक मूलपाठले यरूशलेम*बाट बाहिर एक बन्दी*को रूपमा भएको पावलको स्थानान्तरणतिर सुस्पष्ट सङ्केत गर्छ।[८] यसकारण पावलको वक्तव्यले उनलाई यहूदी न्यायिक प्रणालीबाट निकालेर पठाइयो भन्छ (यहूदीहरूले उनलाई प्रे २३:१५, २० मा फेरि पनि यहूदी महासभाद्वारा जाँच गराउनका लागि ल्याउन खोज्दैथिए) अनि त्यसपछि कैसरियामा भएको रोमी न्यायालयमा उनको मामिला छिनाफाना गर्ने प्रयास गरिरहेका थिए (प्रे २३:२३-३५)। त्यसकारण पावलले प्रेरित २८:१८ मा सही भन्छन् कि जुन रोमी हातमा उनी कैदीको रूपमा सुम्पिइएका थिए (प. १७) तिनै

---

गराउने अति सानो र अद्वितीय मानिसहरूको समूह नै पाउँदछौं।

[५]यहूदीहरूले पावललाई बाँध्नेछन् भनी पूर्ववाणी गर्दा अगाबसले जुन ग्रीक क्रियापद (*deo*) प्रयोग गरेका थिए, लूकाले दुवै पदहरूमा ती नै क्रियापदहरूमा प्रयोग गर्छन्।

[६]अगाबसले प्रयोग गरेका क्रियापद (*paradidomi*, "पुऱ्याउनु, जिम्मा लाइदिनु")-मा स्वेच्छाले, चेतनशील रूपमा वा जानेरै कुनै कसैलाई पुऱ्याइदिनु भन्ने अर्थ हुनुपर्दछ। नयाँ करारमा यो शब्द प्रयोगको अन्य ११९वटा उदाहरणहरूमा यस शब्दको अर्थ यही छ। तर यहूदीहरूले पावललाई जुन प्रकारले व्यवहार गरे, त्यसको सम्बन्धमा यो शब्दको अर्थ यो हुँदैन। तिनीहरूले स्वेच्छाले पावललाई झ्यालखानमा हालेका थिएनन्!

[७]Gaffin-को दृष्टिकोण यही नै हो, Perspective, पृह. ६५-६६, र F. David Farnell, "The Gift of Prophecy in the Old and New Testament," *Bib*Sac149:596 (अक्टो.-डिसे. १९९२), पृ. ३९५, उनीहरू दुवैले समर्थन जुटाउनका लागि प्रेरित २८:१७ उल्लेख गर्छन्।

[८]"म यरूशलेम*मा* पक्राउमा परेको थिएँ अनि रोमीहरूका हातमा सुम्पिइएको थिएँ" भन्ने NIV-को अनुवादले पावललाई यरूशलेम*बाहिर* (*ex*) सुम्पिइएको भन्ने अर्थ दिन पूर्ण रूपमा चुक्दछ अनि पावललाई कैदीको (ग्रीक *desmios*) रूपमा जिम्मा दिइयो भन्ने धारणालाई हटाउँछ, र उनलाई यरूशलेममा पक्राउमा

रोमीहरूले "छानबीन गरेपछि ममा मृत्युदण्डको कुनै कारण नभेट्टाउँदा मलाई छोड़िदिने मन गरेका थिए" (प्रे २८:१८; तु. २३:२९; २५:११, १८-१९; २६:३१-३२ पनि हे.)। त्यसपछि पावलले यो थप्छन् कि यहूदीहरूले आपत्ति उठाउँदा "कैसरकहाँ अपील गर्न" उनलाई कर लाग्यो (प्रे २८:१९; तु. २५:११)। प्रेरित २८:१७-१९ मा भएको सम्पूर्ण विवरणले प्रेरित २३:१२-३५ मा पावल यरूशलेमदेखि बाहिर कैसरियामा पठाइएको घटना बताउँछ, र पावल किन रोमी कैदमा थिए सो यहूदीहरूलाई बुझाउँछ। यस विवरणले प्रेरित २१:२७-३६ र यरूशलेमको मन्दिर छेवैमा भएको भीड़लाई ठ्याम्मै इङ्गित गर्दैन। यसकारण यो आपत्ति चित्त बुझ्दो किसिमको छैन। यस पदले अगाबसको अगमवाणीको आधा कुरा पनि पूरा भएको देखाउँदैन : यसले यहूदीहरूद्वारा कुनै बन्धन उल्लेख गर्दैन, नत यहूदीहरूले पावललाई रोमीहरूका हातमा सुम्पिदिए भनी यसले उल्लेख गर्छ। वास्तवमा, यसले सङ्केत गर्ने दृश्यमा (प्रे २३:१२-३५), पावललाई एकपटक फेरि यहूदीहरूबाट भर्खरै मात्र "बलजफतीसँग" (प्रे २३:१०) लगिएको थियो, अनि उनलाई रोमीहरूका हातमा सुम्पिदिने प्रयास गर्नुको साटो तिनीहरू उनलाई ढुकेर मार्नलाई पर्खिरहेका थिए। (प्रे २३:१३-१५)।

मैले प्रेरित २१:१०-११ लाई जसरी बुझें त्यसबारे अर्को आपत्ति यो भन्नु हुन्छ कि अबागसको अगमवाणी साँचो हुनको लागि पावललाई बाँधेर गैरयहूदीहरूका हातमा सुम्पिदिन यहूदीहरूलाई कुनै करकाप थिएन, किनभने यी क्रियाकलापका निम्ति यहूदीहरू उत्तरदायी थिए, यद्यपि तिनीहरूले यस्ता क्रियाकलाप नगरे पनि हुनेथ्यो। Robert Thomas भन्छन्, "उत्तरदायी मानिस वा मानिसहरूले कुनै काम गरिरहेका छन् भन्नु सामान्य कुरा हो, यद्यपि तिनीहरू यस कामका तात्कालिक कर्ताहरू नभएका हुन सक्छन्।"[९] Thomas-ले प्रेरित २:२३ बाट (यहूदीहरूले ख्रीष्टलाई क्रूसमा टाङ्गे भनी यहाँ पत्रुसले भन्छन्, जबकि वास्तवमा रोमीहरूले यो काम गरे) र यूहन्ना १९:१ बाट (पिलातसले येशूलाई कोर्रा लगाए भनी हामी यहाँ पढ्दछौं, जबकि तिनका सिपाहीहरूले नै यो काम पूरा गरे) यस्तै उद्धरणहरू उद्धृत गर्छन्। त्यसकारण, Thomas यो निष्कर्ष निकाल्छन्, "अगाबसले पूर्ववाणी गरेझैं यहूदीहरूले पावललाई साङ्लामा बाँधे।"[१०]

यसको प्रतिउत्तरमा, म यो कुरासित सहमत बन्दछु कि कुनै मानिसले कुनै काम गरिरहेको बताइन्छ तर वास्तवमा यो काम तिनको प्रतिनिधिले गरिरहेको हुन्छ। तर *हरेक मुद्दामा* जुन व्यक्तिले काम गर्छ भनिन्छ, तिनले इच्छ*ा गर्छ*, अनि त्यो काम सम्पन्न गराउनका लागि अरू मानिसहरूलाई *निर्देशन दिन्छ*। रोमीहरूले येशूलाई क्रूसमा टाँगून् भनी यहूदीहरूले सक्रियतापूर्वक माग गरे। तर यसको तुलनामा,

---

परिएको थियो भन्ने बताउँछ, जुन घटना ग्रीक मूल पाठमा छैन।

[९] Robert L. Thomas, "Prophecy Rediscovered? A Review of The Gift of Prophecy in the New Testament and Today, *Bib*Sac 149:593 (जुन.-मार्च १९९२), पृ. ९१। Kenneth L. Gentry, Jr., *The Charismatic Gift of Prophecy: A Reformed Response to Wayne Grudem*, दोस्रो संस्करण (मेम्फिस, टेन., १९८९) पृ. ४३-मा उस्तै तर्क राख्छन्।

[१०] Thomas, "Prophecy Rediscovered?, पृ. ९१।

पावललाई यरूशलेममा पक्राउ गरिएको परिस्थितिमा यस्तो कुनै समानता छैन। यहूदीहरूले उहाँलाई बाँध्ने आदेश दिएनन् तर रोमी सेनापतिले यो काम गरे, "तब ती सेनापति नजिक आएर पावललाई समाते र दुई साङ्लाले तिनलाई बाँध्ने *हुकुम दिए"* (प्रे २१:३३)। अनि वास्तवमा यहाँ बोलीको समानता पाइन्छन्, किनभने, सेनापतिले पावललाई बाँध्ने हुकुम दिए तापनि, पछि हामी यो पढ्दछौं कि "पावल एक रोमी नागरिक रहेछन् भनी थाहा पाएर सेनापति पनि डराए, किनकि *उनले तिनलाई बाँधेका थिए"* (प्रे २२:२९)। यसकारण यो विवरणले बाँध्ने काम जिम्मेवार अभिकर्ताले, वा यो काम पूरा गर्ने मानिसहरूले गरेका कुरा बताउँछ, तर दुवै मुद्दाहरूमा काम गर्नेहरू यहूदीहरू होइनन्, रोमीहरू हुन्। सारांशमा, यस आपत्तिले यो भन्छ कि यहूदीहरूले पावललाई साङ्लामा बाँधे। तर प्रेरितहरूको कामको पुस्तकले दुईपटक यो भन्छ कि रोमीहरूले पावललाई बाँधे। यस आपत्तिले यो भन्छ कि यहूदीहरूले पावललाई गैरयहूदीहरूका हातमा सुम्पिदिए। तर प्रेरितहरूको कामको पुस्तकले यो भन्छ कि तिनीहरूले सुम्पिदिने यो काम प्रबलतापूर्वक अस्वीकार गरे; यसकारण उनलाई बलजफतीसँग तिनीहरूबाट छुट्टचाउनु पऱ्यो। यस आपत्ति मूलपाठका शब्दहरूसित मिल्दैन।[11]

**इ. १ थेसलोनिकी ५:१९-२१ :** पावलले थेसलोनिकीहरूलाई भन्छन्, "अगमवाणीलाई तुच्छ नठान। सबै कुराको जाँच गर। जुन कुरा असल छ त्यसैमा दृढ रहो" (१ थेस ५:२०-२१)। त्यो अगमवाणी अख्तियारमा परमेश्‍वरको वचन बराबरकै छ भनी थेसलोनिकीहरूले सोचेका भए उनले थेसलोनिकीहरूलाई त्यस अगमवाणीलाई तुच्छ नठान भनी कहिल्यै पनि भन्नुपर्नेथिएन, "पवित्र आत्माले दिनुभएको आनन्दसाथ" तिनीहरूले परमेश्‍वरको "वचन ग्रहण" गरे (१ थेस १:६; २:१३; तु. ४:१५)। तर पावलले तिनीहरूलाई "सबै कुराको जाँच गर" भन्दा उनले यसअघिको वाक्यांशमा उल्लेख गरेका अगमवाणीहरूलाई पनि जाँच गर भनेका हुनपर्दछ। उनले तिनीहरूलाई "*जुन कुरा असल* छ त्यसमा दृढ रहो" भन्दा, उनले यो परिलक्षित गर्छन् कि अगमवाणीमा कति यस्ता कुराहरू हुन्छन् जो असल हुन्छन् अनि यस्ता कुराहरू पनि छन् जो असल हुँदैनन्। यो यस्तो कुरा हो जो पुरानो करारका अगमवक्ताहरूका वचनबारे वा नयाँ करारका प्रेरितहरूका वचनबारे कहिल्यै भन्न सकिन्नथ्यो।

**ई. १ कोरिन्थी १४:२९-३८ :** नयाँ करारका अगमवाणीबारे अझ विस्तृत प्रमाण १ कोरिन्थी १४ मा पाइन्छ। पावलले "अगमवाणी बोल्नेचाहिँ दुई अथवा तीन जना होऊन्। र *अरूले तिनीहरूले बोलेको कुरा राम्ररी जाँच गरून्"* (१ कोर १४:२९) भन्दा, उनले यो सुझाउ राख्छन् कि तिनीहरूले सावधानीपूर्वक सुन्नुपर्दछ र कुनै कुरालाई स्वीकार गर्दै र कुनै कुरालाई रद्द गर्दै खराब कुराबाट असल कुरा निफन्नुपर्दछ (किनकि ग्रीक शब्द *diakrino*-को अर्थ यहाँ "जे भनिएको छ त्यो राम्ररी जाँच गर्नू" भन्ने हुन्छ)। यशैयाजस्ता पुरानो करारका अगमवक्ताले यसो भन्नेथिए भनी हामी कल्पना गर्न सक्दैनौं, "मैले भनेको कुरा सुन र भनिएका सबै कुरालाई

[11]अगाबसको परिचयात्मक वाक्यांश "पवित्र आत्मा यसो भन्नुहुन्छ"-को प्रश्‍नसम्बन्धी तल हे.।

जाँच गर – खराब कुराबाट असल कुरा निफन, तिमीले कुन कुरा स्वीकार गर्नुपर्ने हो, कुन नगर्नपर्ने हो, त्यो छान"! अगमवाणीको परमअख्तियार हुन्थ्यो भने यसो गर्नु पाप हुनेथियो। तर यस्तो काम होस् भनी पावलले आदेश दिन्छन्, जसले यही सङ्केत दिन्छ कि नयाँ करारको अगमवाणीमा परमेश्वरकै वचनको अख्तियार थिएन।[१२]

१ कोरिन्थी १४:३० मा पावलले एउटा अगमवक्ता बोल्दाबोल्दै अर्को अगमवक्तालाई बोल्ने अनुमति दिन्छन्, "तर त्यहाँ बस्ने कुनै एक जनालाई प्रकाश आयो भने पहिलो व्यक्ति चूप रहोस्। तिमीहरूले पालैपालो अगमवाणी बोल्न सक्छौ।" यहाँ फेरि, यदि अगमवक्ताहरू धर्मशास्त्रकै मूल्य भएको परमेश्वरकै वचन बोलिरहेका थिए भने, तिनीहरूलाई बाधा दिएर तिनीहरूको सन्देश समाप्त गर्न दिनुहुँदैन भनी पावलले भन्ने थिए भनी कल्पना गर्नु कठिन हुन्छ।

पावलले यो सङ्केत गर्छन् कि कोरिन्थमा, जहाँ अत्यधिक अगमवाणी थियो, एकै जनाले पनि परमेश्वरकै वचन बोल्न सक्थेनन्। उनी १ कोरिन्थी १४:३६ मा भन्छन्, "के अरे? *तिमीहरूबाट परमेश्वरको वचन आयो अरे?* अथवा जसकहाँ यो पुगेको छ के त्यो तिमीहरूकहाँ मात्र हौं?" (लेखकको आफ्नै अनुवाद)।[१३]

त्यसपछि पद ३७ र ३८ मा, पावल उनीसित कोरिन्थका कुनै पनि अगमवक्ताको भन्दा अत्यधिक अख्तियार भएको दाबी गर्छन्, "कसैले आफूलाई अगमवक्ता अथवा आत्मिक मानिस सम्झन्छ भने, मैले लेखेको कुरा प्रभुको आज्ञा हो भन्ने त्यसले स्वीकार गरोस्। तर कसैले यसको वास्ता गर्दैन भने, त्यसको पनि वास्ता गरिनेछैन।"

यी सबै खण्डहरूले यही सङ्केत गर्छन् कि प्रारम्भिक मण्डलीमा प्रेरितहरू नहुँदा अगमवक्ताहरूले "प्रभुका वचनहरू" बोल्थे भन्ने सामान्य धारणा पूर्णतया भुल हो।

**उ. आफ्ना अनुपस्थितिका लागि प्रेरितहरूले गरेका तयारी :** हामीले अहिलेसम्म अध्ययन गरेका पदहरूबाहेक, एउटा अर्को थरीको प्रमाणले यो सुझाउ दिन्छ कि नयाँ करारका विश्वासीजन-सामुदायका अगमवक्ताहरू (congregational prophets)-ले नयाँ करारका प्रेरितहरूले वा धर्मशास्त्रका अगमवक्ताहरूले भन्दा कम अख्तियारसित बोले। प्रेरितका उत्तराधिकारीहरूका समस्या ख्रीष्टियानहरूलाई *अगमवक्ताह*रूका (यिनीहरू चारैतिर भए तापनि) कुरा सुन्न उत्साहित गरेर होइन तर *धर्मशास्त्र* अध्ययन गरे समाधान हुन्छ।[१४]

[१२]पावलका निर्देशहरू *Didache* नामक प्रारम्भिक ख्रीष्टियान दस्तावेजमा पाइने निर्देशहरूभन्दा बेग्लै छन्, जसले मानिसहरूलाई भन्छ, "एक आत्मामा (वा, आत्मामा) बोलिरहेका जुनै पनि अगमवक्ताको परीक्षा वा जाँच नगर", (अ. ११)। तर *Didache* -ले यस्ता धेरै कुराहरू भन्छ जो नयाँ करारको धर्मसिद्धान्तको विपरीत छन् (हे. W. Grudem, *The Gift of Prophecy in the New Testament and Today*, पृह. १०६-८; साथै माथि।

[१३]RASV -ले "के परमेश्वरको वचन तिमीसित उत्पन्न भयो?" तर यहाँ ग्रीक क्रियापद (*exerchomai*, "बाहिर जानु")-लाई त्यति विशेष प्रकारले सुसमाचार सन्देशको उत्पतिबारे बोल्न लगाउने आवश्यकता छैन। पावल भन्दैनन्, "के परमेश्वरको वचन *सर्वप्रथम* तिमीहरूबाट नै निस्कियो?" उनी यो बोध गर्छन् कि परमेश्वरको वचन तिनीहरूबाट आएको छैन भनी तिनीहरूले मानिलिनैपर्छ – त्यसकारण, तिनीहरूका अगमवक्ताहरूले परमेश्वरका यस्ता वचन बोल्दैआएका थिएनन् जो अख्तियारमा धर्मशास्त्रसरहको हुन सक्थ्यो।

[१४]मैले यो विचार Roy Clements -को अति उपयोगी पुस्तिका, *Word and Spirit: The Bible and the Gift of Prophecy Today* (लाइसेस्टरः यू.सी.सी.एफ्. बुकलेट्स, १९८६), पृ. २४ बाट लिएको हुँ; तु. D. A., Carson, *Showing the Spirt*, पृ. ९६।

यसकारण पावल उनको जीवनको अन्त्यमा "सिकाउनलाई, अर्ती दिनलाई, सच्याउनलाई, धार्मिकतामा तालीम दिनलाई" (२ तिमो ३:१६) "सत्यको वचनलाई ठीकसँग प्रयोग" गर्ने काममाथि जोड़ दिन्छन्। यहूदाले उनका पाठकहरूलाई यो अर्ती दिन्छन् कि "सन्तहरूलाई सदा कालको निम्ति सुम्पिएको विश्वास रक्षा गर" (यहू ३)। पत्रुसले उनको जीवनको अन्तिम समयमा आफ्ना पाठकहरूलाई "वचनलाई ध्यान" दिनू भनी प्रोत्साहित गर्छन्, जुन वचन "अन्धकारमा बलिरहेको दियो"-झैं छ (२ पत्र १:१९-२०), अनि प्रेरित पावलका "सबै पत्रहरू"-को (२ पत्र ३:१६) शिक्षा तिनीहरूलाई सम्झना गराउँछन्। कुनै पनि खण्डमा हामी "तिमीहरूका मण्डलीहरूमा भएका अगवक्ताहरूका कुरा सुन" वा "तिमीहरूका माध्यमद्वारा परमेश्वरको वचनपालन गर" आदि भन्ने शिक्षा पढ़्दैनौं। तर पनि प्रेरितहरूका मृत्युपछि धेरैवटा स्थानीय मण्डलीहरूमा अगमवक्ताहरूले निश्चित रूपले अगमवाणी गरिरहेका थिए। उनीहरूको अख्तियार प्रेरितहरूकै बराबरी नभएको देखिन्छ अनि धर्मशास्त्रका लेखकहरूले यो कुरा जानेका थिए। निष्कर्ष यो हो कि आज पनि अगमवाणीहरू "परमेश्वरका वचनहरू" होइनन् पनि।

**४. अगमवाणीको अख्तियारबारे आज हामी कसरी बोल्नुपर्ने हो ?** यसकारण आज मण्डलीमा हुने अगमवाणीहरूलाई परमेश्वरका नभएर केवल मानव वचनहरू मात्र हुन्, अनि अख्तियारमा ती परमेश्वरको वचनसरहका होइनन् भनी ठानिनुपर्दछ। तर के यो निष्कर्ष समकालीन क्यारिज्म्याटिक् शिक्षा वा प्रथाविपरीत छ ? मलाई लाग्छ यो धेरै क्यारिज्म्याटिक् प्रथाको विपरीत छ, तर अधिकांश क्यारिज्म्याटिक् शिक्षाको विपरीत छैन।

आज अधिकांश क्यारिज्म्याटिक शिक्षकहरू यस कुरामा सहमत बन्दछन् कि समकालीन अगमवाणी अख्तियारमा धर्मशास्त्रसरहको छैन। कतिले अगमवाणी आजको निम्ति "परमेश्वरको वचन" हो भनी माने तापनि, अगमवाणी असिद्ध र अशुद्ध हुन्छ र यसमा पालन नगर्नुपर्ने वा भरोसा नगर्नुपर्ने तत्त्वहरू हुनेछन् भन्ने प्रायः एकनासको साक्षी क्यारिज्म्याटिक् आन्दोलनका सबै वर्गहरूमा भएको पाइन्छ। उदाहरणार्थ, अगमवाणीसम्बन्धी व्यापक रूपमा प्रयोग हुने पुस्तकका लेखक Bruce Yocum लेख्छन्, "अगमवाणी अशुद्ध हुन सक्छ – हामीले सोझै वचन प्राप्त गरे वा नगरे तापनि, हामीले प्राप्त गर्ने सन्देशसित हाम्रो विचार र अवधारणाहरू मिसिएका हुन सक्छन्।"[१५]

तर यो भनिनैपर्दछ कि वास्तविक व्यवहारमा अगमवाणीहरूलाई "परमप्रभु भन्नुहुन्छ" (यो यस्तो वाक्यांश हो जो कुनै नयाँ करारका मण्डलीहरूमा कुनै पनि अगमवक्ताले नयाँ करारमा कहीँ पनि भनेका छैनन्) भन्ने पुरानो करारको सामान्य वाक्यांशद्वारा भूमिका बाँध्ने बानीले अति धेरै अन्यौलहरू उत्पन्न हुन्छन्। यो दुर्भाग्यपूर्ण हो, किनभने यसले यो छाप दिन्छ कि यस्तो घोषणापछि आउने शब्दहरू परमेश्वरकै वचनहरू हुन्, जबकि नयाँ करारले यस दृष्टिकोणलाई न्यायोचित

[१५]हे. *Prophecy* (Ann Arbor: Word of Life, १९७६), पृ. ७९।

ठहराउँदैन अनि चाप दिइए, अधिकांश जिम्मेवार क्यारिज्म्याटिक् प्रवक्ताहरूले यसलाई तिनीहरूका अगमवाणीहरूको हरेक भागमा दाबी गर्न चाहदैनन् नै। त्यसकारण यो परिचयात्मक वाक्यांशलाई प्रयोग नगरिइए ठूलो लाभ हुनेछ र कुनै हानि हुनेछैन।

अगाबसले पनि प्रेरित २१:११ मा यस्तै वाक्यांशहरू प्रयोग गर्छन् भन्ने कुरा सत्य हो ("पवित्र आत्मा यसो भन्नुहुन्छ"), तर नयाँ करारको केही समयपछि नै ख्रीष्टियान लेखकहरूले जुन कुराको प्रतिवेदन दिइरहेका छन्, त्यसको अति सामान्य भावानुवादको वा सुविस्तृत व्याख्याको परिचय दिनलाई (जस्तो कि Ignatius, *Epistle to the Philadelphians* 7:1-2 प्रायः ख्री.पू. १०८] र *Epistle to Barnabas* 6:8; 9:2, 5 [ख्री.पू. ७०-१००] त्यही शब्द (ग्रीक *tade legei*) प्रयोग गर्छन्। यस वाक्यांशको अर्थ स्पष्टतया "हामीलाई पवित्र आत्माले सामान्य रूपमा (वा प्रायः) यही भनिरहनुभएको छ" भन्ने हो।

परमेश्वरले कुनै यस्तो कुरा मनमा ल्याइदिइरहनुभएको छ जो मण्डलीलाई बताउनैपर्दछ भनी यदि कसैले वास्तवमै सोच्दछ भने, *"मलाई लाग्छ,* परमेश्वरले मेरो मनमा यो ल्याउनुहुँदैछ कि ..." वा *"मलाई यस्तो लाग्छ,* प्रभुले हामीलाई देखाउनुहुँदैछ कि ..." भन्नुमा वा त्यस्तै किसिमको अभिव्यक्ति दिनुमा कुनै भुल हुँदैन। यो अवश्य नै "परमप्रभु यसो भन्नुहुन्छ" भन्नु जत्तिकै "सशक्त" सुनिँदैन, तर यदि त्यो सन्देश वास्तवमै परमेश्वरबाट हो भने, जसलाई त्या सुन्न खाँचो परेको हुन्छ, उनीहरूका हृदयमा आवश्यक हुनेहरूका हृदयमा पवित्र आत्माले ठूलो शक्तिसित बोल्न लगाउनुहुनेछ।

**५. स्वतःप्रवर्तित "प्रकाश" (Spontaneous "Revelation")-ले अगमवाणीलाई अन्य वरदानहरूभन्दा भिन्नै बनायो।** अगमवाणीमा यदि परमेश्वरकै वचन हुँदैन भने, यो के हो त? यो कुन अर्थमा परमेश्वरबाट आएको हो?


पावलले यो इङ्गित गर्छन् कि परमेश्वरले कुनै कुरा स्वतः हृदयमा ल्याइदिन-सक्नुहुन्छ, ताकि अगमवाणी गरिरहेको मानिसले त्यो सन्देशलाई तिनको आफ्नै शब्दमा बताइदिऊन्। पावल यसलाई "प्रकाश" भन्छन्, "तर त्यहाँ बस्ने कुनै एक जनालाई प्रकाश आयो भने पहिलो वक्ताचाहिँ चूप रहोस्। तिमीहरू सबैले पालैसँग अगमवाणी बोल्न सक्छौ, र यसरी नै सबैले सिक्न सक्छन्" (१ कोर १४:३०-३१)। ईश्वरशास्त्रीहरूले धर्मशास्त्रका वचनहरूबारे बताउनको निम्ति जुन प्राविधिक तरिकामा *प्रकाश* शब्दलाई प्रयोग गरेका छन् त्यसभन्दा अझ विस्तृत अर्थमा पावल यस शब्दलाई प्रयोग गर्छन्। तर नयाँ करारले अन्यत्र *प्रकट/प्रकाश गर्नु* र *प्रकाश* भन्ने प्राविधिक शब्दहरूलाई परमेश्वरबाट आएको सन्देशको यही विस्तृत अर्थमा प्रयोग गर्छ जुन सन्देशको परिणाम लिखित धर्मशास्त्रसरहका लिखित धर्मशास्त्र वा वचन हुँदैन (हे. फिलि ३:१५; रोम १:१८; एफि १:१७, मत्ती ११:२७)।

पावलले यहाँ केवल यस्तो कुरालाई इङ्गित गरिरहेका छन् जो परमेश्वरले मनमा हठात् ल्याइदिन सक्नुहुन्छ वा कुनै यस्तो कुरा जो व्यक्तिको चेतनामा यस

प्रकारले छाप बसाइदिन सक्नुहुन्छ कि ती व्यक्तिमा त्यो परमेश्वरबाट आएको हो भन्ने एउटा बोध हुन्छ। मनमा ल्याइएको विचार ती व्यक्तिको आफ्नै विचारधाराभन्दा आश्चर्यजनक रूपले भिन्नै हुन सक्छ, वा यो विचारसित प्रखरताको वा अत्यावश्यकताको वा त्यो दृढ भएको भाव आएको हुन सक्छ, वा यो प्रभुबाट नै आएको हो भन्ने भाव ती व्यक्तिलाई अरू कुनै तरिकामा स्पष्ट रूपमा दिइन्छ।[१६]

रेखाचित्र ५३.१ ले परमेश्वरबाट प्रकाशको एउटा भाव दिन्छ जो अगमवक्ताको आफ्नै (केवल मानवीय) शब्दहरूमा व्यक्त गरिन्छ।

यसकारण, यदि एउटा आगन्तुक भित्र आउँछ र सबैले अगमवाणी गर्छन्, "त्यसको हृदयका गुप्त कुराहरू प्रकट हुनेछन्, र घोप्टो परेर त्यसले परमेश्वरलाई पुज्नेछ, र त्यसले 'परमेश्वर तिमीहरूका माझमा हुनुहुन्छ' भन्ने घोषणा गर्नेछ" (१ कोर १४:२५)। अमेरिकाको गैरक्यारिज्म्याटिक् ब्याप्टिस्ट मण्डलीमा यस्तो भएको एउटा प्रतिवेदन मैले सुनेको छु। एक मिसनेरी वक्ता उनको सन्देशको बीचैमा रोकिए र प्रायः यस्तै भने, "यो भन्छु भनेर मैले योजना गरेको थिइनँ तर मलाई यस्तो लाग्छ कि यस मण्डलीका कुनै मानिसले आफ्नी पत्नी र परिवारलाई भर्खरै त्यगिदिएको छ। यदि यो सत्य हो भने, मलाई यो भन्ने अनुमति दिनुहोस् कि तपाईं तिनीहरूकहाँ फर्किजानुहोस् अनि पारिवारिक जीवनबारे परमेश्वरको प्रतिमान अनुसरण गर्नुहोस् भनी परमेश्वर चाहनुहुन्छ।" ती मिसनेरीलाई यो कुरो थाहा थिएन, तर त्यस चर्चको अँध्यारो कुनामा एउटा मानिस भर्खरै आएको थियो। जीवनमा तिनी प्रथमपटक चर्चमा आएको थियो। ती मिसनेरी वक्ताले भनेका कुरासित तिनको जीवन मिल्यो र तिनले आफ्नो परिचय दिएर आफ्नो पाप स्वीकार गऱ्यो अनि परमेश्वरलाई खोज्न थाल्यो।




परमेश्वरबाट आएको प्रकाश अगमवक्ताका आफ्नै (केवल मानवीय) शब्दहरूमा व्यक्त गरिँदा

रेखाचित्र ५३.१

यसरी अगमवाणीले विश्वासीहरूका निम्ति "चिन्ह"-को काम गर्छ (१ कोर १४:२२) – परमेश्वरले तिनीहरूका माझमा निश्चय नै काम गरिरहनुभएको छ भन्ने यो एउटा स्पष्टै प्रमाण हो, विश्वासीजन-समुदायमाथि परमेश्वरको आशिष्का हातको

[१६]नयाँ करारको मण्डलीमा अगमवाणीको अख्तियार पुरानो करारका प्रामाणिक अगमवक्ताहरूको भन्दा अति नै भिन्दै छ भनी हामीले माथि तर्क गऱ्यौं, तर पनि यो आवश्यक छैन कि नयाँ करारको अगमवाणीको प्रत्येक कुरा भिन्नै हुनैपर्दछ। अगमवक्ताकहाँ *आउने प्रकाशका रूप*को सम्बन्धमा, यो भन्न सकिन्छ मनमा शब्दहरू वा धारणाहरू मात्र आउँछन् भन्ने होइन, तर मानसिक चिन्हहरू (वा "दर्शनहरू", प्रे २:१७) र सपनाहरू (प्रे २:१७) पनि हुन्छन्।

चिन्ह हो। यसले गैरखीष्टियानहरूको हृदय-परिवर्तनको निम्ति काम गर्ने हुनाले "अविश्वासी वा बाहिरको मानिस त्यहाँ" पस्दा यसको प्रयोग हुनुपर्दछ भनी पावल प्रोत्साहन दिन्छन् (१ कोर १४:२३)।

सबै युगका मण्डलीका धेरै खीष्टियानहरूले यस्तै प्रकारका घटनाहरू अनुभव गरेका छन् वा तीबारे सुनेका छन्। उदाहरणार्थ, नाइजेरियामा भएका कुनै मिसनेरीको निम्ति प्रार्थना गरिदिने योजना नै नगरिएको तर अपझट निवेदन गरिएला। यो प्रार्थना गरिएकै समय ती मिसनेरी गाड़ी दुर्घटनामा परेका वा तीव्र आत्मिक संघर्षमा फसेका र यो प्रार्थना तिनलाई आवश्यक परेको कुरा प्रार्थना गर्नेहरूले पछि थाहा पाउलान्। पावलले ती कुराहरूको अनुभूति वा अन्तर्ज्ञान वा अन्तर्बोध (intution)-लाई "प्रकाश" र मण्डलीलाई दिइएको उक्त घटनाको प्रतिवेदनलाई "अगमवाणी" भन्छन्। यसमा वक्ताको आफ्नै समझ वा व्याख्याका तत्त्वहरू हुन सक्छन्। यसको जाँच र मूल्याङ्कन अवश्य नै हुनुपर्दछ। तर जे नै भए पनि मण्डलीमा यसको बहुमूल्य काम हुन्छ।[१७]

**६. अगमवाणी र शिक्षणबीचको भिन्नता।** जहाँसम्म हामी भन्न सक्छौं, नयाँ करारका सबै अगमवाणीहरू पवित्र आत्माको यस्तै किसिमको स्वतःप्रवर्तित उत्प्रेरणामा आधारित थिए (तु. प्रे ११:२८; २१:४, १०-११; र लूक ७:३९; २२:६३-६४; यूह ४:१९; ११:५१ मा प्रतिनिधित्व गरिएको अगमवाणीका धारणाहरूमा ध्यान दिनुहोस्)। एउटा व्यक्तिले परमेश्वरबाट स्वतःप्रवर्तित "प्रकाश" नपाएसम्म अगमवाणी हुँदैन।

यसको तुलनामा, कुनै पनि मानवीय बोली वा काम जसलाई "शिक्षा दिनु" भनिन्छ वा जो एक शिक्षकद्वारा गरिन्छ, वा जसलाई क्रियापद "शिक्षा दिनु"-द्वारा वर्णन गरिएको हुन्छ, त्यो काम कहिल्यै पनि "प्रकाश"-मा आधारित हुन्छ भनिँदैन। यसको साटो, "शिक्षण" प्रायः नै धर्मशास्त्रको व्याख्या वा कार्यान्वयन हो (प्रे १५:३५; १८:११, २४-२८; रोम २:२१; १५:४; कल ३:१६; हिब ५:१२) वा यो प्रेरितिक शिक्षाहरूको पुनरावृत्ति वा व्याख्या हो (रोम १६:१७; २ तिमो २:२; ३:१०; आदि)। यो

[१७]तर हामीले मानिसहरूलाई सावधान गराउनुपर्दछ कि "प्रकाश" अलौकिक देखिन्छ भन्ने तथ्यले मात्र (र यसमा आश्चर्यजनक रूपले सही जानकारी पनि हुन सक्छ) कुनै सन्देश परमेश्वरबाट आएको साँचो अगमवाणी हो भन्ने प्रत्याभूति दिँदैन, किनकि झुटा अगमवक्ताहरूले भूतआत्माको प्रभावमा आएर अगमवाणी गर्न सक्छन्। (दियाबलसहरूले लुकाइएका कुराहरूबारे जान्न सक्छन् वा हाम्रो जीवनमा हुने गुप्त कुराकानीहरू सुन्न सक्छन्, तथापि भविष्य जान्न सक्दैनन् वा हाम्रो विचारहरू जान्नसक्दैनन् भन्ने तथ्यबारे हे. अ. २०)।

यूहन्नाले चेताउनी दिन्छन् "धेरै झुटा अगमवक्ताहरू यस संसारमा निस्किआएका छन्" (१ यूह ४:१)। तिनीहरूलाई चिन्नका लागि उनी धर्मसिद्धान्तको साँचो स्वाद दिन्छन् (पह. १-६) अनि भन्छन् "संसारले तिनीहरूका कुरा सुन्छ" (प. ५)। झुटा अगमवक्ताहरूका अन्य चिन्हहरू २ यूह ७-९ मा पाउन सकिन्छ (देहधारणालाई इन्कार अनि खीष्टको धर्मसिद्धान्तमा नरहने); मत्ती ७:१५-२० ("तिनीहरूका फलबाट तिमीहरूले तिनीहरूलाई चिन्नेछौ", प.१६); मत्ती २४:११ (धेरैलाई बहकाइरहेका); मत्ती २४:२४ (चुनिएकाहरूलाई पनि भड्काउनलाई ठूला-ठूला चिन्हहरू र आश्चर्यका कामहरू देखाउनेछन्)। यसको विपरीत, १ कोर १२:३ ले हामीलाई बताउने कोसिस गरेको देखिन्छ कि हामीले यो सोच्नुहुँदैन कि साँचो खीष्टियानहरू भूतआत्माको शक्तिद्वारा बोलेर झुटा अगमवक्ताहरू बन्नेछन् ( तल १ कोर १२:३ बारे छलफल हे.) र १ यूह ४:४ ले खीष्टियानहरूलाई यो आश्वासन दिन्छ कि "जो तिमीहरूमा हुनुहुन्छ, उहाँ संसारमा हुनेभन्दा महान् हुनुहुन्छ।")

त्यही हो जसलाई आज हामी “बाइबलीय शिक्षण” वा “प्रचार” भन्छौं।

यसकारण, अगमवाणीको अख्तियार “शिक्षण”-को भन्दा कम हुन्छ, र मण्डलीमा हुने अगमवाणीहरू जहिले पनि धर्मशास्त्रको आधिकारिक शिक्षाअन्तर्गत हुनुपर्दछ। तिमोथीलाई पावलका शिक्षाहरूका *अगमवाणी गर्नू* भनिएको थिइएन; तिनले ती तिनीहरूलाई *शिक्षा* दिनुपर्नेथियो (१ तिमो ४:१, ६:२)। पावलले प्रत्येक मण्डलीमा उनको जीवनशैली *अगमवाणी* गरेननू; उनले यसको *शिक्षा दिए* (१ कोर ४:१७)। थेसलोनिकीहरूलाई तिनीहरूलाई “अगमवाणी” गरिएका परम्पराहरूमा स्थिर रहनू भनिएन तर पावलले सिकाएका परम्पराहरूमा स्थिर रहनू भनिएको थियो (२ थेस २:१५)। कतिपय दृष्टिकोणको विपरीत, प्रारम्भिक मण्डलीलाई अगुवाइ वा निर्देशन दिने अगमवक्ताहरू थिएनन् तर शिक्षकहरू नै थिए।

त्यसकारण एल्डरहरूमध्ये ती मानिसहरू थिए जसले “वचनको प्रचार र शिक्षामा परिश्रम” (१ तिमो ५:१७) गर्थे, अनि एल्डर “सुयोग्य शिक्षक” (१ तिमो ३:२; तु. तीत १:९) हुनु आवश्यक थियो – तर यस्तो कुनै पनि एल्डरबारे केही भनिएको छैन जसको काम अगमवाणी गर्ने थियो, नता एल्डर “सुयोग्य अगमवक्ता” हुनुपर्दछ भनिएको छ, वा एल्डरहरू “सही अगमवाणीहरूमा स्थिर रहनुपर्छ” भनिएको छ। उनको अगुवापन कार्यमा तिमोथी आफ्नो विषयमा र आफ्नो “शिक्षा”-को विषयमा होसियार बस्नु आवश्यक थियो (१ तिमो ४:१६), तर उनलाई उनको अगमवाणीमा होसियार बस्नू भनी कहिल्यै भनिएको छैन। अगमवाणी गर्ने होइन, तर शिक्षा दिनेले अझ कड़ासित दण्ड पाउनेछ भनी याकूबले चेताउनी दिए (याक ३:१)।

त्यसकारण धर्मशास्त्रको अर्थ लाउने र यसलाई प्रयोगमा ल्याउने कामलाई नयाँ करारमा “शिक्षण” भनिन्छ। थोरै मानिसहरूले नयाँ करारका मण्डलीहरूमा अगमवक्ताहरूले पुरानो करारको “क्यारिज्म्याटिक् रूपमा अनुप्रेरित” व्याख्याहरू दिए भनी दाबी गरेका भए तापनि, त्यो दाबी मुस्किलैले चित्त बुझाउने किसिमको हुन्छ, मूलतः यसकारण कि नयाँ करारमा यस प्रकारको विश्वास दिलाउने कुनै उदाहरणहरू पाउन कठिन छ जहाँ “अगमवक्ता” शब्द समूहलाई यस किसिमको क्रियाकलाप गर्ने कसैतिर सङ्केत गर्न प्रयोग गरिएको होस्।

यसकारण भिन्नता नितान्त स्पष्ट छ : यदि सन्देश धर्मशास्त्रको मूलपाठबारे गरिएको सचेत चिन्तनको प्रतिफल हो भने, जसमा यदि मूलपाठको व्याख्या र जीवनमा गरिएको कार्यान्वयन संलग्न छ भने, त्यो (नयाँ करारको अर्थमा) शिक्षण हो। तर सन्देश परमेश्वरले मनमा हठात् ल्याइदिनुभएको कुनै कुराको प्रतिवेदन हो भने त्यो अगमवाणी हो। अनि निश्चय नै, तयार गरिएका शिक्षाहरू पनि अनियोजित अतिरिक्त सामग्रीद्वारा अवरुद्ध हुन सक्छन् जो बाइबल शिक्षकले तिनको मनमा परमेश्वरले हठात् ल्याइरहनुभएको हो भन्ठान्छन् भने, यो अगमवाणीको तत्त्वसहितको “शिक्षण” हुन्छ।

**७. आपत्ति : यसले अगमवाणीलाई “अति व्यक्तिपरक बनाउँछ।”** यस विषयमा कतिले यो आपत्ति उठाएका छन् कि यस प्रकारका “अनुबोधनहरू वा सुझाउहरू”

(prompting)-को प्रतीक्षा गरिरहनु "अति नै व्यक्तिपरक" प्रक्रिया हो। तर यसको प्रतिउत्तरमा यो भन्न सकिन्छ कि मण्डलीको स्वास्थ्यको लागि, प्रायः यो आपत्ति गर्ने मानिसहरू स्वयम्‌कै ख्रीष्टियान जीवनमा यस्तो व्यक्तिपरक प्रक्रिया आवश्यक परेको हुन्छ। यस्तो वरदानको निम्ति प्रभुको प्रतीक्षा गर्ने, र उहाँको आवाज सुन्नलाई पर्खने, हाम्रो हृदयमा उहाँका प्रेरणाहरू सुन्ने वरदान चाहिन्छ। पूर्ण रूपले इभ्यानजेलिकल, धर्मसैद्धान्तिक रूपले सही र "वस्तुनिष्ठ" खीष्टियानहरूलाई सर्वाधिक आवश्यक परेको थोकचाहिँ सायद दैनिक जीवनमा प्रभुसँग अझ ओजस्वी "व्यक्तिपरक" सम्बन्धको सशक्त सन्तुलनकारी प्रभाव हो। अनि यिनीहरू नै ती मानिसहरू हुन् जसलाई गलत मार्गमा दोहोऱ्याइने सम्भावना अति थोरै हुन्छ, किनकि तिनीहरू अगावै परमेश्वरका वचनमा ठोस रूपमा आधारित हुनुपर्ने कुरामा ठूलो जोड़ दिन्छन्।

तथापि अगुवाइको लागि व्यक्तिनिष्ठ अनुभव (impressions)-हरूमाथिको अत्यधिक निर्भरतामा विपरीत जोखिम हुन्छ, र त्यसको विरुद्धमा स्पष्ट रूपमा होसियारी अपनाउनुपर्दछ।

आफ्ना जीवनको मार्गदर्शन गर्नलाई परमेश्वरबाट निरन्तर "सन्देशहरू" खोजी गर्ने मानिहरूलाई यस कुराबारे होसियारी गराउनुपर्दछ कि व्यक्तिनिष्ठ निजी मार्गदर्शन नयाँ करार अगमवाणीको प्राथमिक काम होइन। तिनीहरूले धर्मशास्त्रमा र त्यहाँ लिखित परमेश्वरको अचूक बुद्धिमा अझ धेरै जोड़ दिन आवश्यक छ।

यसमा धेरै क्यारिज्म्याटिक् लेखकहरू होसियारीसित सहमत हुन्छन्, जस्तो कि निम्नलिखित उद्धरणहरूले देखाउँछन् :

> Michael Harper (एङ्गलिकन क्यारिज्म्याटिक् पास्टर) :
>
> जुन अगमवाणीले अरू मानिसहरूले के गर्नुपर्दछ भनी बताउँछ, त्यसलाई ठूलो शङ्काले हेर्नुपर्दछ।[१८]
>
> Donald Gee (एसम्बिलीज् अब् गड) :
>
> आत्मिक वरदानहरूबारे हाम्रो धेरैवटा भुलहरू तब उत्पन्न हुन्छन् जब हामीले असाधारण र विशिष्ट कुराहरूलाई सामान्य र स्वाभाविक बनाउँदछौं। वरदानहरूका माध्यमबाट "सन्देशहरू"-का निम्ति अतिशय चाहना विकास गर्नेहरूले विगतसाथै समकालीन पुस्ताहरूबाट चेताउनी लिऊन्। ... पवित्र धर्मशास्त्र हाम्रो गोड़ाका निम्ति बत्ती हो र हाम्रो बाटोको निम्ति उज्यालो हो।[१९]
>
> Donald Bridge (ब्रिटिश क्यारिज्म्याटिक् पास्टर) :
>
> "प्रकाश"-मा भर पर्नेले तिनलाई "परमेश्वरले" फलाना कामहरू गर्नू भनी "भन्नुहुन्छ" भनी निरन्तर पाउँछन्। ... "प्रकाश"-मा भर पर्नेहरू प्रायः नै अति इमानदार हुन्छन्, अति नै समर्पित हुन्छन्, अनि परमेश्वरको

[१८] *Prophecy: A Gift for the Body of Christ* (प्लेन्स्फील्ड, एन्. जे., १९६४), पृ. २६।

[१९] *Spiritual Gifts in the Work of Ministry Today* (स्प्रिङ्गफील्ड, मो.: गस्पल पब्लिशिङ्ग हाउस, १९६३), पृह. ५१-५२।

> आज्ञापालनमा यति प्रतिबद्ध हुन्छन् कि अति सतर्क खीष्टियानहरूलाई पनि तिनीहरूले शर्ममा पारिदिन्छन्। तर पनि तिनीहरू अझ डरलाग्दो मार्गमा हिँड्रिरहेका हुन्छन्। तिनीहरूका पितापुर्खाहरू यस मार्गमा अघि हिँड़ेका छन्, अनि त्यसको नतीजा कालान्तरमा भयानक नै भएका छन्। अन्तःकरणका अनुभूतिहरू र विशेष अनुप्रेरणाहरू स्वाभाविक रूपमा व्यक्तिनिष्ठ हुन्छन्। बाइबलले हामीलाई वस्तुनिष्ठ मार्गदर्शन उपलब्ध गराउँछ।[२०]

**८. अगमवाणीहरूमा आत्मिक वृद्धिको कुनै पनि अन्तर्विषय हुन सक्छ।** माथि उल्लेखित नयाँ करारका अगमवाणीहरूका उदाहरणले यो देखाउँछन् कि अगमवाणीले "भविष्यको पूर्ववाणी" मात्र गर्छ भन्ने धारणा निश्चय नै भुल हो। केही पूर्ववाणी भएका थिए (प्रे ११:२८; २:११), तर पापहरू प्रकट पनि गरिएका थिए (१ कोर १४:२५)। वास्तवमा, आत्मिक वृद्धि गराउने कुनै पनि थोक संलग्न गरिएको हुन सक्थ्यो, किनकि पावल भन्छन्, "तर अगमवाणी बोल्ने हरेकले मानिसहरूसँग नै बोल्दछ। तिनीहरूका आत्मिक वृद्धि, उत्साह र सान्त्वनाको निम्ति ऊ बोल्दछ" (१ कोर १४:३)। अगमवाणीका मूल्यको अर्को सङ्केत यो थियो कि यसले मानिसहरूका हृदयका आवश्यकताहरूका निम्ति स्वाभाविक, सोझै ढङ्गमा बोल्न सक्थ्यो।

**९. मण्डलीमा धेरै मानिसहरूले अगमवाणी बोल्न सक्छन्।** अगमवाणीको अर्को ठूलो लाभ यो हो कि यसले मण्डलीमा भएका दक्ष वक्ताहरूलाई वा शिक्षा दिने वरदानहरू भएकाहरूलाई मात्र होइन, तर हरेकलाई सहभागिता जनाउने अवसर उपलब्ध गराउँछ। "सबै" कोरिन्थीहरूले अगमवाणी गरून् भनी पावल चाहन्छन् (१ कोर १४:५) र उनी भन्छन् "तिमीहरू सबैले पालैसँग अगमवाणी बोल्न सक्छौ, र यसरी नै सबैले सिक्न सक्छन् अनि सबैले उत्साह पाउन सक्छन्" (१ कोर १४:३१)।[२१] यसको अर्थ यो होइन कि हरेक विश्वासीले साँच्चै अगमवाणी बोल्न सक्नेछ, किनकि पावल भन्छन्, "के सबै प्रेरितहरू हुन् र ?"( कोर १२:२९, लेखकको आफ्नै अनुवाद)। तर यसको अर्थ निश्चय यो हुन्छ कि परमेश्वरबाट "प्रकाश" पाउने हरेक मानिसलाई (पावलको निर्देशनभित्र रहेर) अगमवाणी बोल्ने अनुमति छ, र यसले यो पनि सङ्केत गर्छ कि धेरै मानिसहरूले अगमवाणी बोल्नेछन्।[२२] यसैकारणले, अगमवाणीको वरदानप्रति अझै ठूलो खुल्लापनले मण्डली आउने मानिसहरूमध्ये धेरैचाहिँ दर्शकहरू मात्र हुने, सहभागीहरू नहुने परिस्थितिलाई जित्न सहायता पुऱ्याउन सक्छ। यस क्षेत्रमा पवित्र आत्माको कामलाई निभाएर हामीले "दर्शक ख्रीष्टियानत्व"-को समस्यालाई सम्भवतः अझै गम्भीर पारिरहेका छौं।

**१०. हामीले अगमवाणी बोल्ने "उत्कट अभिलाषा" राख्नुपर्दछ।** पावलले यस

[२०] *Signs and Wonders Today* (लेइसेस्टर : इन्टरभर्सिटि प्रेस, १९८५), पृ. १८३।

[२१] यहाँ पावलको तत्पार्य यो हो कि २९ पदको अर्थमा भर्खरै उल्लेखित प्रकाश प्राप्त गर्ने सबैले पालैसँग अगमवाणी गर्न सक्नेछन्। उनको अर्थ कोरिन्थको हरेक ख्रीष्टियानले अगमवाणीको वरदान पाएका थिए भन्ने होइन।

[२२] ठूलो मण्डलीमा सबै भेला भएका बेला केवल थोरैले मात्र बोल्न सक्थे, किनभने पावल भन्छन्, "अगमवाणी बोल्नेचाहिँ दुई वा तीन जना होऊन्" (१ कोर १४:२९)। तर घरहरूमा त्यस्तै भेलाहरूले अझै धेरैले अगमवाणी गर्ने अवसर पाउँथे।

वरदानलाई यति मूल्यवान् ठाने कि उनले कोरिन्थीहरूलाई भने, “प्रेमलाई तिमीहरूको लक्ष्य बनाओ, र आत्मिक वरदानहरूका निम्ति उत्कट अभिलाषा राख, *विशेष गरी अगमवाणी बोल्नका निम्ति*” (१ कोर १४:१)। अनि आत्मिक वरदानहरूको छलफलको अन्त्यमा उनले फेरि भने, “यसकारण भाइ हो, *अगमवाणी बोल्ने उत्कट इच्छा गर*” (१ कोर १४:४)। अनि उनले भने, “अगमवाणी बोल्नेले मण्डलीको आत्मिक वृद्धि गराउँछ” (१ कोर १४:४)।

यदि अपरिपक्वता, स्वार्थ, फाटो, र अन्य समस्याहरूले सङ्कटमा परेको कोरिन्थी मण्डलीमा अगमवाणीको वरदानले काम गरोस् भनी पावल उत्सुक थिए भने, के आज हामीले पनि हाम्रो मण्डलीमा सक्रियतापूर्वक यस अमूल्य वरदानको खोजी गर्नुपर्ने होइन र ? धर्मशास्त्रले भनेको सबै थोक विश्वास र पालन गर्छौं भनी घोषणा गर्ने हामी इभ्यानजेलिकलहरूले यो पनि विश्वास र पालन गर्नुपर्ने होइन र ? अगमवाणीको वरदानप्रति बढ़ी खुल्ला धारणाले मण्डली जीवनमा भएको एउटा डरलाग्दो असन्तुलनलाई ठीक गर्न सायद सहायता गर्थ्यो कि (एउटा यस्तो असन्तुलन जो हामी एकान्तिक रूपले बौद्धिक, वस्तुपरक, र सङ्कीर्ण रूपमा धर्मसैद्धान्तिक भएका कारण आउँछ।

**११. स्थानीय मण्डलीमा अगमवाणीलाई प्रोत्साहन दिने र नियमित बनाउने कार्य ।** अन्त्यमा, अगमवाणीको प्रयोग अघि नगरिएको मण्डलीले अगमवाणीको प्रयोग गर्ने उत्साह दिन थाल्छ भने, यसले के गर्नुपर्छ ? दुरुपयोगमा नपरी यसले यो वरदानलाई कसरी प्रोत्साहित गर्न सक्छ ?

सबै खीष्टियानहरू, र विशेष गरी पास्टर र मण्डलीमा शिक्षा दिने उत्तरदायित्व भएका अन्य मानिसहरूका निम्ति विभिन्न कदमहरू समुचित र पास्टरीय हिसाबले विवेकी ठहरिन्छन् : (१) मण्डलीमा यस विषयमा कसरी र कहिले काम थाल्नुपर्ने हो भन्नेबारे प्रभुका बुद्धिको निम्ति गम्भीरतापूर्वक प्रार्थना गर्नुहोस्। (२) मण्डलीले अघिदेखि नै उपलब्ध गराउने नियमित बाइबल शिक्षणमा यस विषयबारे शिक्षा दिइनुपर्दछ। (३) मण्डली धीर हुनुपर्दछ अनि बिस्तारै अघि बढ्नुपर्दछ – मण्डलीका अगुवाहरू अरूहरूमाथि आधिपत्य जमाउने वा जबरजस्ती गर्ने हुनुहुँदैन (१ पत्र ५:३), अनि धैर्यवान् काम गराइले मानिसहरूलाई तर्साएर भगाउने वा तिनीहरूलाई अनावश्यक रूपमा बिरानो तुल्याउनेछैन। (४) अगमवाणीको वरदानले मण्डलीमा जुन प्रकारले अघिदेखि नै काम गरिरहेको छ – मण्डलीका प्रार्थना सभाहरूमा, उदाहरणार्थ, जब कसैको निम्ति प्रार्थना गर्न कसैलाई पवित्र आत्माले असाधारण रूपमा “अगुवाइ गर्नुभएको” थाहा गरेको छ, वा जब यो देखिएको छ कि पवित्र आत्माले मनमा कुनै भजन वा धर्मशास्त्रको खण्ड स्मरण गराइरहनुभएको छ, वा प्रार्थनामा सामूहिक उपासनाको निम्ति ध्यानकेंद्रित गराइदिनुभएको छ भने – मण्डलीले त्यसलाई त्यही रूपमा मान्यता दिनुपर्छ र उत्साहित गर्नुपर्छ।

अगमवाणीको वरदानप्रति अनुदार भावना राख्ने मण्डलीहरूका खीष्टियानहरू पनि मण्डलीका प्रार्थना सभाहरूमा प्रार्थनाका विषयहरूबारे पवित्र आत्माद्वारा

आएका प्रेरणाहरूप्रति कमसेकम संवेदनशीलसम्म हुन सक्छन्, अनि ती प्रेरणाहरूलाई प्रभुप्रति प्रार्थनाको रूपमा (जसलाई एक "अगमवाणिक प्रार्थना" भन्न सकिन्छ) अभिव्यक्त गर्न सक्छन्। (५) यदि यी प्रथम चारवटा पाइलाहरू चालिसकिएका छन् भने, अनि यदि मण्डली र यसका अगुवावर्गले स्वीकार गरे भने, मण्डलीका थोरै औपचारिक सेवाहरूमा, वा स-साना घरेलु समूहहरूमा प्रयोग गरिनुका लागि अगमवाणीका केही अवसरहरू बनाइन सकिन्छ। यसो गर्ने अनुमति दिइए, अगमवाणी गर्नेहरूलाई आत्मिक मार्गदर्शनभित्र राखिनुपर्दछ (१ कोर १४:२९-३६), तिनीहरूले आफ्नै मर्यादा होइन तर साँचो रूपमा मण्डलीको उन्नति खोज्नुपर्दछ (१ कोर १४:१२), तिनीहरूले सभालाई आफ्नो प्रभुत्व कायम गर्नु हुँदैन वा तिनीहरूका बोली अति नै नाटकीय र भावुकतापूर्ण हुनु हुँदैन (र त्यस्तो हावभावले प्रभुको सट्टा आफैहरूतर्फ ध्यानाकर्षण गर्ने हुनु हुँदैन)। निश्चय नै, धर्मशास्त्रका शिक्षाहरूअनुरूपै अगमवाणीहरूको मूल्याङ्कन हुनुपर्दछ (१ कोर १४:२९-३६; १ थेस ५:१९-२१)।

(६) यदि मण्डलीमा अगमवाणीको वरदान प्रयोग हुन थाल्छ भने, मण्डलीले धर्मशास्त्रको अत्यधिक रूपमा श्रेष्ठ मूल्यमाथि अझ धैरै जोड़ दिनुपर्दछ जुन धर्मशास्त्र त्यो स्रोतस्वरूप छ जहाँ खीष्टियानहरू जीवित परमेश्‍वरको आवाज सुन्न जहिले पनि जान सक्छन्। अगमवाणी एउटा मूल्यवान् वरदान हो, जसरी अन्य धैरै वरदानहरू पनि मूल्यवान् हुन्, तर धर्मशास्त्रमा चाहीँ परमेश्‍वर र केवल परमेश्‍वर हामीसँग उहाँका आफ्नै वचन बोल्नुहुन्छ, आज पनि, अनि हाम्रो सारा जीवनभरि।

प्रत्येक उपासना सेवामा सर्वाधिक रोचक वा आकर्षक पक्ष अगमवाणीको वचन नै हुनेछ भन्ने आशा गर्नुको सट्टामा, अगमवाणीको वरदान प्रयोग गर्नेहरूलाई यो कुरा स्मरण गराउनु आवश्यक हुन्छ कि परमेश्‍वर हामीसँग बोल्नुहुँदा हामीले हाम्रो आनन्द, हाम्रो आशा र खुशीको केन्द्रबिन्दु परमेश्‍वरमा नै पाउनुपर्दछ जब उहाँ हामीसँग बाइबलद्वारा बोल्नुहुन्छ। त्यहाँ हाम्रो लागि असीम मूल्यको धन छ, अर्थात् हामीले बुझ्न सक्ने भाषामा हाम्रा सृष्टिकर्ताका वास्तविक वचन हामी पाउँछौं। हामीले अगमवाणीको माध्यमबाट बारम्बार मार्गदर्शन खोज्नुको साटो हाम्रा जीवनका निम्ति मार्गदर्शन धर्मशास्त्रमा नै पाउनुपर्छ भन्ने कुरामा हामीले जोड़ दिनुपर्छ। धर्मशास्त्रमा नै हाम्रो दिशाको स्रोत छ, परमेश्‍वरको इच्छा खोज्दा हामीलाई चाहिने केन्द्रबिन्दु छ, हाम्रो पर्याप्त र पूर्ण रूपले भरपर्दो मानदण्ड छ। धर्मशास्त्रमा परमेश्‍वरको वचन नै हो जसको बारेमा हामी भरोसासित भन्न सक्छौं "तपाईंको वचन मेरा गोड़ाको निम्ति बत्ती, र मेरो बाटोको निम्ति उज्यालो हो" (भज ११९:१०५)।

## ख. शिक्षण

नयाँ करारमा शिक्षणको वरदान भनेको *धर्मशास्त्र व्याख्या गर्ने अनि यसलाई मानिसहरूका जीवनमा प्रयोगमा ल्याउने क्षमता* हो। अनेकौं खण्डहरूबाट यो कुरा स्पष्ट हुन्छ। प्रेरित १५:३५ मा, पावल र बारनाबास र "अरू धैरै जना" एन्टिओखियामा *"शिक्षा दिँदै* ... प्रभुको वचन प्रचार" गरिरहेका छन्। कोरिन्थमा पावल परमेश्‍वरको वचन सिकाउँदै ... एक वर्ष छ महिनासम्म बसे" (प्रे १८:११)।

अनि हिब्रूहरूलाई लेखिएको धर्मपत्रका पाठकहरू शिक्षकहरू बनिसकेका हुनुपर्दथ्यो, तरै पनि तिनीहरूलाई कसैले परमेश्वरका वचनको "आधारभूत शिक्षाहरू" सिकाउनुपरेको थियो (हिब ५:१२)। पावलले रोमीहरूलाई भन्छन् कि पुरानो करारका वचनहरू "हाम्रो शिक्षाको (ग्रीक *didaskalia)* निम्ति लेखिएका थिए" (रोम १५:४), अनि उनी तिमोथीलाई लेख्छन् कि "सम्पूर्ण पवित्र-शास्त्र" सिकाउनलाई ... लाभदायक छ" (२ तिमो ३:१६)।

हो, यदि प्रारम्भिक मण्डलीमा "शिक्षा" प्रायः नै पुरानो करारको धर्मशास्त्रमा आधारित थियो भने, यो आश्चर्यजनक कुरा होइन कि अख्तियारमा धर्मशास्त्र-सरहको कुनै थोकमा पनि, अर्थात्, प्राप्त भएको प्रेरितिक शिक्षाहरूको समूहमा यो आधारित हुन सक्थ्यो। यसर्थ तिमोथीले पावलबाट पाएका शिक्षा लिएर ती विश्वास मानिसहरूलाई सुम्पिदिनुथियो जसले "अरूहरूलाई पनि" सिकाउन सक्नेथियो (२ तिमो २:२)। अनि थेसलोनिकीहरूले पावलबाट "जे शिक्षा पाएका" थिए "तिनलाई" थामिराख्नु पर्थ्यो (२ थेस २:१५)। मण्डलीको उपासना सेवा हुँदा आएको स्वाभाविक प्रकाशमा आधारित हुँदै नभएर (जस्तो कि अगमवाणी थियो), यस प्रकारको "शिक्षण" वास्तविक प्रेरितिक शिक्षणको पुनरावृत्ति र व्याख्या थियो। पावलको शिक्षाको विपरीत शिक्षा दिनु भनेको भिन्नै वा अपधर्मी धर्मसिद्धान्त (*heterodidaskalo*) सिकाउनु थियो र "हाम्रा प्रभु येशू ख्रीष्टको उचित वचन र ईश्वरभक्तिअनुसारको शिक्षा"-लाई ध्यान दिनु नसक्नु थियो (१ तिमो ६:३)।

वास्तवमा, पावलले तिमोथीलाई यही भने कि उनले "सबै ठाउँमा सारा मण्डलीमा *सिकाए*बमोजिम" (१ कोर ४:१७) कोरिन्थको मण्डलीलाई पावलको तरिका सम्झना गराउनुपर्थ्यो। यस्तै प्रकारले, तिमोथीले "आज्ञा" दिनुपर्थ्यो र सिकाउनुपर्थ्यो (१ तिमो ४:११) अनि एफिसीको मण्डलीलाई पावलका शिक्षाहरू सिकाउनु र "आग्रह" गर्नुपर्थ्यो (१ तिमो ६:२)। यसरी यो अगमवाणी होइन, शिक्षा थियो जसले मूल अर्थमा (प्रेरितहरूको दृष्टिकोणबाट) सर्वप्रथम धर्मसैद्धान्तिक र नीतिपरक मानदण्ड उपलब्ध गरायो जसद्वारा मण्डली नियन्त्रित गरियो। अनि प्रेरितहरूबाट शिक्षा लिनेहरूले शिक्षण पनि गरे अनि तिनीहरूका शिक्षाले स्थानीय मण्डलीलाई मार्गदर्शन दियो, मण्डलीलाई निर्देश दियो।[२३]

यसकारण नयाँ करारका धर्मपत्रहरूको अर्थमा, शिक्षणमा धर्मशास्त्रका वचन (वा येशू र प्रेरितहरूका उक्ति नै मात्राको अख्तियारयुक्त शिक्षाहरू) दोहोऱ्याउने कार्य तथा तिनका अर्थ खोल्ने अनि तिनलाई जीवनमा लागु गर्ने काम भएको हुन्थ्यो। नयाँ करारका धर्मपत्रहरूमा, "शिक्षण" कहिलेकाहीं आजको "बाइबलको शिक्षण"-जस्तै नै थियो।

## ग. आश्चर्यकर्म

प्रेरितहरू, अगमवक्ताहरू र शिक्षकहरूको ठीकपछि, पावल भन्छन्, "आश्चर्य काम"-हरू (१ कोर १२:२८)। नयाँ  करारमा देखिएका धेरैजस्ता आश्चर्यकर्महरू

[२३]हे. माथि खण्ड ख मा अगमवाणी र शिक्षाबीचका भिन्नता।

चङ्गाइका आश्चर्यकर्महरू थिए, तर पनि पावलले यहाँ चङ्गाइलाई भिन्नै तालिकामा राख्छन्। त्यसकारण यस सन्दर्भमा पावलको विचारमा शारीरिक चङ्गाइभन्दा अन्य कुरा नै भएको हुनुपर्दछ।

नेपाली भाषामा *आश्चर्यकर्महरू* (miracles) शब्दले पावलको आशयको निकटतम अर्थ नदिन सक्छ, किनकि यसको ग्रीक रूप *dynamis*, *"शक्ति"*[२४]-को बहुवचन रूप हो। यसको अर्थ यो हुन्छ कि यस शब्दले यस्तो कुनै किसिमको क्रियाकलापतिर इङ्गित गर्न सक्छ जसमा परमेश्वरको पराक्रमी शक्ति प्रत्यक्ष हुन्छ। यसमा शारीरिक जोखिमबाट छुटकाराको निम्ति गरिएको प्रार्थनाको उत्तर (झ्यालखानबाट प्रेरितहरूको मुक्ति, प्रे ५:१९-२० वा १२:६-११), वा सुसमाचारका शत्रुहरूमाथि वा मण्डलीभित्र अनुशासन आवश्यक पर्नगएकाहरूमाथि (हे. प्रे ५:१-११; १३:९-१२) दण्डका शक्तिशाली कामहरू, वा चोटबाट आश्चर्यजनक छुटकारा (जस्तो कि पावल र सर्पको प्रसङ्गमा भएको थियो, प्रे २८:३-६)। तर यस प्रकारका शक्तिशाली कामहरूमा भूतात्मिक विरोधमाथि विजय पनि हुन सक्छ (प्रे १६:१८ मा जस्तै; तु. लूक १०:१७)।

पावलले "आश्चर्यकर्मका कामहरू"-लाई यसभन्दा अझ विशेष रूपमा परिभाषित नगरेका कारण, हामी यो भन्न सक्छौं कि जोखिमबाट बचाइने कार्यमा परमेश्वरको हात, भौतिक संसारका आवश्यकताहरू पूरा गर्ने काममा परमेश्वरीय हस्तक्षेप (१ राज १७:१-१६ मा एलिया), सुसमाचारलाई विवेकहीन ढङ्गमा र हिंसासित विरोध गर्नेहरूलाई दण्ड दिनमा, मण्डलीको विरुद्धमा लड़ाइँ गर्ने भूतात्मिक शक्तिहरूलाई पराजित गर्नमा र अन्य कुनै तरिकामा जसमा एउटा परिस्थितिमा परमेश्वरका उद्देश्यहरूलाई अगि बढ़ाउनमा परमेश्वरको शक्ति प्रत्यक्ष हुन्छ। यी सबै कामहरू "शक्तिका" कामहरू हुन्छन् जसमा मण्डलीलाई सहायता पुग्छ र परमेश्वरको महिमा प्रकट हुन्छ (हे. अ. १७ मा आश्चर्यकर्महरूबारे छलफल पनि)।

### घ. चङ्गाइ

**१. परिचय : उद्धारको इतिहासमा रोग र स्वास्थ्य।** हामीले आरम्भमै यो बझ्नुपर्दछ कि शारीरिक रोग आदमको पतनको फलस्वरूप आयो अनि बिमारी र रोग पतनपछिको श्रापको काम मात्र हो र यसले कालान्तरमा मृत्यतर्फ लान्छ। तर पनि क्रूसमा मर्नुहुँदा ख्रीष्टले हामीलाई त्यस श्रापबाट उद्धार गर्नुभयो : "निश्चय नै *उसले हाम्रा निर्बलताहरू बोक्यो, र हाम्रा दुःख भोग्यो ... । ... र उसको ... चोटले हामी निको भयौं"* (यशै ५३:४-५)। यस खण्डले ख्रीष्टले हाम्रा निम्ति किनिदिनुभएको शारीरिक र आत्मिक चङ्गाइ दुवैलाई बुझाउँछ, किनकि हाम्रा मुक्तितिर सङ्केत गर्न पत्रुसले यसलाई उद्धृत गर्छन्, "हामी पापका लेखि मरेर धार्मिकताको लेखि जिऔं भनी उहाँले क्रूसमा आफ्नै शरीरमा *हाम्रा पाप बोक्नुभयो। उहाँकै चोटहरूद्वारा तिमीहरू निको भयौ"* (१ पत्र २:२४)।

[२४]NIV-ले यो शब्दलाई १ कोरिन्थी १२:१० मा "आश्चर्यजनक शक्तिहरू" भनी अनुवाद गर्छ, अनि NASB-ले दुवै ठाउँ मार्जिनमा "शक्तिका कामहरू" भनी अनुवाद गर्छ।

तर मकूर्सले त्यही खण्डलाई येशूले गर्नुभएको शारीरिक चङ्गाइको सन्दर्भमा उद्धृत गर्छन्, "उहाँले वचनद्वारा नै भूतहरूलाई निकाल्नुभयो, र जति बिरामी थिए, सबैलाई निको पार्नुभयो। यशैया अगमवक्ताले बोलेको अगमवाणी पूरा हुनलाई यो भएको थियो, 'उहाँ आफैले हाम्रा दुर्बलताहरू लिनुभयो, र हाम्रा रोगहरू उठाइलानुभयो'" (मत्ती ८:१६-१७)।

सम्भवतः सबै खीष्टियानहरू यसमा सहमत हुनेछन् कि प्रायश्चित्तमा ख्रीष्टले हाम्रा निम्ति पापबाट पूर्ण स्वतन्त्रता मात्र नकिन्नुभएर, उहाँले गर्नुभएको उद्धारका काममा उहाँले शारीरिक दुर्बलता र रोगबाट पनि पूर्ण स्वतन्त्रता किन्नुभएको छ (हे. महिमाकरणबारे अ. ४२)। सबै खीष्टियानहरू निःसन्देह यस कुरासित सहमत बन्नेछन् कि ख्रीष्टले हाम्रा निम्ति आर्जन गरिदिनुभएको सबै असल कुराहरूको पूर्ण स्वामित्व ख्रीष्ट नआउनुभइञ्जेल प्राप्त हुनेछैन। "उहाँको पुनरागमनमा" (१ कोर १५:२३) मात्र हामीले आफ्ना पुनरुत्थान गरिएका शरीर प्राप्त गर्नेछौं। शारीरिक चङ्गाइ र उत्पत्ति ३ को श्रापको फलस्वरूप आएको शारीरिक बिमारीबाट छुटकाराबारे पनि यस्तै नै हुनेछ – जबसम्म ख्रीष्ट फेरि आउनुहुन्न तबसम्म शारीरिक रोगबाट हाम्रो पूर्ण छुटकारा हुनेछैन।[२५]

निको हुने वरदानसम्बन्धी हामीले सामना गर्नुपर्ने प्रश्न यो हो – के परमेश्वरले हामीलाई भविष्यमा पूर्ण रूपमा प्रदान गर्नुहुने शारीरिक चङ्गाइको पूर्वस्वाद वा बैना उहाँले हामीलाई समय-समयमा प्रदान गर्नुहुन्छ?[२६] येशूको चङ्गाइकारी आश्चर्यकर्महरूले यो देखाउँछन् कि अनन्तको निम्ति हाम्रो हुने सिद्ध स्वास्थ्यको आंशिक पूर्वस्वाद कहिलेकाहीँ हामीलाई प्रदान गर्न परमेश्वर समय-समयमा इच्छुक हुनुहुन्छ। अनि प्रारम्भिक मण्डलीमा प्रेरितहरू र अरूहरूका जीवनमा देखिएका चङ्गाइको सेवाकार्यले पनि यो देखाउँछ कि यो नयाँ करार-युगको सेवाकार्यको एउटा भाग थियो। यसकारण, यो नयाँ करारमा आशिष्को वृहत्तर ढाँचासित मिल्दछ, जसमध्ये धेरै वा सबै आशिष्हरूले ख्रीष्ट फेरि फर्किआउनुहुँदा हाम्रा हुने आशिष्हरूको आंशिक पूर्वस्वाद हामीलाई दिन्छन्। हामीसित अगावै राज्यका केही आशिष्हरू छन्, तर ती आशिष्हरू "अझै पनि" पूर्ण रूपमा हाम्रा "होइनन्"।

**२. चङ्गाइका उद्देश्यहरू।** अन्य आत्मिक वरदानहरूका झैं, चङ्गाइका पनि विभिन्न उद्देश्यहरू छन्। निश्चय नै यसले सुसमाचारको सन्देशलाई प्रामाणिक ठहराउन र परमेश्वरको राज्य आइसकेको छ भनी देखाउनलाई एउटा "चिन्ह"-को रूपमा काम गर्छ। चङ्गाइले बिमारी भएकाहरूमा सान्त्वना र स्वास्थ्य ल्याउँछ र त्यसरी विपत्तिमा परेकाहरूलाई परमेश्वरको दयाको गुण देखाउँछ। तेस्रो, चङ्गाइले

[२५]पूर्ण चङ्गाइ "प्रायश्चित्तमा छ" भनी जब मानिसहरू भन्दछन्, यो कथन अन्तिम रूपमा साँचो हुन्छ, तर हामीले "पूर्ण चङ्गाइ" (वा यसको केही भाग) कहिले पाउनेछौं भन्नेबारे यसले वास्तवमा केही बताउँदैन।

[२६]यस प्रश्नबारे र सामान्यतः चङ्गाइको वरदानबारे दुईवटा अति उपयोगी छलफलका लागि हे. John Wimber र Kevin Springer, *Power Healing*, र Ken Blue, *Authority to Heal* (डाउनर्स् ग्रोभ, इलि.: इन्टर भर्सिटि प्रेस, १९८७)। उत्कृष्ट छलफल हे. Jack Deere, *Surprised by the Power of the Holy Spirit* (ग्र्यान्ड र्‍यापिड्स् : जोन्डरभ्यान, १९९३)-मा पनि। वर्तमान समयमा चङ्गाइको सेवाकार्यका विद्वत्तापूर्ण समर्थनहरू Gary Greig र Kevin Springer, eds., *The Kingdom and the Power* (भेन्चुरा, क्यालिफ्.: गस्पेल लाइट, १९९३)-मा प्राप्य छन्।

मानिसहरूलाई सेवाको निम्ति सुसज्जित पार्छ किनकि सेवाकार्यमा हुनजाने शारीरिक बाधा हटाइन्छ। चौथो, परमेश्वरको भलोपन, प्रेम, शक्ति, बुद्धि र उपस्थितिको भौतिक प्रमाण मानिसहरूले देख्दा परमेश्वर महिमित बन्नुहुने अवसर उपलब्ध गराउँछ।

३. **औषधीहरूका प्रयोग बारे के भन्ने ?** चङ्गाइको निम्ति गरिएको प्रार्थना र औषधीको प्रयोग अनि चिकित्सकको सीपमा के सम्बन्ध छ ? उपलब्ध छ भने हामीले निश्चय नै औषधीको प्रयोग गर्नपर्दछ, किनभने परमेश्वरले पृथ्वीमा यस्ता पदार्थहरू सृष्टि गर्नुभएको छ जसबाट निको बनाउने गुणसम्पन्न औषधी बनाउन सकिन्छ। त्यसकारण औषधीलाई त्यो सम्पूर्ण सृष्टिको एउटा भाग हो भनी मान्नुपर्दछ जसलाई परमेश्वरले "साह्रै राम्रो" भन्नुभयो (उत १:३१)। हामीले प्रभुलाई धन्यवाद दिँदै स्वेच्छाले औषधी प्रयोग गर्नुपर्दछ किनकि "पृथ्वी र त्यसमा भएका जो-जति छन् सबै परमप्रभुका हुन्" (भज २४:१)। वास्तवमा, औषधी उपलब्ध हुँदाहुँदै जब हामी त्यो प्रयोग गर्न अस्वीकार गर्छौं (यस्ता अवस्थाहरूमा जब यसो गर्दा यसले हामी आफैलाई र अरू मानिसहरूलाई जोखिममा हाल्छौं), यस्तो देखिन्छ कि हामीले हाम्रा प्रभु परमेश्वरलाई "जबरजस्ती परीक्षा गरिरहेका छौं" (तु. लूक ४:१२)। यो शैतानको त्यो परीक्षाजस्तै हो जब त्यसले येशूलाई खुड्किलाभएर तल ओर्लनुको सट्टामा मन्दिरबाट हामफाल्नू भन्यो। जब मन्दिरबाट तल ओर्लने सामान्य साधन (खुड्किला) उपलब्ध हुँदा हाँमफालेर तत्क्षणै आश्चर्यकर्मको माग गर्नु भनेको परमेश्वरलाई "जबरजस्ती परीक्षा गर्नु" हो। औषधीको माध्यमबाट निको हुनुको सट्टामा परमेश्वरले आश्चर्यकर्म गर्नैपर्दछ भनी औषधीको प्रयोग इन्कार गर्नु भनेको तत्क्षणै आश्चर्यकर्म गराउन करकाप गरेको जस्तै हो।

प्रभुमा भरोसा गर्नुको *सट्टामा* डाक्टर र औषधीमा भरोसा गर्न निश्चय नै गलत कुरा हो, यो एक यस्तो दुःखद भुल हो जो राजा आसाले गरेका थिए :

> आफ्नो शासनकालको उनन्चालीसौं वर्षमा तिनलाई खुट्टामा कुहुने रोगले आक्रमण गऱ्यो। त्यो रोग साह्रो भए तापनि तिनले परमप्रभुको सहायता खोजेनन्, तर वैद्यहरूको मात्र सल्लाह लिए। तब आफ्नो राजकालको एकचालीसौं वर्षमा तिनी आफ्ना पित्रहरूसित सुते। (२ इति १६:१२-१३)

तर औषधी प्रार्थनासित प्रयोग गरिए परमेश्वरले त्यसलाई आशिष् दिनुहुन्छ अनि त्यसको प्रभावकारितालाई बढ़ाइदिनुहुन्छ भनी हामी आशा गर्न सक्छौं।[२७] यशैयाले राजा हिजकियाको निम्ति चङ्गाइको प्रतिज्ञा प्राप्त गरेका भए तापनि तिनले हिजकियाका दासहरूलाई नेभाराको लेप ल्याएर हिजकियाको पिलोमा लगाइदिनू भने (औषधोपचार को रूपमा), "तब यशैयाले भने 'नेभाराको लेप बनाएर लगाउनू। ... तिनीहरूले त्यसै गरे, र त्यो तिनको पिलोमा लगाइदिए र तिनी निको भए'" (२ राज २०:७)।

तर कहिलेकाहीं कुनै उचित औषधी उपलब्ध हुँदैन वा त्यस औषधीले काम गर्दैन। हामीले यो कुरा स्मरण गर्नैपर्दछ कि डाक्टर र औषधीले जाती बनाउन

[२७]१ तिमो ५:२३ मा स्वास्थ्यको उद्देश्यले दाखमद्य प्रयोग गर्नेबारे पावलको सिफारिसमा ध्यान दिनुहोस्, "अघिजस्तो पानी मात्र खाने नगर, तर तिम्रो पेटको लागि र घरीघरी बिरामी भएकोले गर्दा अलि-अलि

नसक्ने रोग परमेश्वरले जाती बनाउन सक्नुहुन्छ (चिकित्साको क्षेत्रमा विकसित देशहरूमा पनि डाक्टरहरूले कैयौंपटक निको बनाउन सक्दैनन् भन्ने कुराले हामीलाई चकित बनाउँछ)। यसबाहेक, यस्ता समयहरू पनि हुन्छन् जब कुनै रोगले हामीलाई तात्कालिक जोखिममा पारेको हुँदैन, अनि हामी परमेश्वरले हामीलाई औषधीविना नै निको बनाइदिऊन् भनी निर्णय गर्दछौं, यसकारण मात्र कि हामी हाम्रो विश्वास प्रयोग गर्ने र उहाँलाई महिमान्वित गर्ने अर्के अवसरको प्रतीक्षा गर्दछौं, र हुन सक्छ हामी हाम्रो समय वा पैसा औषधी किन्नमा खर्च गर्न चाहदैनौं वा हामी कुनै औषधीको पार्श्व-प्रभाव (side-effect)-लाई रोक्न चाहन्छौं। यी सबै स्थितिहरूमा, यो केवल व्यक्तिगत इच्छाको विषय हो र यो परमेश्वरलाई "जबरजस्ती परीक्षामा" हालेको जस्तो देखिँदैन (तर पनि, यस्ता स्थितिहरूमा औषधी प्रयोग नगर्ने निर्णय व्यक्तिगत छनौट हो र यो अरू कसैमाथि लादिएको छनौट होइन)।

"बाह्र वर्षदेखि रक्तस्रावले पीड़ित एउटी स्त्री, *जसलाई कसैले निको पार्न सकेको थिएन,* त्यसले पछिल्तिरबाट आएर उहाँको लुगाको एक छेउ छोई, तुरुन्तै त्यसको र क्तस्राव बन्द भयो" (लूक ८:४३-४४) ती स्त्रीलाई चङ्गाइ गर्नुहुँदा, येशूले स्पष्टतया यस्तो ठाउँमा चङ्गाइ गरिरहनुभएको थियो जहाँ चिकित्सकीय साधन असफल भएको थियो भनी हामी देख्छौं। येशूले शिक्षा दिइरहनुभएको बेला र चङ्गाइ गरिरहनुभएको बेला निस्सन्देह यस्ता धेरै मानिसहरू हुन्थे जो चिकित्सकको सहायतादेखि पारि पुगिसकेका हुन्थे, तथापि हामी पढ्छौं कि "अनेक किसिमका रोग भएका बिरामीहरू *सबैलाई तिनीहरूले* उहाँकहाँ ल्याए। उहाँले *हरेक*माथि आफ्ना हात राखेर तिनीहरूलाई निको पार्नुभयो" (लूक ४:४०)। येशूले निको पार्न नसक्नुहुने कुनै रोग थिएन।

**४. के नयाँ करारले चङ्गाइमा प्रयोग गरिएका समान पद्धतिहरू देखाउँछ ?** येशू र चेलाहरूले चङ्गाइ गर्नलाई प्रयोग गर्नुभएका पद्धतिहरू रोगअनुसार बेग्ला-बेग्लै हुन्थे, तर हात राख्नुचाहीँ बारम्बार प्रयोग गरिने पद्धति थियो।[28] भर्खरै उद्धृत गरिएको पदमा येशूले आज्ञाको शक्तिशाली वचन बोल्न सक्नुहुन्थ्यो र त्यो भीड़मा भएको हरेकलाई तुरुन्तै निको बनाउन सक्नुहुन्थ्यो, तर यसको सट्टामा *"उहाँले तिनीहरू हरेकमाथि हात राख्नुभएर तिनीहरूलाई निको बनाउनुभयो"* (लूक ४:४०)। निको बनाउनमा येशूले प्रयोग गर्नुहुने मूल साधन रोगीमाथि हात राख्नु थियो भन्ने देखिन्छ किनभने मानिसहरू आएर चङ्गाइको निम्ति बिन्ती गर्दा तिनीहरूले प्रार्थना मात्र गरी माग्थेनन् तर, उदाहरणार्थ, यसो पनि भन्थे, "आएर त्यसमाथि तपाईंको हात राखिदिनुहोस्, र त्यो जीवित हुनेछे" (मत्ती ९:१८)।[29]

चङ्गाइको निम्ति पवित्र आत्माको शक्ति आउनुभएको अर्को भौतिक प्रतीक तेलले अभिषेक गर्नु थियो। येशूका चेलाहरूले "धेरै रोगीहरूलाई तेलले अभिषेक गरेर निको पारे" (मर्क ६:१३)। मण्डलीका एल्डरहरूले प्रार्थना गर्दा तिनीहरूले बिमारी मानिसलाई तेलले अभिषेक गर्नू भनी याकूब तिनीहरूलाई भन्छन्, "के

---

दाखमद्य पिउने गर।"

[28]अ.४८ मा हात राख्ने विषयबारे छलफल हे.।

[29]रोगीमाथि हात राख्ने काम उल्लेख गर्ने लूक ५:१३; १३:१३; प्रे २८:८; साथै मर्क ६:२, र

तिमीहरूमध्ये कोही बिरामी छ? त्यसले मण्डलीका एल्डरहरूलाई बोलाओस्। तिनीहरूले प्रभुको नाउँमा त्यसलाई तेलले अभिषेक गरेर त्यसको निम्ति प्रार्थना गरून्, र विश्वासको प्रार्थनाले बिरामीलाई बचाउनेछ, र प्रभुले त्यसलाई निको पार्नुहुनेछ, र त्यसले पाप गरेको छ भने त्यसलाई क्षमा हुनेछ" (याक ५:१४-१५)।[३०]

नयाँ करारले चङ्गाइको प्रक्रियामा प्रायः नै विश्वासको भूमिकामाथि जोड़ दिन्छ – कहिलेकाहीँ रोगी मानिसको विश्वासमाथि अनि तर अरू समयमा चङ्गाइको निम्ति ल्याउने मानिसहरूको विश्वासमाथि। याकूब ५:१५ मा प्रार्थना गर्ने एल्डरहरू नै हुन् अनि याकूब भन्छन् रोगी मानिसलाई बचाउने "विश्वासको प्रार्थना हो" – योचाहिँ प्रार्थना गर्ने एल्डरहरूको विश्वास हुनुपर्दछ,[३१] रोगी मानिसको होइन।

येशूले प्रचार गरिरहनुभएको घरमा चार जना मानिसहरूले एउटा पक्षाघातीलाई छानामा भएको प्वालबाट तल झारिदिँदा हामी यो पढ्दछौं, "येशूले तिनीहरूको विश्वास देखेर ..." (मर्क २:५)। अन्य समयमा येशूले छोरी निको हुन्छे भन्ने ती कनानी स्त्रीको विश्वास (मत्ती १५:२८), वा आफ्नो दासको निको हुन्छ भन्ने ती कप्तानको विश्वास उल्लेख गर्नुहुन्छ (मत्ती ८:१०, १३)।[३२]

**५. तब हामीले चङ्गाइको निम्ति कसरी प्रार्थना गर्नुपर्ने हो?** शारीरिक चङ्गाइको निम्ति हामीले कसरी प्रार्थना गर्नुपर्ने हो? परमेश्वरलाई चङ्गाइको निम्ति बिन्ती गर्नु निश्चय नै सही कुरा हो किनकि येशूले हामीलाई भन्नुहुन्छ, "हामीलाई दुष्टबाट बचाउनुहोस्" (मत्ती ६:१३) अनि प्रेरित यूहन्नाले गायसलाई लेख्छन्, "म प्रार्थना गर्दछु कि सबै कुरामा तिम्रो भलो होस्, र तिम्रो स्वास्थ्य ठीक रहोस्" (३ यूह २)। यसबाहेक, उहाँकहाँ ल्याइएका सबैलाई येशूले प्रायः नै निको पार्नुभयो अनि उहाँले कसैलाई पनि अझ लामो समयसम्म बिमारी हुनु असल हो भन्दै रित्तो हात पठाउनुभएन! यसबाहेक, हामीले जब पनि बिमारीको निम्ति कुनै किसिमको औषधी लिँदा वा बिमारीको निम्ति चिकित्सकीय सहायता खोज्दा ती क्रियाकलापद्वारा हामी यो स्वीकार गर्छौं कि हामीले निको हुनलाई गरेको प्रयास परमेश्वरको इच्छा हो भनी हामी सोच्दछौं। परमेश्वरले हामी रोगी नै रहिरहौँ भनी यदि चाहनुभयो भने हामीले कहिल्यै पनि आरोग्यको निम्ति औषधीय साधन खोज्नेथिएनौं! यसकारण हामीले प्रार्थना गर्दा हाम्रो प्रथम अनुमान यो हुनु उचित देखिन्छ कि, अन्यथा सोच्ने

---

सुसमाचारमा भएका विभिन्न पदहरू पनि हे.। तर पनि, येशूले सधैं यसै प्रकारले निको बनाउनुभएन।

[३०]याकूब ५:१४ मा तेलले अभिषेक गरेको कुरालाई औषधीमूलक काम होइन तर पवित्र आत्माको शक्तिको प्रतीक हो भनी लिनुपर्दछ किनकि सबै रोगहरूका निम्ति तेल औषधीको रूपमा उचित हुनेथिएन। यसबाहेक, यसको प्रयोग औषधीको रूपमा मात्र थियो किनभने एल्डरहरूले मात्र यसको प्रयोग गर्नुपर्छ भनी बुझ्न कठिन हुन्छ। पुरानो करारमा तेल प्रायः नै पवित्र आत्माको प्रतीक थियो (हे. प्रस २९:७; १ शमू १६:१३; तु. भज ४५:७), यहाँ पनि तेल यस्तै भएको देखिन्छ। (विस्तृत छलफलको निम्ति हे. Douglas J. Moo, *The Letter of James*, पृह.१७७-८१।

[३१]याकूब ५:१४-१५ मा चङ्गाइको निम्ति प्रार्थना गर्न बोलाइएका मानिसहरू किन एल्डरहरू नै हुनु भनी हामी चकित बन्न सक्छौं। याकूबले यसको कारण नदिए तापनि यसको कारण उनीहरूको पास्टरीय वास्ता गर्ने जिम्मेदारी हुन्थ्यो, साथै सम्भाव्य संलग्न पापबारे छलफल गर्नका लागि परिपक्वता र विवेक हुन्थ्यो (हे. १५-१६ पह.), अनि उनीहरूको पदभारसित रहेको आत्मिक अख्तियारको मात्रा पनि हुन्थ्यो।

[३२]यसको तुलनामा, हामी यस कुरामा ध्यान दिन सक्छौं कि चेलाहरूले भूतआत्मालाई धपाउन नसक्दा येशूले भन्नुहुन्छ "तिमीहरूको अल्पविश्वासको कारणले हो" (मत्ती १७:२०)।

हाम्रो विशेष कारण छ भने बेग्लै कुरा हो, हामीले जुन मानिसको निम्ति प्रार्थना गरिरहेका छौं उसलाई निको बनाउन परमेश्वर खुशी हुनुहुनेछ (जहाँसम्म हामी धर्मशास्त्रबाट भन्न सक्छौं, परमेश्वरको प्रकट इच्छा यही हो।[३३]

यहाँ Ken Blue-को एउटा उपयोगी टिप्पणी छ। तिनले यो तर्क गर्छन् कि यदि हामी शारीरिक चङ्गाइप्रति परमेश्वरको मनोवृत्ति बुझ्न चाहन्छौं भने हामीले येशूको जीवन र सेवाकार्यलाई हेर्नुपर्दछ। उनी भन्छन्, "येशूले साँच्चै नै हामीलाई परमेश्वरको स्वभाव प्रकट गरिदिनुहुन्छ भने हामीले बिमारी र चङ्गाइबारे परमेश्वरको इच्छासम्बन्धी अन्दाज र तर्कहरू बन्द गर्नुपर्दछ। येशूले मानिसहरूलाई प्रेम गर्नुभएको कारण तिनीहरूलाई निको बनाउनुभयो। कुरा साधारण छ, उहाँमा तिनीहरूका निम्ति अनुकम्पा थियो; उहाँ तिनीहरूको पक्षमा हुनुहुन्थ्यो; उहाँले तिनीहरूका समस्याहरू समाधान गर्न चाहनुहुन्थ्यो।"[३४] यदि यसलाई येशू हामीमाझ परमेश्वरको राज्य उद्घाटन गर्नलाई र परमेश्वरको राज्य कस्तो हुनेछ सो देखाउनलाई आउनुभएको हो भन्ने बोधसित सम्मिलित गरियो भने यो अति सशक्त तर्क हुनेछ।

तब हामीले कसरी प्रार्थना गर्नुपर्ने हो? चङ्गाइको निम्ति परमेश्वरलाई बिन्ती गर्नु निश्चय नै सही काम हो अनि आवश्यक परेको बेलामा उहाँले हामीलाई शारीरिक चङ्गाइ दिऊन् भन्ने साधारण निवेदनसित हामी उहाँकहाँ जानुपर्दछ। याकूबले हामीलाई यो चेताउनी दिन्छन् कि साधारण अविश्वासले हामीलाई प्रार्थना नगर्ने बानी र परमेश्वरबाट उत्तर पाउन नसक्ने स्थितितर्फ लान्छ, "तिमीहरूसित हुँदैन, किनभने तिमीहरू परमेश्वरसँग माग्दैनौ" (याक ४:२)। तर चङ्गाइको निम्ति प्रार्थना गर्दा, त्यस स्थितिमा परमेश्वरको महिमा होस् भनी प्रार्थना गर्न हामीले याद राख्नुपर्दछ, उहाँले चङ्गाइ दिन चाहे रोजून् वा नरोजून्। येशूले मानिसहरूलाई निको पार्नुहुँदा हृदयको जुन अनुकम्पासित उहाँले मानिसहरूलाई निको पार्नुभयो ठीक त्यस्तै अनुकम्पासित हामीले प्रार्थना गर्नुपर्दछ। हामीले यसरी प्रार्थना गर्दा परमेश्वरले कहिलेकाहीँ – अनि सायद प्रायः नै – हाम्रा प्रार्थनाहरूका उत्तर दिनुहुन्छ।

यहाँनेर कसैले यो आपत्ति उठाउन सक्छ कि पास्टरीय दृष्टिकोणबाट हेर्दा, चङ्गाइको आश्चर्यकर्म हुनेछ भनी मानिसहरूलाई विश्वास गर्न उत्साहित गरिन्छ, अनि यसपछि केही हुँदैन – त्यति बेला मानिसहरू मण्डलीसित सायद निराश बन्दछन् अनि परमेश्वरसँग सायद रिसाउनेछन्। मानिसहरू निको होऊन् भनी प्रार्थना गर्ने मानिसहरूले आज यो आपत्ति सुन्न आवश्यक छ अनि बिमारी मानिसहरूलाई के भन्नुपर्ने हो, सोबारे तिनीहरूले बुद्धिको प्रयोग गर्नुपर्दछ।

तर हामीले यो बुझ्न आवश्यक छ कि हामीले गर्न सक्ने एकभन्दा धेरैवटा भुलहरू छन् : (१) *चङ्गाइको निम्ति प्रार्थना गर्दै नगर्नु* सही समाधान होइन किनकि

[३३] परमेश्वरका गुप्त र प्रकट गरिएका इच्छाबारे हे. अ. १३, पृह. २१३-१६ मा छलफल। हामी निश्चय नै यो बुझ्दछौं कि परमेश्वरको *गुप्त* इच्छा, कुनै विशिष्ट रूपमा हामीलाई थाहा नभएको रूपमा, यही हो कि सबै निको बनाइनेछैनन्, जस्तो गरी यो उहाँको इच्छा हो कि सबै बचाइनेछैनन्। तर यस्ता दुवै स्थितिहरूमा, धर्मशास्त्रमा जो परमेश्वरको प्रकट गरिएको इच्छा हो भनी हामी देख्छौं, अर्थात् पापीहरूलाई उद्धार गर्न र बिरामी मानिसहरूलाई निको बनाउनु – त्यसैको निम्ति हामीले प्रार्थना गर्नुपर्दछ।

[३४] *Authority to Heal,* पृह. ७२, ७८।

यसको निम्ति याकूब ५ को आज्ञापालन गर्नु आवश्यक हुन्छ। (२) *आज परमेश्‍वरले मानिसहरूलाई विरलै निको पार्नुहुन्छ* अनि तिनीहरूले केही हुनेछैन भनी आशा गर्नुपर्दछ भनी मानिसहरूलाई भन्नु सही समाधान होइन किनभने यसले विश्‍वासअनुकूलको परिवेश उत्पन्न गर्दैन र यसमा हामी येशूको सेवा र नयाँ करारको प्रारम्भिक मण्डलीको ढाँचा देख्दैनौं। (३) हामीमा पर्याप्त विश्‍वास छ भने आज परमेश्‍वरले जहिले पनि निको बनाउनुहुन्छ भन्नु क्रुर शिक्षा हो जो धर्मशास्त्रद्वारा समर्थित छैन (हे. तल खण्ड ६)।

पास्टरीय रूपमा विवेकपूर्ण समाधान माथि (२) र (३) भित्र भएको प्रतीत हुँदछ। हामी मानिसहरूलाई यो भन्न सक्छौं कि परमेश्‍वरले आज प्रायः निको बनाउनुहुन्छ (यो सत्य हो भनी हामीले विश्‍वास गर्‍यौं भने), अनि तिनीहरू निको हुनेछन् भन्ने अति नै सम्भव छ,[३५] तर हामी अझै पनि यस्तो युगमा जिइरहेका छौं जब परमेश्‍वरको राज्य यहाँ "आइसकेको छ" तर "अझै पनि" पूर्ण रूपमा यहाँ छैन। त्यसकारण ख्रीष्टियानहरूले यस जीवनमा चङ्गाइ पाउनेछन् (अनि गरिइएका अन्य धेरै प्रार्थनाहरूका उत्तर पनि पाउनेछन्), तर तिनीहरू निरन्तर बिमारी बन्नेछन् अनि कालान्तरमा मर्नेछन्। व्यक्ति व्यक्तिअनुसार परमेश्‍वरको परमसत्तासम्पन्न बुद्धि नै त्यो हो जसले परिणाम निर्णय गर्छ र हाम्रो भूमिका उहाँलाई बिन्ती गर्नु मात्र हो अनि उहाँले उत्तर दिनुहुन्छ भनी प्रतीक्षा गर्नु मात्र हो – यो उत्तर सकारात्मक वा नकारात्मक पनि हुन सक्छ वा "प्रार्थना गर्न नबिराऊ र प्रतीक्षा गर" भन्ने पनि हुन सक्छ)।

"चङ्गाइहरूका वरदानहरू" (१ कोर १२:९ मा बहुवचनहरूको अक्षरशः अनुवाद) पाएका मानिसहरू त्यस्ता मानिसहरू हुनेछन् जसले यो देख्छन् कि चङ्गाइको निम्ति तिनीहरूले गरेका प्रार्थनाको उत्तर अरूका प्रार्थनाका भन्दा बढी बारम्बार र अझै विस्तृत रूपमा आउँछन्। जब त्यो प्रत्यक्ष हुन्छ, तिनीहरूलाई यस सेवामा प्रोत्साहित गर्नु र तिनीहरूलाई बिरामीहरूका निम्ति प्रार्थना गर्ने धेरै अवसर प्रदान गर्नु मण्डलीको बुद्धिमानी हुनेछ। हामीले यो पनि बझ्नुपर्दछ कि चङ्गाइको वरदानमा शारीरिक चङ्गाइ मात्र हुँदैन तर संवेगात्मक चङ्गाइ पनि सामेल हुन्छ। यसमा कहिलेकाहीँ मानिसहरूलाई भूतात्माको आक्रमणबाट छुटकारा दिने काम पनि हुन्छ किनकि धर्मशास्त्रमा यसलाई कहिलेकाहीँ "चङ्गाइ" भनिएको छ (हे. लूक ६:१८; प्रे १०:३८)। सम्भवतः विभिन्न किसिमका स्थितिहरूमा र विभिन्न आवश्यकताहरूका निम्ति प्रभावकारी ढङ्गमा प्रार्थना गर्न सक्ने वरदानहरूतिर सङ्केत गर्दा पावलले बहुवचन अभिव्यक्ति *"चङ्गाइहरूका वरदानहरू"* प्रयोग गरे।

**६. यदि परमेश्‍वरले निको बनाउनुभएन भने?** यस युगमा चङ्गाइको निम्ति

[३५]कुनै समय परमेश्‍वरले विश्‍वासको बलियो व्यक्तिनिष्ठ भरोसा दिन सक्नुहुन्छ, यस्तो कुनै थोक जसलाई याकूब "विश्‍वासको प्रार्थना" भन्छन् (याक ५:१५), अनि हिब ११:१ "आशा राखिएको निश्‍चय" भन्छ, अनि मर्क ११:२४ "जेसुकै माग्छौं सो पाएका छौ" भनी विश्‍वास गर्नु भन्छ। ती मुद्दाहरूमा प्रार्थना गर्ने व्यक्तिले कुनै व्यक्ति सायद निको होला वा निको हुने अति नै सम्भावना छ भनी बताउने आत्मविश्‍वास अनुभव गर्न सक्छन्। तर परमेश्‍वरले यस युगमा कसैलाई चङ्गाइको प्रतिज्ञा गर्नुहुन्छ वा यसको "प्रत्याभूति" दिनुहुन्छ भन्ने मलाई लाग्दैन, किनकि उहाँको लिखित वचनले त्यस्तो कुनै प्रत्याभूति दिँदैन, अनि यस जीवनमा उहाँको इच्छाबारे हाम्रो व्यक्तिनिष्ठ बोध जहिले पनि केही मात्रासम्म अनिश्‍चितताको र केही मात्रा भुलको अधीनमा हुन्छ।

गरिएका सबै प्रार्थनाहरूका सकारात्मक उत्तर पाइँदैनन् भनी हामीले तरै पनि बझ्नुपर्दछ। परमेश्वर कहिलेकाहीँ त्यो विशेष "विश्वास" (याक ५:१५) दिनुहुन्न जसले चङ्गाइ ल्याउँछ अनि अरू बेला परमेश्वरले उहाँको परमसत्ताका उद्धेश्यहरूका निम्ति निको नबनाउनुहुने छनोट गर्नुहुन्छ। यस्ता मुद्दाहरूमा, हामीले यो स्मरण गर्नुपर्दछ कि रोमी ८:२८ अझै पनि साँचो छ। "हाम्रो देहको उद्धारको निम्ति प्रतीक्षा गरेर हामी आफै पनि भित्र-भित्रै आर्तनाद गर्दछौं" (रोम ८:१८, २३), तर पनि हामी यो जान्दछौं कि "उहाँलाई प्रेम गर्नेहरू र उहाँका अभिप्रायअनुसार बोलाइएकाहरूका निम्ति हरेक कुरामा परमेश्वरले भलाइ नै गर्नुहुन्छ" (रोम ८:२८)। यसमा हाम्रो कष्ट र बिरामीका परिस्थितिमा पनि काम गर्नु संलग्न हुन्छ।

पावलको शरीरमा भएको "एउटा काँड़ो" जे नै भए तापनि (बाइबल विश्वास गर्ने व्याख्येताहरूले शताब्दी-शताब्दी खोज्दा पनि निश्चित उत्तर दिन सकेका छैनन्), पावलले यो कुरा बुझे कि उनी "घमण्डले ... बढ्ता" नफुलून भनेर (२ कोर १२:९) परमेश्वरले त्यस काँड़ोलाई उनीसँगै रहन दिनुभयो, अर्थात् प्रभुको सामने पावललाई नम्र राख्नलाई।[३६] अतः परमेश्वरले उनलाई भने, "मेरो अनुग्रह तेरो निम्ति पर्याप्त छ, किनभने मेरो शक्ति दुर्बलतामा नै सिद्ध हुन्छ" (२ कोर १२:९)। प्रारम्भिक मण्डलीहरूमा यस्ता सङ्केतहरू छन् कि प्रेरितहरूका उपस्थितिमा पनि सबै मानिसहरूले चङ्गाइ पाएनन्। पावलले यो बुझे कि "हाम्रो बाहय मनुष्यत्व नाश" हुँदैगइरहेको छ (२ कोर ४:१६), अनि कहिलेकाहीँ रोग र बिमारी निको हुनेछैनन्। इपाफ्रोडिटस पावललाई भेट्न आउँदा तिनमा यस्तो रोग थियो जसले तिनलाई "मरणान्त" पारेको थियो (फिलि २:२७)। फिलिप्पी २ को विवरणमा पावलले यो देखाउँछन् कि इपाफ्रोडिटस मर्ने छाँट देखिएको भए तापनि, तिनी बिमार हुँदा परमेश्वरले तिनलाई तत्कालै निको बनाउनुभएन। तर परमेश्वरले प्रार्थनाको उत्तरमा तिनलाई अन्ततः निको बनाउनुभयो (फिलि २:२७)। पावलले तिमोथीको "पेटको लागि र घरीघरी बिरामी भएकोले गर्दा अलि-अलि दाखमद्य पिउने गर" भनी तिमोथीलाई भने (१ तिमो ५:२३)। उनले भने, "त्रोफिमसलाई त मैले मिलेटसमा बिरामी अवस्थामा छोड़ें" (२ तिमो ४:२०)। अनि पत्रुस (१ पत्र १:६-७, ४:१९) र याकूब (याक १:२-४) विभिन्न सङ्कष्टहरू झेलिरहेकाहरूलाई प्रोत्साहन र सल्लाहका कुराहरू भन्छन् :[३७]

> मेरा भाइ हो, तिमीहरूमाथि विभिन्न किसिमका आपत्-विपत् आइपर्दा तिनलाई पूरा आनन्दको कुरा सम्झ। किनकि तिमीहरू जान्दछौ, तिमीहरूका विश्वासको जाँचले धैर्य उत्पन्न गराउँछ। धैर्यलाई त्यसको पूरा काम गर्न

[३६] २ कोर १२:७ केही अध्ययन गरेपछि, यस विषयमा मेरो निजी निष्कर्ष यही भयो कि पावलको शरीरमा भएको काँड़ो के थियो सो निर्णय गर्नलाई मूलपाठमा पर्याप्त जानकारी छैन। तीन प्रमुख सम्भावनाहरूको समर्थनमा दिन सकिने कारणहरू छन् : (१) कुनै किसिमको शारीरिक रोग; (२) उनलाई दुःख दिइरहेको कुनै भूतात्मा; वा (३) यहूदी सतावटकर्ताहरू। तरै पनि हामीले यस विषयमा निर्णायक रूपमा केही निर्णय गर्न सक्दैनौं भन्ने तथ्यका केही लाभहरू छन् : यसको अर्थ यो हुन्छ कि परमेश्वरले उहाँको परमसत्तात्मक बुद्धिमा हाम्रा रोगहरू हटाइदिने निर्णय गर्नहुँदा, हामीले यस मूलपाठलाई हाम्रा आफ्नै जीवनमा हुने यस्ता सबै प्रकारका स्थितिहरूमा लागु गर्न सक्छौं।

[३७] कतिले रोग र अन्य किसिमका दुःखकष्टहरूबीचका भिन्नता खुटयाउने प्रयास गरेका छन् र

देओ, ताकि तिमीहरूमा कुनै कुराको अभाव नभएर तिमीहरू परिपक्व र पूर्ण होओ। (याकूब १:२-४)

हामीले चङ्गाइको निम्ति बिन्ती गर्दा पनि, जब परमेश्वरले हामीलाई निको नबनाउनुहुने निर्णय लिनुहुँदा "सबै परिस्थितिमा धन्यवाद" दिनु (१ थेस ५:१८) र यो बुझ्नु सही हो कि हामीलाई उहाँको अझ नजिक ल्याउनलाई अनि उहाँको इच्छाप्रति हाम्रो आज्ञाकारिता अझ बढ़ाउनलाई परमेश्वरले रोग प्रयोग गर्न सक्नुहुन्छ। अतः भजनकारले यसो भन्न सक्छन्, *"ममाथि क्लेशहरू आइपरेका असलै भयो,* ताकि म तपाईंका विधिहरू सिक्न सकूँ" (भज ११९:७१) अनि "म कष्टित हुनुभन्दा अघि म बरालिएको थिएँ, तर अब त म तपाईंको वचन पालन गर्दछु" (भज ११९:६७)।

त्यसकारण रोग र दुःख-कष्टको माध्यमद्वारा परमेश्वरले हामीमा अझै धेरै पवित्रीकरण ल्याउन सक्नुहुन्छ जस्तो गरी उहाँले आश्चर्यजनक चङ्गाइद्वारा पवित्रीकरण र विश्वासमा वृद्धि ल्याउन सक्नुहुन्छ। तर येशूको सवाकार्य र प्रेरितहरूका कार्यको पुस्तकमा चेलाहरूको सेवाकार्यमा नयाँ करारको जोड़ यही रहेको देखिन्छ जसले हामीलाई अधिकांश मुद्दाहरूमा चङ्गाइको निम्ति उत्सुकता र उत्कटतासित परमेश्वरलाई खोज्ने र त्यसपछि, उहाँले शारीरिक चङ्गाइ दिनुभए पनि वा नदिनु भए पनि, त्यस परिस्थितिबाट उहाँले भलाइ नै गर्नुहुनेछ भनी उहाँलाई लगातार भरोसा गर्ने प्रोत्साहन दिन्छ। खास कुरा यो हो कि प्रत्येक कुरामा परमेश्वरले महिमा पाउनुपर्दछ अनि उहाँमा भएका हाम्रो आनन्द र भरोसा बढ्नुपर्दछ।

### ङ. अन्य भाषाहरू र अर्थ खोलाइ

यो आरम्भमै भन्नुपर्दछ कि ग्रीक *glossa* शब्द, जसलाई "जिब्रो" भनी अनुवाद गरिएको छ, व्यक्तिको मुखमा भएको शारीरिक अङ्ग जिब्रो बुझाउन मात्र नभएर

---

तिनीहरूले यो भन्ने प्रयास गरेका छन् कि धर्मशास्त्रका जुन खण्डहरूले खीष्टियानहरूले कष्ट सहने आशा गर्नुपर्छ भन्छन्, त्यो *अरू* किसिमका कष्टसित सम्बन्धित छ, जस्तै सतावट, तर त्यसमा शारीरिक कष्ट संलग्न छैन।

यो तर्क दुईवटा कारणहरूले गर्दा मलाई पत्यारलाग्दो लाग्दैन : सर्वप्रथम, धर्मशास्त्रले "विभिन्न सङ्कष्टहरू"-बारे बताउँछ (याक १:२; १ पत्र १:६ पनि), अनि दुवैमा लेखकहरूका आशय यो देखिन्छ कि हामीले यस जीवनमा अनुभूति गर्ने सबै किसिमका सङ्कष्टहरू तिनीहरूले बताइरहेका छन्। यसमा शारीरिक बिमारी र प्रकोप छन्। बिमारी खीष्टियानहरूले यी खण्डहरू तिनीहरूका आफ्नै परिस्थितिहरूमा लागु गरेका के याकूब र पत्रुसले *चाहेनन्* र ? यस्तो हुने सम्भावना अति नै कम छ। (यी हजारौं खीष्टियानहरूलाई लेखिएका सामान्य धर्मपत्रहरू हुन्)।

दोस्रो, प्रभु नआउनुभएसम्म, हामी सबैले क्रमिक रूपमा बढ्दैजाने उमेर अनि हाम्रा भौतिक शरीरको क्षयबारे जान्नेछौं र हामी अन्ततः मर्नेछौं। पावल भन्छन्, "हाम्रो बाहय मनुष्यत्व नाश" हुँदैगइरहेको छ (२ कोर ४:१६)। उमेर बढ्दैजाने प्रक्रियामा विभिन्न शारीरिक रोगहरू उत्पन्न हुन्छन्। यो निष्कर्ष निकाल्नु उत्तम देखिन्छ कि यस जीवनमा समय-समयमा परमेश्वरले हामीलाई दिनहुने दुःखकष्टमा शारीरिक रोग पनि हुन्छ जसलाई परमेश्वरले उहाँको सर्वसत्तामय बुद्धिमा निको नबनाउनुहुने निर्णय गर्नुहुन्छ। वास्तवमा, यस्ता धेरैवटा स्थितिहरू हुन सक्छन्, जसमा विभिन्न कारणहरूले, चङ्गाइ दिनुहोस् भनी परमेश्वरलाई विश्वासमा बिन्ती गर्ने स्वतन्त्रता हामी अनुभव गर्दैनौं। तर यस्तो हुँदा पनि विश्वासको हृदयले परमेश्वरको वचनलाई सत्य हो भनी मानिलिन्छ अनि यो विश्वास गर्छ कि यो स्थिति पनि भलाइकै निम्ति हाम्रा जीवनमा आएको छ (रोम ८:२८) र परमेश्वरले यसको माध्यमद्वारा हामीकहाँ असल ल्याइदिनुहुनेछ।

"भाषा" बुझाउन पनि प्रयोग गरिन्छ। नयाँ करारका खण्डहरूमा जहाँ अन्य भाषा-हरूबारे छलफल गरिएको छ, त्यहाँ विचाराधीन अर्थ निश्चय नै "भाषाहरू" भन्ने रहेको छ। त्यसकारण, यो दुर्भाग्यपूर्ण कुरा हो कि अङ्ग्रेजी अनुवादहरूले अझै पनि *"speaking in tongues"* (र नेपाली अनुवादहरूले "अन्य भाषाहरूमा बोल्नु") भन्ने वाक्यांश प्रयोग गरिरहेका छन्। सामान्य अङ्ग्रेजीमा अन्यथा यस्तो अभिव्यक्ति प्रयोग गरिँदैन जसले एउटा अनौठो अनुभूतिको प्रभाव दिन्छ – जो सामान्य मानव जीवनको निम्ति पूर्णतः अपरिचित कुरो हुन्छ। तर अङ्ग्रेजी भाषाका अनुवादकहरूले "भाषाहरूमा बोल्नु" (र नेपाली अनुवादहरूमा "अरू-अरू भाषाहरूमा बोल्नु") भन्ने अभिव्यक्ति प्रयोग गरे, त्यो उति अपरिचित सुनिनेथिएन र पाठकहरूलाई यसले प्रायः त्यस्तै अर्थ दिनेछ जुन अर्थ प्रेरितहरूका पुस्तकमा वा १ कोरिन्थीमा[३८] यस वाक्यांशलाई पढ्दा पहिलो शताब्दीका ग्रीक भाषी पाठकहरूले लगाउने थिए। तर पनि *"speaking in tongues"* वा "अन्य भाषाहरूमा बोल्नु" भन्ने वाक्यांशका आजको प्रयोग यति व्यापक रूपमा स्थापित भइसकेको छ कि हामी यस छलफलमा यही प्रयोगलाई कायम राख्नेछौं।

**१. उद्धारको इतिहासमा अन्य भाषाहरू।** अन्य भाषाहरूमा बोल्ने घटना नयाँ करार युगको विलक्षण घटना हो। आदम र हव्वा पापमा पतित हुनुभन्दा अघि अरू भाषाहरू बोल्ने कुनै आवश्यकता थिएन, किनभने तिनीहरूले *एउटै भाषा* बोल्दथिए अनि तिनीहरू *परमेश्वरको सेवामा* र उहाँसँगको सङ्गतिमा *एकबद्ध थिए*। पतनपछि मानिसहरूले उही भाषा बोले तर अन्ततः तिनीहरू *परमेश्वरको विरोधमा एकबद्ध* बने, अनि "पृथ्वीमा मानिसहरूको दुष्टता बढ़ी भएको" थियो र "तिनीहरूका हृदयका विचारको जुनसुकै पनि भावना निरन्तर खराब मात्रै" (उत्प ६:५) थियो। यो "एउटै भाषा र एकै खालको बोली" (उत ११:१) भएको समयमा परमेश्वरको विरुद्धमा प्रयोग गरिएको यो एकीकृत भाषाको पराकाष्ठास्वरूप बाबेलको धरहरा निर्माण हुन पुगेको थियो। उहाँको विरुद्धमा भएको एकबद्ध विद्रोहलाई रोक्न परमेश्वरले बाबेलमा "सारा पृथ्वीभरिका भाषा खलबल पारिदिनुभयो" र मानिसहरूलाई सारा पृथ्वीभरि छरपस्ट पारिदिनुभयो (उत ११:९)।

परमेश्वरले आदमलाई उहाँकहाँ बोलाउनुहुँदा (उत १२:१), उहाँले अब्राहामबाट "एउट ठूलो जाति" बनाउने प्रतिज्ञा गर्नुभयो (उत १२:२)। अनि यस बोलावटको फलस्वरूप उत्पन्न भएको यस जातिको एउटै भाषा थियो जसलाई मानिसहरूले उहाँको सेवामा प्रयोग गरून् भनी उहाँ चाहनुहुन्थ्यो। तर पनि यो भाषा संसारका बाँकी जातिहरूले प्रयोग गर्थेनन् र ती तिनीहरूका उद्धारबारे परमेश्वरका योजनाको पहुँचबाट बाहिर नै रहे। यसकारण परिस्थिति केही मात्रासम्म सपारियो, किनभने संसारका *सबै भाषाहरूमध्ये एउटा भाषा परमेश्वरको सेवामा प्रयोग गरिएको थियो,* जबकि उत्पत्ति ११ मा परमेश्वरको प्रशंसा कुनै भाषाद्वारा गरिएको थिएन।

अब हामीले यदि नयाँ करारको मण्डलीको युग नाघेर अघि गई अनन्त

[३८] NIV मार्जिनले प्रेरित २:४, ११; १०:४६; १९:६ र १ कोरिन्थी १२-१४ भरि नै "वा भाषाहरू" वा "अरू भाषाहरू" भनी अनुवाद गर्छ। माथि उल्लेखित कारणहरूले यो अनुवाद श्रेयस्कर छ।

भविष्यमा हेर्छौं भने, हामी यो देख्दछौं कि एकपटक फेरि भाषाको एकता पुनर्बहाल गरिनेछ, तर यस बेला हरेकले *परमेश्वरको सेवामा* र उहाँको प्रशंसा गर्दा *त्यही भाषा बोल्नेछ* (प्रका ७:९-१२; तु. सप ३:९; १ कोर १३:८; सम्भवतः १९:१८)।

नयाँ करारको मण्डलीमा, स्वर्गमा हुने भाषागत एकताको पूर्वस्वादको केही झलक पाइन्छ, तर यो कहिलेकाहीँ र केवल आंशिक रूपमा मात्र दिइएको छ। पेन्तिकोसमा, जो सबै जातिहरूकहाँ सुसमाचार जान आरम्भ भएको बेला थियो, यरूशलेममा भेला भएका चेलाहरू "पवित्र आत्माले तिनीहरूलाई दिनुभएको उच्चारणबमोजिम ... अन्य भाषाहरूमा बोल्न" थाल्नु (प्रे २:४) उपयुक्त थियो।[३९] यसको परिणाम यो भयो कि विभिन्न देशहरूबाट आउने मानिसहरूले तिनीहरूका आफ्नै भाषामा "परमेश्वरका महान् कार्यहरूको चर्चा"-को (प्रे २:११) घोषणा सुने। यो त्यस तथ्यको असाधारण प्रतीक थियो कि सुसमाचारको सन्देश संसारका सबै देशहरूमा जानैलागेको थियो।[४०] पुरानो करारमा यस प्रकारको प्रतीकात्मक कार्य अनुपयुक्त हुनेथियो, किनकि त्यस बेला सुसमाचारीय सन्देश भनेको अरू जातिका मानिसहरूलाई यहूदी जातिकहाँ आई उनीसँग मिलेर यहूदी बन्ने, अनि त्यसरी परमेश्वरको उपासना गर्ने निमन्त्रणा दिनु हुन्थ्यो। तर यहाँ प्रत्येक ठाउँका मानिसहरूलाई ख्रीष्टतर्फ फर्किने र बचाइने निमन्त्रणा दिँदै, सन्देश प्रत्येक देशमा सोही देशको भाषामा जानैलागेको छ।[४१]

यसबाहेक, मण्डलीको उपासनाको सन्दर्भभित्र अन्य भाषामा बोल्ने र त्यसको अर्थ खोल्ने कामले यो थप सङ्केत दिन्छ कि बाबेलमा उत्पन्न भएको भाषाहरूका भिन्नताहरू एक दिन हटाइनेछन्। यदि मण्डलीमा यो वरदान सक्रिय छ भने, जुनै भाषामा गरिएको प्रार्थना वा प्रशंसा भए तापनि यसको अर्थ खोलाइ भएपछि, हरेकले यो बुझ्न सक्नेछ। यस युगका सबै वरदानहरूजस्तै (१ कोर १३:९) यो पनि अवश्य नै दुई-चरणको प्रक्रिया हो जो "असिद्ध" छ, तरै पनि यो बाबेलदेखि पेन्तिकोसम्मको परिस्थितिमा भएको एउटा सुधार हो जब मानिसहरूले नबुझ्ने भाषामा सन्देश बुझाउने कुनै प्रावधान थिएन।

अन्त्यमा, गुप्त रूपले अन्य भाषाहरूमा गरिएको प्रार्थना परमेश्वरलाई गरिने प्रार्थनाको अर्को रूप हो। पावल भन्छन्, "किनभने मैले अन्य भाषामा प्रार्थना गर्दा मेरो आत्माले प्रार्थना गर्छ, तर मेरो दिमागचाहिँ निष्फल हुन्छ" (१ कोर १४:१४)। उद्धारका इतिहासको समग्र सन्दर्भमा, यसलाई पनि पतनका परिणामहरूका अझै एउटा आंशिक समाधानको रूपमा हेर्न सकिन्छ, जुन पतनले हामी परमेश्वरको

---

[३९]यस पदले देखाउँछ कि आश्चर्यकर्म सुन्ने होइन, बोल्ने काम थियो। चेलाहरूले "अन्य भाषाहरूमा *बोल्न* शुरू गरे)"।

[४०]पेन्तिकोसको दिन अन्य भाषाहरूमा बोल्नु यसकारण अपूर्व थियो कि यो बोलीसितै "आगोका जिब्राहरूजस्ता तिनीहरूकहाँ देखा परे, र भाग-भाग भएर तिनीहरू हरेकमाथि बसे" (प्रे २:३)। धर्मशास्त्रमा आगो प्रायः नै परमेश्वरको शुद्धकारी दण्डको प्रतीक भएको कारण यहाँ आगोको उपस्थिति यस तथ्यको प्रतीक हुन सक्छ कि परमेश्वरले उहाँको सेवामा प्रयोग गरिनका लागि भाषालाई शुद्ध बनाइरहनुभएको थियो।

[४१]यो साँचो हो कि सबैभन्दा पहिले यस सन्देशलाई सुन्नेहरू यरूशलेममा भएका यहूदीहरू मात्र थिए (प्रे २:५), गैरयहूदीहरू थिएनन्, तर धेरै भाषाहरूमा घोषणा गरिरहिएको सुसमाचारको प्रतीकले चाँड़ै हुने विश्वव्यापी प्रचारकार्यको सङ्केत दिन्थ्यो।

सङ्गतिबाट अलग पारिएका थियौं। निश्चय नै, यसको अर्थ यो हुँदैन कि मानिसहरूले अन्य भाषाहरूमा बोल्दा मात्रै तिनीहरूका आत्माले परमेश्वरसँग सङ्गति गर्न सक्छन्, किनकि पावलले यो पुष्टि गर्छन् कि उनी अन्य भाषामा अनि उनको आफ्नै भाषामा प्रार्थना गर्छन् (१ कोर १४:१५)। तर पनि, अन्य भाषाहरूमा गरिने प्रार्थनालाई पावल प्रार्थना र उपासनामा परमेश्वरसँग सोझै गरिने सङ्गतिको अतिरिक्त साधनको रूपमा हेर्छन्। फेरि पनि, यो भन्नुपर्दछ कि जहाँसम्म हामी जान्दछौं, नयाँ करारको युगभन्दा पहिले अन्य भाषाहरूमा बोल्ने वरदानको यो पक्ष चालु थिएन।

**२. अन्य भाषाहरूमा बोल्नु भनेको के हो ?** यस वरदानलाई हामी निम्नलिखित प्रकारले परिभाषित गर्न सक्छौं : *अन्य भाषाहरूमा बोल्नु भनेको वक्ताद्वारा आफैले नबुझ्ने उच्चारणहरूमा गरिएको प्रार्थना वा प्रशंसा हो।*

**अ. परमेश्वरलाई चढ़ाइएका प्रार्थना वा प्रशंसाका शब्दहरू :** यस परिभाषाले यो सङ्केत दिन्छ कि अन्य भाषाहरूमा बोल्नु भनेको मूलतः परमेश्वरतिर लक्षित गरिएको बोली (अर्थात्, प्रार्थना वा प्रशंसा) हो। त्यसकारण यो अगमवाणीको वरदानभन्दा बेग्लै हुन्छ, जो प्रायः नै परमेश्वर*बाट* मण्डलीका मानिसहरूलाई दिइएका सन्देशहरू हुन्छन्। पावल भन्छन्, "किनकि अन्य भाषामा बोल्नेले मानिसहरूसँग होइन, तर *परमेश्वरसँग* बोल्दछ" (१ कोर १४:२), पावल फेरि भन्छन् मण्डलीको सेवामा अर्थ खोल्ने कोही नभए अन्य भाषाहरूमा बोल्ने वरदान भएको कुनै मानिस "मण्डलीको सभामा चूप रहोस्, र त्यो आफैसँग र *परमेश्वरसँग* बोलोस्" (१ कोर १४:२८)।

परमेश्वरतर्फ निर्देशित प्रार्थना कुन किसिमको बोली हो ? पावल भन्छन्, "मैले अन्य भाषामा प्रार्थना गर्दा मेरो आत्माले प्रार्थना गर्दछ, तर मेरो दिमागचाहिँ निष्फल हुन्छ" (१ कोर १४:१४; तु. पह. १४-१७, जहाँ पावलले अन्य भाषाहरूमा बोल्नुलाई प्रार्थना गर्ने र धन्यवाद दिने कामको रूपमा वर्गीकृत गरेका छन् (प. २८)। त्यसकारण अन्य भाषाहरूमा बोल्नु स्पष्टतया परमेश्वरतर्फ निर्देशित गरिएको प्रार्थना वा प्रशंसा हो अनि यो बोल्ने मानिसको "आत्मा"-बाट आउँछ। प्रेरित २ मा दिइएको विवरणसित यो अमिल्दो छैन किनभने भीड़ले भन्यो, "हामी आ-आफ्ना भाषामा परमेश्वरका महान् कार्यहरूको चर्चा तिनीहरूले गरिरहेका सुन्दछौं" (प्रे २:११), जो यस्तो वर्णन हो जसको अर्थ यो निश्चय नै हुन सक्छ कि सबै चेलाहरूले परमेश्वरको महिमा गरिरहेका थिए अनि परमेश्वरका शक्तिशाली कामहरू उपासनामा घोषणा गरिरहेका थिए, अनि यो विभिन्न भाषाहरूमा बोलिएका हुनाले भीड़ले सुन्न थाल्यो। वास्तवमा, चेलाहरू स्वयम् भीड़सित बोलिरहेका थिए भन्ने कुनै सङ्केत प्रेरित २:१४ भन्दा अघिसम्म छैन, जब पत्रुस उठछन् र भीड़लाई सोझै सम्बोधन गर्छन्, सम्भवतः ग्रीकमा।[४२]

[४२]अनि प्रेरित १०:४६ मा कर्नेलियसको घरपरिवारमा भएका मानिसहरूले "अन्य भाषामा" बोल्न र "परमेश्वरको प्रशंसा" गर्न थाले। फेरि पनि, यसको अर्थ कि अन्य भाषा परमेश्वरलाई गरिएको प्रशंसाले गठित हुन्थ्यो वा योसित निकट रूपले सम्बन्धित हुन्थ्यो – व्याकरणगत रूपमा, मूलपाठबाट यो भन्न सकिँदैन।

**आ. वक्ताद्वारा नबुझिएको :** पावल भन्छन्, “अन्य भाषामा बोल्नेले मानिसहरूसँग होइन, तर परमेश्‍वरसँग बोल्दछ। उसले के भन्दैछ कसैले बुझ्दैन, पवित्र आत्मामा रहस्यका कुराहरू नै ऊ बोल्छ” (१ कोर १४:२)। यसरी, उनी भन्छन् कि अर्थ खोल्नेविना अन्य भाषाहरूमा बोलिए, कुनै अर्थ सम्प्रेषण हुँदैन, “बोल्नेको निम्ति म विदेशी हुन्छु, र त्यो बोल्नेचाहिँ मेरो निम्ति विदेशी हुनेछ” (१ कोर १४:११)। यसबाहेक, १ कोरिन्थी १३-१९ को सम्पूर्ण खण्डले यो अनुमान गर्छ कि अर्थ खोल्नेविना मण्डलीमा अन्य भाषाहरूको बोली सुन्नेहरूले बुझ्दैनन् :

> यसकारण, अन्य भाषामा बोल्नेले त्यसको अर्थ खोल्ने शक्तिको निम्ति प्रार्थना गरोस्। किनभने यदि मैले अन्य भाषामा प्रार्थना गर्दा मेरो आत्माले प्रार्थना गर्दछ, तर मेरो दिमागचाहिँ निष्फल हुन्छ। अब मैले के गर्ने त ? म आत्माले प्रार्थना गर्नेछु, र दिमागले पनि प्रार्थना गर्नेछु। आत्माले स्तुति गर्नेछु, र म दिमागले पनि स्तुति गर्नेछु। नत्रता तिमीले आत्मामा परमेश्‍वरको प्रशंसा गर्दा बुझ्न नसक्ने बाहिरको मानिसले तिम्रो धन्यवादको प्रार्थनापछि “आमिन” कसरी भन्ने ? जब कि तिमीले के भनेको सो उसले बुझ्दैन। तिमी त राम्ररी धन्यवाद दिन्छौ होला, तर त्यसले त्यो अर्को मानिसको केही आत्मिक वृद्धि गर्दैन। म परमेश्‍वरलाई धन्यवाद चढ़ाउँछु, किनकि तिमीहरू सबैभन्दा बढ़ी म अन्य भाषामा बोल्दछु। तापनि मण्डलीमा अन्य भाषामा दश हजार शब्द बोल्नुभन्दा त बरु आफ्नै दिमागले पाँचवटा शब्द *अरूहरूलाई शिक्षा दिने हेतुले* म बोल्न चाहन्छु।

अब कुरा के छ भने, पेन्तिकोसको दिन जुन अन्य भाषाहरू बोलिए, सुन्नेहरूले ती बुझे, “हरेकले *आफ्नो-आफ्नो भाषामा* तिनीहरू बोलिरहेका सुन्यो” (प्रे २:६)। तर बोल्नेहरूले त्यो बोली बुझेनन् किनकि छक्कलाग्दो कुरा के थियो भने गालीलका मानिसहरूले यी विभिन्न भाषाहरूमा बोलिरहेका थिए (प. ७)। त्यसकारण, यस्तो देखिन्छ कि *कहिलेकाहीँ* अन्य भाषाहरूमा बोल्दा व्यक्ति वास्तवमै मानव भाषामा बोल्छ – कहिलेकाहीँ यस्ता भाषाहरूमा कि सुन्नेहरूमध्ये कतिले सो बुझ्दछन्। तर कहिलेकाहीँ – अनि सामान्यतः यस्तै हुनेछ भनी पावल ठान्छन् – बोली यस्तो भाषामा हुन्छ जसलाई “कसैले बुझ्दैन” (१ कोर १४:२)।

कतिले यो आपत्ति गरेका छन् कि अन्य भाषाहरूमा बोलाइ जहिले पनि *जानिएको* मानव भाषामा हुनुपर्दछ किनकि पेन्तिकोसको दिन यस्तै नै भएको थियो।

---

अन्य भाषामा बोल्ने काम कहिलेकाहीँ परमेश्‍वरलाई होइन तर मानिसहरूलाई सम्बोधित गरिने बोली हुने सम्भावनालाई म वर्जित गर्दिनँ, किनभने यो सम्भव छ कि १ कोर १४:२ मा भएको पावलको वक्तव्य एउटा सामान्यीकरण हो जसले प्रत्येक उदाहरण ढाक्ने अभिप्राय राखिएको छैन, अनि कुनै पनि स्थितिमा, यस पदको मुख्य विषय यो हो कि अर्थ नखोलिएका भाषाहरू परमेश्‍वरले मात्र *बुझ्नुहुन्छ*, यो होइन कि परमेश्‍वर मात्र यस्तो हुनुहुन्छ जसलाई अन्य भाषाको बोली सम्बोधन गर्न सकिन्छ। वास्तवमा, प्रेरित २ मा अन्य भाषाको बोली मानिसहरूलाई बोलिँदैछ। तरै पनि, १ कोरिन्थी १४ मा भएको प्रमाणले हामीलाई यो देखाउँछ कि त्यो बोली परमेश्‍वरलाई सम्बोधन गरिएको छ, र यो भन्नु कुनै सुरक्षित नै हुन्छ भन्ने देखिन्छ कि सामान्यतः अन्य भाषामा बोल्नु भनेको त्यही नै हो।

तर वस्तुस्थिति यस्तो छ कि धर्मशास्त्रमा जानिएका मानव भाषाहरूमा *एकपटक* अन्य भाषाहरू बोलियो भन्नुको अर्थ यो होइन कि यो *सधैं* जानिएकै भाषाहरूमा हुन्छ, विशेष गरी जब कि अन्य भाषाहरूमा बोल्नुको अर्को वर्णनले (१ कोर १४) यसको ठीक विपरीत इङ्गित गर्छ। पावलले भन्दैनन् कि कोरिन्थमा आउने विदेशीहरूले वक्ताको कुरा बुझ्नेछन्, तर उनी भन्छन् कि कसैले अन्य भाषाहरूमा बोले *"कसैले पनि"* बुझ्नेछैन अनि बाहिरबाट आएको मानिसले वक्ताले भनिरहको कुरा बुझ्नेछैन (१ कोर १४:२, १६)।[४३] वास्तवमा, पावलले स्पष्ट रूपमा भन्छन् कि मण्डली जीवनको सामान्य व्यवहारमा पेन्तिकोसको घटनाभन्दा ठीक विपरीत घटना हुनेछ, यदि "हरेकले अन्य भाषामा बोल्यो भने र विश्वास नगर्ने मानिसहरू र नबुझ्नेहरू त्यहाँ आए भने" तिनीहरूले सन्देश बुझ्नु त कता हो कता, उल्टो "तिमीहरूलाई बौलाहा" भन्नेछन् (१ कोर १४:२३)। यसबाहेक, हामीले यो कुरा बुझ्नैपर्दछ कि १ कोरिन्थी १४ पावलको सामान्य शिक्षा हो जो विभिन्न मण्डलीहरूमा अन्य भाषाहरू बोल्ने घटनाहरूको व्यापक अनुभवमा आधारित छ, जबकि प्रेरित २ ले उद्धारको इतिहासमा एउटा निर्णायक बिन्दुमा घटेको एउटा अद्वितीय घटना वर्णन गर्दछ (प्रे २ ऐतिहासिक विवरण हो, १ कोर १४ धर्मसैद्धान्तिक शिक्षा हो)। त्यसकारण १ कोरिन्थी १४ लाई नयाँ करारका मण्डलीहरूको सामान्य अनुभवहरूलाई निकटतम रूपमा वर्णन गर्ने खण्डहरू हुन भनी लिनु समुचित देखिन्छ, अनि पावलका शिक्षाहरूलाई त्यो मानदण्डको रूपमा लिनुपर्दछ जसअनुसार मण्डलीहरूले यस वरदानको प्रयोग गरून् भनी परमेश्वरले चाहनुहुन्छ।[४४]

के अन्य भाषाहरू जानिएका मानव भाषाहरू हुन् ? कहिलेकाहीं यस वरदानको परिणाम यस्तो मानव भाषा हुन्छ जुन भाषा बोल्ने व्यक्तिले सिकेको हुँदैन, तर सामान्य रूपले हेर्दा एउटा यस्तो भाषाको बोली भएको देखिन्छ जो कसैले पनि बुझ्दैन, चाहे त्यो भाषा मानव भाषा होस् वा नहोस्।[४५]

**इ. आत्माले प्रार्थना, मनले होइन** : पावलले भने, "किनभने मैले अन्य भाषामा प्रार्थना गर्दा *मेरो आत्माले प्रार्थना गर्दछ,* तर *मेरो दिमाग*चाहिँ *निष्फल हुन्छ*। अब मैले के गर्ने त ? म आत्माले प्रार्थना गर्नेछु, र दिमागले पनि प्रार्थना गर्नेछु। आत्माले स्तुति गर्नेछु, र म दिमागले पनि स्तुति गर्नेछु" (१ कोर १४:१४-१५)।

पवित्र आत्माले हामीद्वारा प्रार्थना गर्नुभएको कुरा पावलले यहाँ गरिरहेका छैनन्।

---

[४३]Robertson र Plummer, टिप्पणी गर्छन् कि १ कोरन्थी १४:१८, "म परमेश्वरलाई धन्यवाद चढाउँछु, किनकि तिमीहरू सबैभन्दा बढ़ी म अन्य भाषामा बोल्छु","अन्य भाषाहरू विदेशी भाषा होइनन् भन्ने सशक्त प्रमाण" हो (A. Robertson र A. Plummer, *A Critical and Exegetical Commentary on the First Epistle of St. Paul to the Corinthians,* ICC [एडिनबर्ग: टी. ड्यान्ड टी. क्लार्क, १९४१], पृ. ३१४)। पेन्तिकोसमा जस्तै, यदि ती भाषाहरू विदेशीहरूले बुझ्न सक्ने भाषाहरू थिए भने, पावलले त्यो भाषा मण्डलीमा नबोलेर, जहाँ विदेशी पाहुनाहरूले बुझ्न सक्थे, किन गुप्तमा सबै कोरिन्थीहरूभन्दा बढ़ी बोल्थे ?

[४४]ध्यान दिनुहोस् कि पेन्तिकोसमा बोलिएका अन्य भाषाहरूका बोलीमा अर्को विशेषता थियो जो पछि बोलिएका अन्य भाषाहरूका बोलीमा थिएन – बोल्नेहरूका शिरमा आगोका जिब्राहरू थिए (प्रे २:३)। तर पछि अन्य भाषाहरूका बोलिने सबै अनुभवहरूका लागि यो उदाहरण होइन, प्रेरितमा पछि पाइने अन्य भाषाहरू बोल्ने घटनाकै लागि पनि।

[४५]अन्य भाषाहरूको बोलीमा मानव बोलीभन्दा अझ केही धेरै कुरा हुन सक्छ भन्ने सम्भावनालाई देखाउँदै पावलले यसोचाहिँ भन्छन्, "मैले मानिसहरू र स्वर्गदूतहरूको भाषामा बोलें भने" (१ कोर १३:१)। उनले यसलाई परिकल्पनात्मक सम्भावना मात्र ठान्छन् वा साँचो नै ठान्छन् सो भन्न कठिन छ, तर यस

पद १४ मा लेखिएको "मेरो आत्मा" र "मेरो दिमाग"-माझको तुलनाले यो देखाउँछ कि पावलले जुन विषयमा कुरा गरिरहेका छन् त्यो उनकै आत्मा, अर्थात् उनको अस्तित्वको अभौतिक पक्ष हो। उनले आफ्नो वरदान प्रयोग गर्दा उनको दिमागले शब्द र वाक्यहरू सूत्रबद्ध गर्नु नपर्ने र केका लागि प्रार्थना गर्ने सो निर्णय गर्नु नपर्ने भए तापनि, उनको आत्माले सोझै परमेश्वरसँग बात गर्छ।[४६] यस किसिमको प्रार्थनालाई पावल त्यस्तो गतिविधिको रूपमा हेर्छन् जो आत्मिक क्षेत्रमा हुन्छ, जसद्वारा हाम्रो आत्माहरूले परमेश्वरसँग सोझै बात गर्छन् तर हाम्रो दिमाग कुनै किसिमले उछिनिएको हुन्छ र हामीले गरिरहेका प्रार्थना यसले बुझ्दैन।

परमेश्वरले मण्डलीलाई एउटा यस्तो वरदान किन दिनुहुन्छ जसले अदृष्टमा र आत्मिक क्षेत्रमा काम गर्छ अनि जसलाई हाम्रो दिमागद्वारा बुझिँदैन। यसको एउटा कारण हामीलाई नम्र राख्नु र बौद्धिक अहङ्कारबाट बचाउनु हुन सक्छ। यसको कारण यो हुन सक्छ कि परमेश्वर हाम्रो समझभन्दा महान् हुनुहुन्छ अनि उहाँका तरिकाहरू हाम्रो समझभन्दा माथिका कुरा हुन्। अन्त्यमा, यो परमेश्वरले नयाँ करारको युगमा गर्नुहुने अधिकांश कामको विशेषता हो जो अदृष्ट, आत्मिक क्षेत्रमा गरिन्छ : पुनर्जीवन, साँचो प्रार्थना, "आत्मा र सत्यता"-मा उपासना, प्रभुभोजको माध्यमबाट आउने आशिष्, आत्मिक लड़ाइँ, स्वर्गमा धन थुपार्ने काम, जहाँ ख्रीष्ट हुनुहुन्छ त्यहाँ, अर्थात् माथिका कुराहरूमा मन लगाउने काम – यी सबै र ख्रीष्टियान जीवनका अन्यान्य तत्त्वहरूमा यस्ता क्रियाकलाप हुन्छन् जो नदेखिने, आत्मिक क्षेत्रमा हुन्छन्; यी यस्ता क्रियाकलापहरू हुन् जसलाई हामी देख्दैनौं वा पूर्ण तवरमा बुझ्दैनौं। यसरी बुझ्दा, अन्य भाषाहरूमा बोल्नु केवल त्यो सामान्य काम हो जो नदेखिने आत्मिक क्षेत्रमा हुन्छ, यी यस्ता क्रियाकलाप हुन् जो प्रभावकारी हुन्छन्, यसकारण कि धर्मशास्त्रले यी यस्तै नै हुन् भनी हामीलाई बताउँछ, यसकारण होइन कि हामी हाम्रै दिमागद्वारा यी कामहरूलाई बुझ्दछौं (तु. १ कोर १४:५)।

---

बोलीमा स्वर्गदूतहरूका भाषाहरू पनि थिए भन्ने सम्भावनालाई हामी नकार्न सक्दैनौं।

कतिले यो आपत्ति उठाएका छन् कि ग्रीकमा अन्यत्र (नयाँ करारबाहिर) *glossa*-ले *जानिएका* मानव भाषाहरू बुझाएको हुनाले, यसले नयाँ करारमा जानिएका मानव भाषाहरू पनि बुझाउनुपर्छ। तर यो आपत्ति पत्यारलाग्दो छैन, किनभने यस घटनातिर सङ्केत गर्ने अझ बढ़ी उपयुक्त अर्को ग्रीक शब्द थिएन, – जहाँसम्म बोलीले केही विषय वा सूचना सूचित गरेसम्म चाहे यसमा परमेश्वरसँग त्यस्ता भाषाहरूमा बोलाइ नै किन नहोस् जो मानव भाषाहरू थिएनन् वा पूर्ण रूपले विकसित कुनै प्रकारका भाषाहरू थिएनन्।

मैले यहाँ यो तर्क गरिरहेको छैनँ कि प्रेरित २ मा अन्य भाषाहरूको बोली पावलले १ कोर १४ मा बताएका अन्य भाषाहरूका बोलीभन्दा भिन्नै घटना थियो। मैले केवल यो भनिरहेको छु कि २ कोर र १ कोर १४ मा बताइएको "अन्य भाषाहरूका बोली"-ले त्यो भाषा बुझाइरहेको छ जुन भाषा वक्ताले बुझ्दैनन् तर परमेश्वरले बुझ्नुहुन्छ जसलाई यो सम्बोधन गरिएको हुन्छ। प्रेरित २ मा भएको भाषा वक्ताले नसिकेका तर जानिएको मानव भाषा थियो; १ कोर १४ को भाषा नजानिएका मानव भाषाहरू हुन सक्थे, वा स्वर्गदॅतले बोल्ने भाषाहरूहुन सक्थे, वा पवित्र आत्माले भिन्न-भिन्नै वक्ताहरूलाई दिनुभएको विशेष किसिमका भाषाहरू हुन सक्थे। यो अभिव्यक्ति यति फराकिलो छ कि यसले विभिन्न प्रकारका घटनाहरू संलग्न गर्न सक्छ।

[४६]यहूदा २० मा लेखिएको "पवित्र आत्मामा प्रार्थना गर" भन्ने वाक्यांश उही अभिव्यक्ति होइन, किनकि यहाँ तोकिएर बताइएको व्यक्ति "पवित्र आत्मा" हुनुहुन्छ। यहूदाले यहाँ केवल यति भनिरहेका छन् कि ख्रीष्टियानहरूले पवित्र आत्माका स्वभाव र अगुवाइअनुसार प्रार्थना गर्नुपर्दछ, र यसो गर्ने काम अन्य भाषाहरूमा गरिने प्रार्थना पनि हुन सक्छ, तर यसमा बुझ्न सकिने भाषामा गरिने कुनै पनि किसिमको प्रार्थना पनि हुन सक्छ। यस्तै प्रकारले, "सारा प्रार्थना र निवेदनसाथ सब समय *पवित्र आत्मामा* प्रार्थना गर" (एफि ६:१८) भन्ने वक्तव्य त्यो विशेष वक्तव्य हो जसले सबै समयमा गरिएका प्रार्थनाहरूलाई समावेश गर्ने दाबी गर्छ। यसले पवित्र आत्माको स्वभावअनुसार प्रार्थना गर्नु र पवित्र आत्माको अगुवाइप्रति सूक्ष्माग्राही हुनु

**ई. अत्यान्दित (ecstatic) होइन तर आत्मनियन्त्रित :** न्यू इङ्गलिश बाइबलले "अन्य भाषाहरूमा बोल्नु"-लाई "अत्यान्दित बोली" (ecstatic speech) भनी अनुवाद गऱ्यो, र त्यसरी अन्य भाषाहरूमा बोल्नेहरूले आफ्ना परिवेशलाई बिर्सन्छन् र तिनीहरूले आत्मनियन्त्रण गुमाउँछन् वा तिनीहरू आफ्ना इच्छाको विरुद्धमा बोल्न बाध्य बन्दछन् भन्ने अवधारणालाई अरू समर्थन दिन्छ। यसबाहेक, पेन्टिकोस्टल आन्दोलनमा भएका केही उग्र तत्त्वहरूले उपासना सेवाहरूमा उन्मादी र अव्यवस्थित आचरण गर्ने अनुमति दिन्छन्, र यसले कतिको विचारमा, अन्य भाषाहरूको बोली कुनै प्रकारको अत्यन्तान्दित बोली हो भन्ने धारणालाई कायम राख्छ।

तर नयाँ करारमा दिइएको चिन्ह यो होइन। पेन्तिकोसको दिन पवित्र आत्मा सम्हाली नसक्ने शक्तिसित आउनुभएको भए पनि, चेलाहरूले अन्य भाषाहरूमा बोल्न बन्द गर्न सके जसो हुँदा पत्रुसले भेला भएका त्यस भीड़लाई प्रवचन दिन सके। अझ स्पष्ट रूपमा भन्नु हो भने, पावल भन्छन् :

> कसैले अन्य भाषामा बोल्छ भने दुई जनाले मात्र अथवा बढ़ीमा तीन जनासमेतले पालोसँग बोलून् र एक जनाले अर्थ खोलोस्। तर अर्थ खोल्ने त्यहाँ कोही नभए बोल्ने मानिस मण्डलीको सभामा चूप रहोस्, र त्यो आफैसँग र परमेश्वरसँग बोलोस्। (१ कोर १४:२७-२८)

पावलले यहाँ यो कुरा अनिवार्य बनाउँछन् कि अन्य भाषाहरू बोल्नेहरूले पालोसँग बोलून् र उनी बोल्नेको संख्या तीन जनामा सीमित गर्छन्, र यसो गर्दा उनले यसो यो स्पष्ट इङ्गित गर्छन् कि अन्य भाषाहरूमा बोल्नेहरूले तिनीहरूका वरिपरि के भइरहेको छ सो बुझ्दछन् र तिनीहरूको पालो आएपछि मात्र र अरू कोही नबोलेको समयमा मात्र बोल्नुपर्छ भनी तिनीहरू जान्दछन्। त्यहाँ अर्थ खोल्ने कोही पनि नभए, तिनीहरू सहजै चूप बस्न सक्थे र नबोल्न सक्थे। यी सबै कारक तत्त्वहरूले तिनीहरूमा आत्मनियन्त्रणको उच्च मात्रा भएको सङ्केत गर्छन्, तथा अन्य भाषाहरूमा बोल्नुलाई पावलले कुनै प्रकारको अत्यान्दित बोली ठाने भन्ने धारणालाई समर्थन गर्दैन।

**उ. अर्थ खोलाइविनाका अन्य भाषाहरू :** यदि भेलामा अर्थ खोल्ने वरदान पाएको कुनै पनि मानिस नभएको थाहा लागे, भर्खैरै उद्धृत गरिएको खण्डले यो देखाउँछ कि अन्य भाषाहरूमा बोल्ने काम गुप्तमा हुनुपर्दछ। अर्थ खोलाइविना अन्य भाषाहरूमा कुनै पनि वक्तव्य मण्डलीको सेवामा दिइनुहुँदैन।[४७]

"म आत्माले प्रार्थना गर्नेछु, र दिमागले पनि प्रार्थना गर्नेछु। आत्माले स्तुति गर्नेछु, र म दिमागले पनि स्तुति गर्नेछु" (१ कोर १४:१५) भन्दा पावलले अन्य भाषाहरू प्रार्थना गर्ने अनि अन्य भाषाहरू गीत गाउनेबारे बताउँछन्। यस वक्तव्यले

बुझाउँछ, तर यसलाई अन्य भाषाहरूमा बोल्नुमा मात्रै सीमित राखिनु हुँदैन। फेरि पनि, यसमा अन्य भाषाहरूमा बोल्नु पनि संलग्न हुन सक्छ, तर यसमा अन्य सबै किसिमका प्रार्थनाहरू पनि हुनुपर्दछ। (अ. ३० मा भएको "पवित्र आत्मामा" गरिने कामहरूबारे छलफल हे.)।

[४७]यो दुःखद कुरा हो कि अन्य भाषाहरू बोल्ने अनुमति भएका आजका केही मण्डलीहरूमा, सबैको अघि सन्देश नदिने व्यक्तिहरूले (सायद यसको निम्ति सेवामा सही समय नभएको कारण वा

माथि दिइएको परिभाषाको थप पुष्टीकरण गर्छ, जसमा अन्य भाषाहरू मूलतः प्रार्थना र प्रशंसामा परमेश्वरतर्फ निर्देशित कुरा हुन् भनी हामीले हेर्‍यौं। सबैका अगि वा गुप्तमा अन्य भाषाहरूमा गीत गाउने प्रथालाई यसले वैधता पनि प्रदान गर्छ। तथापि भजन गाउने र बोल्ने काममा यही नियमहरू लागु हुन्छन् – अर्थ खोल्ने कोही छैन भने उक्त कामहरू एकलै हुँदा मात्र गरिनुपर्दछ।[४८]

१ कोर १४:२०-२५ मा पावलले यो भन्छन् कि यदि मण्डलीमा विश्वासीहरूले अर्थ खोल्नेविना अन्य भाषाहरू बोल्छन् भने तिनीहरू बालबालिकाहरूजस्तै गतिविधि र विचार गर्नेहरू हुनेछन् (१ कोर १४:२०)। उनले सर्वप्रथम यशैया २८:११-१२ बाट दण्डको अगमवाणी उद्धृत गर्छन्, "व्यवस्थामा यस्तो लेखिएको छ 'अनौठो भाषा बोल्ने मानिसहरूबाट र विदेशीका ओठबाट यी मानिसहरूसँग म बोल्नेछु, र पनि तिमीहरूले मेरो कुरा सुन्नेछैनन्, परमप्रभु भन्नुहुन्छ'" (१ कोर १४:२१)।

यशैया २८ को सन्दर्भमा, परमेश्वरले विद्रोही इस्राएलीहरूलाई यो चेताउनी दिइरहनुभएको छ कि उहाँबाट तिनीहरूले सुन्ने यसपछिका बोलीहरू तिनीहरूले बुझ्नै नसक्ने विदेशीहरूको बोली हुनेछन् – अश्शूरी सेना तिनीहरूकहाँ परमेश्वरको दण्डका दूतहरू भएर आउनेथिए। पावलले यसलाई एउटा सामान्य सिद्धान्तको रूपमा लिन लागेका छन् – जब परमेश्वर मानिसहरूले नबुझ्ने भाषामा बोल्नुहुन्छ यो प्रत्यक्षतः परमेश्वरको दण्डको चिन्ह हो।

पावलले उक्त सिद्धान्तलाई मण्डलीको सेवामा अर्थ खोलाइविना अन्य भाषाहरूमा बोलिने स्थितिमा लागु गर्छन्। उनले यसलाई अविश्वासीहरूमाथि चिन्ह (अर्थात्, दण्डको चिन्ह) भन्छन् :

> यसकारण *अन्य भाषाहरू विश्वासीहरूका निम्ति होइनन्*, तर *अविश्वासीहरूका निम्ति* चिन्ह हो। तर *अगमवाणी*चाहिँ अविश्वासीहरूका निम्ति होइन, तर *विश्वासीहरूका निम्ति हो*। यदि जम्मै मण्डली भेला

सायद कुनै व्यक्तिले अर्थ खोलिदिनेछन् भनी नजानेका कारण) कहिलेकाहीँ "चुप लागेर" होइन तर छेवैका चार वा पाँच जना व्यक्तिहरूले तिनीहरूका अन्य भाषाहरू सुन्नेछन् भनी अन्य भाषाहरूमा बोल्नेछन्। यो पावलले दिएका आज्ञाको पालन नगरिएको हो, र मण्डलीमा अरूप्रति प्रेमपूर्ण व्यवहार नगरिएको हो। कुनै व्यक्तिले मण्डलीलाई अन्य भाषाहरूमा सन्देश दिइरहेको छैन भने उसलाई "मण्डलीको सभामा चूप रहोस्" भनी पावल भन्छन्। (अन्य भाषामा बोलेकाहरू धेरैले आज भन्छन् कि यो काम नसुन्ने साउतीमा सहजै गर्न सकिन्छ, जसो गर्दा यो अरू कसैले सुन्नेछैन, र पावलले दिएका आज्ञापालन हुनेछ।)

[४८]आज धेरै मण्डलीहरूले एउटा यस्तो प्रथा पालन गरिरहेका छन् जसलाई "आत्मामा भजन गाउनु" भनिन्छ, जसमा मण्डलीका धेरै जना वा सबैले कुनै प्रमुख साङ्गीतिक *कोड*कै वरिपरि आआफ्ना स्वरमाधुर्य तत्काल रचना गर्दै एकैसाथ अन्य भाषाहरूमा भजन कर्दै गाउँछन्। यस्ता सेवाहरूमा केही सौन्दर्य र आत्मिक शक्ति छ भनी धेरै मानिसहरूले गवाही दिन्छन्, तर पनि हामीले एकपटक यो भन्नैपर्दछ कि यो १ कोर १४:२७-२८ मा पाइने पावलको आज्ञाको सोझो उल्लङ्घन हो जसमा अन्य भाषाहरूमा बोल्नेहरूले पालैपालो गरी बोल्नुपर्दछ र सेवामा धेरैमा तीन जना व्यक्तिहरूले मात्र अन्य भाषाहरूमा बोल्नुपर्दछ र यसपछि अर्थ खोल्नु काम हुनुपर्दछ भनिएको छ। यस्तो प्रथासित परिचित हुनेहरूका निम्ति यो सुन्दर देखिएला, अनि एउटा अविश्वासीलाई विश्वासमा ल्याउनलाई यसलाई परमेश्वरले उहाँको अनुग्रहमा कहिलेकाहीँ एउटा साधनको रूपमा प्रयोग गर्नुहुन्छ होला, तापनि पावल स्पष्ट रूपमा भन्छन् कि यसको प्रत्याशित नतिजा यो हुनेछ कि अविश्वासीले "तिमीहरूलाई बौलाहा" भन्नेछन् (१ कोर १४:२३) भन्नेछ। यस प्रथाको विकल्प अनि धर्मशास्त्रअनुसारको र बाहिरबाट आएकाहरूप्रति प्रेमको मार्ग पछ्याउने प्रथाचाहिँ सबैले यसरी भजन गाउनु हो, तर अन्य भाषामा होइन, बुझ्न सकिने

> भएर हरेकले अन्य भाषामा बोल्यो भने, र विश्वास नगर्ने मानिसहरू र नबुझ्नेहरू त्यहाँ आए भने के तिनीहरूले तिमीहरूलाई बौलाहा भन्ने छैनन् र ?" (१ कोर १४:२३)

यहाँ पावलले *"परमेश्वरको मनोवृत्तिको चिन्ह"* बुझाउनलाई "चिन्ह" शब्द प्रयोग गर्छन् (सकारात्मक होस् वा नकारात्मक होस्)। बाहिरका मानिसहरूले नबुझ्ने अन्य भाषाहरू निश्चय नै *नकारात्मक* चिन्ह हुन् – दण्डको चिन्ह। त्यसकारण पावलले बाहिरबाट आउनेहरूलाई यस्तो चिन्ह नदिनू भनी कोरिन्थीहरूलाई सतर्क गराउँछन्। पावलले यसो भन्छन् कि बाहिरका मानिस आएर तिनले नबुझ्ने बोली सुन्यो भने तिनी निश्चय नै बचाइनेछैन तर तिनले यो निष्कर्ष निकाल्नेछन् कि कोरिन्थीहरू बौलाहा हुन् र अर्थ नखोलिएका भाषाहरू तिनको निम्ति परमेश्वरको दण्डको चिन्ह हुनेछ।

यसको तुलनामा पावल भन्छन् कि अगमवाणी परमेश्वरको मनोवृत्तिको चिन्ह पनि हो तर यहाँ यो परमेश्वरको आशिष्को *सकारात्मक* चिन्ह हो। यसैकारण उनले यो निष्कर्षसित यस खण्डलाई यसो भन्दै समाप्त गर्छन्, "तर सबैले अगमवाणी गरिरहेका बेला कोही अविश्वासी वा बाहिरको मानिस त्यहाँ पस्यो भने उसलाई सबैद्वारा आफ्नो पापको बोध हुनेछ, र सबैद्वारा ऊ जाँचिनेछ" (पद. २४-२५)। यो हुँदा विश्वासीहरूले निश्चय नै बुझ्नेछन् कि आशिष् ल्याउनलाई परमेश्वर तिनीहरूबीच सधैं सक्रिय हुनुहुन्छ अनि *विश्वासीहरूका निम्ति* परमेश्वर-को सकारात्मक मनोवृत्तिको रूपमा अगमवाणी नियमित रूपमा कार्यरत हुनेछ।[४९]

तरै पनि, *मण्डलीमा* अर्थ नखोली अन्य भाषाहरूको प्रयोग नगर्नू भनी पावलले जति नै चेताउनी दिए तापनि उनले यसलाई निश्चय नै सकारात्मक रूपमा लिन्छन् र यसलाई *निजी रूपमा* प्रोत्साहित गर्छन्। उनी भन्छन्, "अन्य भाषामा बोल्नेले *आफ्नै आत्मिक वृद्धि गर्दछ*। तर अगमवाणी बोल्नेले मण्डलीको आत्मिक वृद्धि गराउँछ" (१ कोर १४:४)। उनको निष्कर्ष के हो ? उनको निष्कर्ष यो होइन कि (कसै-कसैले तर्क गरेझैं) ख्रीष्टियानहरूले यस वरदानलाई प्रयोग नगर्ने निर्णय गर्नुपर्छ वा यसलाई निजी स्तरमा प्रयोग गरिँदा यसको कुनै मूल्य छैन। यसको साटो उनी भन्छन्, "अब मैले के गर्ने त ? म आत्माले प्रार्थना गर्नेछु, र दिमागले पनि प्रार्थना गर्नेछु" (प. १५)। अनि उनी भन्छन्, "म परमेश्वरलाई धन्यवाद चढ़ाउँछु, किनकि तिमीहरू सबैभन्दा बढ़ी म अन्य भाषामा बोल्दछु" (प. १८) *"तिमीहरू सबै अन्य भाषामा बोल भन्ने म चाहन्छु,* तर त्यसभन्दा अझ बढ़ी तिमीहरूले अगमवाणी बोलेका म चाहन्छु" (प. ५), "भाइ हो, अगमवाणी बोल्ने उत्कट इच्छा गर, र अन्य भाषामा बोल्नेहरूलाई मनाही नगर" (प. ३९)। यदि अन्य भाषाहरू परमेश्वरलाई गरिएको प्रार्थना वा प्रशंसा हो भन्ने हाम्रो यसअघिको बुझाइ सही हो भने, यसपछि आत्मिक वृद्धि आउनेछ भनी हामीले आशा गर्नुपर्दछ, यद्यपि के भनिरहिएको छ सो

---

भाषामा (चाहे त्यो नेपाली भाषा होस् वा मण्डली भेला हुने स्थानका सबैले बुझ्ने भाषामा)।

[४९]यस अनुच्छेदबारे थप छलफलको निम्ति Wayne Grudem, "1 Corinthians 14:20-25: Prophecy and Tongues as Signs of God's Attitude," *WTJ* 41:2 (वसन्त, १९७९), पृह.३८१-९६।

वक्ताको दिमागले नबुझ्ला। तर पनि यस कार्यमा मानव आत्माले परमेश्‍वरसँग सोझै कुराकानी गरिरहेको हुन्छ। जसरी हामीले सामान्य रूपमा प्रार्थना र उपासना गर्दा यिनले हाम्रो आत्मिक वृद्धि गराउँछन्, त्यसरी नै पावलअनुसार, यस प्रकारको प्रार्थना र उपसनाले पनि हाम्रो आत्मिक वृद्धि गराउँछन्।

**ऊ. अर्थ खोलाइसित अन्य भाषाहरू : मण्डलीको निम्ति आत्मिक उन्नति :** पावल भन्छन्, "मण्डलीको आत्मिक वृद्धिको निम्ति *कसैले अर्थ खोलिदिएन भने,* अन्य भाषामा बोल्नेभन्दा अगमवाणी बोल्ने श्रेष्ठ हो" (१ कोर १४:५)। एकपटक अन्य भाषाहरूमा आएको एक सन्देशको अर्थ खोलिएपछि, सबैले यसलाई बुझ्न सक्छन्। त्यस स्थितिमा, पावल भन्छन् कि अन्य भाषाहरूमा भएको सन्देश पनि मण्डलीको लागि अगमवाणी*जतिकै मूल्यवान्* हुन्छ। तिनीहरूका काम एउटै हुन् भनी उनले भन्दैनन् भन्ने कुरामा हामीले ध्यान दिनुपर्दछ (किनकि अन्य खण्डहरूले यो सङ्केत दिन्छन् कि अगमवाणी परमेश्‍वरबाट मानव प्राणीतिर आएको संवाद हो, जबकि अन्य भाषाहरू सामान्यतया मानव प्राणीहरूबाट परमेश्‍वरतिर गरिएको संवाद हो)। तर पावलले स्पष्ट गरी भन्छन् कि मण्डलीको आत्मिक वृद्धिमा तिनीहरूको समान मूल्य छ। अर्थ खोल्ने वरदानलाई परिभाषित गर्नुपर्दा हामी यसो भन्न सक्छौं, *अन्य भाषाहरूमा बोलिएको कुनै कुराको सामान्य अर्थ मण्डलीलाई बताउनु नै अर्थ खोल्ने वरदान हो*।

**ऋ. सबैले अन्य भाषाहरू बोल्दैनन् :** जसरी सबै खीष्टियानहरू प्रेरितहरू होइनन्, अनि जसरी सबै अगमवक्ता वा शिक्षकहरू होइनन्, अनि सबैमा चङ्गाइको वरदान हुँदैन, त्यसरी नै सबैले अन्य भाषाहरू बोल्दैनन्। पावलले यो तब सङ्केत गर्छन् जब उनी सबै प्रश्‍नहरूका उत्तर "होइन" नै आउने प्रश्‍नहरूको शृङ्खला सोध्दछन्, र यो प्रश्‍न पनि संलग्न गर्छन्, "के सबैले विभिन्न भाषा बोल्दछन् ?" (१ कोर १२:३०)। उत्तर "होइन" हुन्छ।[५०] कतिले यहाँ तर्क गरेका छन् कि यहाँ पावलले यति मात्र भन्न चाहन्छन् कि सबैले *सार्वजनिक रूपमा* अन्य भाषाहरूमा बोल्दैनन्, तर यदि त्यस्तो हुँदो हो त उनले सम्भवत: यो स्वीकार गर्नेथिए कि गुप्तमा सबैले अन्य भाषाहरूमा बोल्न सक्छन्। तर यो भिन्नता सन्दर्भसित नमिल्ने छ अनि अविश्‍वसनीय छ। उनले यो विशेष रूपले भन्दैनन् कि सबैले *सार्वजनिक रूपमा* वा *मण्डलीमा* अन्य भाषाहरूमा बोल्दैनन्, तर उनले यति मात्र भन्छन् कि सबैले अन्य भाषाहरूमा बोल्दैनन्। उनको अर्को प्रश्‍न यो छ – "के सबैले अर्थ खोल्न सक्छन् र ?" (प. ३०)। यसअघिका उनका दुई प्रश्‍नहरू यी थिए, "के सबै आश्‍चर्यकर्म गर्नेहरू हुन् ? के सबैसँग निको पार्ने वरदानहरू हुन्छन् ?" (पह. २९-३०)। वरदानहरूबारे के हामी पनि यस्तै किसिमका तर्कहरू गर्ने इच्छा गरौं – कि सबैले अन्य भाषाहरूको अर्थ *सबैका अगि* खोल्दैनन् तर के यही कि खीष्टियानहरू यो काम गुप्तमा गर्न सक्छन् भनौं ? वा सबैले सबैका अगि आश्‍चर्यकर्महरू गर्दैनन् तर सबैले गुप्तमा आश्‍चर्यकर्महरू

[५०]यो प्रश्‍नअगाड़ि आउने ग्रीक निपात (particle) *me*-ले पाठकबाट नकारात्मक उत्तरको आशा गर्छ। NASB–ले यो अर्थलाई समात्छ, "सबै अन्य भाषामा बोल्दैनन्, बोल्छन् र ?"

गर्न सक्छन् ? हरेक मुद्दाको सन्दर्भ हेर्दा, यस किसिमको भिन्नता अनावश्यक हुन्छ।

वास्तवमा, हरेक ख्रीष्टियानले अन्य भाषामा बोल्न सक्छ (पावलले सबै ख्रीष्टियानहरूले अन्य भाषामा बोल्न सक्दैनन् भने तापनि) भन्ने चाहना अधिकांश मुद्दामा सम्भवतः पूर्ववर्ती धर्मसैद्धान्तिक बोधद्वारा अभिप्रेरित भएको हुन्छ, जसले पवित्र आत्माको बप्तिस्मा मतान्तरण वा हृदय-परिवर्तनपछि आउने अनुभव[५१] हो भनी हेर्दछ, अनि अन्य भाषाहरूमा बोल्नुलाई पवित्र आत्मामा यो बप्तिस्मा ग्रहण गरिएको प्रारम्भिक "चिन्ह"-को रूपमा हेर्छ।[५२] तर यस धर्मसैद्धान्तिक दृष्टिकोण-बारे गम्भीर प्रश्नहरू रहेका छन् (अ. ३९ मा व्याख्या गरिएको छ)। १ कोरिन्थी १२:३० ले जे भन्छ त्यसलाई त्यही अर्थमा लिनु उत्तम हुन्छ – यही कि सबैले अन्य भाषाहरूमा बोल्दैनन्। अन्य वरदानहरूजस्तै, अन्य भाषाहरूमा बोल्ने वरदान यसलाई खोज्ने हरेक ख्रीष्टियानलाई पवित्र आत्माले दिनुहुँदैन। "उहाँले हरेकलाई उहाँको इच्छाअनुसार वरदान दिनुहुन्छ" (१ कोर १२:११)।

तरै पनि धर्मशास्त्रमा यस्तो कुनै कुरा छैन जसले यो भन्छ कि अन्य भाषाहरूमा बोल्ने वरदान थोरै मानिसहरूले मात्र प्राप्त गर्नेछन्, अनि पावलले यसलाई आत्मिक वृद्धि गर्ने र प्रार्थना र उपासनामा उपयोगी भनी हेर्ने हुनाले (मण्डलीमा नभए तापनि व्यक्तिगत स्तरमा) पवित्र आत्माले बृहद् रूपमा यो बाँड्दिनुभयो भने तथा धेरै ख्रीष्टियानहरूले यो पाए भने आश्चर्यजनक कुरो हुनेछैन।[५३]

**ए. भूतात्माको जाली अन्य भाषाहरूको जोखिमबारे के भन्ने ?** आफूहरूले नजान्ने कुनै कुरा बोल्दा परमेश्वरको विरुद्ध परमेश्वरनिन्दा हुन्छ कि वा पवित्र आत्माले नभएर भूतआत्माले अभिप्रेरित गरेको कुनै कुरा बोलिन्छ कि भनी सोचेर कहिलेकाहीँ ख्रीष्टियानहरू अन्य भाषाहरूमा बोल्न डराएका छन्।

सर्वप्रथम, यो भन्नैपर्दछ कि कोरिन्थमा मूर्तिपूजक मन्दिरमा पूजा गर्ने पृष्ठभूमिबाट आउने धेरै मानिसहरूबारे अनि "मूर्तिपूजकहरूले जो बलि चढ़ाउँछन्, त्यो परमेश्वरलाई होइन, तर भूतप्रेतलाई चढ़ाउँछन्" (१ कोर १०:२०) भनी पावलले भनेका भए तापनि, यस विषय पावलको चिन्ता थिएन। तरै पनि पावल भन्छन्, "तिमीहरू सबै अन्य भाषा बोल भन्ने म चाहन्छु" (१ कोर १४:५)। तिनीहरू भूतात्माको जाली अन्य भाषाहरूदेखि होसियार रहनुपर्छ वा तिनीहरूले यो

---

[५१]पवित्र आत्माको बप्तिस्मासम्बन्धी छलफलको निम्ति हे. अ. ३९।

[५२]उदाहरणार्थ, यो अझै पनि एसेम्ब्लीज् अब् गड चर्चको औपचारिक धर्मसैद्धान्तिक दृष्टिकोण हो।

[५३]सबै ख्रीष्टियानहरूले अन्य भाषामा बोल्न सक्छन् भन्ने दाबी गर्नलाई कहिलेकाहीँ मर्कूस १६:१७ प्रयोग गरिन्छ : "विश्वास गर्नेहरूसँग यी चिन्हहरू हुनेछन् – मेरो नाउँमा तिनीहरूले भूतहरू धपाउनेछन्, तिनीहरूले नयाँ भाषाहरूमा बोल्नेछन्।" तर यस पदको प्रतिउत्तरमा यो ध्यान दिनैपर्दछ कि (१) यो पद प्रारम्भिक मर्कूसको सुसमाचारको अंश थिएन किनभने धेरैवटा प्रारम्भिक र अति नै भरपर्दा मूलपाठहरूमा मर्कूस १६:९-२० थिएन अनि यसको शङ्काजनक स्थितिको अर्थ यो हो कि यो धर्मसिद्धान्त निर्माण गर्नका लागि यो पद एउटा जोखिमपूर्ण आधार हो (हे. अ. १७); (२) यो धर्मशास्त्रको भाग नभए तापनि, यसले अवश्यै मण्डलीको अति प्रारम्भिक परम्पराको साक्षी दिन्छ, तर यहाँ यसले यो पुष्टि गर्दैन कि सबै विश्वासीहरूले अन्य भाषाहरूमा बोल्छन् नै। यसको लगत्तैपछि आउने वाक्यांशले भन्छ, "तिनीहरूले सर्पहरू समात्नेछन्" (प. १८), यो यस्तो वक्तव्य हो जसले सबै साँचो ख्रीष्टियानहरूले यसो गर्नेछन् भन्दछ; अनि (३) यस अनुच्छेदमा अन्य भाषामा बोल्नु र पवित्र आत्मामा हुने बप्तिस्मामाझ कुनै सम्बन्ध यहाँ देखाइएको छैन।

वरदान प्रयोग गर्दा यस्तो जाली अन्य भाषाहरू प्रयोग हुन सम्भव हुन्छ भन्ने कुनै चेताउनी पावल दिँदैनन्।

यहाँ पावलको प्रोत्साहनको आधारमा रहेको ईश्वरशास्त्रीय कारण त्यो तथ्य हो कि विश्वासीहरूका जीवनमा पवित्र आत्माले सशक्त रूपमा काम गरिरहनुभएको छ। पावल भन्छन्, "यसकारण तिमीहरूले यो कुरा बुझेका म चाहन्छु, कि परमेश्वरका आत्माद्वारा बोल्ने कसैले 'येशू श्रापित होस्' भन्दैन, अनि पवित्र आत्माद्वारा मात्र 'येशू नै प्रभु हुनुहुन्छ' भन्न सक्छ" (१ कोर १२:३)। यहाँ पावल कोरिन्थीहरूलाई आश्वासन दिन्छन् कि यदि तिनीहरूले तिनीहरूभित्र काम गरिरहनुभएको पवित्र आत्माको शक्तिले अन्य भाषाहरूमा बोलिरहेका छन् भने, तिनीहरूले भन्नेछैनन्, "येशू श्रापित होस्!"[५४] आत्मिक वरदानहरूबारे एउटा छलफलको आरम्भमा नै यो कुरा उठेको हुनाले, १ कोर १२:३ ले ती कोरिन्थीहरूका निम्ति आश्वासनको रूपमा काम गरोस् भन्ने आशयले राखिएको छ, जसले कतिपय ख्रीष्टियानहरू कोरिन्थका मन्दिरहरूको भूतात्मिक पूजाको पृष्ठभूमिबाट आएका हुन् सक्छन् भनी सन्देह गरेका हुन सक्थे। के यो भूतात्मिक प्रभावले तिनीहरूको आत्मिक वरदानको प्रयोगलाई अझै पनि प्रभाव पार्ला? पावल यो आधारभूत सिद्धान्त निर्धारण गर्छन् कि जसले "येशू प्रभु हुनुहुन्छ" भन्ने साँचो विश्वास घोषणा गर्छन्, तिनीहरूले तिनीहरूभित्र काम गरिरहनुभएको पवित्र आत्माद्वारा त्यसो गरिरहेका हुन्छन् अनि पवित्र आत्माको शक्तिद्वारा बोल्ने कुनै पनि व्यक्तिले कहिल्यै पनि परमेश्वरनिन्दा गर्दैन वा येशूलाई श्राप दिँदैन।[५५] यसो हो भने यो त्यो डर होइन जसको विषयमा पावल विचलित छन्। उनले विश्वासीहरूलाई अन्य भाषाहरूमा प्रार्थना गर्नू मात्र भने अनि यो भने कि तिनीहरूले यसो गरे तिनीहरूले आफ्ना आत्मिक वृद्धि गरिरहेका हुन्थे।[५६]

**ऐ. के रोमी ८:२६-२७ अन्य भाषाहरूमा बोल्नुसित सम्बन्धित छ?** पावलले रोमी ८:२६-२७ मा लेख्छन्:

> त्यसै गरी पवित्र आत्माले पनि हाम्रो दुर्बलता सहायता गर्नुहुन्छ। कसरी प्रार्थना गर्नुपर्ने हो हामी जान्दैनौं, तर शब्दहरूमा व्यक्त गर्न नसकिने सुस्केरामा पवित्र आत्माले हाम्रा निम्ति मध्यस्थता गर्नुहुन्छ। र मानिसहरूका हृदयको खोजी गर्नुहुने पवित्र आत्माको विचार के हो सो जान्नुहुन्छ, किनकि परमेश्वरको इच्छाअनुसार पवित्र आत्माले सन्तहरूका निम्ति मध्यस्थता गर्नुहुन्छ।

[५४]यहाँ यो आपत्ति गर्न सकिन्छ कि अन्य भाषाहरूमा बोल्ने काम पवित्र आत्माले सशक्तीकरण गर्नुभएको बोली होइन तर यो वक्ताको आफ्नै मानव आत्माबाट नै आउँछ। तर यी सबै आत्मिक वरदानहरू सामान्यतया पवित्र आत्माद्वारा नै *सशक्तीकृत गरिएका* हुन् भनी पावलले स्पष्ट रूपमा हेर्छन् – मानव व्यक्तित्वले पूर्ण रूपमा भाग लिएकाहरूलाई पनि। शिक्षकहरू, सहायकहरू र प्रशासकहरूसाथै अन्य भाषाहरूमा बोल्नेहरूबारे पनि यही कुरा सत्य ठहर्दछ। यस्तो प्रत्येक घटनामा यो काम निर्वाह गर्ने सक्रिय कर्ता ती ख्रीष्टियान हुन् जोसित त्यो विशेष वरदान छ र जसले त्यसलाई प्रयोग गर्छन्, तर पनि तिनका क्रियाकलापमा यी सबै कामहरू पवित्र आत्माद्वारा सशक्त बनाइएका हुन्छन् र अन्य भाषाहरूमा बोलिने वरदानबारे पनि यही कुरा सत्य साबित हुन्छ।

[५५]संसारमा छरिएका भूतात्माहरूको सन्दर्भमा यूहन्नाले उनका पाठकहरूलाई दिएका भरोसा पनि यहाँ सान्दर्भिक छ, "जो तिमीहरूमा हुनुहुन्छ, उहाँ संसारमा हुनेभन्दा महान् हुनुहुन्छ" (१ यूह ४:४)।

[५६]केही जनप्रिय पुस्तकहरूले ख्रीष्टियानहरूका यस्ता उपख्यानात्मक विवरणहरू दिएका छन् जसले यो

अन्य भाषाहरूमा बोल्नुलाई पावलले यहाँ स्पष्ट गरी उल्लेख गर्दैनन्, अनि यो वक्तव्य सबै ख्रीष्टियानहरूका जीवनसित सम्बन्धित एउटा सामान्य वक्तव्य हो, यसकारण यहाँ पावलले अन्य भाषाहरूमा बोल्नुतिर सङ्केत गरिरहेका छन् भन्नु सही देखिँदैन। उनी हरेक ख्रीष्टियानको प्रार्थना-जीवनमा हुने अझ सामान्य अनुभवतिर सङ्केत गरिरहेका छन्।

तर वास्तवमा उनले केचाहिँ बताइरहेका छन्? हामीले अनुभूति गर्न नसक्ने मध्यस्थताको कार्यलाई उनले औँलाइरहेका छन् भनी कसै-कसैले भन्छन्, जुन कार्यमा पवित्र आत्माले सुस्केरा र आर्तनादहरूद्वारा पितासँग हाम्रा निम्ति मध्यस्थता गर्नुहुन्छ। यस दृष्टिकोणले हेर्दा, पवित्र आत्माको यस प्रकारको मध्यस्थताको काम निरन्तर भइरहन्छ तर यस्तो भइरहेको छ भन्ने हामीलाई कुनै ज्ञान नै हुँदैन (तर यति हो, धर्मशास्त्रले हामीलाई यो बताउँछ)। यस प्रकारले यो काम रोमी ८:३४ र हिब्रू ७:२५ मा उल्लेखित ख्रीष्टको मध्यस्थताका कामजस्तै हुनेछ।

तर तलका विभिन्न कारणहरूले गर्दा प्रस्तुत व्याख्या यस खण्डको सन्तोषजनक व्याख्या भएको देखिँदैन : (१) यस्तो सम्भव देखिँदैन कि अनन्तकालीन, सर्वशक्तिमान्, सर्वज्ञानी परमेश्वर पवित्र आत्माले गर्नुहुने मध्यस्थताको काम "विनाशब्दका सुस्केराहरू" (रोम ८:२६ मा *stenagmois alateois*-को अक्षरशः अनुवाद)-मा पूरा हुनेथियो, विशेष गरी जब हामी यो अनुभूति गर्छौं कि "सुस्केराहरू"-ले थकानका ती तीव्र सुस्केराहरूतिर सङ्केत गर्छन् जो पतित संसारका थकित, बोझले दबिएका प्राणीहरूका निम्ति उपयुक्त हुन्छ।[४७] (२) सुस्केराहरूको अझ बृहत् सन्दर्भभित्र, यहाँ विचाराधीन सुस्केराहरू ती हुन् भन्ने देखिन्छ जो यो वर्तमान दुष्ट युगमा बाँच्नुका बोझको कारण आउँदछन्, विशेष गरी ती सुस्केराहरू जो यस युगमा हाम्रो दुःख-कष्टहरूसित सम्बन्धित हुन्छन् (हे. १७, १८, २३ पदहरू)। (३) रोमी ८:२६ मा भएको क्रियापद "सहायता गर्नहुन्छ"-ले ("पवित्र आत्माले हाम्रो दुर्बलतामा *सहायता*

---

भन्छन् कि तिनीहरूले केही समयसम्म अन्य भाषाहरूमा बोले र त्यसपछि थाहा पाए कि तिनीहरूका यी बोलीहरूलाई भूतहरूले सशक्त बनाइरहेका थिए, र त्यसपछि भूतात्मा धपाइएको थियो। (उदाहरणार्थ हे. C. Fred Dickason, *Demon Possession and the Christian* [वेस्टचेस्टर, इलि.: क्रसवे, १९८], पृह. १२६-२७; १८८-९१; १९३;९७।) तर यो एउटा स्थितिको उदाहरण मात्र हो जहाँ अनुभव धर्मशास्त्रअधीन हुनुपर्दछ र धर्मशास्त्रद्वारा जाँच गरिएको हुनुपर्दछ, अनि धर्मशास्त्रको शिक्षण अनुभवअधीन हुनुहुँदैन। हामी सावधान हुनुपर्छ कि अनुभवका यस्ता प्रतिवेदनहरूले यस मुद्दामा हामीलाई धर्मशास्त्रको भन्दा भिन्नै दृष्टिकोण लिने नबनाऊन्। विशेष गरी, यदि १ कोर १२-१४ ले अन्य भाषालाई आत्मिक वृद्धिको निम्ति र मण्डलीको भलाइको निम्ति पवित्र आत्माबाट आएको मूल्यवान् वरदानको रूपमा हेर्छ भने, अनि पावलले, "तिमीहरू सबै अन्य भाषामा बोल भन्ने म चाहन्छु" (१ कोर ४:५) भन्न सक्छन् भने "तिमीहरू सबै अन्य भाषाहरूदेखि डराऊ" भन्ने समकालीन अनुभवहरूका अर्थहरू नयाँ करारले जोड़ दिएका कुराहरूका विपरीत जान्छन्। (Dickason-द्वारा उद्धृत Kurt Koch-को भनाइमा ध्यान दिनुहोस्, "यो वरदानलाई हाम्रो आफ्नै लागि खोज्ने काम एक जोखिमपूर्ण अनुभव हुन सक्छ" [पृ. १२७]। पावलले नयाँ करारमा प्रस्तुत गरेका दृष्टिकोण यो पटक्कै होइन।

आज अन्य भाषाहरूमा बोल्नेबारे Dickason-को बन्दवादी दृष्टिकोण छ भन्ने म बुझ्दछु (हे. पृ. १८९: "मैले ती स्त्रीलाई भने कि आज नयाँ करारमा परमेश्वरबाट आउने साँचो अन्य भाषाहरू छन् भन्ने कुरामा मेरो शङ्का छ")। त्यसकारण, उनको दृष्टिकोणबाट उनले धर्मशास्त्र अनुभवको अधीनमा हुनुपर्छ भन्दैनन् तर यी अनुभवहरूले धर्मशास्त्रबारे उनको बोधलाई पुष्टि गरिरहेका छन् भनी हेर्छन्। (मैले बन्दवादी दृष्टिकोण ५२ अध्यायमा छलफल गरेको छु)।

*अविश्वासीहरूको जीवनमा* प्रत्येक वरदानलाई शैतानले जाली बनाउने सम्भावना हुन्छ। (झुटो आश्चर्यकर्मबारे मत्ती ७:२२; अनि अ. १७ पनि। त्यसकारण मूर्तिपूजक धर्महरूमा पनि कुनै प्रकारको अन्य भाषाहरूमा बोल्ने कार्य हुन्छ भन्ने कुराले हामीलाई चकित बनाउनुहुँदैन वा हामीलाई यो सोच्न बाध्य

*गर्नुहुन्छ"*) पवित्र आत्माले *हामीविना र हाम्रो पक्षमा गर्नुहुने* कुनै काम बुझाउँदैन, तर यसले कुनै यस्तो काम बुझाउँछ जो पवित्र आत्माले हाम्रो सहयोगमा गर्नुहुन्छ। पावलले यहाँ प्रयोग गरेका क्रियापद *(sunantilambanomai)* लूका १०:४० मा पनि प्रयोग भएको छ, जहाँ मरियमले *"मलाई सघाओस्"* भनी येशूले उसलाई भनिदिऊन् भनी मार्था येशूलाई भन्छिन् – मरियमले भोजन तयार गरोस् भनी मार्थाले निश्चय नै चाहदिनन् तर यसको साटो मरियम आएर तिन*सँग* भाग लिएकी तिनी चाहन्छिन्।[५८] त्यसकारण पवित्र आत्माले पूर्णतया हामीविना गर्नुहुने कुनै कुराबारे पावलले बताइरहेका छैनन्, तर यस्तो कुराबारे बताइरहेका छन् जो उहाँले हाम्रो क्रियाकलापको सहयोगमा गर्नुहुन्छ।

यी सबै कारणहरूले सम्मिलित भएर यो सङ्केत गर्छन् कि पावलले हामीविना अनि हामीले नजानी गरेका कामबारे कुरा गरिरहेका छैनन्, तर हामी आफैहरूले प्रार्थनामा अस्फुट उच्चारण गर्ने सुस्केराहरू र आर्तनादहरूबारे बताउँछन्, जसलाई त्यसपछि पवित्र आत्माले परमेश्वरको समक्ष प्रभावकारी मध्यस्थतामा परिणत गर्नुहुन्छ। हामीले यसलाई यसरी भावानुवाद गर्न सक्छौं, "पवित्र आत्माले हाम्रा शब्दहीन आर्तनादहरूलाई लिनुहुन्छ, अनि तिनलाई प्रभावकारी प्रार्थनामा परिणत

---

बनाउनुहुँदैन कि अन्य भाषाहरूमा बोल्नेहरू सबै झुटा मानिसहरू हुन्। तर *विश्वासीहरूका जीवनमा* विशेष गरी तिनीहरूका जीवनमा सकारात्मक फल हुँदा अनि तिनीहरूका वरदानहरूबाट सकारात्मक फल हुँदा १ कोर १२:३, १ यूह ४:४; र मत्ती ७:१६-२० ले हामीलाई यो भन्छन् कि जाली वरदानहरू हुँदैनन् तर परमेश्वरबाट आएका साँचो वरदानहरू मात्र हुन्छन्। शैतान र दियाबलसहरूले असल काम गर्दैनन्; तिनीहरूले दुष्ट काम मात्र गर्छन्; अनि तिनीहरूले आशिष् ल्याउँदैनन्; तिनीहरूले विध्वंश मात्र ल्याउँछन्। (लूक ११:११-१३ मा येशूको प्रतिज्ञा पनि हे.)।

(Neil T. Anderson, *The Bondage Breaker*-मा [युजीन, आरेज. हार्भेस्ट हाउस्, १९९०] पृ.सं. १५९-६० मा एउटा मानिसको कथा बताउँछन् जो स्पष्टतया ख्रीष्टियान थिए अनि जसको अन्य भाषाहरू बोल्ने जाली वरदान थियो। तर Anderson भन्छन् कि त्यो वरदान "झुटा शिक्षकहरू"-ले त्यस मानिसलाई प्रदान गरेका थिए [पृ. १५९] र यस वरदानले त्यस मानिसमाथि स्पष्टतः विनाशकारी परिणामहरू ल्यायो। एउटै प्रमाणको रूपमा एउटा भूतका भनाइहरूले मात्र होइन, तर यी तथ्यहरूले त्यो तथाकथित "वरदान" जाली भएको स्पष्ट सङ्केत दिए। Dickason-को विपरीत, Anderson-ले यो पुष्टि गर्छन् कि अन्य भाषाहरूमा बोल्ने कुराको तिनी विरोधमा छैनन्; हे. पृ. १६०)।

Dickason-ले दिएका वर्णनहरूको एउटा वैकल्पिक व्याख्या यसो भन्नु हुन्छ कि आफैहरूलाई "अन्य भाषाहरूका आत्माहरू" *भन्ने* अनि प्रसङ्गको ख्रीष्टियानमाथि केही क्यारिज्म्याटिक्हरूले हात राखिदिँदा तिनीहरू (ती भूतहरू) आए भनेर ती भूतात्माहरूले झुटो बोलिरहेका थिए। "शैतान झुटो हो र झुटको पिता हो" (यूह ८:४४), अनि ख्रीष्टियानहरू पवित्र आत्माका जतिसक्दो धेरैभन्दा धेरै वरदानहरूसित डराएका त्यसले मन पराउँछ।

[५७]"आर्तनाद" (*stenagmos*) शब्द नयाँ करारमा अन्यत्र प्रेरित ७:३४ मा मात्र प्रयोग गरिएको छ, मिस्र देशको दमनमुनि परेको इस्राएलका "बिलौनाहरू"-बारे। तर यससित सम्बन्धित क्रियापद *stenazo* अनेकौंपल्ट प्रयोग गरिएको छ, सधैं नै सृष्टिको भारमुनि सुस्केरा लिइरहेका मरणशील प्राणीहरूलाई बुझाउनको लागि। यसको ठीकअघिको प्रसङ्गमा *stenazo*-ले हाम्रो उद्धार पूर्ण नभएको कारण हामीले लिएका आर्तनाद वा बिलौना बुझाउँछ (रोम ८:२३)। मर्क ७:३४ मा बताइएको यस सृष्टिको भारमुनि आर्तनाद गरिरहेका मरणशील प्राणीहरू बुझाउनलाई (मानिसका रूपमा येशू) प्रयोग गरिएको छ; २ कोर ५:२, ४ (क्षयशील, पार्थिव शरीर भएका विश्वासीहरू); हिब १३:१७ (मण्डलीका अगुवाहरू जो मण्डलीका अगुवापनको बोझमुनि आर्तनाद गर्न परिरक्षित भएका हुन सक्छन्); अनि याक ५:९ (एक-अर्काको विरुद्धमा गनगन वा आर्तनाद नगर्ने ख्रीष्टियानहरूलाई चेताउनी)। यो क्रियापद यद्यपि मानव अस्तित्वको सीमिततामा भएका बेला एकपल्ट येशूको बारेमा प्रयोग गरिएको भए तापनि, यो शब्दलाई पवित्र आत्माका कार्यकलापबारे प्रयोग गर्न उपयुक्त देखिँदैन किनभने उहाँले कहिल्यै मानव स्वभाव धारण गर्नुभएन।

[५८]यो शब्द नयाँ करारमा अन्यत्र प्रयोग नगरिएको भए तापनि, "सहायता" बुझाउन प्रयोग हुने एउटा अति सामान्य शब्दसित पावलले जोड्ने *sun* ("सित") पूर्वसर्गबाट यसको अर्थ स्पष्ट छ।

गर्नुभएर (हाम्रो निम्ति) मध्यस्थ गर्नुहुँदै हाम्रा प्रार्थनाहरूमा सहयोग गर्नुहुन्छ।"[५९]

यो र अन्य भाषाहरूमा बोल्नुमा के भिन्नता छ? यसमा केही समरूपता छ किनभने जुन प्रार्थना हामी गर्छौं त्यो गरिरहेका छौं त्यो प्रभावकारी प्रार्थना हुन्छ, यद्यपि हामी के प्रार्थना गरिरहेका छौं त्यो जान्दैनौं। तर यहाँ यसैमा केही भिन्नताहरू पनि छन् कि हामीले प्रार्थनामा उच्चारण गर्ने उच्छ्वास वा सुस्केराहरू हामीले प्रार्थना गर्दा ती परिस्थितिहरू वा कठिनाइहरूसित प्रायः नै सम्बन्धित हुन्छन् जसबारे प्रार्थना गर्दा हामी आफ्ना मनमा सचेत हुन्छौं। तर पावलले भन्छन् कि यी परिस्थितिहरूबारे हामीले कसरी प्रार्थना गर्नुपर्ने हो सो हामी जान्दैनौं। तसर्थ "परमेश्वरको इच्छाअनुसार" (रोम ८:२७) पवित्र आत्माले हामीलाई सहायता गर्नुहुन्छ र यी स्थितिहरूमा मध्यस्थता गर्नुहुन्छ। हाम्रा आत्माले प्रार्थना गरेका स्पष्ट उल्लेख छैन (यद्यपि यो पनि वास्तवमा साँचो हुन सक्छ), नता हाम्रो दिमाग फलदायी नभएका वा हाम्रो विवेकको कमी भएकै कुनै उल्लेख छ (यद्यपि कुनै समय यो आंशिक रूपमा सत्य हुन सक्छ)। नता यी उच्छ्वास वा सुस्केराहरू यस्ता कुनै रूपमा उत्पन्न हुन्छन् जसलाई "भिन्नै अन्य भाषाहरूमा" वा "अन्य बोलीहरू" भन्न सकिन्छ। यसकारण रोमी ८:२६ ले हामीद्वारा पूर्णतया नबुझिने आवाजहरूमा हामीले गर्ने मध्यस्थताबारे बताए तापनि, यसमा अनेकौं भिन्नताहरू छन्, र यसकारण यो एक यस्तो घटना हो जसको अन्य भाषाहरूमा बोल्नुसित केही समानताहरू छन्।

## च. बुद्धिको कुरा र ज्ञानको कुरा

पावल लेख्छन्, "कसैलाई पवित्र आत्माद्वारा *बुद्धिको कुरा* बोल्ने, कसैलाई उनै पवित्र आत्माद्वारा *ज्ञानको कुरा* बोल्ने ... वरदानहरू दिइएका छन्" (१ कोर १२:८-९)। यस छलफलको सुरुमा यो बुझिनैपर्दछ कि यी दुई वरदानहरू धर्मशास्त्रको अन्य कुनै स्थानमा उल्लेख गरिएका छैनन्,[६०] अनि बाइबलेतर अरू कुनै पनि प्रारम्भिक ख्रीष्टियान साहित्यले आत्मिक वरदानबारे यी वाक्यांशहरू प्रयोग गरेको पाइँदैन। यसको अर्थ यो हो कि यी वरदानहरूबारे हामीसित भएको एउटै मात्र जानकारी यही पदमा छ – यी दुईवटा वरदानहरू वर्णन गर्ने शब्दहरू हामीसित छन्, अनि हामीसित त्यो सन्दर्भ पनि छ जसमा यी वाक्यांशहरू आउँछन्। काम गर्नका लागि यसभन्दा धेरै जानकारी कुनै पनि व्याख्यातासित कहीं पनि छैन। यसले हामीलाई यो चेताउनी दिन्छ कि हाम्रो निष्कर्ष सम्भवतः किञ्चित् कामचलाउ (tentative) किसिमको मात्र हुनेछ।

यी वरदानहरू बुझ्नको निम्ति भएका प्रमुख विकल्पहरू दुईवटा मात्र छन्: (१) यी वरदानहरू सामान्यतः पवित्र आत्माबाट विशेष प्रकाश प्राप्त गर्ने योग्यता हो भनी ठानिन्छन् अनि त्यसको आधारमा कुनै स्थितिमा बुद्धिका कुराहरू बताउने वा मण्डलीमा उपस्थित कुनै व्यक्तिको जीवनको एउटा स्थितिको विशेष ज्ञान दिने

[५९]Douglas Moo, *Romans 1-8*, पृह. ५५९-६३ मा पाइने उपयोगी छलफलमा एउटा वैकल्पिक दृष्टिकोण पाइन्छ। Moo (हिचकिचाउँदै) आर्तनादहरू हाम्रो होइनन्, तर पवित्र आत्माका हुन् भनी बुझ्दछन्।

[६०]धर्मशास्त्रले यसबाहेकका अन्य् कुनै ठाउँमा कुनै थोकलाई "बुद्धिको कुरा" वा "ज्ञानको कुरा" भनेको छैन वा ती वाक्यांशहरूलाई अरू कुनै पनि रूपमा प्रयोग गरेको छैन।

योग्यता हो भनी ठानिन्छन्। यस व्याख्याअनुसार, यी वरदानहरूले उपस्थित मानिसहरूमा आश्चर्य र विस्मय उत्पन्न गराउँछन् किनकि त्यो वरदान प्रयोग गर्ने व्यक्तिलाई सामान्यतः उपलब्ध नभएको जानकारीमा ती आधारित भएका हुनाले तिनले उपस्थित मानिसहरूमा आश्चर्य र विस्मय उत्पन्न गराउँछन् भन्ने अर्थमा यी वरदानहरू अझै "आश्चर्यजनक" हुनेछ।

(२) यी वरदानहरूको अर्को व्याख्याले यी वरदानहरूलाई अझै "अनाश्चर्यजनक" वा सामान्य कुरा भनी हेर्छ: बद्धिको कुराको अर्थ विभिन्न स्थितिहरूमा बुद्धिमान् कुरा भन्ने योग्यता मात्र हुन्छ अनि "ज्ञानको कुरा"-को अर्थ कुनै स्थितिबारे ज्ञानसित बोल्नु हुन्छ। यी दुवै मुद्दाहरूमा, ज्ञान र बुद्धि पवित्र आत्माले स्वाभाविक रूपमा दिनुभएको विशेष प्रकाशमा आधारित हुँदैनन्, तर सामान्य जीवनकालमा हासिल गरिएको बुद्धिमा आधारित हुन्छ, उदाहरणार्थ, यी बुद्धि र ज्ञान जो मण्डलीमा बाइबलका शिक्षकहरू वा एल्डरहरू वा अरू परिपक्व ख्रीष्टियानहरूको विशेषता हुन्छन्। यी पवित्र आत्माद्वारा सशक्तीकृत गरिएका हुन्छन् र त्यसद्वारा बोलिँदा प्रभावकारी हुन्छन्। यस अर्थमा, "बुद्धिका कुराहरू"-का उदाहरणहरू प्रे ६:१-६ मा पाइन्छन् (प्रथम "डीकनहरू" वा प्रेरितहरूका सहायकहरू); प्रे ६:१० (सुसमाचार को घोषणामा गर्नुमा स्तिफनसको बुद्धि); प्रे १५:१९- २९ (यरूशलेम परिषद्को निर्णय; राजा सुलेमानको वक्तव्यमा पनि, "त्यस जिउँदो बालकलाई दुई टुक्रा गरी काट, र आधा एउटीलाई र आधा अर्कीलाई देऊ" (१ राज ३:२५; १ कोर ६:५-६ पनि हे.)।

पहिलो व्याख्याको पक्षमा, यो तर्क गर्न सकिन्छ कि १ कोर १२:८-१० मा तालिकाबद्ध गरिएका अन्य सात वरदानहरू "आश्चर्यजनक" वर्गमा छन्, अनि त्यसकारण यी दुई वरदानहरूलाई पनि यही अर्थमा बुझ्नुपर्दछ।

तर पनि, यस दृष्टिकोणको विरुद्धमा केही वजनदार तर्कहरू छन् : (१) पावलले प्रयोग गरेका "वचन" (*logos*), "बुद्धि" (*sophia*), र ज्ञान (*gnosis*) शब्दहरू विशिष्ट वा प्राविधिक शब्दहरू होइनन् तर ग्रीक नयाँ करारमा अत्यधिक सामान्य शब्दहरू हुन्। ती शब्दहरू "वचन" र "बुद्धि" र "ज्ञान"-को निम्ति प्रायः नै प्रयोग गरिने शब्दहरू हुन्। यसबाहेक, ती शब्दहरूलाई सामान्यतः आश्चर्यजनक घटनाहरू बुझाउन प्रयोग गरिँदैनन् (उदाहरणार्थ, जसरी *प्रकाश* र *अगमवाणी* शब्दहरू प्रयोग गरिन्छन्), तर ती शब्दहरू मानव ज्ञान र बुद्धि बुझाउन प्रयोग गरिने शब्दहरू मात्र हुन्। यसकारण यी शब्दहरूकै अर्थबाट, आश्चर्यजनक वरदानको कुनै सङ्केत दिइएको देखिँदैन।

(२) १ कोरन्थी १२:८ को सन्दर्भमा, ती तर्कहरूमा पावलको उद्देश्य ती आश्चर्यजनक हुन् भनी सोच्नुविरुद्ध भएको देखिन्छ। पद ८-१० मा पावलको अझ विस्तृत उद्देश्य यो देखाउने हो कि *व्यक्तिमा जुनसुकै प्रकारको वरदान भए तापनि,* तिनी आश्वस्त बन्न सक्छन् कि त्यो वरदान पवित्र आत्माद्वारा दिइएको छ। उनले यस खण्डभन्दा अघि भन्छन्, "सबैका हितका लागि नै पवित्र आत्माको काम प्रकट हुन *हरेकलाई* दिइएको छ" र यसको तुरुन्तैपछि उनी भन्छन्, "यी सबै उनै एक पवित्र आत्माका कामहरू हुन्। उहाँले *हरेकलाई* उहाँको इच्छाअनुसार वरदान दिनुहुन्छ" (पह. ७, ११)। तर यदि यस खण्डमा पावलको उद्देश्य *प्रत्येक ख्रीष्टियानको*

*वरदान* पवित्र आत्माद्वारा दिइएको हो भनी देखाउनु हो भने, त्यो उद्देश्य आश्चर्यजनक वरदानहरूका उदाहरणहरू दिएर मात्र राम्ररी पूर्ण हुँदैन। यदि उनले यसो गरेका थिए भने, अनाश्चर्यजनक वरदान भएकाहरूले आफूलाई त्यस तर्कमा नगाभिएका अनुभव गर्नेथिए, र पावलका छलफलमा तिनीहरूका वरदानहरू सम्मिलित गरिएका छन् भन्ने कुरा कसैले मान्नेथिएनन्। यसभन्दा अझ महत्त्वपूर्ण कुरा यो हो कि आश्चर्यजनक वरदानहरू प्राप्त मानिसहरूले यो तालिका हेरेर यो निष्कर्ष निकाल्लान् कि आश्चर्यजनक वरदानहरू प्राप्त भएकाहरूभित्र *मात्र* ती वरदानहरूलाई सशक्त बनाउनलाई पवित्र आत्मा वास्तवमा सक्रिय हुनुहुन्छ। यसले मण्डलीमा एउटा भयानक प्रकारको अति विशिष्ट मानिसहरूको वर्ग निर्माण गर्नेछ। त्यसकारण १ कोरिन्थी १२:८-१० को उनको तालिकामा पावलले केही *अनाश्चर्यजनक* वरदानहरू राख्न बाध्य बन्नु अनिवार्यै थियो।

तर यस तालिकामा अनाश्चर्यजनक वरदानहरू के हुन्?

बुद्धिका वचन
ज्ञानको वचन
विश्वास
चङ्गाइका वरदानहरू
आश्चर्यकर्महरू
अगमवाणी
आत्माहरू छुट्ट्याउने वरदान
अन्य भाषाहरू
अन्य भाषाहरूको अर्थ खोलाइ

यीबाहेक अरू सबै वरदानहरू अझ "आश्चर्यजनक" कोटिमा पर्छन् भन्ने देखिन्छ (यसमा अन्य भाषाहरूमा बोल्नु र सायद विश्वास अपवादस्वरूप छन्)। तर त्यसले यो प्रायः अनिवार्य बनाउँछ कि बुद्धिको वचन र ज्ञानको वचन अनाश्चर्यजनक बनून् ताकि यो तालिकामा *केही* अनाश्चर्यजनक वरदानहरू छन् भन्ने प्रत्याभूति मिलोस्। यसले वास्तविक विश्वासी समूहमा व्यवहार भइरहेका विविध वरदानहरूका उदाहरणहरू चुन्नुमा पावलको पास्टरीय विवेक प्रदर्शन गर्नेथियो। यसकारण यस तालिकामा केही अनाश्चर्यजनक वरदानहरू हुनैपर्दछ – अनि यदि केही छन् भने, ती अति नै असल वरदानहरू हुन्।[६१]

(३) सम्भवतः सर्वाधिक निर्णायक तर्क यो तथ्य हो कि पवित्र आत्माबाट पाउने विशेष प्रकाश प्राप्त गर्ने र विश्वासी समुदायमा सो बताउने कार्य वर्णन गर्ने एउटा शब्द नयाँ करारमा अघिदेखि नै छँदैछ, जसलाई पावल "अगमवाणी" भन्दछन्। अगमवाणीबारे वर्णन गर्दै र यसलाई नियमित गर्दै उनले यसबारे विस्तारपूर्वक

[६१]विश्वास र अन्य भाषाहरूलाई अनाश्चर्यजनक ठानिए तापनि, त्यस तालिकामा आश्चर्यजनक र अनाश्चर्यजनक वरदानहरूको मिश्रण हुनेछ, अनि बुद्धिको कुरा र ज्ञानको कुरालाई पनि अनाश्चर्यजनक मान्न नसकिने कुनै कारण हुँदैन, विशेष गरी यस तथ्यको आधारमा कि तिनलाई वर्णन गर्ने शब्दहरूले सामान्यतः आश्चर्यजनक घटनाहरू सूचित गर्दैनन्।

छलफल गरेका कारण, अगमवाणीबारे हामी प्रायः नै असल ढङ्गमा बुझ्न सक्छौं। तर यी अन्य वरदानहरूले ठीक त्यही तरिकामा (सायद विषयवस्तुमा मात्र फरक पर्दै) काम गर्छन् भन्नु मूलपाठमा यी वरदानहरू कस्तो हुनुपर्दछ भन्ने पूर्वकल्पित धारणाबाहेक अरू कुनै पनि थोकले न्यायोचित भएको देखिँदैन।[६२]

त्यसकारण यी वरदानहरूलाई "अनाश्चर्यजनक वरदानहरू"-को रूपमा बुझ्नु श्रेयस्कर देखिन्छ, विभिन्न स्थितिहरूमा बुद्धि वा ज्ञानसित बोल्ने योग्यताको रूपमा मात्र। क्यारिज्म्याटिक् समूहमा धेरै मानिसहरूले जसलाई आज "बुद्धिको कुरा" र "ज्ञानको कुरा" भन्छन्, तिनलाई "अगमवाणी" मात्र भन्नु उत्तम देखिन्छ।[६३]

## छ. आत्माहरू र आत्मिक लड़ाइँबीच भिन्नता छुटचाउनु

आत्माहरू छुट्ट्याउने काम अर्को वरदान हो जसको उल्लेख नयाँ करारमा एकपटक मात्र गरिएको छ (१ कोर १२:१० मा), तर यस वरदानको स्वभावले यसलाई अरू विभिन्न खण्डहरूसित सम्बन्धित गराउँछ जसले ख्रीष्टियानहरू र भूतात्मामाझ हुने आत्मिक लड़ाइँ वर्णन गर्छन्। आत्माहरू छुट्ट्याउने वरदानलाई हामी निम्नानुसार परिभाषित गर्न सक्छौं, *आत्माहरू छुट्ट्याउनु कुनै व्यक्तिमा पवित्र आत्माको वा भूतात्माहरूको प्रभावलाई चिन्ने विशेष योग्यता हो* ।

उद्धारको इतिहासको परिप्रेक्ष्यमा, यस वरदानले आउने युगको पूर्वस्वाद पनि यस अर्थमा दिन्छ कि यो शैतान र त्यसको प्रभावलाई चिन्ने योग्यताको पूर्वस्वाद हो, जुन योग्यता हाम्रो निम्ति स्वर्गमा सिद्ध बनाइनेछ, जब ढाकिएको वा लुकाइएको प्रत्येक चीज प्रकट गरिनेछ अनि ज्योतिमा ल्याइनेछ (मत्ती १०:२६; तु. प्रका २०:११-१५)। यो योग्यता पुरानो करारका अधिकांश वा सबै विश्वासीहरूमा भएको योग्यताभन्दा सम्भवतः अझ बलियो छ, जहाँ भूतात्मिक क्रियाकलापका उल्लेखहरू विरलै छन्, अनि जहाँ परमेश्वरका जनमाथि गरिएका भूतात्मिक आक्रमणहरू प्रायः नै इस्राएलका मानिसहरूमाथि गैरविश्वासी जातिहरूले गर्ने सैन्य आक्रमणहरूमा समाविष्ट हुन्थे, वा मूर्तिपूजकहरूका देव-देवताहरूको पूजा गर्न जाने प्रत्यक्ष परीक्षामा समाविष्ट हुन्थे। त्यसकारण भूतात्मिक गतिविधि मूलतः ती बाह्य भौतिक घटनाहरू वा स्थितिहरूका अवलोकनको माध्यमद्वारा अनुभव गरिन्थ्यो जसमा

[६२]वास्तवमा आधुनिक पेन्टिकोस्टल र क्यारिज्म्याटिक् ख्रीष्टियानहरूले जसलाई "ज्ञानको कुरा" र "बुद्धिको कुरा" भन्छन्, ती पावलले दिएका अगमवाणीको परिभाषासित ठिक्क मिल्छ अनि यसलाई वास्तवमा अगमवाणी नै हुन् भनी मान्नुपर्दछ। यसो गर्नामा मण्डलीमा यस वरदानको प्रयोगलाई अगमवाणी बुझ्ने र नियमित बनाउने पावलका नियमहरूअनुरूप बनाइने लाभ मिल्नेछ।
बुद्धिका कुरा र ज्ञानका कुरा परमेश्वरको विशेष प्रकाशमा निर्भर गर्ने आश्चर्यजनक वरदानहरू हुन् भन्ने केही हदसम्मको सामान्य विचारलाई कायम राख्नाले के कुनै हानि आउनेछ? एउटा तात्कालिक जोखिम यो हुन सक्छ कि, जे वास्तवमा घटिरहेको छ त्यसलाई पावल "अगमवाणी" भन्छन्, तर यसलाई कतिपय मुद्दाहरूमा अहिले अरू बेग्लै थोक भनिँदैछ, र त्यसले यसलाई पावलले नयाँ करारमा दिने अगमवाणीका नियमहरूदेखि पर पार्नतिर प्रवृत्त पार्छ। यसले भविष्यको कुनै समयमा वरदानको दुरुपयोगतिर पुऱ्याउला कि नपुऱ्याउला यसै भविष्यवाणी गर्नु असम्भव छ। तर नयाँ करारमा उल्लेख मात्र गरिएको तर कहिल्यै छलफल नगरिएको वा नियमित नगरिएको, तथापि निकै व्यापक रूपमा प्रयोग हुने एउटा आश्चर्यजनक वरदान हुनुमा निश्चय नै किञ्चित् असामान्य देखिन्छ।

[६३]यी वरदानहरूबारे अगाड़ि छलफलको निम्ति हे. Wayne Grudem, "What is the Real Meaning of a 'Word of Wisdom' and a 'Word of Knowledge'? *Ministries Today* (जनवरी-फरवरी, १९९३), पृ. ६०-६५ मा।

शैतानको उद्देश्य अघि बढ़ाइएको हुन्थ्यो, अनि जो सजिलै देख्न सकिन्थ्यो।

आत्माहरू छुट्ट्याउने नयाँ करारको यो वरदानमा व्यक्तिको जीवनमा पवित्र आत्माका कामको उपस्थितिबाट दुष्ट आत्माहरूको उपस्थितिलाई चिन्ने काम पनि संलग्न हुन्छ। पावलले यो जान्दछन् कि पहिले कोरिन्थीहरू "बोल्नै नसक्ने मूर्तिहरूतिर बहकिएका थिए" (१ कोर १२:२) अनि यूहन्नाले पनि बुझ्दछन् कि खीष्टियानहरूका निम्ति "आत्माहरू परमेश्वरबाट आएका हुन् कि होइनन् भनेर तिनीहरूको जाँच" गर्नुपर्दछ अनि "झुटा अगमवक्ताहरू यस संसारमा निस्किआएका छन्" (१ यूह ४:१)।

यसबाहेक पनि, यो सम्भव छ कि वरदानमा विभिन्न प्रकारका दुष्ट आत्माहरू छुट्ट्याउने काम हुन्छ, जस्तै दुर्बलताको आत्मा (लूक १३:११), जोखना हेर्ने आत्मा (प्रे १६:१६), गूँगो र बहिरो आत्मा (मर्क ९:२५, २९) र भ्रमको आत्मा (१ यूह ४:६)। शाब्दिक र व्याकरणिक दृष्टिकोणबाट, "आत्माहरू छुट्ट्याउने" वरदानमा यस किसिमको योग्यता पनि संलग्न हुन्छ भनी बुझ्नमा हामीलाई रोक्ने केही पनि छैन।[६४]

कहिलेकाहीँ निर्लज्ज झुटो धर्मसैद्धान्तिक वक्तव्यहरू मुखबाट निकाल्दा (हे. १ कोर १२:२-३; १ यूह ४:१-६) र कहिलेकाहीँ विशेष गरी ख्रीष्टियान प्रचार भइरहेको बेला हिंसात्मक र उटपटचाङ शारीरिक कार्यहरूमा (हे. मर्क १:२४; ९:२०; मत्ती ८:२९) निश्चय नै केही मात्रासम्म भूतात्मिक गतिविधिको उपस्थिति बाहय रूपमा प्रस्ट हुन्छ। शैतानको क्रियाकलाप स्वभावले नै विध्वंसात्मक हुन्छ, अनि भूतात्माद्वारा प्रभावित व्यक्तिको मण्डलीमाथि र त्यसको वरिपरिका मानिसहरूमाथि विध्वंसक प्रभाव पर्छ, अनि साथै त्यसको आत्मविध्वंशक प्रभाव हुन्छ जसले कष्टित व्यक्ति आफैलाई हानि गर्छ।

तर भूतात्मिक प्रभावका यी बाहिरी सङ्केतहरूबाहेक, सम्भवतः अझ धेर मात्राको व्यक्तिपरक प्रत्यक्ष ज्ञान पनि हुन्छ जो आत्मिक र संवेगात्मक तहमा देखापर्छन्, जसद्वारा भूतात्मिक क्रियाकलाप छुट्ट्याइन्छ। यो वरदान उच्च स्तरमा विकसित हुँदा, अनि सम्पूर्ण मण्डलीको निम्ति यसले काम गर्न सक्षम हुँदा, पावलले यसलाई निःसन्देह आत्माहरू छुट्ट्याउने वरदान भन्छन्।[६५]

आत्माहरू छुट्ट्याउने वरदानसम्बन्धी माथि अध्याय २० मा दिइएको आत्मिक युद्धको विवेचन (शैतान र दियाबलसमाथि) पनि सान्दर्भिक छ।

### व्यक्तिगत प्रयोगका लागि प्रश्नहरू

१. यस अध्यायमा वर्णित अगमवाणीको वरदान के तपाईंले कहिल्यै अनुभव गर्नुभएको छ? तपाईंले यसलाई के भन्नुभएको छ? के यो वरदानले (वा यस्तै केहीले) तपाईंको मण्डलीमा काम गरेको छ? यदि छ भने, यसका

[६४]यो वाक्यांशको अति व्यापक भाषावैज्ञानिक र व्याकरणिक विश्लेषणको निम्ति हे. Wayne Grudem, "A Response to Gerhard Dautzenberg on 1 Cor. 12:10." *Biblische Zeitschrift*, N.F., 22:2 (1978), पृह. १५३-७०मा।

[६५]पक्का कुरा हो, यस युगमा कुनै पनि ख्रीष्टियानमा कुनै पनि वरदान सिद्ध हुँदैन (१ कोर १३:९-१०), अनि यो वरदान सिद्ध हुनेछ भनी हामीले आशा गर्नु हुँदैन, अनि जोसित यो छ उसले कहिलै भुल गर्नु हुँदैन। आत्मिक वरदान शक्तिमा बेग्लाबेग्लै हुन्छ भन्ने तथ्यबारे हे. अ. ५२।

लाभहरू के भएका छन् – र हानिहरू ? यदि छैन भने, तपाईंको मण्डलीमा के यो वरदान उपयोगी हुन सक्ला भनी तपाईं ठान्नुहुन्छ ?

२. के शिक्षणको वरदानले तपाईंको मण्डलीमा प्रभावशाली रूपमा काम गर्छ ? पास्टर र एल्डरबाहेक अन्य कुन व्यक्तिहरूले यस वरदानलाई प्रयोग गरेका छन् ? के तपाईंको मण्डलीले बाइबलको ठोस शिक्षाको महत्त्व पर्याप्त मात्रामा बुझ्छ भनी तपाई सोच्नुहुन्छ ? कुन क्षेत्रहरूमा (यदि कुनै छन् भने) तपाईंको मण्डलीले धर्मपुरातन शिक्षाका ज्ञानमा बढ्न र त्यसप्रति प्रेम विकसित गर्न आवश्यक छ भनी तपाईं सोच्नुहुन्छ ?

३. यस अध्यायमा छलफल गरिएका अन्य वरदानहरूमध्ये कुनै के तपाईं स्वयम्ले कहिल्यै प्रयोग गर्नुभएको छ ? के यस्ता वरदानहरू छन् जो तपाईंको मण्डलीलाई आवश्यक छन् तर अहिले तपाईंको मण्डलीमा ती छैनन् त्यसकारण ती विकसित गर्न आवश्यक छ भनी तपाईं ठान्नुहुन्छ ? यो आवश्यकता पूरो गर्नलाई तपाईंले के गर्न सर्वोत्तम हुन्छ भन्ठान्नुहुन्छ ?

## विशेष शब्दावली

(यो तालिका अध्याय ५२ र ५३ मा पनि लागु हुन्छ)

| | |
|---|---|
| प्रेरित | पवित्र आत्माका वरदानहरू |
| बन्दवादी | चङ्गाइ |
| आत्माहरू छुट्ट्याउनु | अन्य भाषाहरूमा बोल्नु |
| आश्चर्यकर्महरू | अन्य भाषाहरूको अर्थ खोलाइ |
| आश्चर्यजनक वरदानहरू | शिक्षण |
| अनाश्चर्यजनक वरदानहरू | बुद्धिको कुरा |
| पद/पदभार | ज्ञानको कुरा |
| अगमवाणी | |

## पुस्तक सूची

(यस पुस्तक सूचीको व्याख्याका लागि अ. १, पृ. ४७ को पुस्तक सूचीमाथि दिइएको टीका हे. । सम्पूर्ण पुस्तक सूचीको तथ्याङ्क परिशिष्ट ४ मा प्राप्य छ।)

### इभ्यान्जेलिकल् सुव्यवस्थित ईश्वरशास्त्रहरूबाट चयनित खण्डहरू

१. एङ्गलिकन (इपिस्कपलियन)
(कुनै प्रस्ट छलफल छैन)
२. अर्मिनी (वेजलियन वा मेथडिस्ट)
१९८३ कार्टर, १:४४९-५७
३. ब्याप्टिस्ट

१९८३-८५ एरिक्सन, ८७७-८३

४. डिसपेन्सेशनल

१९४७ शेफर, ७:२१५-२०

१९८६ राइरि, ३६७-७४

५. लुथरन

कुनै प्रस्ट छलफल छैन)

६. रिफमई (वा प्रेज्बिटरियन)

(कुनै प्रस्ट छलफल छैन)

७. रीन्यूअल (वा क्यारिज्म्याटिक्/पेन्टिकोस्टल)

१९८८-९२ विल्यम्स्, २:२०९-३६, २४३-६३, ३२३-४०९, ३:१५९-७७

**रोमन क्याथलिक सुव्यवस्थित ईश्वरशास्त्रहरूबाट प्रातिनिधिक खण्डहरू**

१. रोमन क्याथलिक : परम्परावादी

(कुनै प्रस्ट छलफल छैन)

२. रोमन क्याथलिक : भेटिकनोत्तर द्वितीय

१९८० म्याकब्राइन, २:१०८६-८८

**अन्य पुस्तकहरू/लेखहरू**

Baker, J. P. "Gifts of the Spirit." In *NDT,* pp. 269-71.

Bennett, Dennis and Rita. *The Holy Spirit and You.* Plainsfield. N.J.: Logos, 1971. (Charismatic)

Blue, Ken. *Authority to Heal.* Downers Grove, Ill.: Intervarsity Press, 1987.

Bridge, Donald. *Signs and Wonders Today.* Leicester: Inter-Varsity Press, 1985. (Charismatic)

_______ , and David Phypers. *Spiritual Gifts and the Church.* Downers Grove, Ill.: InterVarsity Press, 1973. (Charismatic)

Budgen, Victor. *The Charismatics and the Word of God.* Phillipspurg, N.J.:

Presbyterian and Reformed, 1985. (Cessationnist)

Vineyard Churches, 1993.

_______."What Is the Real Meaning of a 'Word of Wisdom' and a 'Word of Knowledge'?" In *Minnistries Today* (Jan.-Feb. 1993), pp. 60-65.

_______."What Should Be the Relationship Between Prophet and Pastor?" In *Equipping the Saints* (Fall 1990), pp. 7-9, 21-22.

Hayford, Jack W. *The Beauty of Spiritual Language.* Irvine, Tex.:Waco, 1993.

Horton, Michael Scott, ed. *Power Religion: The Selling Out of the Evangelical Church?* Chicago: Moody Press, 1989.

Houston, Graham. *Prophecy: A Gift for Today?* Leicester and Downers Grove, Ill.: InterVarsity Press, 1989.

Hummel, Charles E. *Fire in the Fireplace: Charismatic Renewal in the Nineties.* Downers Grove, Ill.: InterVarsity Press, 1993.

MacArthur, John F., Jr. Charismatic Chaos. Grand Rapids: Zondervan, 1992. (Cessationist)

———. *The Charismatics: A Doctrinal Perspective.* Grand Rapids: Zondervan, 1978. (Cessationist)

Mallone, George. *Those Controversial Gifts.* Downers Grove, Ill.: Intervarsity Press, 1983.

Moo, Douglas. "Divine Healing in the Health and Wealth Gospel." In *TrinJ,* Vol. 9 N.s., No.2 9 (Fall 1988), pp 191-209.

Nathan, Richard. *A Response to Charismatic Chaos.* Anaheim, Calif.: Association of Vineyard Churches, 1993. (An extensive response to John MacArthur's 1992 book)

Osborne, Grant. "Tongues, Speaking in." In *EDT,* pp. 1100-1103.

Poythress, Vern. "Linguistic and Sociological Analyses of Modern Tongues-Speaking: Their Contributions and Limitations." In *WTJ* 42 (1979): 367-98.

Pytches, David. *Spiritual Gifts in the Local Church.* Originally published as *Come, Holy Spirit.* Minneapolis: Bethany, 1985. (Charismatic)

Reymond, Robert L. *What About Continuing Revelations and Miracles in the Presbyterian ChurchToday?* Phillipsburg, N.J.: Presbyterian and Reformed, 1977. (Cessationist)

Robertson, O. Palmer. *The Final Word.* Edinburgh and Carlisle,Pa.: Banner of Truth, 1993. (Cessationsit)

Ruthven, Jon. *On the Cessation of the Charismata: The Protestant Polemic on Post-Biblical Miracles.* Sheffiedld. Sheffield University Academic Press, 1993. (Charismatic; a revision and expansion of author's Ph.D. Dessertation, in which he responds to the arguments of cessationsts from Warfield to the present)

Saucy, Robert, Prophecy Today? An Initial Response." In *Sundoulos* (Talbot Seminary; Spring 1990), pp. 1-5. (Cessationist)

Schatzmann, Siegfried. *A Paulaine Theology of Charismata.* Peabody, Mass.: Hendrickson, 1987.

Stephanou, Eusebius A. "The Charismata in the Early Church Fathers," *The Greek Orthodox Theology Review* 21:2 (Summer 1976), pp. 125-46.

Storms, C. Samauel, *Healing and Holiness: A Biblical Response to the Faith-Healing Phenomenon.* Phillipsburg, N.J.: Presbyterian and Reformed, 1990.

Thomas, Robert L. "Prophecy Rediscovered? A Review of The Gift of Prophecy in the New Testament and Today." In *BibSac* 149:593 (Jan.-Mar. 1992), pp. 83-96. (Cessationist)

Thompson, J. G. S. S. and Walter A. Elwell. "Spiritual Gifts." In *EDT,* pp. 1042-46.
Turner, M. M. B. "Spiritual Gifts Then and Now." In *Vox Evangelica* 15 (1985), pp. 7-64.
Warfield, Benjamin B. *Counterfeit Miracles.* London: Banner of Truth, 1972 (first published in 1918).
White, John. *When the Spirit Comes with Power.* Downers Grove, Ill.: Inter-Varsity Press, 1988.
White, R. Fowler. "Gaffin and Grudem on Ephesians 2:20: In Defense of Gaffin's Cessationnist Exegesis." In *WTJ* 54 (Fall 1993), pp. 303-20. (Cessationist)
_______. "Richard Gaffin and Grudem on 1 Corinthians 13:10: A Comparison of Cessationist and Noncessationist Argumentation." In *JETS* 35:2 (June 1992), pp. 173-82 . (Cessationist)
Wilkenson, J. "Healing." In *NDT,* pp. 287-88.
Wimber, John. With Kevin Springer. *Power Evangelism.* San Francisco: Harper and Row, 1986.
_______. *Power Healing.* San Francisco: Harper and Row, 1987.

## धर्मशास्त्रको कण्ठस्थ गर्नुपर्ने खण्ड

**१ कोरिन्थी १२:७-११** : *सबैका हितको लागि नै पवित्र आत्माको काम प्रकट हुन हरेकलाई दिइएको छ। कसैलाई पवित्र आत्माद्वारा बुद्धिको कुरा बोल्ने, कसैलाई उनै पवित्र आत्माअनुसार ज्ञानका कुरा बोल्ने, कसैलाई उनै पवित्र आत्माद्वारा विश्वास गर्ने, कसैलाई उनै एक पवित्र आत्माद्वारा रोग निको पार्ने वरदानहरू दिइएका छन्, कसैलाई आश्चर्य कामहरू गर्ने, कसैलाई अगमवाणी बोल्ने, कसैलाई आत्माहरू छुट्ट्याउने सक्ने, कसैलाई भिन्न-भन्नै भाषाहरू बोल्ने, कसैलाईचाहिँ ती भाषाहरूको अर्थ खोलिदिने। तर यी सब उनै एक पवित्र आत्माका कामहरू हुन्। उहाँले हरेकलाई उहाँको इच्छाअनुसार वरदान दिनुहुन्छ।*

## भजन

“आउनोस्, ओ आउनोस्, तपाईं अनुप्राणित गराउनुहुने आत्मा”

(एउटा सम्भाव्य वैकल्पिक धुन "Guide Me, O Thou Great Jehovah."-को धुन)

आउनोस्, ओ आउनोस्, तपाईं अनुप्राणित गराउनुहुने आत्मा,
सारा अनन्तका परमेश्वर
तपाईंको शक्ति कहिल्यै विफल नहोस्;
निवास गर्नुहोस् निरन्तर हामीभित्र।
तब सत्यता र जीवन र ज्योतिले निर्वासित गर्नेछ

रात्रीको अन्धकारलाई।

हाम्रो हृदयलाई दिनोस् पूर्ण नापमा बुद्धि, सल्लाह, विशुद्धता,
कि हामी त्यो मात्रै सधैं खोजिरहौं जसले तपाईंलाई प्रसन्न गर्छ।
तपाईंको ज्ञान फैलियोस् र बढ़ोस्, भुललाई पन्साउँदै।

देखाउनोस् हामीलाई, प्रभु, आशिष्को पथ, जब हामी हाम्रै बाटो हिँड्छौं,
मिल्काउनोस्, ओ प्रभु, हाम्रो पापहरूलाई तपाईंपछाड़ि अनि हुनुहोस्
हामीसँग दिन प्रतिदिन।
बरालियौं भने, ओ प्रभु, बोलाउनुहोस्; पश्चात्ताप गराउनोस् जब हामी ढल्छौं।

पवित्र आत्मा, बलियो र शक्तिशाली, तपाईं जसले सबै थोक नयाँ पार्नुहुन्छ,
हामीभित्र तपाईंका काम सिद्ध तुल्याउनोस् र दुष्ट शत्रुलाई दबाउनोस्।
कलहविरुद्ध हामीलाई हतियार बक्सनोस् अनि
जीतले हाम्रो जीवनलाई मुकुट पहिराउनोस्।

*रचयिता* : Heinrich Held, 1644

**Blank Page**

# भाग ७
# भविष्यसम्बन्धी धर्मसिद्धान्त

# Part 7
# The Doctrine of the Future

Blank Page

अध्याय ५४

# ख्रीष्टको पुनरागमन : कहिले र कसरी ?

# The Return of Christ : When and How ?

***ख्रीष्ट कहिले र कसरी फर्किआउनुहुनेछ ?***
***के उहाँ कुनै पनि घड़ी फर्किआउन सक्नुहुन्छ ?***

## व्याख्या र धर्मशास्त्रीय आधार

हामीले यस पुस्तकको अन्तिम अध्याय आरम्भ गर्दा, भविष्यमा हुने घटनाहरूको अध्ययनतिर लाग्नेछौं। भविष्यमा हुने घटनाहरूको अध्ययनलाई *"युगान्तशास्त्र"* (*"eschatology"*) भनिन्छ। "eschatology" ग्रीक *eschatos*-बाट व्युत्पन्न भएको हो, जसको अर्थ "अन्तिम" हुन्छ। त्यसकारण, *eschatology*-को अध्ययन "अन्तिम थोकहरू"-को अध्ययन हो।

गैरविश्वासीहरूले विगतका घटनाहरूका ढाँचाहरूका आधारमा तर्कसङ्गत भविष्यवाणीहरू गर्न सक्छन्, तर मानव अनुभवको प्रकृतिमा यो स्पष्ट हुन्छ कि मानिसहरू आफैले भविष्य *जान्न* सक्दैनन्। त्यसकारण गैरविश्वासीहरूमा भविष्यको कुनै पनि घटनाबारे निश्चित ज्ञान हुन सक्दैन। तर बाइबलमा विश्वास गर्ने खीष्टियानहरू भिन्नै स्थितिमा हुन्छन्। हामीले भविष्यबारे सबै कुरा जान्न सक्दैनौं, तापनि परमेश्वरले भविष्यबारे सबै कुरा जान्नुहुन्छ अनि विश्वको इतिहासमा अझै आउनुपर्ने प्रमुख घटनाहरूबारे उहाँले हामीलाई धर्मशास्त्रमा बताइसक्नुभएको छ। यी घटनाहरू घटनेबारे हामी पूर्ण रूपमा भरोसा राख्न सक्छौं किनभने परमेश्वरले कहिल्यै पनि भुल गर्नुहुन्न, ढाँट्नुहुन्न।

हामीले यसभन्दा अघि अध्याय ४१ मा (मृत्यु र मध्यवर्ती स्थितिबारे) र अध्याय ४२ मा (महिमाकरणबारे) हाम्रो आफ्नै व्यक्तिगत भविष्यसम्बन्धी धर्मशास्त्रको शिक्षा छलफल गरिसकेका छौं। एकएक व्यक्तिहरूसित घटनजाने भविष्यका यी घटनाहरूको अध्ययनलाई कहिलेकाहीं *"व्यक्तिगत युगान्तशास्त्र" (personal eschatology)* भनिन्छ। तर बाइबलले केही विशेष प्रमुख घटनाहरूबारे पनि बताउँछ जसले सम्पूर्ण सृष्टिलाई प्रभाव पार्नेछन्। यसले विशेष गरी ख्रीष्टको दोस्रो आगमन, सहस्राब्दी, अन्तिम न्याय र अनन्त दण्ड, अविश्वासीहरूका निम्ति अनन्त

दण्ड र विश्वासीहरूका अनन्त इनाम र नयाँ स्वर्ग र नयाँ पृथ्वीमा परमेश्वरसँग जीवनबारे बताउँछ। यी घटनाहरूको अध्ययनलाई कहिलेकाहीँ *"सामान्य युगान्तशास्त्र" (general eschatology)* भनिन्छ। यस अध्यायमा हामी ख्रीष्टको पुनरागमन वा उहाँको दोस्रो आगमनको प्रश्नबारे अध्ययन गर्नेछौं। अन्तिम थोकहरूको अध्ययनमा भएका बाँकी विषयहरूबारे यसपछिका अध्ययहरूले छलफल गर्नेछन्।

मण्डलीको इतिहासमा भविष्यसम्बन्धी धेरैवटा विवादहरू – प्रायः नै उग्र – रहिआएका छन्। यस अध्यायमा हामी ख्रीष्टको दोस्रो आगमनका पक्षहरूसम्बन्धी अध्ययन थाल्नेछौं जसबारे सबै इभ्यानजलिकल्हरू सहमत छन्, र अन्त्यमा सहमति नभएको एउटा विषयलाई हेर्नेछौं : ख्रीष्ट कुनै पनि समयमा आउनुहुनेछ कि आउनुहुनेछैन भन्ने विषय। त्यसपछिको अध्यायमा हामी सहस्राब्दीको प्रश्नबारे छलफल गर्नेछौं, जो खीष्टियानहरूका बीच लामो समयदेखि असहमतिको स्रोत रहिआएको विषय हो।

## क. ख्रीष्टको अकस्मात्, व्यक्तिगत, दृष्टिगोचर र शारीरिक पुनरागमन (Sudden, Personal, Visible, Bodily Return) हुनेछ

येशूले प्रायः नै उहाँको पुनरागमनबारे कुरा गर्नुभयो, "यसकारण तिमीहरू पनि तयार रहो, किनकि मानिसको पुत्र तिमीहरूले नचिताएको बेलामा आउनेछ" (मत्ती २४:४४)। उहाँले भन्नुभयो, *"म फेरि आउनेछु* र तिमीहरूलाई मकहाँ लैजानेछु, र जहाँ म छु, त्यहाँ तिमीहरू पनि हुनेछौं" (यूह १४:३)। येशू स्वर्गारोहण हुनबित्तिकै दुई स्वर्गदूतहरूले चेलाहरूलाई भने, "यही येशू, जो तिमीहरूबाट स्वर्गमा लगिनुभयो, त्यसरी नै उहाँ फेरि *आउनुहुनेछ"* (प्रे १:११)। पावलले सिकाए, *"प्रभु स्वयम्* हुकुमको गर्जनसित, प्रधान स्वर्गदूतको आवाज र परमेश्वरको तुरहीको सोरसित *स्वर्गबाट ओर्लनुहुनेछ,* र ख्रीष्टमा मरेकाहरूचाहिँ पहिले बौरिउठ्नेछन्" (१ थेस ४:१६)। हिब्रूका लेखकले लेखे कि ख्रीष्ट *"दास्रो पल्ट देखा पर्नुहुनेछ,* पाप बोक्नका निम्ति होइन, तर उत्सुकतापूर्वक उहाँको प्रतीक्षा गर्नेहरूका उद्धारको निम्ति" (हिब ९:२८)। याकूबले लेखे, "प्रभुको आगमन[1] नजिकै छ" (याक ५:८)। पत्रुसले भने, "प्रभुको दिन त चोरजस्तै गरी झट्टै आउनेछ" (२ पत्र ३:१०)। यूहन्नाले लेखे, "जब उहाँ प्रकट हुनुहुन्छ, तब हामी उहाँजस्तै हुनेछौं, किनकि उहाँ जस्तो हुनुहुन्छ हामी उहाँलाई त्यस्तै देख्नेछौं" (१ यूह ३:२)। अनि प्रकाशको पुस्तकमा ख्रीष्टको पुनरागमनतिर बारम्बार सङ्केत दिइएको छ, जो येशूको यो प्रतिज्ञासित समाप्त हुन्छ, *"निश्चय म चाँड़ै आउनेछु"* अनि यूहन्नाले उत्तर दिन्छन्, "आमिन, आउनुहोस्, हे प्रभु !" (प्रका २२:२०)।

यो मुख्य विषय-वस्तु नयाँ करारभरि नै बारम्बार दोहोऱ्याइएको छ। यो नयाँ करारको प्रमुख आशा हो। यी पदहरूले ख्रीष्टको अकस्मात् पुनरागमनको भविष्यवाणी

[1]ईश्वरशास्त्रमा *parousia* शब्द "दोस्रो आगमन" (ख्रीष्टको) बुझाउनको निम्ति प्रयोग गरिन्छ। यो शब्द "आइरहनुभएको" (*parousia*) बुझाउने ग्रीक शब्दबाट लिइएको हो जो ख्रीष्टको दोस्रो आगमनतिर सङ्केत

गर्छन् जो नाटकीय र दृश्यमान् हुन्छ ("उहाँ बादलहरूसाथ आउँदैहुनुहुन्छ, र हरेक आँखाले उहाँलाई देख्नेछ" (प्रका १:७)। यी खण्डहरू यति स्पष्ट छन् कि खीष्ट स्वयम् फर्किनुहुन्न, तर केवल खीष्टको आत्मा, अर्थात् उहाँको शिक्षा स्वीकरण र उहाँको प्रेममय जीवनशैलीको अनुकरण संसारमा तीव्र गतिमा वृद्धि हुनेछ भन्ने धारणालाई (जो एक पटक उदारवादी प्रोटेस्टेन्ट वृत्तमा लोकप्रिय थियो) यिनले मान्यता दिँदैनन्। उहाँका शिक्षाहरू वा उहाँको आचरणको शैली होइन, तर स्वर्गबाट आउनुहुने उहाँ *"प्रभु स्वयम् नै"* हुनुहुन्छ (१ थेस ४:१६)। येशू स्वयम् नै हुनुहुन्थ्यो जो तिनीहरूबाट "स्वर्गमा लगिनुभयो" र जो "अहिले जसरी तिमीहरूले उहाँलाई स्वर्गमा जानुभएको देख्यौ, त्यसरी नै उहाँ फेरि आउनुहुनेछ।" जसलाई तिनीहरूले "स्वर्गमा जानुभएको" देखे (प्रे १:११)। उहाँ प्रकट हुनु मानिसहरूका हृदयमा वास गर्नलाई भएको आत्मिक आगमन मात्र हुनेछैन, तर तिनीहरूले "उहाँलाई स्वर्गमा जानुभएको" देखेझैं एक *व्यक्तिगत* र *सशरीर* पुनरागमन हुनेछ।

## ख. हामीले उत्कटतासित खीष्टको पुनरागमनको चाहना गर्नुपर्दछ

प्रकाशको पुस्तकको अन्त्यमा यूहन्नाले भनेका कुराले सबै युगका खीष्टियान हृदयको स्वभावलाई देखाउँछ ("आमिन, आउनुहोस् प्रभु !" (प्रका २२:२०)। साँचो खीष्टियान धर्मले हामीलाई "संयमी, सोझो र भक्त भएर जीवन यापन गर्न तालीम दिन्छ। र *हाम्रो धन्यको आशा – हाम्रा महान् परमेश्वर र मुक्तिदाता येशू खीष्टका महिमाको आगमनको हामी प्रतीक्षा गर्दछौं"* (तीत २:१२-१३)।[२] पावल भन्छन्, "हाम्रो नागरिकता स्वर्गमा छ। त्यहाँबाट आउनुहुने *मुक्तिदाता,* अर्थात् प्रभु येशू खीष्टको *प्रतीक्षा हामी गर्दछौं"* (फिलि ३:२०)।[३] त्यसरी नै NASB-को १ कोरिन्थी १६:२२ मा "मारनाथा" शब्दको अर्थ "हाम्रा प्रभु, आउनुहोस् !" (१ कोर १६:२२ RSV) हुन्छ।

के खीष्टियानहरूले वास्तवमा अतुरतापूर्वक खीष्टको पुनरागमन प्रतीक्षा गर्छन् ? खीष्टियानहरू यस जीवनका उत्तम थोकहरूका आनन्द उठाउनमा जति फस्छन्, र खीष्टियान सङ्गति र खीष्टसँग तिनीहरूको व्यक्तिगत सम्बन्धलाई जति बेवास्ता गर्छन्, खीष्टका पुनरागमनको आतुर प्रतीक्षा तिनीहरू त्यत्ति नै थोरै मात्रामा गर्छन्। अर्को पक्षबाट हेर्दा, जुन खीष्टियानहरूले दु:ख-कष्ट पाइरहेका वा सतावट झेलिरहेका छन्, वा जो धेरै वृद्ध र दुर्बल भइसकेका छन्, र खीष्टसँग जसको दैनिक हिँड़ाइ अत्यावश्यक र गहिरो छ, उनीहरूमा खीष्टको पुनरागमनको अझ तीव्र

---

गर्नको निम्ति याक ५:८ मा र नयाँ करारका अरू विभिन्न खण्डहरूमा प्रयोग गरिएको छ। *parousia* साधारण अङ्ग्रेजी र अन्य भाषाहरूमा सामान्यतया प्रयोग नगरिने हुनाले मैले यहाँ यसलाई प्रयोग गरेको छैनँ।

[२]यहाँ "पर्खिरहेको" भनी अनुवाद गरिएको शब्दको (*prosdechomai*) उत्साही वा उत्सुक अपेक्षाको सूक्ष्म अर्थभेद छ। यो शब्द अरिमाथियाका योसेफको बारेमा प्रयोग गरिएको छ, जसले "परमेश्वरका राज्यको बाटो हेर्दैथिए" (मर्क १५:४३; लूक २३:५१) र धर्मी शिमियोनबारे प्रयोग गरिएको छ जसले "इस्राएलका सान्त्वनाको आशा गर्ने" (लूक २:२५) व्यक्ति थिए।

[३]यहाँ "प्रतीक्षा" भनी अनुवाद गरिएको शब्द *apekdechomai* हो (रोम ८:१९,२३; १ कोर १:७; गला ५:५ मा यस अर्थमा यसको प्रयोगमाथि ध्यान दिनुहोस्)।

चाहना हुन्छ। यसो हुँदा, हामीले ख्रीष्टको पुनरागमनलाई जति तीव्र आतुरतासित प्रतीक्षा गर्दछौं त्यो नै त्यस क्षणमा, केही हदसम्म, हाम्रो आत्मिक जीवनको अवस्थाको नाप हुन्छ। यसले त्यो मात्राको केही नाप पनि दिन्छ जुन मात्रासम्म हामी संसारलाई यो वास्तवमा जस्तो छ त्यस्तै देख्छौं, जस्तो परमेश्वर यसलाई देख्नुहुन्छ, पापको बन्धनमा परेको र परमेश्वरको विरुद्ध विद्रोही भएको, अनि दुष्टको शक्तिमा जकड़िएको (१ यूह ५:१९)।

तर के यसको अर्थ यो हो कि हामीले दीर्घकालीन परियोजनाहरू आरम्भ गर्नु हुँदैन ? ख्रीष्टको पुनरागमनलाई उत्सुकतासित प्रतीक्षा गर्ने एउटा ख्रीष्टियान वैज्ञानिकले के दश वर्षीय लामो परियोजना आरम्भ गर्नु उचित हो ? वा एउटा ख्रीष्टियानले सेमिनरिमा वा बाइबल कलेजमा ईश्वरशास्त्रको तीन वर्षीय पाठचक्रम आरम्भ गर्नु उचित हो ? त्यस संस्थानको दीक्षान्त समारोह हुनुभन्दा अघि नै ख्रीष्ट फर्किआउनुभयो भने ? वा वास्तविक सेवाकार्यमा उल्लेखनीय समय दिने अवसर पाउनअघि नै ख्रीष्ट फर्किआउनुभयो भने ?

निस्सन्देह, हामीले आफैहरूलाई दीर्घकालीन परियोजनाहरूमा प्रतिबद्ध गर्नुपर्छ। ठीक यही कारणले गर्दा नै येशूले उहाँको पुनरागमनको समय हामीलाई जान्न दिनुहुन्न (तल पढ्नुहोस्)। हामीले जसरी नै जीवनयापन गरिरहेका भए तापनि उहाँको पुनरागमनको क्षणसम्म हामीले उहाँको आज्ञापालन गर्दैरहेका उहाँ चाहनुहुन्छ। ख्रीष्टको आगमनको निम्ति "तयार" रहनुको (मत्ती २४:४४) अर्थ उहाँले हामीलाई जुन काममा नियुक्त गर्नुभएको छ, त्यसैमा सक्रिय रूपले लागेर वर्तमानमा विश्वस्त भएर उहाँको आज्ञापालन गर्नु हो। उहाँ फेरि कहिले आउनुहुन्छ सो हामीले नजानेका कारण, यस्तो स्थितिमा, त्यस दिन निस्सन्देह कति यस्ता मिशनेरीहरू हुनेछन् जो मिशन-क्षेत्रतिर भर्खरै जान लागिरहेका हुनेछन्, तर जो आफ्ना गन्तव्यहरूमा कहिल्यै पुग्नेछैनन्। सेमिनरिको अन्तिम वर्षमा भएका यस्ता केही मानिसहरू हुनेछन् जसले आफ्नो प्रशिक्षणलाई मण्डलीमा पास्टरको रूपमा सेवा गर्नको निम्ति कहिल्यै पनि प्रयोग गर्नेछैनन्। त्यही दिन कतिपय शोधार्थीहरूले आफ्ना विद्यावारिधीय शोध-प्रबन्धहरू बुझाइरहेका हुनेछन्, उनीहरूका वर्षौंका शोधकार्यका फलहरू जो कहिल्यै पनि प्रकाशित हुनेछैनन् अनि जसले संसारलाई कहिल्यै पनि प्रभाव पार्नेछैनन्। तर ती सारा मानिसहरूलाई जो खीष्टियानहरू हुन्, येशूले भन्नुहुन्छ, "स्याबास्, असल र विश्वासी नोकर ! तँ थोरै कुरामा विश्वासी भईस्, अब म तँलाई धेरै कुराको जिम्मा दिनेछु। तँ आफ्ना मालिकको खुशीमा सहभागी हो" (मत्ती २५:२१)।

## ग. ख्रीष्ट कहिले फर्किआउनुहुनेछ भनी हामी जान्दैनौं

विभिन्न खण्डहरूले यो देखाउँछन् कि ख्रीष्ट फर्किआउनुहुने समय हामी जान्दैनौं, अनि जान्न सक्दैनौं। "मानिसको पुत्र *तिमीहरूले नचिताएको बेला आउनेछ"* (मत्ती २४:४४)। "यसकारण जागा रहो, किनकि *त्यो दिन र त्यो घड़ी तिमीहरूलाई थाहा छैन"* (मत्ती २५:१३)। यसबाहेक, येशूले भन्नुभयो, "त्यस दिन र त्यस घड़ीको विषयमा पिताले बाहेक अरू कसैले जान्दैन, नता स्वर्गमा हुने स्वर्गदूतहरूले, न

पुत्रले। होशियार रहो, जागा बस र प्रार्थना गर, किनकि त्यो बेला कहिले आउने हो, सो *तिमीहरूले जान्दैनौ"* (मर्क १३:३२-३३)।

हामी त्यो दिन वा घड़ीबारे जान्न सक्दैनौं तर हामी त्यो महिना वा वर्षबारे जान्दछौं भन्नु ती खण्डहरूको शक्तिबाट तर्किनु मात्र हो। तर यो तथ्य रहन्छ नै "तिमीहरूले नचिताएको बेला" येशू आउनुहुनेछ (लूक १२:४०)। (यी पदहरूमा "बेला/घड़ी" [*hora*]-लाई, अनिवार्यतः साठी मिनटको समयावधिको रूपमा नबुझेर, कुनै कुरा घटित हुनगइरहेको समयतिर सङ्केत गर्नको लागि सामान्य अर्थमा बझ्नु सर्वोत्तम हो।)[४] यी खण्डहरूले भन्न खोजेका कुरा यो हो कि येशूले हामीलाई यो भनिरहनुभएको छ कि उहाँ कहिले आउनुहुनेछ सो हामी जान्न सक्दैनौं। उहाँ नचिताएको बेला आउनुहुनेछ, यसकारण उहाँको पुनरागमनको निम्ति हामी सबै समय तयार रहनुपर्दछ।

यस कुराको व्यावहारिक परिणाम यो हो कि येशू फेरि कहिले आउनुहुनेछ सो पक्का गरी जान्दछु भन्ने कुनै पनि मानिसलाई स्वतः भुल ठान्नुपर्दछ। जेहोवाज् विटनेसेस्हरूले ख्रीष्टको पुनरागमनबारे धेरै पूर्ववाणीहरू गरेका छन्, अनि ती सबै गलत साबित भएका छन्।[५] तर मण्डली-इतिहासभरि नै अरूहरूले पनि, कहिले बाइबलका भविष्यद्वाणीहरूमा नयाँ अन्तर्ज्ञान प्राप्त गरेका दाबी गर्दै, अनि कहिले उहाँको दोस्रो आगमनको समयबारे येशू स्वयम्बाट प्रकाश पाएको दाबी गर्दै, त्यस्ता पूर्ववाणीहरू गरेका छन्। यो दुर्भाग्यपूर्ण कुरा हो कि धेरै मानिसहरू यी दाबीहरूद्वारा छलिएका छन्, किनभने यदि यी मानिसहरूले ख्रीष्ट एक महिनाभित्र नै फर्किआउनुहुनेछ (उदाहरणार्थ) भनी विश्वास गरे भने, तिनीहरूले सबै दीर्घकालीन कामहरू छोड़िदिनेछन्। तिनीहरूले आफ्ना नानीहरूलाई स्कूलबाट निकाल्नेछन्, आफ्ना जीविकोपार्जनका कामहरू छोड़िदिनेछन्, आफ्ना घरहरू बेचिदिनेछन्, कामहरू छोड़िदिनेछन्, मण्डलीमा वा अन्य कुनै ठाउँमा भएका तिनीहरूका दीर्घकालीन परियोजनाहरू तिनीहरूले त्यागिदिनेछन्। आरम्भमा तिनीहरूमा प्रचारको काम र प्रार्थनाका लागि बढ़ेको ठूलो जोश होला, तर तिनीहरूका व्यवहारको असङ्गत स्वभावको कारण तिनीहरूले प्रचारको काममा पार्न सक्ने प्रभावलाई व्यर्थ तुल्याउन सक्ला। यसबाहेक, ख्रीष्टको पुनरागमनको मिति जान्न सकिँदैन भन्ने बाइबलको शिक्षालाई तिनीहरूले केवल अवज्ञा गरिरहेका छन्, जसको अर्थ यो हुन्छ कि तिनीहरूका प्रार्थना र परमेश्वरसँग सङ्गतिमा नै पनि बाधित हुनेछन्। ख्रीष्ट फेरि फर्कनुहुने मिति कुनै पनि स्रोतहरूबाट जानेको दाबी गर्ने कुनै पनि मानिसलाई गलत भनी रद्द गरिनुपर्दछ।[६]

## घ. ख्रीष्टको पुनरागमनका अन्तिम परिणामहरूबारे सबै इभ्यानजेलिकल्हरू सहमत हुन्छन्

[४]BAGD, पृ. ८९६, ३।

[५]येशू अक्टोबर १, १९१४ मा अदृश्य रूपमा वास्तवमै फर्कनुभयो भन्ने दाबी गरेर आफ्नो प्रतिष्ठा बचाउने तिनीहरूको प्रयास अनुचित छ किनभने यसले ख्रीष्टको दृष्टिगोचर र सशरीर पुनर्आगमनको स्वभावलाई इन्कार गर्छ जसबारे माथि उद्धृत विभिन्न खण्डहरूले सुस्पष्ट रूपमा देखाएका छन्।

[६]यो "ज्ञानोदय" (enlightenment) भएको बीसौं शताब्दीमा पनि, यस प्रकारका चेताउनीहरू धेरै

विस्तृत बेहोराहरूबारे तिनीहरूबीच जुनै भिन्नताहरू भए तापनि, बाइबललाई तिनीहरूको अन्तिम अख्तियारस्वरूप लिने सबै खीष्टियानहरू यसबारे सहमत हुन्छन् कि ख्रीष्टको अन्तिम र चरम दोस्रो आगमनको परिणाम अविश्वासीहरूलाई दण्ड अनि विश्वासीहरूलाई इनाम हुनेछ, अनि विश्वासीहरू स्वर्ग र पृथ्वीमा सदाकालको निम्ति ख्रीष्टसँग बसोबास गर्नेछन्। पिता परमेश्वर, पुत्र अनि पवित्र आत्माले राज गर्नुहुनेछ अनि कुनै पाप, क्लेश वा दुःख-कष्टबिनाको राज्यमा उहाँ उपासित हुनुहुनेछ। हामी तलका अध्यायहरूमा यी ब्योहोराहरूलाई अझै विस्तृततासित छलफल गर्नेछौं।

## ङ. भविष्यका घटनाहरूका विवरणहरूबारे असहमति छ

तरै पनि, ख्रीष्टको पुनरागमन हुनुपूर्वका र उहाँको पुनरागमन लगत्तैपछिका विशिष्ट विवरणहरूबारे खीष्टियानहरूमा मतभेद छ। विशेष गरी, सहस्राब्दीको प्रकृति र सहस्राब्दीसित ख्रीष्टको पुनरागमनको सम्बन्धबारे, ख्रीष्टको पुनरागमन र पृथ्वीमा आउने महासङ्कष्टका समयको अनुक्रमबारे, अनि यहूदी मानिसहरूको मुक्तिको प्रश्नबारे (अनि उद्धार पाएका यहूदी मानिसहरू र मण्डलीको सम्बन्धबारे) उनीहरूबीच असहमति छ।

यीमध्ये कतिपय प्रश्नहरूलाई अझै सविस्तार जाँच्नअघि, यी प्रश्नहरूबारे बेग्ला-बेग्लै दृष्टिकोणहरू राख्नेहरूको साँचो इभ्यानजेलिकल् स्थिति पुष्टि गर्नु आवश्यक हुन्छ। यी विभिन्न दृष्टिकोणहरूमा विश्वास राख्ने सारा इभ्यानजेलिकल्हरू धर्मशास्त्र भुलविहीन वा त्रुटिविहीन छ भनी सहमत हुन्छन्, अनि धर्मशास्त्रले *जे पनि* सिकाउँछ त्यसमा विश्वास गर्न उनीहरू प्रतिबद्ध हुन्छन्। उनीहरूका मतविवादहरू यी घटनाहरूसित सम्बन्धित विभिन्न खण्डहरूको व्याख्यासित सम्बन्धित हुन्छन्, तर यी सामग्रीहरूबारे उनीहरूका मतविवादहरूलाई गौण विषयको रूपमा लिइनुपर्दछ, मूल धर्मसैद्धान्तिक सामग्रीहरूसम्बन्धी मतविवादहरूको रूपमा होइन।

तरै पनि, यी प्रश्नहरूलाई अझै विस्तृत रूपमा अध्ययन गर्नु हाम्रो समयको दुरुपयोग हुनेछैन, किनभने परमेश्वरले हाम्रो लागि योजना र प्रतिज्ञा गर्नुभएको घटनाहरूको प्रकृतिबारे हामी अरू अन्तर्दृष्टि प्राप्त गर्न सक्छौं, अनि किनभने यी

---

मानिसहरूका निम्ति विश्वास दिलाउने किसिमका हुन सक्छन्। सन् १९८८ मा प्रभावशाली शैक्षिक प्रमाणपत्रहरू भएका एक भूतपूर्व रकेट वैज्ञानिकले येशू सेप्टेम्बर १२, १९८८ मा फर्किआउनुहुनेछ भनी दाबी गर्दै एउटा पुस्तिका निकाले। यस पुस्तकका हजारौं प्रतिलिपिहरू संयुक्त राज्य अमेरिका र विश्वका विभिन्न स्थानहरूमा पुगे। मेरा केही गम्भीर स्वभावका मित्रहरू यो पढ़ेर तर्सिएका थिए अनि ख्रीष्ट फर्किआउनुहुँदा परिवारको रूपमा एकैसाथ हुनलाई हाम्रो समुदायका केही खीष्टियानहरूले आफ्ना छोरा-छोरीहरूलाई स्कूलबाट निकालेका थिए। यो पूर्ववाणी पूरा नहुँदा यसको लेखक Edgar Whisenant-ले ख्रीष्टको पुनर्आगमनको गणनामा एक वर्षको हिसाब भएको थिएन भनी यस पूर्ववाणीको मिति १ सेप्टेम्बर, १९८९ तोके (वा कमसेकम एक दिनअघि वा पछि) वा यस मितिमा आउनुभएन भने १९९० वा १९९१ वा १९९२ को रोस हसानाहमा, वा ढिलो भनेको वा सेप्टेम्बर १५-१७, १९९३ मा आउनुहुनेछ भनी पूर्वघोषणा गरे। निस्सन्देह, यी पूर्ववाणीहरू पनि सत्य भएनन्। तर यस पुस्तिकाको र यसका उत्तरभागको प्रकाशनले धेरै जीवनहरू लथालिङ्ग पारिदियो अनि  धेरै मानिसहरूमा यसले झुटो प्रत्याशाहरू जागृत गराइएदियो र त्यसपछि आघात दियो। हे. Edgar Whisenant, *88 Reasons Why the Rapature Will Be in 1988* (न्याशभाइल, टेन.: वर्ल्ड बाइबल सोसाइटी, १९८८) र Edgar Whisenat and Greg Brewer, *The Final Shout: Rapture Report 1989* (न्याशभाइल, टेन.: वर्ल्ड बाइबल सोसाइटी, १९८९)।

मुद्दाहरूलाई फेरि अझै विस्तृत रूपमा अध्ययन गर्न र तीबारे छलफल गर्न हामी सहमत हुँदा मण्डलीमा अझै ठूलो एकता आउनेछ भन्ने आशा अझै छँदैछ।

**ङ. के ख्रीष्ट कुनै पनि समय फर्किआउन सक्नुहुन्छ ?**

ख्रीष्ट कुनै पनि समय फर्किआउन सक्नुहुन्छ कि भन्ने प्रश्न असहमतिका क्षेत्रहरूमध्ये एउटा महत्त्वपूर्ण क्षेत्र हो। एकातिर, यस्ता धेरै खण्डहरू छन् जसले हामीलाई तयार रहन उत्साहित गर्छन् किनभने ख्रीष्ट त्यो घड़ी आउनुहुनेछ जब हामी आशा गर्दैनौं। अर्कोतिर, ख्रीष्टको दोस्रो आगमनअघि घटने केही विशेष घटनाहरूबारे बताउने अनेकौं खण्डहरू छन्। खण्डहरूका यी दुई समूहहरूबीच रहेका देखिने तनावलाई समाधान गर्ने विभिन्न तरिकाहरू रहिआएका छन्, जसमा कतिपय खीष्टियानहरूले ख्रीष्ट कुनै पनि बेला आउन सक्नुहुन्छ भनी निष्कर्ष निकाल्छन्, अनि अरू कतिले चाहिँ उहाँ कमसेकम एक पुस्तासम्म आउन सक्नुहुन्न, कारण उहाँ आउनअघि घटनुपर्छ भनी भविष्यद्वाणी गरिएका कतिपय घटनाहरू पूरा हुनका लागि त्यति समय त लाग्छ नै भन्ने निष्कर्ष निकाल्छन्।

**१. अचानक र अनपेक्षित रूपमा हुने ख्रीष्टको आगमन भविष्यवाणी गर्ने पदहरू ।** ख्रीष्ट अति चाँड़ो आउनसक्नुहुन्छ भनी भविष्यवाणी गर्ने खण्डहरूको सञ्चित (cumulative) बल अनुभव गर्नका लागि, ती पदहरूलाई यहाँ क्रमानुसार सूचीबद्ध गर्नु उपयोगी हुन्छ :

> यसकारण *जागा रहो,* किनकि कुन दिन तिमीहरूको प्रभु आउनेछ, सो तिमीहरू जान्दैनौ। तर यो जान, कि घरको मालिकले चोर रातको कुन पहरमा आउनेछ भनी जानेको भए, ऊ जागो रहनेथियो, र आफ्नो घर फोर्न दिनेथिएन। यसकारण *तिमीहरू पनि तयार रहो,* किनकि मानिसको पुत्र *तिमीहरूले नचिताएको बेलामा आउनेछ।* (मत्ती २४:४२-४४; तु. ३६-३९ पह.)

> त्यस नोकरको मालिक *त्यसले नचिताएको दिन र नजानेको घड़ीमा आइपुग्नेछ।* (मत्ती २४:५०)

> यसकारण जागा रहो, किनकि *त्यो दिन त्यो घड़ी तिमीहरूलाई थाहा छैन।* (मत्ती २५:१३)

> *त्यस दिन र त्यस घड़ीको विषयमा* पिताले बाहेक अरू *कसैले जान्दैन,* नता स्वर्गमा हुने स्वर्गदूतहरूले न पुत्रले। *होसियार रहो, जागा बस …* किनकि त्यो बेला कहिले आउने हो, सो तिमीहरू जान्दैनौ। (मर्क १३:३२-३३)

> यो त मालिकले आफ्ना चाकरहरूलाई घरको प्रत्येक काम र दायित्वको जिम्मा दिएर र पालेलाई जागा रहनू भनी आज्ञा दिएर परदेश लागेको

जस्तो हो। *"यसकारण तिमीहरू पनि जागा रहो,* किनकि *घरको मालिक* बेलुकी, कि आधा रातमा, कि भाले बास्दा, कि बिहान, *कहिले आउने हो, सो तिमीहरू जान्दैनौ*। नत्रता ऊ अचानक आउँदा उसले तिमीहरूलाई निदाइरहेका भेट्टाउला। जे म तिमीहरूलाई भन्दछु त्यो म सबैलाई भन्दछु, *'जागा रहो'*। (मर्क १३:३४-३७)।

*तिमीहरू पनि तयार रहो,* किनकि तिमीहरूले *नचिताएका बेलामा* मानिसको पुत्र आउनेछ। (लूक १२:४०)।

हे *हाम्रा प्रभु, आउनुहोस्!* (१ कोर १६:२२)

तर हाम्रो नागरिकता स्वर्गमा छ। त्यहाँबाट आउनुहुने *मुक्तिदाता, अर्थात् प्रभु येशू ख्रीष्टको प्रतीक्षा हामी गर्दछौं*। (फिलि ३:२०)

किनकि तिमीहरू आफै राम्ररी जान्दछौ, *प्रभुको दिन त रातमा चोर आएझैं आउनेछ*। (१ थेस ५:२)

... हामीलाई भक्तिहीनता र सांसारिक तृष्णाहरू त्याग्न र संसारमा संयमी, सोझो र भक्त भएर जीवन यापन गर्न तालीम दिन्छ। र *हाम्रो धन्यको आशा* – हाम्रा महान् परमेश्‍वर र मुक्तिदाता येशू ख्रीष्टका महिमाको आगमनको हामी प्रतीक्षा गर्दछौं। (तीत २:१२-१३)

प्रभुको *दिन नजिक आइरहेको तिमीहरूले देखेका हुनाले* एउटाले अर्कालाई झन् प्रोत्साहन देओ (हिब १०:२५)।

यसकारण भाइ हो, प्रभुको आगमन नहोउञ्जेल धैर्य धारण गर ... आफ्नो हृदयलाई स्थिर गराओ, किनकि *प्रभुको आगमन नजिकै छ ... हेर, न्यायकर्ता ढोकैमा हुनुहुन्छ*। (याक ५:७-९)

*सबै कुराको अन्त्य नजिकै आएको छ*। (१ पत्र ४:७)

तर *प्रभुको दिन त चोरजस्तै गरी झट्टै आउनेछ,* जसमा आकाशचाहिँ ठूलो आवाजसाथ बितिजानेछ, तत्त्वहरू आगोको रापले पग्लिनेछन्, र पृथ्वी र त्यसमा भएका सबै थोक भस्म हुनेछन्। (२ पत्र ३:१०)

*किनकि समय नजिक छ*। (प्रका १:३)

*हेर, म चाँड़ै आउँदैछु*। (प्रका २२:७)

हेर, *म चाँड़ै आउँदैछु। हरेक मानिसलाई उसले गरेअनुसार दिने प्रतिफल मसँग छ*। (प्रका २२:१२)

यो कुरा गवाही दिनेले भन्नुहुन्छ, *"निश्‍चय, म चाँड़ै आउँदैछु।"* आमिन,

*आउनुहोस्, हे प्रभु येशू*। (प्रका २२:२०)

यी परिच्छेदहरूबारे हामी के भन्ने ? ख्रीष्टको पुनरागमनभन्दा अघि देखापर्ने चिन्हहरूबारे नयाँ करारका परिच्छेदहरूमा केही नभएका भए, माथि भर्खरै उद्धृत गरिएका परिच्छेदहरूबाट हामीले यो निष्कर्ष निकाल्नेथियौं कि येशू कुनै पनि समयमा आउनुहुनेछ। यस अर्थमा, हामी यो भन्न सक्छौं कि ख्रीष्टको पुनरागमन *सन्निकट* छ।[७] ख्रीष्ट चाँड़ै आउनुहुन्न भनी सोच्ने कुनै कारण हुँदो हो त, *तयार रहने* र *जागा बस्ने* आज्ञाको बललाई मन्द बनाइदिएको प्रतीत हुनेछ।

ख्रीष्टको आगमनअघि देखापर्ने चिन्हहरूसम्बन्धी खण्डहरूमा ध्यान दिनुभन्दा अघि, यहाँनेर अर्को समस्याबारे विचार गर्नुपर्दछ। उहाँ चाँड़ै फर्किआउनुहुनेछ भन्ने उनीहरूको आशामा के नयाँ करारका लेखकहरू र येशू गलत थिए ? ख्रीष्टको दोस्रो आगमन केही वर्षभित्र नै हुनेछ भनी के उनीहरूले सोचेनन् वा शिक्षै पनि दिएनन् र ? वास्तवमा, नयाँ करारका उदारवादी विद्वान्हरूमाझ एउटा अति नै प्रमुख दृष्टिकोण यो रहेको छ कि उहाँ चाँड़ै आउनेछु भनी येशूले गलत शिक्षा दिनुभयो।

तर भर्खरै उद्धृतमध्ये कुनै पनि मूलपाठहरूलाई यो व्याख्याको आवश्यकता पर्दैन। तयार रहनू भन्ने मूलपाठले हामीले कति लामो पर्खनुपर्ने हो वा हामीले आशा नगरेका समयमा येशू आउनुहुनेछ भनी भन्दैन। येशू चाँड़ै आउनुहुनेछ भन्ने मूलपाठहरूबारे हामीले यो बझ्नुपर्दछ कि बाइबलका अगमवक्ताहरू प्रायः नै "अगमवाणिक रूपमा छोट्ट्याएर चिन्हण गर्ने" अर्थमा बोल्छन्, जसले भविष्यका घटनाहरू देख्छन् तर अगमवाणी र ती घटनाहरू घटनुबीचका समयको अन्तराललाई देख्दैनन्।

George Ladd भन्छन् :

> अगमवक्ताहरूले समयक्रममा थोरै चासो राख्थे अनि भविष्यलाई सदैव सन्निकट भनी हेरिन्थ्यो ... पुरानो करारका अगमवक्ताहरूले (घटनाहरूको) सग्लो दृश्य बनाउनलाई नजिक र टाढ़ाका परिप्रेक्ष्यहरूलाई मिश्रण गर्थे। बाइबलीय अगमवाणी मूलतः तीन होइन दुई आयामको हुन्छ; यसको उचाइ र चौड़ाइ हुन्छन् तर गहराइबारे, अर्थात् भविष्यमा हुने घटनाहरूको कालक्रमबारे यसले थोरै वास्ता राख्छ ... टाढ़ाको कुरालाई तत्कालको पारदर्शिताबाट हेरिन्छ। यो साँचो हो कि प्रारम्भिक मण्डली प्रभुको पुनरागमनको प्रत्याशामा बाँचेको थियो, र हरेक पुस्तालाई अन्त्यबारे

[७]यस अध्यायमा यो स्पष्ट बनाइनुपर्दछ कि *सन्निकट* शब्दलाई प्राक्‌महासङ्कष्ट सशरीर स्वर्गारोहण गरिइनेछ (*rapture*) भन्ने दृष्टिकोण (जसको व्याख्या तल गरिएको छ) बुझाउने प्राविधिक शब्दको रूपमा प्रयोग गरिरहेको छैनँ, तर ख्रीष्ट कुनै पनि दिन वा कुनै पनि घण्टा आउन सक्नुहुन्छ भन्ने अर्थ दिनलाई प्रयोग गरेको छु।

यसबाहेक, ख्रीष्ट निश्चय नै चाँड़ै आउनुहुनेछ भनी बुझाउनलाई मैले *सन्निकट* शब्द प्रयोग गरिरहेको छैनँ (किनकि यसो गरे सन्निकटताबारे शिक्षा दिने पदहरू लेखिरहिएको बेला ती असत्य भएका हुनेथिए)। ख्रीष्ट आउन *सक्नुहुन्थ्यो* वा सायद कुनै समय आउन *सक्नुहुन्छ* र उहाँ कुनै दिन आउनुहुन्छ भनी हामी तयार रहनुपर्छ भनी अर्थ्याउनलाई मैले *सन्निकट* शब्द प्रयोग गरेको छु। (अरूहरूले *सन्निकट* शब्दलाई ख्रीष्ट कुनै पनि पुस्तामा आउन सक्नुहुन्छ भन्ने अर्थ दिँदै यसलाई विस्तृत रूपमा प्रयोग गरेका छन्। मैले यस अध्यायमा यो शब्दलाई त्यस प्रकारले प्रयोग गरेको छैनँ।

प्रत्याशासित बाँच्न सम्भव बनाउनु नै बाइबलीय अगमवाणीको स्वभाव हो।[८]

पत्रुसले पनि हामीलाई स्मरण गराउँछन् कि समयबारे प्रभुको दृष्टिकोण हाम्रोभन्दा भिन्नै छ, यसकारण उहाँको निम्ति “चाँड़ै” हामीले आशा गरेको जस्तो नहुन सक्छ, “तर प्रिय हो, यो एउटा कुरा नभुल, कि प्रभुको निम्ति एक दिन हजार वर्षझैं र हजार वर्ष एक दिनझैं हुन्छ। आफ्नो प्रतिज्ञाको बारेमा प्रभु ढिलो गर्नुहुन्छ भन्ने कसै-कसैको भनाइ भए तापनि उहाँ ढिलो गर्नुहुन्न” (२ पत्र ३:८-९)।

## २. ख्रीष्टको पुनरागमनअघि देखिने चिन्हहरू

विचार गर्नुपर्ने अरू मूलपाठहरूको समूहले ती अनेकौं चिन्हहरूबारे बताउँछन् जो ख्रीष्टको पुनरागमनअघि देखिनेछन् भनी धर्मशास्त्रले बताउँछ। वास्तवमा, Berkhof भन्छन्, “धर्मशास्त्रअनुसार ख्रीष्टको पुनरागमनभन्दा पहिले विभिन्न महत्त्वपूर्ण घटनाहरू घटने नै छन् र त्यसकारण यसलाई सन्निकट भन्न सकिन्न।”[९]

ख्रीष्टको पुनरागमनभन्दा पहिले हुनेपर्ने विभिन्न घटनाहरूलाई अत्यन्त सोझै बताउने खण्डहरूको तालिका बनाउन यहाँ उपयोगी हुनेछ।

### अ. सबै जातिहरूलाई सुसमाचार प्रचार :

> *र पहिला सबै जातिहरूलाई सुसमाचार प्रचार गरिनुपर्छ।* (मर्क १३:१०; तु. मत्ती २४:१४)

### आ. महासङ्कष्ट :

> जब तिमीहरूले लड़ाइँ र लड़ाइँहरूको हल्ला सुन्नेछौ, तब नडराओ। यस्ता घटनाहरू हुनु आवश्यक छ। तर अन्त्यको दिन आउनु अझ बाँकी नै छ। किनभने जातिको विरुद्धमा जाति, र राज्यको विरुद्धमा राज्य खड़ा हुनेछ। *ठाउँ-ठाउँमा भूकम्पहरू जानेछन्,* अनिकालहरू हुनेछन्। *योचाहिँ स्त्रीलाई प्रसववेदना शुरू भएझैं* संकष्टको आरम्भ हो। (मर्क १३:७-८; तु. मत्ती २४:१५-२२; लूक २१:२०-२४)

> किनकि ती दिनहरूमा *यस्तो महासङ्कष्ट आइपर्नेछ कि परमेश्वरले गर्नुभएको सृष्टिको शुरूदेखि अहिलेसम्म नता यस्तो भएको छ, न कहिल्यै हुनेछ। यदि परमेश्वरले ती दिनहरू नघटाइदिनुभएको भए ता कुनै मानिस बाँच्नेथिएन,* तर उहाँले चुन्नुभएकाहरूका खातिर ती दिन घटाउनुभएको छ। (मर्क १३:१९-२०)

### इ. चिन्ह र आश्चर्यका कामहरू गर्ने झुटा अगमवक्ताहरू :

> *झुटा ख्रीष्टहरू र झुटा अगमवक्ताहरू खड़ा हुनेछन्, अनि सम्भव भए*

[८] George Eldon Ladd, *A Commentary on the Revelation of John* (ग्रान्ड र्‍यापिडस्: इर्डम्यान्स, १९७२), पृ. २२।

[९] Berkhof, *Sysetmatic Theology,* पृ. ६९६। उनी अनेकौं घटनाहरू सूचीबद्ध गर्छन्, जस्तै सबै

*चुनिएकाहरूलाई भ्रममा पार्न तिनीहरूले चिन्हहरू र आश्‍चर्यका कामहरू गर्नेछन्*। (मर्क १३:२२; तु. मत्ती २४:२३-२४)

**ई. आकाशमा चिन्हहरू :**

> *तर ती दिनमा त्यस महासङ्कष्टपछि सूर्य अँध्यारो हुनेछ, र चन्द्रमाले आफ्नो चमक दिनेछैन, ताराहरू आकाशबाट खस्नेछन्, र आकाशमा भएका शक्तिहरू डगमगाउनेछन्।* अनि त्यस समयमा मानिसहरूले मानिसको पुत्रलाई शक्ति र महिमासित बादलमा आउँदैगरेको देख्नेछन्। (मर्क १३:२४-२५; तु. मत्ती २४:२९-३०; लूक २१:२५-२७)

**उ. पाप र विद्रोहका मानिसको आगमन :** जबसम्म पापको मानिस सर्वप्रथम प्रकट हुँदैन तबसम्म ख्रीष्ट आउनुहुन्न र प्रभु येशू ख्रीष्टले उहाँको आगमन हुँदा त्यसलाई नष्ट गर्नुहुनेछ भनी पावलले थेसलोनिकीहरूलाई लेख्छन्। "पापको मानिस"-लाई कहिलेकाहीँ प्रकाश १३ को पशुको रूपमा चिन्हित गरिन्छ, र त्यसलाई कहिलेकाहीँ ख्रीष्टविरोधी भनिन्छ, जो १ यूहन्ना २:१८ मा उल्लेखित "ख्रीष्ट विरोधीहरूमध्ये" अन्तिम र निकृष्टतम ख्रीष्टविरोधी हो। पावल लेख्छन् :

> येशू ख्रीष्टका आगमनको विषयमा ... *पहिले विद्रोह नभएसम्म* पापको मानिस, अर्थात् *सर्वनाशको छोरो प्रकट नभएसम्म ती दिन आउनेछैन।* त्यसले ईश्‍वर कहलिएका सबै अथवा पूज्य वस्तुहरूको विरोध गर्छ र तीभन्दा आफैलाई उच्च तुल्याउँछ, *यहाँसम्म कि आफैलाई परमेश्‍वर नै घोषणा गरेर परमेश्‍वरको मन्दिरमा त्यो बस्छ।* ... त्यो आफ्नो समयमा प्रकट होस् भन्ने हेतुले कुन कुराले त्यसलाई अहिलेसम्म रोकिराखेको छ। ... किनकि अधर्मको रहस्यले अघिबाटै काम गरिरहेछ। अहिलेसम्म जसले त्यसलाई रोकिराख्नुभएको छ, उहाँ नहटुञ्जेल त्यसलाई रोकी नै राख्नुहुनेछ। *तब त्यस पापको मानिस प्रकट हुनेछ, जसलाई प्रभु येशूले आफ्नो मुखको सासले नाश पार्नुहुनेछ,* र उहाँका आगमनको प्रकाशले त्यसलाई नाश गर्नुहुनेछ। *शैतानको कामकाजबमोजिम पापको मानिस सारा शक्ति र छलसँग चिन्हहरू र चमत्कारसहित, र नाश हुनेहरूलाई छलमा पार्ने समस्त दुष्टतासहित आउनेछ,* किनकि तिनीहरूले सत्यलाई प्रेम गर्न र त्यसरी बाँच्न इन्कार गरे। (२ थेस २:१-१०)

**ऊ. इस्राएलको मुक्ति :** धेरै यहूदीहरूले ख्रीष्टलाई भरोसा गरेका छैनन् भन्ने तथ्यबारे पावलले बताउँछन्, तर उनले यो भन्छन् कि भविष्यमा कुनै बेला ती ठूलो संख्यामा बचाइनेछन् :

> अब यदि तिनीहरूको अपराध संसारको निम्ति सम्पत्ति र तिनीहरूको

जातिहरूमा सुसमाचारको प्रचार, इस्राएल पूर्ण रूपमा ख्रीष्टियान बनेको, महासङ्कष्ट, ख्रीष्टविरोधी खुलस्त गरिएको अनि धेरै गम्भीर चिन्ह र उदेकका कामहरूको मिश्रण (युद्धहरू, अनिकाल, भुइँचालोहरू, आश्‍चर्यकर्म गर्ने झुटा अगमवक्ताहरू, सूर्य, चन्द्रमा र ताराहरूमा डरलाग्दा चिन्हहरू)। यी सबै घटनाहरूबारे उनी

> असफलताचाहिँ अन्यजातिहरूका निम्ति सम्पत्ति हुने हो भनेता तिनीहरूको पूर्ण समावेश झन् कति अर्थपूर्ण होला ! (रोम ११:१२)[१०]
>
> भाइ हो, आफ्नै अभिमानमा तिमीहरू बुद्धिमान् हुन खोज्छौ कि भनेर तिमीहरू यो रहस्य बुझ भन्ने म चाहन्छु, कि अन्यजातिहरूको संख्या पूर्ण नभएसम्म इस्राएलीहरूको एक अंशमा कठोरता आएको छ। *यसरी सारा इस्राएलको उद्धार हुनेछ*। (रोम ११:२५-२६)

**ऋ. ख्रीष्टको आगमनअघि देखापर्ने यी चिन्हहरूबाट आउने निष्कर्षहरू** : यी खण्डहरूको प्रभाव यति स्पष्ट देखिन्छ कि, माथि उल्लेख गरिएझैं, धेरै ख्रीष्टियानहरूले ख्रीष्ट कुनै पनि समय फर्किआउन सक्नुहुन्न भनी बोध गरेका छन्।[११] हामीले माथि दिइएका चिन्हहरूको सूची हेर्दा, यीमध्ये अधिकांश, वा शायद सबै नै, घटनाहरू अझसम्म देखापरेका छैनन् भनी देखाउनलाई धेरै तर्कहरू पेश गर्न आवश्यक देखिँदैन। वा यी अनुच्छेदहरू प्रथम  पटक पढ्दा यस्तै नै हो भन्ने देखिन्छ।[१२]

**३. सम्भाव्य समाधानहरू ।** हामी तयार रहनुपर्दछ कारण ख्रीष्ट हठात् फेरि आउन सक्नुहुनेछ भनी हामीलाई चेताउनी दिने खण्डहरू र ख्रीष्ट फेरि आउनसक्नुभन्दा पहिले विभिन्न महत्त्वपूर्ण र देख्न सकिने घटनाहरू घटनैपर्दछ भन्ने खण्डहरूबीच हामीले कसरी समन्जस्य स्थापित गर्ने ? विभिन्न समाधानहरू प्रस्तावित गरिएका छन्।

एउटा समाधान यो भन्नु हुन्छ कि *ख्रीष्ट कुनै पनि समय आउन सक्नुहुन्न*। माथि उद्धृत वाक्यमा Berkhof-ले लिएका दृष्टिकोण यही नै हो। ख्रीष्ट फर्किआउनमा कति समय लाग्ला त्यो कुनै-कुनै चिन्हहरू, जस्तै सबै जातिहरूमा प्रचार, महासङ्कष्ट आउनु, उद्धार गरिइने यहूदीहरूको सम्पूर्ण संख्या समावेशजस्ता चिन्हहरू पूरा हुनलाई कति समय लाग्ला भनी हरेक मानिसले गर्ने अनुमानमा निर्भर गर्छ।

यस दृष्टिकोणमा दुईवटा कठिनाइहरू छन्। सर्वप्रथम, हामी होसियार र तयार बस्नुपर्दछ अनि उहाँ हामीले आशा नगरेका घड़ीमा आउनुहुनेछ भन्ने चेताउनीको जुन बल छ त्यसलाई यस दृष्टिकोणले निरस्त गरिदिएको प्रतीत हुन्छ। यो आगमन धेरै वर्षसम्म हुन सक्नेछैन भनी हामीले जानेपछि ख्रीष्ट आशा नगरिएको समयमा आउनुहुनेछ भन्ने चेताउनीमा कुन शक्ति रहन्छ र ? ख्रीष्टको पुनरागमनको अत्यावश्यक

पृह. ६९७-७०३ मा छलफल गर्छन्।

[१०]"पूर्ण समावेश" भनी अनुवाद गरिएको ग्रीक शब्द *pleroma*, अर्थात् "पूर्णता" हो। भविष्यमा सबै इस्राएललाई परमेश्वरका जनमा समाविष्ट गरिइनुलाई कहिलेकाहीँ इस्राएलको "पूर्णता" भनिन्छ।

[११]Loius Berkhof-ले मत्ती २५:१९ पनि उल्लेख गर्छन्; यसमा मालिक "धेरै लामो समयपछि फर्किआएको" कुरा छ अनि मत्ती २५:५ ले दुलहाँको पुनर्आगमनमा भएको ढिलाइबारे बताउँछ (*Systematic Theology*, पृ. ६९७)। तर समय ठीक कति लामो थियो सोबारे दुवै अनुच्छेदहरू अस्पष्ट छन्, अनि येशू स्वर्ग फर्किजानुभएपछि दस वा बीसै वर्षको विलम्बसित पनि मिल्ने प्रकारका छन्।

[१२]"युद्ध र युद्धका हल्लाहरू" र "ठाउँ-ठाउँमा अनिकाल र भूकम्प"-लाई ख्रीष्टको पुनर्आगमनका अघि देखिने चिन्हहरू हुन् भनी मैले सूचीबद्ध गरेको छैनँ। यी इतिहासभरि नै थिए अनि येशूको पुनर्आगमनको तुरुन्तैअघि देखापर्ने चिन्हहरू भनी होइन तर "प्रसववेदनाको शुरू"-को रूपमा (मत्ती २४:८) ती चिन्हहरूभन्दा पहिले आउने घटनाहरूका रूपमा सूचीबद्ध गरेको छु। तरै पनि यी कुराहरू तीव्र बन्दै जानुले अन्तिम दिनहरूका आरम्भको सङ्केत दिएको हुन सक्छ, र यी चिन्हहरूसितै अन्य चिन्हहरू पनि देखिन थालिनेछन्।

प्रत्याशाको भावलाई अत्यधिक मात्रामा न्यून पारिएको छ वा पूर्ण रूपमा इन्कार गरिएको छ, अनि यी चेताउनीहरू दिनमा येशूको जुन आशय थियो, परिणाम त्यसको ठीक विपरीत देखिन्छ।

दोस्रो, यो दृष्टिकोणले यी चिन्हहरूलाई येशूले तिनलाई प्रयोग गर्न चाहनुभएको भन्दा ठीक विपरीत ढङ्गमा प्रयोग गरेको देखिन्छ। यी चिन्हहरू यसकारण दिइएका छन् कि तिनलाई देख्दा ख्रीष्टको पुनरागमनबारे *हाम्रो आशा तीव्र बनोस्।* येशूले भन्नुभयो, *"जब यी कुरा हुन थाल्छन् तब खड़ा होओ र आफ्नो शिर माथि उठाओ, किनभने तिमीहरूको उद्धार नजिकै आइरहेछ"* (लूक २१:२८)। विश्वासीहरू नबहकून् र तिनीहरूले झुटा मसीहहरूलाई नपछ्याऊन् भनेर पनि यी चिन्हहरू दिइएका छन्, "होशियार रहो, कसैलाई तिमीहरूलाई भ्रममा नपारोस्। धेरै जना मेरो नाउँमा 'म उही हुँ' भन्दै आउनेछन्, र तिनीहरूले धेरैलाई भ्रममा पार्नेछन्। ... त्यो बेला कसैले तिमीहरूलाई 'हेर ख्रीष्ट यहाँ छन्' वा 'त्यहाँ छन्' भन्यो भने, तिमीहरू विश्वास नगर" (मर्क १३:५-६, २१)। यसकारण यी असाधारण घटनाहरूद्वारा खीष्टियानहरू चकित् नहोऊन् भनी, परमेश्वरले ती सबैबारे अधिबाटै जान्नुहुन्छ भनी तिनीहरूलाई आश्वासन दिनका लागि, अनि येशूजस्तै नाटकीय, दृष्टिगोचर र विश्वविजेताका रूपमा नआउने तथाकथित मसीहहरूलाई पछ्याउनबाट खीष्टियानहरूलाई रोक्नका लागि चिन्हहरू दिइएका छन्। तर *"येशू अझ केही वर्षसम्म आउन सक्नुहुन्न" भनी हामीलाई सोच्ने बनाउनका लागि चिन्हहरू कहिल्यै पनि दिइएका छैनन्।* उहाँको पुनरागमनको निम्ति तयार नहुने कारण उपलब्ध गराउनलाई वा उहाँ कुनै पनि समय आउन सक्नुहुन्छ भनी आशा नगर्न उत्साहित गर्नलाई येशूले यी चिन्हहरू दिनुभयो भन्ने कुनै सङ्केत छैन ! ख्रीष्टको पुनरागमनअघि आउने चिन्हहरूलाई यसरी प्रयोग गर्नु भनेको (उदाहरणार्थ, जसरी Berkhof प्रयोग गर्छन्) ती चिन्हहरूलाई येशूले कहिल्यै आशय नराख्नुभएको ढङ्गमा प्रयोग गर्नु हो। त्यसकारण ख्रीष्ट कुनै पनि समय आउन सक्नुहुन्न भन्नु पत्यारलाग्दो देखिँदैन।

यस समस्याको अर्को प्रमुख समाधान यो भन्नु हुन्छ कि *ख्रीष्ट वास्तवमै कुनै समयमा आउन सक्नुहुन्छ।* यसपछि यी दुई जोड़ी खण्डहरूमा सामञ्जस्य स्थापित गराउनु हो। (१) यी दुईमा सामञ्जस्य स्थापित गर्ने एउटा तरिका यो भन्नु हुन्छ कि *नयाँ करारले ख्रीष्टका दुई सुनिश्चित पुनरागमनहरू,* वा दुईवटा दोस्रो आगमनहरूबारे[१३] *बताउँछ,* अर्थात्, एउटा *गुप्त* आगमन हुनेछ जसमा ख्रीष्टले खीष्टियानहरूलाई संसारबाट लानुहुनेछ ("उहाँका सन्तहरूका निम्ति" आगमन); र त्यसपछि पृथ्वीमा सात वर्षको सङ्कष्ट भइसकेपछि, देख्न सकिने, *सार्वजनिक,* विजयी आगमन हुनेछ (जो "उहाँका सन्तहरूसँग" भएको आगमन हुनेछ)। सात वर्षको अन्तरालमा अहिलेसम्म पूरा नभएका चिन्हहरू (महासङ्कष्ट, चिन्हहरू र उदेकका कामहरू गर्ने झुटा अगमवक्ताहरू, ख्रीष्ट विरोधी, इसाएलको उद्धार र आकाशमा देखिने चिन्हहरू)

---

[१३]यस दृष्टिकोणलाई समर्थन गर्ने मानिसहरूले यसलाई दुईवटा दोस्रो आगमनहरू भनी चिन्हण गरिएकोमा आपत्ति जनाउँछन् र यसलाई एउटै दोस्रो आगमनका दुई पक्षहरू हुन् भन्न मन पराउँछन्, तर यी दुई आगमनहरूलाई कम्तीमा पनि सात वर्षको समयअन्तरालले छुट्ट्याएको हुनाले यस दृष्टिकोणले दुईवटा दोस्रो आगमनहरूमा विश्वास गरेको हो भन्नुमा गलत देखिँदैन।

पूरा हुनेछन्, ताकि "कुनै पनि समयमा" हुने आगमनको निम्ति गरिने प्रतीक्षा र धेरै चिन्हहरू देखा परेर पछिबाट हुने आगमनबीच कुनै पनि तनाउ हुनेछैन।[१४]

यो समाधानमा निहित समस्या यही हो कि उहाँको पुनरागमनको भविष्यवाणी गर्ने खण्डहरूबाट दुई भिन्न-भिन्नै आगमनहरू हुनेछन् भन्ने निष्कर्ष निकाल्न कठिन छ। तरै पनि, हामी यसबारे यहाँ छलफल गर्नेछैनौं, यसपछिको अध्यायमा ख्रीष्टको पुनरागमनको प्राक्‌महासङ्कष्टीय प्राकसहस्राब्दीगत (pretribulational premillennial) दृष्टिकोण[१५] छलफल गर्दा यसबारे छलफल गर्नेछौं। यस कुरामाथि पनि ध्यान दिइनुपर्दछ कि ऐतिहासिक रूपमा यो समाधान हालैको समाधान हो, किनकि गत शताब्दी John Nelson Darby-ले (१८००-१८८२) यो प्रस्ताव नगरेसम्म यो समाधान मण्डलीको इतिहासमा अज्ञात थियो। यसले हामीलाई यो सत्यताबारे सचेत गराउनुपर्छ कि माथि उद्धृत गरिएका खण्डहरूले प्रस्तुत गर्ने तनाउको सम्भाव्य समाधान यो मात्र होइन।

(२) अर्को समाधान यो भन्नु हुन्छ कि *सबै चिन्हहरू पूरा भइसकेका छन्, र त्यसकारण ख्रीष्ट वास्तवमा कुनै पनि क्षण फर्किआउन सक्नुहुन्छ*। यस दृष्टिकोण-अनुसार, कुनै पनि व्यक्तिले प्रारम्भिक मण्डलीमा घटेका, वा प्रथम शताब्दीकै मण्डलीमा घटेका घटनाहरूमा पनि यी चिन्हहरू पूरा भएका खोज्न सक्छन्। कुनै अर्थमा यो भन्न सकिन्छ कि सुसमाचार वास्तवमा सबै जातिहरूलाई प्रचार गरिएको थियो, झुटा अगमवक्ताहरू खड़ा भए र तिनीहरूले सुसमाचारको विरोध गरे, केही रोमी सम्राटहरूका हातमा मण्डलीले भोगेको सतावटहरूमा त्यो महासङ्कष्ट आएको थियो, कानुनविनाको मान्छे वास्तवमा सम्राट निरो थिए, अनि यहूदीहरूको यो भेला हुने घटनाको (रोम ११:१) सुरुआतको एउटा उदाहरणस्वरूप पावलले आफैलाई पनि समावेश गरेका कारण, उद्धार गरिनुपर्ने यहूदीहरूको पूर्ण संख्या मण्डलीको इतिहाससँगसँगै क्रमशः पूरा भइरहेको छ। ख्रीष्टको पुनरागमनअघि देखिइने चिन्हहरू सम्भवतः पूरा भइसकेका *हुन सक्छन्* भन्ने दृष्टिकोणलाई हामी तलको खण्डमा अझै विस्तृत रूपमा छलफल गर्नेछौं,[१६] तर यहाँ हामी यस कुरामाथि ध्यान दिन सक्छौं कि ती चिन्हहरू पूरा भइसकेका *छन्* भन्ने कुनै पनि दृष्टिकोण धेरै मानिसहरूले पत्यारलाग्दो पाएका छैनन्, किनभने यी चिन्हहरूले पहिलो शताब्दीमा घटेका घटनाहरूभन्दा धेरै ठूला घटनाहरू देखाउँदछन् भन्ने तिनीहरूलाई लाग्दछ।

(३) यी दुई खण्डहरूको समूहमा पाइने विवादलाई सुल्झाउने अर्को सम्भाव्य उपाय छ। त्यो यही भन्नु हो कि *चिन्हहरू अगावै पूर्ण गरिसकिएका हुनु असम्भाव्य तर सम्भव छ*, र त्यसकारण यी घटनाहरू पूरा भए वा भएनन् भनी इतिहासको कुनै बिन्दुमा निश्चिततासित जान्न हामी सक्दैनौं। यो दृष्टिकोण आकर्षक छ किनकि

[१४]यो दृष्टिकोण प्राक्‌महासङ्कष्टीय दृष्टिकोण हो, जसलाई प्रायः नै प्राक्‌महासङ्कष्टीय सशरीर उठाइलगिने दृष्टिकोण भनिन्छ, किनकि यो दृष्टिकोणका पक्षधरहरूले ख्रीष्टियानहरूलाई संसारबाट लैजानलाई ख्रीष्टको पहिलो गुप्त पुनर्आगमनलाई प्रायः नै "सशरीर उठाइने कार्य" (*"rapture"* ल्याटिन *rapio-* ["पक्रनु, खोस्नु, बोकिलैजानु"]-बाट) भन्छन्। यो दृष्टिकोणबारे अ. ५५ मा छलफल गरिएको छ।

[१५]ख्रीष्टको पुनर्आगमनबारे प्राक्‌महासङ्कष्टीय प्राक्‌सहस्राब्दिक दृष्टिकोणको विश्लेषणको निम्ति हे. अ. ५५।

[१६]ख्रीष्टको पुनर्आगमनअघिका सबै चिन्हहरू पूरा भइसकेका हुनु असम्भाव्य तर सम्भव छ भन्ने

यसले चिन्हहरूको आधारभूत उद्देश्यलाई अनि चेताउनीहरूको आधारभूत उद्देश्यलाई, अनि ख्रीष्ट कहिले आउनुहुन्छ त्यो हामीले जान्नु हुँदैन भन्ने तथ्यलाई गम्भीरतापूर्वक लिन्छ। यी चिन्हहरू सम्बन्धमा यो भन्नुपर्छ कि ती चिन्हहरूको मूल उद्देश्य ख्रीष्टको आगमनबारे हाम्रो प्रत्याशालाई तीव्र बनाउनु हो। यसकारण, यी चिन्हहरूसित मिल्ने कुराहरूका सङ्केतहरू जब पनि हामी देख्छौं, तब ख्रीष्टको पुनरागमनबारे हाम्रो प्रत्याशाहरू जागृत हुनेछ र तीव्र बनाइनेछ। तयार रहनु भन्ने चेताउनीसम्बन्धी यो भन्न सकिन्छ कि यस दृष्टिकोणका पक्षधरहरूले ख्रीष्टको पुनरागमन कुनै पनि समय हुन सक्छ भन्छन् (कारण चिन्हहरू पूरा भइसकेका छैनन् भनी हामी निश्चित हुन सक्दैनौं), यसकारण ख्रीष्ट तुरुन्त आउनु असम्भाव्य भए तापनि हामी तयार रहनुपर्दछ (किनभने अनेकौं चिन्हहरू पूरा हुन अझै बाँकी नै छन् भन्ने देखिन्छ)। अन्त्यमा, ख्रीष्ट कहिले आउनुहुन्छ सो हामी जान्न सक्दैनौं, अनि हामीले आशा नगरेका घड़ीमा उहाँ आउनुहुनेछ भनी यो दृष्टिकोण सहमत बन्दछ।

तर के यो सम्भव छ कि यी चिन्हहरू पूरा गरिसकिएका छन् ? हामी तिनलाई एक-एक गरी जाँच गर्न सक्छौं। प्रत्येक मुद्दामा हाम्रो निष्कर्ष यही हुनेछ कि यो *असम्भाव्य तर सम्भव छ कि चिन्हहरू अगावै पूरा गरिसकिएका छन्*।

**अ. सबै जातिहरूलाई सुसमाचार प्रचार :** के सबै जातिहरूलाई सुसमाचार प्रचार गरिसकिएको छ ? सम्भवतः छैन, किनकि अझसम्म कहिल्यै सुसमाचार नसुन्ने अनेकौं भाषा समूहहरू र जनजातिहरू छन्। त्यसकारण यो चिन्ह पूरा भइसकेको हुनु असम्भाव्य छ। तर, सुसमाचार विश्वव्यापी रूपमा फैलिएको कुरा पावल कलस्सीमा बताउँछन्। पावल भन्छन्, "सुसमाचार तिमीहरूकहाँ आएको छ, र साँच्चै *सारा संसारमा* फलदायी भई बढ़िरहेछ" (कल १:५-६)। "यही नै त्यो सुसमाचार हो, जो *स्वर्गमुनि हरेक प्राणीलाई प्रचार गरिएको* छ, जसको म पावल, धर्म-सेवक भएँ" भन्ने पनि पावल भन्छन् (कल १:२३)। यी पदहरूमा उनको अर्थ यो निश्चय नै होइन कि हरेक जीवित प्राणीले सुसमाचारको घोषणा सुनेको छ, तर उनको अर्थ यो हो कि सुसमाचारको घोषणा सारा संसारमा पुगिसकेको छ, अनि कमसेकम प्रातिनिधिक रूपमा, सुसमाचार सारा संसारमा वा सबै जातिलाई प्रचार गरिसकिएको छ।[१७] त्यसकारण यो असम्भाव्य छ तर सम्भव छ कि यो चिन्ह प्रारम्भिक रूपमा पहिलो शताब्दीमा नै पूरा भइसकेको थियो अनि त्यसपछि वृहत्तर

दृष्टिकोणबारे छलफलको निम्ति हे. यसै अ.भित्रै।

[१७]R. T. France, *The Gospel According to Matthew, TNTC* (लिसिस्टर : इन्टरभर्सिटि प्रेस, ग्र्यान्ड र्‍यापिडस् : ईर्डम्यान्स, १९८५) पृ. ३३९ ले "राज्यको यो सुसमाचार सारा संसारमा सबै जातिहरूका लागि गवाहीको निम्ति प्रचार गरिनेछ" (मत्ती २४:१४) भन्ने येशूको वक्तव्यबारे यसो भन्छ, "यहाँ *संसार*, *oikoumene*, अक्षरशः 'बसोबासो गरिएको क्षेत्र हो, जो मूलतः ग्रीक संसार (असभ्यहरूको विपरीत अर्थमा), यसपछि रोमी साम्राज्य, र त्यसपछि त्यस बेला परिचित सम्पूर्ण संसार बुझाउनको लागि प्रयोग हुने मानक शब्द हो। यसकारण यो उति भौगोलिक शब्द होइन, जसमा अहिले संसारमा जानिएका सबै इलाका र समुदायहरू अटेको हुनैपर्छ, तर यसको सट्टामा, सबै जातिहरूलाई, अर्थात्, यहूदी समुदायको परिसीमा बाहिरका सबै जातिहरूलाई सार्वत्रिक रूपमा सुसमाचारको प्रस्ताव गरिएको सङ्केत हो। ... एक अर्थमा पावलले सन् ७० भन्दा पहिले नै एशिया र योरोपका ठूलो क्षेत्रमा "पूर्ण रूपमा सुसमाचार प्रचार" गरेका दाबी गर्न सक्थे (रोम १५:१९)। त्यसपछि यस्तै दाबीहरू येशूको समयमा जानिएको *oikoumene*, *संसार*भन्दा

अर्थमा धेरैपटक पूरा भइसकेको छ।

**आ. महासङ्कष्ट :** एकपटक फेरि, यो सम्भाव्य देखिन्छ कि धर्मशास्त्रको भाषाले यो सङ्केत दिन्छ कि पृथ्वीमा दुःख-कष्टको एउटा यस्तो समयावधि आइरहेछ जस्तो कि अहिलेसम्म भोगिएको छैन। येशूले दिनुभएको महासङ्कष्टको चेताउनीहरूले ख्री.पू. ६६-७० को यहूदी युद्धमा रोमीहरूले यरूशलेमलाई गरेको कब्जातिर सङ्केत गर्छ भनी धेरै मानिसहरूले बुझेका छन् भनी थाहा गरिनैपर्छ।[१८] त्यस युद्धमा भोगिएका दुःखकष्ट वास्तवमै भयानक थिए, अनि येशूले पूर्ववाणी गर्नुहुँदा वर्णन गर्नुभएको महासङ्कष्ट यही नै हुन सक्छ। वास्तवमा, पहिलो शताब्दीदेखि यता ख्रीष्टियानहरूलाई गरिएका हिंसात्मक र तीव्र सतावटहरूका धेरै युगहरू थिए। भूतपूर्व सोभियत रुस, कम्युनिष्ट चीन र मुसलिम देशहरूमा भयानक उत्पीड़िनमा पारिएका ख्रीष्टियानहरूसहितको हाम्रै शताब्दीमा पृथ्वीका ठूला-ठूला क्षेत्रहरूमा यस्ता धेरै घटनाहरू घटेका छन्। यस शताब्दीमा उनीहरूका विश्वासको निम्ति दशकौं सतावटमा पारिएका कतिपय ख्रीष्टियानहरूलाई अनि संसारको ठूला-ठूला भागहरूमा अरू ख्रीष्टियानहरूलाई सतावटहरूले प्रभावित पारेको छ भनी जान्ने अरू हजारौं ख्रीष्टियानहरूलाई यस प्रकारको महासङ्कष्ट अझसम्म आएको छैन भनी विश्वास दिलाउनु बढ़ो कठिन हुनेछ। ख्रीष्ट आउनुभएर उहाँले तिनीहरूलाई तिनीहरूले सहिरहेका महासङ्कटबाट उद्धार गरून् भनी तिनीहरूले वर्षौंदेखि चाहना गरिरहेका छन्, प्रार्थना गरिरहेका छन्।

येशूका वचनहरूले भविष्यमा आउने अझ भयानक सतावटको सम्भावनाको सङ्केत दिन्छन् भनी हामीले सोचे तापनि, यसबारे निश्चित हुन कठिन छ। यो निष्कर्ष निकाल्नु उपयुक्त देखिन्छ कि महासङ्कष्ट पूरा भइसकेको छ भनी पूर्ववाणी गर्न असम्भाव्य तर सम्भव छ।

**इ. झुटो ख्रीष्ट र झुटा अगमवक्ताहरू :** चिन्ह र उदेकका कामहरू गर्ने झुटा ख्रीष्ट र झुटा अगमवक्ताहरूसम्बन्धी यो भन्न सकिन्छ कि बोक्सी र भूतात्मिक कामहरू प्रचण्ड रूपमा हुने मानिसहहरूबीच काम गरेका कुनै पनि मिशनेरीले यो सहर्ष गवाही दिनेछन् कि भूतात्मिक शक्तिद्वारा सुसमाचार प्रचारको विरुद्धमा आश्‍चर्यजनक देखिने "चिन्हहरू र उदेकका कामहरू" बारम्बार गरिएका छन्। भूतात्मिक आश्‍चर्य-कर्म र झुटा चिन्हहरू शताब्दीयौंदेखि, कमसेकम फारोको दरबारमा जादूगरहरूले मोशाका आश्‍चर्यकर्महरूका (प्रस ७:११; ८:७; तु. प्रे ८:९ मा जादूगर शिमोनको काम) विरुद्धमा गरेका झुटा चिन्हहरूका समयदेखि नै, अवश्यै गरिएका छन्। यस्ता कामले जस्तै रूप लिए तापनि, यस्ता छली आश्‍चर्यकर्महरूसितै झुटा धर्महरू पनि आएका छन्, जसले मानिसहरूलाई पथभ्रष्ट बनाएका छन् (यस्ता समूहहरूका अगुवाहरूलाई झुटा मसीह वा झुटा अगमवक्ताहरू भन्न सकिन्छ)। यो सम्भाव्य देखिन्छ कि उहाँको पुनरागमनको केहीअघि यस्तो किसिमको क्रियाको अझ ठूलो

कता हो कता ठूलो क्षेत्रमा सुसमाचार प्रचार गरिएको कुरा दाबी गरिन सकिन्थ्यो।

[१८]Josephus, *Jewish War* 5.512-18 को सन्दर्भमा, यी घटनाहरूको वर्णन हे. France, *Matthew*, पृह. ३४०-४१ मा।

प्रकटीकरण हुनेछ भनी येशूका वचनहरूले पूर्ववाणी गर्छन्, तर पनि यस्तै नै हुनेछ भनी निश्चित हुनु कठिन छ। यो चिन्ह अगावै पूरा भइसकेको छ भनी निष्कर्ष निकाल्नु असम्भाव्य तथापि सम्भव छ भनी निष्कर्ष निकाल्नु सर्वोत्तम हुन्छ।

**ई. आकाशमा शक्तिशाली चिन्हहरू :** आकाशमा देखिने शक्तिशाली चिन्हहरू एउटा यस्तो चिन्ह हो जो अहिलेसम्म निश्चित रूपले देखापरेको छैन। संसार सुरु भएदेखि यता, निश्चय नै सूर्य र चन्द्रग्रहणहरू देखापरेका छन्, उल्कापिण्डहरू देखापरेका छन्। तर येशूले यीभन्दा पनि अझ ठूला-ठूला कुराहरूबारे बोल्नुभएको छ – *"सूर्य अँध्यारो हुनेछ, र चन्द्रले आफ्नो चमक दिनेछैन, र ताराहरू आकाशबाट खस्नेछन्,* तथा *आकाशका शक्तिहरू हल्लाइनेछन्"* (मत्ती २४:२९)। R. T. France-ले यसलाई यरूशलेमको विनाश र यसमाथि परमेश्वरको दण्डतिर सङ्केत गर्ने प्रतीकात्मक भाषा हो भनी व्याख्या गर्ने प्रयास गरे तापनि,[१९] उनले यो दाबी यशैया १३:१० (जहाँबाट मत्ती २४:२९ मा येशूको वचन लिइएको देखिन्छ)-को भाषा पनि बेबिलोनको पतनतिर सङ्केत गर्ने प्रतीकात्मक भाषा मात्रै हो भन्ने दृढ़कथनमा आधारित गर्नुपर्छ, जबकि यो अझै सम्भाव्य छ कि यशैया १३:१० र मत्ती २४:२९ ले अझै आउने भविष्यमा ताराहरू अक्षरशः झर्ने र घाम र जून अक्षरशः अँध्यारो भएर जाने बताउँछन्, जो यस्तो घटना हो जो ख्रीष्टको पुनरागमनपछि हुने पृथ्वी र आकाशको कम्पन अनि अन्तरिक्षीय विध्वंश (cosmic destruction)-को उपयुक्त पूर्वाभास हुनेछ (हे. हिब १:१०-१२; १२:२७; २ पत्र ३:१०-११)। यसबाहेक, यो महत्त्वपूर्ण छ कि मत्ती २४:२९ मा पाइने अन्तरिक्षीय घटनाहरूको यो वर्णनपछि वाक्यको बाँकी भागमा "*मानिसको पुत्रलाई आकाशका बादलहरूमा* शक्ति र ठूलो महिमासाथ आइरहेको" (प. ३०) वर्णन दिइएको छ।[२०] यी तथ्यहरूलाई हेर्दा, आकाशबाट ताराहरू झर्ने अनि सूर्य र चन्द्रमा अँध्यारो हुने घटनाका वर्णनहरू केवल प्रतीकात्मक भाषा हो भन्नु असम्भाव्य भएको देखिन्छ। तिनलाई ख्रीष्टको पुनरागमनको ठीक अघि हुनआउनेवाला यथार्थ चिन्हहरू हुन्, र यसकारण, ती अन्य चिन्हहरूभन्दा भिन्नै संवर्गमा पर्छन्, किनकि ती अहिलेसम्म निश्चित रूपमा घटेका छैनन् भनी मान्नु अत्युत्तम देखिन्छ। तरै भए तापनि, ती अति शीघ्र घटन सक्छन् – केही मिनटमा वा बढ़ीमा एक वा दुई घन्टाभित्रै – जसको तुरुन्तै पछि ख्रीष्टको पुनरागमन हुनेछ। यी विशेष चिन्हहरूले हामीलाई यो इन्कार गर्नतिर डोऱ्याउँछन् कि ख्रीष्ट कुनै पनि समय फेरि आउन सक्नुहुनेछ।

**उ. पापको मानिसको प्रकटन :** पापको मानिस ("ख्रीष्टविरोधी")-लाई ठूलो अख्तियार भएको अनि पृथ्वीका मानिसहरूमा विध्वंश र सर्वनाश ल्याउने ऐतिहासिक व्यक्तित्वहरूको रूपमा पहिचान गर्ने धेरै प्रयासहरू इतिहासभरि नै गरिएका छन्।

[१९]France, *Matthew*, पृह. ३४३-४४।

[२०]France-को दृष्टिकोणमा भएको कठिनाइ यस तथ्यमा देखिन्छ कि तिनले पृथ्वीमा ख्रीष्टको पुनर्आगमनको अति नै स्पष्ट पूर्ववाणीलाई ख्री. ७० मा यहूदी मन्दिरको विनाशको पूर्ववाणी हो भनी लिनुपर्दछ। तिनी भन्छन् कि मत्ती २४:३० ले "बरी गरिनका लागि र अख्तियार लिनका लागि परमेश्वरकहाँ आउनु"-बारे बताउँछ, र त्यसकारण यसले ख्रीष्टको सशरीर पुनर्आगमनबारे बताउँदैन, तर ख्री. ७० मा मन्दिर नष्ट गरिँदा "उहाँलाई इन्कार गर्ने यहूदी अधिकारीवर्ग"-माथि उहाँको अख्तियारको समर्थनबारे बताउँछ।

ख्रीष्टियानहरूलाई कठोरतापूर्वक सताउने प्राचीन रोमी सम्राटहरू Nero र Domitian ख्रीष्टविरोधी हुन् भनी धेरैले ठानेका छन्। (यी दुवैलगायत अनेकौं रोमी सम्राटहरूले तिनीहरूमा देवत्व भएको अनि तिनीहरूलाई पूजा गरिनुपर्ने माग गर्थे।) हालको समयमा Adolf Hitlar र Joseph Stalin-लाई पनि सामान्यतः ख्रीष्टविरोधी ठानिन्थ्यो। अर्कोतिर, सुधारवादी आन्दोलनदेखि यताका धेरै प्रोटेस्टेन्टहरूले, विशेष गरी क्याथलिक मण्डलीद्वारा सतावटमा पारिएका प्रोटेस्टेन्टहरूले, एउटा वा अर्को कुनै पोप ख्रीष्टविरोधी थिए भनी सोचेका छन्।

तर यी सबै पहिचानहरू झुटा प्रमाणित भएका छन्।[२१] अनि यो सम्भाव्य छ कि विश्वमा "पापको मानिस"-को विश्व मञ्चमा अझै पनि उत्थान हुनेछ र त्यसले अतुलनीय कष्ट र सतावट ल्याउनेछ, र ख्रीष्ट फेरि आउनुहुँदा मात्र उहाँले यसलाई नष्ट गर्नुहुनेछ। तर यीमध्ये धेरै शासकहरूले अपराधकार्यको रूपमा गरेका खराबी यति ठूलो रहिआएको छ कि तिनीहरू कमसेकम सत्तासीन रहेका बेला २ थेसलोनिकी २ मा उल्लेखित "पापको मानिस" अझैसम्म देखापरेको छैन भनी निश्चित हुन कठिन पर्नेथ्यो।[२२] फेरि पनि एकपटक भन्नै पर्दछ कि यो चिन्ह पूरा भएको छ भन्नु असम्भाव्य तर सम्भव छ।

**ऊ. इस्राएलको उद्धार :** जहाँसम्म इस्राएलको पूर्णताको मुक्तिको प्रश्न छ, फेरि यो भनिनैपर्दछ : रोमी ९-११ ले यही सङ्केत गरेको दखिन्छ कि यहूदीहरूले येशूलाई तिनीहरूका मसीह भनी उहाँतिर फर्कंदा अझै भविष्यमा यहूदीहरूलाई विराट् संख्यामा भेला गराइनेछ। तर रोमी ९-११ ले यो पूर्ववाणी गर्छ भन्ने कुरा निश्चित छैन र धेरैले यो तर्क गरेका छन् कि हामीले मण्डलीको सम्पूर्ण इतिहासमा जसरी यहूदीहरू भेला गराइएका देखेका छौं, त्यसरी तिनीहरूलाई फेरि भेला गराइनेछैन, किनकि यस्तो भेला गराइको मूल उदाहरणको रूपमा पावल आफैलाई प्रस्तुत

---

[२१]तर पनि यूहन्ना भन्छन्, "ख्रीष्टविरोधी आइरहेछ भन्ने तिमीहरूले सुनेका छौ। अब धेरै ख्रीष्टविरोधीहरू आएका छन्" (१ यूह २:१८) अनि उनी "ख्रीष्टविरोधीको आत्मा"-बारे कुरा गर्छन् जो, उनी भन्छन्, "अब त्यो यस संसारमा आइसकेको छ "(१ यहू ४:३)। त्यसकारण मण्डलीलाई सतावटमा पार्ने यी प्रताड़कहरू ख्रीष्टविरोधी थिएनन् भने पनि तिनीहरूमध्ये धेरै जना अन्तिम ख्रीष्टविरोधीका अग्रदूतहरू हुन सक्छन्।

[२२]यो तर्क गर्न सकिन्छ कि पावलले ख्रीष्ट कुनै पनि समय फर्किआउन सक्नुहुन्छ भनी थेसलोनिकी मण्डलीले आशा गरेका चाहँदैनथिए, किनकि उनी तिनीहरूलाई लेख्छन्, "कुनै अगमवाणी वा वचन वा कुनै पत्रले प्रभुको दिन नजिक आएको छ भनी बतायो भने, ती हामीबाट आएका भन्ठानेर तिमीहरूको मन विचलित नहोस् अथवा तिमीहरू नआत्तिओ" (२ थेस २:२)। त्यसपछि उनी थप्छन्, "कसैले कुनै किसिमले तिमीहरूलाई धोखा नदिओस्। किनकि पहिले विद्रोह नभएसम्म व्यवस्थाविहीनताको (पापको) मानिस, अर्थात् सर्वनाशको छोरो प्रकट नभएसम्म त्यो दिन आउनेछैन" (२ थेस २:३)। कसैले यो प्रश्न गर्न सक्छन् कि के पावलले यस प्रकारले तर्क गरेका होइनन् त – व्यवस्थाविहीनताको (पापको) मानिस, अहिलेसम्म प्रकट नभएको तिमीहरूले जानेका हुनाले तिमीहरू त्यसकारण यो जान्दछौ कि ख्रीष्ट अहिलेसम्म आउनुभएको छैन। अनि जबसम्म यो व्यवस्थाविहीनताको (पापको) मानिस, देखापर्दैन तबसम्म ख्रीष्ट आउनुहुन्न।

तर यस कुरामा ध्यान दिनैपर्दछ कि पावलले थेसलोनिकीहरूलाई ख्रीष्ट कुनै पनि समय आउनुहुन्न भन्दैनन्। तिनीहरू तयार रहनुहुन्न वा तिनीहरूले ख्रीष्टको पुनर्आगमनको आशा गर्नुहुन्न भनी उनले तिनीहरूलाई भन्दैनन्। उनले तिनीहरूलाई यो मात्र भन्छन् कि *ख्रीष्टको आगमन अहिलेसम्म भएको छैन*, जो अति भिन्नै कुरा हो। उनले दिएका कारण यो तथ्य मात्र होइन कि व्यवस्थाविहीनताको (पापको) मानिस पहिले देखापर्नुपर्छ, तर यो पनि हो कि ख्रीष्ट फेरि आउनुहुँदा उहाले यस व्यवस्थाविहीनताको (पापको) मानिसलाई पराजित गर्नुहुन्छ अनि यसलाई नष्ट गर्नुहुनेछ, "तब त्यस व्यवस्थाविहीनताको (पापको) मानिस

गर्छन्। फेरि पनि यो असम्भाव्य तर सम्भव छ कि यो चिन्ह अगावै पूरा भइसकेको छ।

**ऋ. निष्कर्ष :** आकाशमा हुने उदेकका चिन्हहरूबाहेक, यो असम्भाव्य तर सम्भव छ कि यी चिन्हहरू पूरा भइसकेका छन्। यसबाहेक, देखा नपरेको एउटै मात्र चिन्ह, अर्थात् घाम र जून अँध्यारो हुने अनि ताराहरू झर्ने घटना पलभरमा हुन सक्छ र त्यसकारण यो भन्न समुचित देखिन्छ कि ख्रीष्ट दिन वा रातको कुनै पनि घड़ीमा अब फेरि आउन सक्नुहुन्छ। त्यसकारण यो असम्भाव्य तर निश्चय नै सम्भव छ कि ख्रीष्ट कुनै पनि समय आउन सक्नुहुन्छ।

तर हामी तयार रहनुपर्छ अनि हामीले आशा नगरेका कुनै पनि समय ख्रीष्ट आउन सक्नुहुन्छ भन्ने चेताउनीहरूलाई के यो दृष्टिकोणले न्यायोचित नै ठहराउँछ ? के निकट भविष्यमा हुन असम्भाव्य छ भनी हामीले सोचेका कुनै घटनाको निम्ति तयार रहनु सम्भव छ ? निश्चय नै छ। गाड़ी हाँक्दा सिटबेल्ट लगाउने वा गाड़ीको बीमा गराउने हरेक मानिस त्यस घटनाको निम्ति तयार रहन्छ, जुन घटनालाई उसले असम्भाव्य ठान्छ।[२३] यसरी नै यो सम्भव देखिन्छ कि हामीले आशा नगरेका समयमा येशू आउनुहुनेछ भन्ने चेताउनीलाई गम्भीरतापूर्वक लिन सम्भव देखिन्छ, तरै पनि उहाँ आउनुभन्दा पहिलेका देखिने चिन्हहरू सम्भवतः अझै भविष्यमा देखापर्नेछन्।

द्रुतगतिमा परिवर्तनशील संसारमा हामीले ख्रीष्टियान जीवन जिउने प्रयत्न गर्दा यो दृष्टिकोणमा सकारात्मक आत्मिक लाभहरू हुन्छन्। विश्व इतिहासमा राम्रा र नराम्रा घटनाहरू घटिरहँदा हामी समय-समयमा यस्ता घटनाहरू देख्छौं जो यीमध्ये कतिपय चिन्हहरूको अन्तिम परिपूर्ति हुन सक्छन्। ती घटछन्, अनि ती विलिन भएर जान्छन्। दोस्रो विश्वयुद्धको सर्वाधिक विभीषिकापूर्ण दिनहरूमा, Hitler नै ख्रीष्टविरोधी थियो। मण्डलीको विरुद्धमा भएको सतावटकालमा, ख्रीष्टियानहरू महासङ्कष्टमा परेका कुरा अति नै सम्भाव्य देख्न सकिन्छ। जब हामी भैँचालाहरू, अनिकालहरू र युद्धहरूबारे सुन्छौं, ख्रीष्टको आगमन नजिकै पो छ कि भनी सोच्न

प्रकट हुनेछ, जसलाई प्रभु येशूले आफ्नो मुखको सासले नाश पार्नुहुनेछ, र उहाँको आगमनको प्रकाशले त्यसलाई नाश गर्नुहुनेछ" (२ थेस २:८)। कुरा तिनीहरूले त्यस व्यवस्थाविहीनताको (पापको) मानिसलाई देखेका छैनन् भन्ने मात्र होइन – तर तिनीहरूले त्यो देखा परेको र *त्यसलाई ख्रीष्ट आउनुहुँदा उहाले नाश गर्नुभएको* देखेका छैनन्। निष्कर्ष यो हो कि ख्रीष्ट आउनुभएको छैन, किनकि यस व्यवस्थाविहीनताको (पापको) मानिसलाई नाश गर्नुहुँदै उहाँ आउनुभएको छैन। तर पनि २ थेसलोनिकीको सन्दर्भमै पनि उहाँ कुनै पनि समय निश्चय आउनसक्नुहुन्थ्यो र वर्तमानमा शासन गरिरहेको रोमी सम्राटलाई तत्कालै नाश गर्न सक्नुहुन्थ्यो (किनकि रोमी सम्राटहरूले आफूहरू परमेश्वर भएको र पूज्य भएको नियमित रूपमा दाबी गर्थे अनि यूहन्ना स्वयम्ले पनि "धेरै ख्रीष्टविद्रोही आएका छन्" भनेका छन् (१ यूह २:१८)।

[२३]म परमेश्वरलाई धन्यवाद दिन्छु कि गत तीस वर्षदेखि कुनै पनि गम्भीर दुर्घटनाविना नै मैले गाड़ी हाँकिरहेको छु र यस्तो दुर्घटना हुनेछैन भनी म परमेश्वरलाई प्रार्थना गर्छु र आशा राख्छु, तर जब पनि म गाड़ीमा पस्छु म मेरो सिटबेल्ट कस्छु। म त्यस असम्भाव्य तर पनि सम्भव हुनसक्ने घटनाको निम्ति तयार रहन्छु। यस्तै प्रकारले म यो सोच्दछु कि धेरैवटा चिन्हहरू अझ पूर्ण रूपमा पूरा हुनेछन्, र येशू केही दिनहरू वा सप्ताहहरूभित्र आउन असम्भाव्य हुन्छ। वास्तवमा, धेरै महिनासम्म पनि प्रकाशित नहुने यो पुस्तक म यस अनुमानमा लेख्दैछु कि पुस्तक प्रकाशित हुने समयसम्म येशू आइसक्नुभएको हुनुहुनेछैन। येशू आउनुहुँदा म लज्जित बन्नुपर्ने कुनै कुरा छन् कि भनी म मेरो हृदय र जीवन प्रायः नै जाँच गर्दछु किनभने मैले आशै नगरेको कुनै पनि क्षण उहाँ आउनुहुँदा म उहाँको पुनर्आगमनको निम्ति तयार रहन चाहन्छु।

हामी बाध्य बन्दछौं। त्यसपछि यी घटनाहरू बितेर जान्छन् अनि विश्व नेताहरू परिदृश्यबाट विलुप्तिएर जान्छन् र युगको अन्त्यमा पुऱ्याउने घटनाहरूको लहर केही समयको निम्ति फर्किएर गइसकेको देखिन्छ। अनि विश्व परिदृश्यमा फेरि एकपटक घटनाहरूको एउटा नौलो लहर देखा पर्छ, र ख्रीष्टको पुनरागमनबारे हाम्रो आशा फेरि एकपटक बढ्छ। क्रमागत रूपमा आउने "घटनाहरू"-को प्रत्येक छालपछि कुन छाल अन्तिम हुनेछ *हामी जान्दैनौं* । अनि यो असल हो, किनभने हामीले यो जानौं भन्ने परमेश्वर आशय राख्नुहुन्न। ख्रीष्टको पुनरागमनको निम्ति हामी निरन्तर लालायित भएका अनि यो कुनै समयमा पनि हुन सक्छ भनी हामीले आशा गरेका मात्र परमेश्वर चाहनुहुन्छ। यी चिन्हहरू *देखा परेका छैनन्* भनी हामी जान्दछौं भन्नु हाम्रो निम्ति आत्मिक रूपमा अस्वस्थकर हो, अनि यी चिन्हहरू देखा परेका छन् भनी हामी जान्दछौं भन्नु भरपर्दो व्याख्याको सीमालाई उल्लङ्घन गरिदिएको देखिन्छ। तर यी घटनाहरू घटिसकेका छन् वा छैनन् त्यो *हामी* निश्चयतासित *जान्दैनौं* भन्नुचाहिँ ख्रीष्टको पुनरागमनप्रति नयाँ करारको दृष्टिकोणको ठीक मध्यमा मिल्छ भन्ने देखिन्छ। उत्तरदायी अर्थनिरूपण (*exegesis*), ख्रीष्टको अकस्मात् पुनरागमनको आशा, अनि हाम्रो विवेकमा केही मात्राको विनम्रता – यी सबै यस दृष्टिकोणका विशेष कुराहरू हुन्।

त्यसो भए यदि ख्रीष्ट हठात् फेरि आउनुभयो भने, यो वा त्यो चिन्ह अझै देखिएको छैन भन्दै आपत्ति गर्ने परीक्षामा हामी पर्नेछैनौं। उहाँ आउनुहुँदा हामी बस् उहाँलाई स्वागत गर्न तयार हुनेछौं। अनि यदि आउने अझ ठूला-ठूला कष्टहरू छन् भने, अनि यदि हामीले सुसमाचारप्रति तीव्र विरोध भएको, यहूदीहरूमाझ महाजागृति भएको, सारा संसारमा सुसमाचारको प्रचारमा असाधारण प्रगति भएको, अनि आकाशमा उदेकका चिन्हहरू देख्दा हामी चकित वा निराश बन्नेछैनौं किनभने हामीले येशूका यी वचनहरू स्मरण गर्नेछौं, "जब यी कुराहरू हुन थाल्छन् तब खड़ा होओ र आफ्नो शिर माथि उठाऊ, किनभने तिमीहरूको उद्धार नजिकै आइरहेछ" (लूक २१:२८)।

## व्यक्तिगत प्रयोगका लागि प्रश्नहरू

१. यो अध्याय पढ्नअघि के तपाईंले यो सोच्नुभयो कि ख्रीष्ट कुनै समय आउन सक्नुहुन्छ ? त्यसले तपाईंको ख्रीष्टियान जीवनलाई कसरी प्रभाव पाऱ्यो ? अब तपाईं के सोच्नुहुन्छ ? यदि तपाईंको दृष्टिकोण परिवर्तन भएको छ भने यस पाठले तपाईंको आफ्नै जीवनमा कस्तो प्रभाव पार्ला ?
२. उहाँको पुनरुत्थानपछि संसारमा बसेर सारा संसारभरि आफैले सुसमाचार प्रचार गर्नको सट्टामा येशूले किन केही समयको निम्ति संसारलाई छोड़िदिनहुने र त्यसपछि फेरि फर्किआउने निर्णय गर्नुभयो ?
३. के अब तपाईं उत्सकतासित ख्रीष्टको पुनरागमनको चाहना गर्नुहुन्छ ? के विगतमा तपाईंमा यसको अझै ठूलो चाहना थियो ? यदि तपाईंमा ख्रीष्टको

पुनरागमनको निम्ति अति बलियो अभिलाषा छैन भने त्यस चाहनाको कमीमा कुन कारक तत्त्वहरूले अवदान दिइरहेका छन् भनी तपाईं सोच्नुहुन्छ ?

४. ख्रीष्टको पुनरागमन नजिकै छ भनी के तपाईंले कहिल्यै कुनै दीर्घकालीन परियोजनाहरू आरम्भ गर्नुभएन ? त्यसकारणले गर्दा दीर्घकालीन परियोजनाहरूबारे के तपाईंमा हिचकिचाहट छ ? छ भने, के त्यो हिचकिचाहटले तपाईंको जीवनमा कुनै नकारात्मक परिणामहरू ल्याएको छ भनी तपाईं सोच्नुहुन्छ ?

५. के आज ख्रीष्टको पुनरागमनको निम्ति तपाईं तयार हुनुहुन्छ ? उहाँ चौबीस घन्टाभित्र फर्किआउनुहुनेछ भनी तपाईंले जान्नुभयो भने, उहाँ आउनुभन्दा पहिले तपाईं कुन परिस्थिति र सम्बन्धहरूलाई सधार्न चाहनुहुन्छ ? के तपाईं यो सोच्नुहुन्छ कि "तयार रहनु" भन्ने आज्ञाको अर्थ यो हुन्छ कि उहाँ आज आउनुहुने असम्भाव्य भएको तपाईंले ठान्नुभए तापनि, तपाईंले उक्त कुराहरू सुधार्ने प्रयास गर्नुपर्छ ?

## विशेष शब्दावली

| | |
|---|---|
| युगान्त विज्ञान | *parousia* |
| सामान्य युगान्त विज्ञान | व्यक्तिगत युगान्त विज्ञान |
| आसन्न/अवश्यम्भावी | ख्रीष्टको दोस्रो आगमन |
| मारानाथा | |

## पुस्तक सूची

यस पुस्तक सूचीको व्याख्याका लागि अ. १, पृ. ४७ को पुस्तक सूचीमाथि दिइएको टीका हे.। सम्पूर्ण पुस्तक सूचीको तथ्याङ्क परिशिष्ट ४ मा प्राप्य छ।)

### इभ्यान्जेलिकल् सुव्यवस्थित ईश्वरशास्त्रहरूबाट चयनित खण्डहरू

१. एङ्गलिकन (इपिस्कपलियन)
  - १८८२-९२ लिट्टन, ५७९-८१
  - १९३० थोमस, ८७-८८, ५२५

२. अर्मिनी (वेजलियन वा मेथडिस्ट)
  - १८७५-७६ पोप, ३:३८७-४०१
  - १८९२-९४ मिली, २:४४०-४७
  - १९४० विली, ३:२४३-८१
  - १९६० पुर्किसर, ५३७-५०
  - १९८३ कार्टर, २:११३-१६

३. ब्याप्टिस्ट

१७६७ गिल, २:२३०-४३
१८८७ बोइस, ४५१-६१
१९०७ स्ट्रङ्ग, १००३-१५
१९१७ म्यूलिन्स, ४६२-६६
१९८३-८५ एरिक्सन, ११८५-९४, १२०३-४

४. डिसपेन्सेशनल
१९४७ शेफर, ४:२५५-६३; ५:२८०-३१४
१९४९ थीसन, ३३७-५०
१९८६ राइरि, २७३-७४, ४६३

५. लुथरन
१९१७-२४ पाइपर, ३:५१५-३४
१९३४ म्युएलर, ६१९-२५

६. रिफमर्ड (वा प्रेज्बिटरियन)
१८७१-७३ होज, ३:७९०-८३६
१८८७-१९२१ वारफिल्ड, *SSW*, १:३४८-६४
१८८९ शेड, २b:६४१-४६; ३:४७१-५२८
१९३७-६६ मरे, *CW*, १:८६-९५; *CW*, २:३८७-४१०
१९३८ बर्खोफ, ६९५-७०७
१९६२ बुसवेल, २:३४१-४२३

७. रीन्यूअल (वा क्यारिज्म्याटिक्/पेन्टिकोस्टल)
१९८८-९२ विल्यम्स्, ३:२९७-३९६

## रोमन क्याथलिक सुव्यवस्थित ईश्वरशास्त्रहरूबाट प्रातिनिधिक खण्डहरू

१. रोमन क्याथलिक : परम्परावादी
१९५५ ओट, ४८५-८८

२. रोमन क्याथलिक : भेटिकनोत्तर द्वितीय
१९८० म्याकब्राइन, २:११०१-६

## अन्य पुस्तकहरू/लेखहरू

Archer, Gleason, Paul Feinberg, Douglas Moo, Richard Reiter. *The Rapture: Pre-, Mid-, or Post-tribulational?* Grand Rapids: Zondervan, 1984.
Bauckham, Richard J. "Apocalyptic." In *NDT*, pp. 33-35.
Beechick, Allen. *The Pre-Tribulation Rapture.* Denver: Accent, 1980.
Berkouwer, G. C. *The Return of Christ.* Trans. by James Van Oosterom. Ed. by Marlin J. Van Elderen. Grand Rapids: Eerdmans, 1972.
Clouse, F. G. "Rapture of the Church." In *EDT*, pp. 908-10.
Dumbrell, William J. *The Search for Order: Biblical Eschatolgy in Focus.* Grand

Rapids: Baker, 1977.
Gundry, R. H. *The Church and the Tribulation.* Grand Rapids: Zondervan, 1973.
Hoekema, Anthony A. *The Bible and the Future.* Grand Rapids: Eerdmans, 1979, pp. 109-238.
Ladd, George Eldon. *The Blessed Hope.* Grand Rapids: Eerdmans, 1956.
Lightner, Robert P. *The Last Days Handbook: A Comprehensive Guide to Understanding the Different Views of Prophecy. Who Believes What About Prophecy and Why.* Nashville, Tenn.: Thomas Nelson, 1990.
Rosenthal, Marvin. *The Pre-Wrath Rapture of the Church.* Nashville, Tenn.: Thomas Nelson, 1990.
Travis, S. H. "Eschatology." In *NDT*, pp. 228-31.
VanGemeren, Willem. *The Progress of Redemption.* Grand Rapids: Zondervan, 1988.
Van Kampen, Robert. *The Sign.* Wheaton, Ill.: Crossway, 1992.
Vox, Geerhardus. *The Pauline Eschatology.* Grand Rapids: Eerdmans, 1961.
Walvoord, John F. *The Blessed Hope and the Tribulation.* Grand Rapids: Zondervan, 1976.

## धर्मशास्त्रको कण्ठस्थ गर्नुपर्ने खण्ड

**१ थेस्सलोनिकी ४:१५:** *प्रभुको वचनद्वारा हामी तिमीहरूलाई घोषणा गर्छौं, कि हामी, जो जीवित छौं र प्रभुको पुनरागमनसम्म बाँचिरहन्छौं, सुतिगएकाहरूलाई कुनै किसिमले पनि उछिन्नेछैनौं। किनकि प्रभु स्वयम् हुकुमको गर्जनसित, प्रधान स्वर्गदूतको आवाज र परमेश्वरका तुरहीको सोरसित स्वर्गबाट ओर्लनुहुनेछ, र ख्रीष्टमा मरेकाहरूचाहिँ पहिले बौरिउठ्नेछन्। तब हामी बाँचिरहेका र छोड़िएकाहरू प्रभुलाई आकाशमा भेट्न तिनीहरूका साथसाथै बादलमा उठाइलगिनेछौं, र यसरी हामी सधैं प्रभुसँग रहनेछौं। यसैकारण एउटाले अर्कालाई वचनहरूले सान्त्वना देओ।*

## भजन

"हेर, उहाँ आउनुहुन्छ, बादलहरूको सवारीमा"

यो भजनले ख्रीष्टको पुनरागमनलाई सजीवतापूर्वक चित्रित गर्छ, जसमा लाखौंलाख विश्वासीहरू उहाँसँग आइरहेका छन् र उहाँ आउनुहुँदा पृथ्वीमा अझ धेरै-धेरैले उहाँलाई स्वागत गरिरहेका छन्। भजनको पहिलो पङ्क्तिमा उल्लेखित उहाँ सवारी हुने "बादलहरू", परमेश्वरको महिमाका बादल हुन्। आकाश र पृथ्वी कम्पित बन्ने र अविश्वासीहरूलाई न्यायका लागि बोलाइनेछ भन्ने तथ्यलाई प्रभावशाली ढङ्गमा चिन्हण गर्न (पङ्क्ति ३ मा) यो भजन आनाकानी गर्दैन। येशू स्वयम्लाई सम्बोधन गर्दै, उहाँलाई चाँडै आएर राज्य गर्ने बिन्ती गर्दै एउटा नाटकीय पद्यखण्डमा यो समाप्त हुँदछ। ('Sicilian Mariners" भन्ने परिचित धुन प्रयोग गर्नुहोस्)

हेर, उहाँ आउनुहुन्छ, बादलहरूको सवारीमा,
एकपटक प्राथमिकता दिइएको पापीका लागि मारिएको;
उपस्थित हजारौं हजारौं सन्तहरूले उहाँको लामको
सर्वोत्तम उदाहरण अभिवृद्धि गरेको;
हल्लेलुयाह, हल्लेलुयाह, राज गर्न परमेश्वर संसारमा प्रकट हुनुहुन्छ।

हरेक आँखाले अब उहाँलाई हेर्नेछ, जो भयानक प्रतापमा बेहरिनुभएको छ;
जसले अनादर गरेर उहाँलाई बेचे, घोचे, रूखमा काँटीले ठोके,
गम्भीर विलाप गर्दै, गम्भीर विलाप गर्दै, साँचो मसीहले हेर्नुहुनेछ।

हरेक टापू, समुद्र, र पर्वत, आकाश र पृथ्वी, भाग्नेछ;
उहाँलाई घृणा गर्ने सबैले, अब पराजित, विजयले दिन
घोषणा गरेको सुन्नुपर्छ;
न्यायका लागि आओ, न्यायका लागि आओ,
न्यायका लागि आओ, आओ।

अब उद्धार, चीरप्रतीक्षित, हेर समारोहपूर्वक धुमधाम आएको,
मानिसद्वारा अस्वीकृत, उहाँका सबै सन्तगणले,
अब उहाँलाई भेट्नेछन् आकाशमा।
हल्लेलुयाह, हल्लेलुयाह, परमेश्वर प्रकट हुनुभएको दिन हेर।

हो, आमिन, सबैले तपाईंको आराधना गरून्,
जो तपाईंको अनन्त सिंहासनमा हुनुहुन्छ;

उद्धारकर्ता, शक्ति र महिमा लिनुहोस्, तपाईं स्वयमका लागि।
ओ, चाँड़ै आउनुहोस्, ओ, चाँड़ै आउनुहोस्; हल्लेलुयाह,
आउनुहोस्, प्रभु, आउनुहोस्।

*रचयिता* : Charles Wesley, 1758 (पद्यखण्ड १, २, ५)
John Cennick, 1752 (पद्यखण्ड ३, ४)

वैकल्पिक भजन, "आनन्द मनाओ, तिमीहरू सबै विश्वासीहरू"

अध्याय ५५

# सहस्राब्दी

# The Millennium

***सहस्राब्दी के हो? यो कहिले आउँछ?***
***के खीष्टियानहरूले महासंकष्ट भोग्नेछन्?***


## व्याख्या र धर्मशास्त्रीय आधार

सहस्राब्दी वा *millennium* (ल्याटिन *millennium,* "हजार वर्ष"-बाट व्युत्पन्न भएको)-को अर्थ "एक हजार वर्ष" हो। यो शब्द प्रकाश २०:४-५ बाट लिइएको हो जहाँ यसले बताउँछ कि कुनै विशेष मानिसहरू "फेरि जीवित भए, र तिनीहरूले ख्रीष्टसँग *एक हजार वर्षसम्म* राज गरे। अरू मरेकाहरूचाहिँ एक हजार वर्ष नबितुञ्जेल जीवित भएनन्।" यस वक्तव्यभन्दा ठीकअघि हामी यो पढ्दछौं कि एउटा स्वर्गदूत स्वर्गबाट ओर्लिआएर शैतानलाई समाते अनि त्यसलाई *"एक हजार वर्षका* निम्ति बाँधेर राखे। तिनले त्यसलाई अतल कुण्डमा फालिदिए, र त्यो कुण्ड बन्द गरी मोहोर लगाइदिए, ताकि *एक हजार वर्ष समाप्त* नभएसम्म जाति-जातिहरूलाई त्यसले बहकाउन नपाओस्" (प्रका २०:२-३)।

मण्डलीको इतिहासभरि यस "सहस्राब्दी"-को समय र स्वभावबारे तीनवटा प्रमुख दृष्टिकोणहरू रहिआएका छन्।

### क. तीन प्रमुख दृष्टिकोणहरूको व्याख्या

**१. असहस्राब्दीवाद *(Amillennialism)*।** यहाँ व्याख्या गरिनुपर्ने पहिलो दृष्टिकोण असहस्राब्दीवाद हो। यो वास्तवमै साधारण छ। यसलाई रेखाचित्र ५५.१ अनुसार चित्रित गर्न सकिन्छ :




असहस्राब्दीवाद
*रेखाचित्र ५५.१*

यो स्थितिअनुसार, प्रकाश २०:१-१० को अनुच्छदले वर्तमान चर्च वा मण्डली युग वर्णन गर्छ। यो त्यो युग हो जसमा जाति-जातिहरूमाथि शैतानको प्रभाव ठूलो परिणाममा कम गराइएको छ ताकि सुसमाचार सारा संसारमा प्रचार गर्न सकियोस्। ख्रीष्टसँग एक हजार वर्ष राज गरिरहेका छन् भनिएकाहरू ती खीष्टियानहरू हुन् जो मरिसकेका छन् र स्वर्गमा ख्रीष्टसँग राज गरिरहेका छन्। यस दृष्टिकोणअनुसार, असहस्राब्दीमा ख्रीष्टको शासन पृथ्वीमा हुने ख्रीष्टको भौतिक शासन होइन तर उहाँले "स्वर्ग र पृथ्वीमा समस्त अधिकार मलाई दिइएको छ" (मत्ती २८:१८) भनी बताउनुभएको स्वर्गको राज्य थियो।

यस दृष्टिकोणलाई "असहस्राब्दी" दृष्टिकोण भनिन्छ किनभने आउने कुनै पनि सहस्राब्दीको युग छैन भनी यसले दाबी गर्छ। असहस्राब्दीवादीहरूले प्रकाश २० अहिले मण्डलीको युगमा पूरा भइरहेको छ भनी विश्वास गर्ने हुनाले तिनीहरूले यो विश्वास गर्छन् कि त्यहाँ वर्णन गरिएको "सहस्राब्दी" हालमा भइरहेको छ। मण्डली युगको ठीक समयावधि जान्न सकिँदैन अनि "हजार वर्ष" भन्ने अभिव्यक्ति एउटा लामो समय बुझाउने लाक्षणिक अभिव्यक्ति मात्र हो जसमा परमेश्वरको सिद्ध उद्देश्यहरू पूरा गरिनेछन्।

यस दृष्टिकोणअनुसार, मण्डलीको वर्तमान युग ख्रीष्टको पुनरागमनसम्मै रहिरहनेछ (हे. रेखाचित्र ५५:१)। ख्रीष्ट फर्किआउनुहुँदा विश्वासी र अविश्वासीहरू दुवैको पुनरुत्थान हुनेछ। विश्वासीहरूका शरीर तिनीहरूका आत्माहरूसँग एक हुनेछन् र सदासर्वदाको निम्ति स्वर्गको पूर्ण आनन्दमा प्रवेश गर्नेछन्। अविश्वासीहरू अन्तिम न्याय र अनन्तको दण्ड सामना गर्नलाई फेरि जीवित पारिनेछन्। विश्वासीहरू पनि ख्रीष्टको न्याय-आसनअगि उभिनुपर्नेछ (२ कोर ५:१०), तर यस न्यायले स्वर्गमा हुने इनामको परिणाम मात्र निर्णय गर्नेछ, किनभने अविश्वासीहरू मात्र अनन्तको निम्ति दण्डित हुनेछन्। यस समयमा पनि नयाँ आकाश र नयाँ पृथ्वी सुरु हुनेछन्। अन्तिम न्यायको तुरुन्तैपछि अनन्तको त्यो राज्य सुरु हुनेछ र यो सदासर्वदाको निम्ति रहिरहनेछ।

यो योजना अति नै साधारण छ किनभने अन्त्यको समयका सबै घटनाहरू ख्रीष्टको पुनरागमनको तुरुन्तैपछि एकैपटक घट्छन्। कति असहस्राब्दीवादीहरू ख्रीष्ट कुनै पनि समय आउन सक्नुहुन्छ भन्छन् जबकि अरूहरूले (जस्तै, Berkhof-ले) यो तर्क गर्छन् कि कुनै चिन्हहरू अहिलेसम्म पूरा भइसकेका छैनन्।

**२. उत्तरसहस्राब्दीवाद (Postmillennialism)**। उपसर्ग *उत्तर* (*post*)-को अर्थ *पछि/पश्चात्* हुन्छ। यस दृष्टिकोणअनुसार, ख्रीष्ट सहस्राब्दी*पछि* फर्कनुहुनेछ। उत्तरसहस्राब्दीवादी दृष्टिकोणलाई रेखाचित्र ५५.२ मा जस्तै गरी देखाउन सकिन्छ (पृ. १४६५ मा)।

यस दृष्टिकोणअनुसार, सुसमाचारको प्रगति र मण्डलीको वृद्धि क्रमिक रूपमा हुनेछ, जसो हुँदा संसारको जनसंख्याका अझ ठूलो अनि ठूलो भाग ख्रीष्टियान बन्नेछ। यसको फलस्वरूप, समाजमा महत्त्वपूर्ण ख्रीष्टियान प्रभाव हुनेछ, समाज अझ बढी

परिणाममा परमेश्वरका मानदण्डहरूअनुसार चल्नेछ, अनि शान्ति र धार्मिकताको "सहस्राब्दी युग" क्रमिक रूपले यस पृथ्वीमा देखा पर्नेछ। यो सहस्राब्दी एउटा लामो समयको निम्ति रहनेछ (अनिवार्यतः अक्षरशः एकै हजार वर्षको होइन) र अन्त्यमा,




उत्तरसहस्राब्दीवाद
*रेखाचित्र ५५.२*

*यस युगको अन्त्यमा, ख्रीष्ट पृथ्वीमा फर्किआउनुहुनेछ,* विश्वासीहरू र अविश्वासीहरू पुनरुत्थान गरिनेछन्, अन्तिम न्याय हुनेछ अनि नयाँ आकाश र नयाँ पृथ्वी हुनेछन्। हामी तब अनन्तको राज्यमा प्रवेश गर्नेछौं।

उत्तरसहस्राब्दीवादको आधारभूत विशिष्टता यो हो कि जीवनहरू परिवर्तन गर्न र संसारमा अत्यधिक भलाइ ल्याउनका लागि सुसमाचार शक्तिशाली छ भन्ने कुरामा यो अति सकारात्मक छ। मण्डलीले महान् जागृति प्राप्त गरिरहेको बेला, युद्ध र अन्तर्राष्ट्रिय संघर्षहरू नभएका बेला, र संसारमा खराबी र दुःख-कष्टलाई पराजितमा गर्न ठूलो प्रगति भइरहेको जस्तो देखिएको बेला उत्तरसहस्राब्दीवादमाथि विश्वास वृद्धितिर अग्रसर हुन्छ। तर यसको सर्वाधिक उत्तरदायी रूपमा, उत्तरसहस्राब्दीवाद हामीवरिपरि संसारमा घटिरहेका घटनाहरूको अवलोकनमाथि मात्र आधारित हुँदैन, तर धर्मशास्त्रका विभिन्न खण्डहरूमा भएका तर्कहरूमाथि आधारित हुन्छ, जसबारे तल छलफल गरिनेछन्।

## ३. प्राक्सहस्राब्दीवाद (Premillennialism)


**अ. पुरातन (Classic) वा ऐतिहासिक प्राक्सहस्राब्दीवाद :** "प्राक्" (*pre*) उपसर्गको अर्थ "अघि" हुन्छ, अनि "प्राक्सहस्राब्दिक" दृष्टिकोणले भन्छ कि ख्रीष्ट सहस्राब्दीभन्दा अघि नै आउनुहुनेछ।[1] अति प्रारम्भिक शताब्दीहरूदेखि यस दृष्टिकोणको लामो इतिहास छ। यसलाई रेखाचित्र ५५.३ (पृ. १४६२) मा जस्तै गरी देखाउन सकिन्छ।

यो दृष्टिकोणअनुसार, वर्तमान मण्डली, यसको अन्तिम समयतिर पुग्दा, पृथ्वीमा महासङ्कष्ट र दुःख-कष्टको समय नआएसम्म कायमै रहिरहनेछ (रेखाचित्रमा "सं"-ले सङ्कष्ट बुझाउँछ।[2] मण्डली-युगको अन्त्यमा हुने महासङ्कष्टको समयमा *सहस्राब्दीको*

[1]प्राक्सहस्राब्दीतिर सङ्केत गर्न कहिलेकाहीँ प्रयोग गरिने अर्को शब्द *chiliasm* हो, जो ग्रीक शब्द *chilioi* ("हजार") आएको हो। यो शब्द प्रायः नै पुरानो साहित्यमा पाइन्छ र यसको आज विरलै प्रयोग हुन्छ।

[2]एउटा वैकल्पिक किसिमको प्राक्सहस्राब्दीवादले यो विश्वास गर्छ कि पृथ्वीमा महासङ्कष्टको युगभन्दा

*राज्य स्थापित गर्नलाई ख्रीष्ट पृथ्वीमा फर्किआउनुहुनेछ।* उहाँ फर्किआउनुहुँदा मरेका विश्वासीहरू मृतकबाट जीवित बनाइनेछन्, तिनीहरूका आत्मा शरीरसित




पुरातन वा ऐतिहासिक प्राक्सहस्राब्दीवाद
*रेखाचित्र ५५.३*

एक हुनेछन् अनि यी विश्वासीहरूले ख्रीष्टसँग पृथ्वीमा एक हजार वर्ष राज गर्नेछन्। (केही प्राक्सहस्राब्दीवादीहरूले यसलाई अक्षरशः वर्ष हो भन्छन् तर अरूहरूले यसलाई लामो समय बुझाउने प्रतीकात्मक अभिव्यक्तिको रूपमा लिन्छन्)। यस समयावधिमा ख्रीष्ट यस पृथ्वीमा उहाँको पुनरुत्थित शरीरमा दैहिक रूपमा उपस्थित हुनुहुनेछ र राजाका रूपमा सारा पृथ्वीमा राज्य गर्नुहुनेछ। मृतकबाट जीवित बनाइएका विश्वासीहरू, र ख्रीष्ट फेरि आउनुहुँदा पृथ्वीमा भएका विश्वासीहरूले यस्तो पुनरुत्थित शरीर पाउनेछन् जो कहिल्यै पनि मर्नेछैनन्, अनि यी महिमान्वित पुनरुत्थित शरीरमा तिनीहरू पृथ्वीमा जिउनेछन् र ख्रीष्टसँग राज्य गर्नेछन्। पृथ्वीमा रहेका अविश्वासीहरूमध्ये धैरै जना (तर सबै होइन) ख्रीष्टमा आउनेछन् र उद्धार पाउनेछन्। येशूले सिद्ध धार्मिकतामा राज्य गर्नुहुनेछ अनि सारा संसारमा शान्ति हुनेछ। धैरै प्राक्सहस्राब्दीवादीहरूले यो विश्वास गर्छन् कि पृथ्वी नयाँ गरी बनाइनेछ र यस समय हामीले नयाँ आकाश र नयाँ पृथ्वी वास्तवमै देख्नेछौं (तर प्राक्सहस्राब्दीवादीहरूले यो विश्वास गर्नैपर्ने आवश्यक छैन, किनभने कुनै पनि व्यक्ति प्राक्सहस्राब्दीवादी हुन सक्छन् र नयाँ आकाश र नयाँ पृथ्वी अन्तिम न्यायसम्म देखापर्ने छैन भनी विश्वास गर्न सक्छन्)। यस समयको आरम्भमा शैतान बाँधिनेछ र अतल कुण्डमा फालिनेछ जसो हुँदा सहस्राब्दीको समयमा पृथ्वीमा यसको कुनै प्रभाव हुनेछैन (प्रका २०:१-३)।

प्राक्सहस्राब्दी दृष्टिकोणअनुसार, एक हजार वर्षको अन्तमा शैतानलाई त्यस अतल कुण्डबाट मुक्त गरिइनेछ र यो धैरै अविश्वासीहरूसँग मिल्नेछ जसले बाहिरबाट मात्र ख्रीष्टको राज्यलाई स्वीकार गरेका छन् तर जो उहाँको विरुद्धमा


---

*अघि नै* ख्रीष्ट फेरि आउनुहुनेछ। सहस्राब्दीको त्यो वैकल्पिक रूपलाई हामी तल जाँच गर्नेछौं।

भित्र-भित्रै उम्लिरहेका छन्। शैतानले ख्रीष्टको विरुद्धमा यी विद्रोही मानिसहरूलाई भेला गर्नेछ तर तिनीहरू निर्णायक रूपमा पराजित हुनेछन्। ख्रीष्टले त्यसपछि ती सबै अविश्वासीहरूलाई मृतकबाट जीवित बनाउनुहुनेछ जो आदिकालदेखि आजसम्म मरेका छन् र तिनीहरू अन्तिम न्यायको निम्ति ख्रीष्टको सामु खड़ा हुनेछन्। अन्तिम न्यायपछि विश्वासीहरूले अनन्तको अवस्थामा प्रवेश गर्नेछन्।

मण्डलीले सतावट भोगेकोले अनि पृथ्वीमा दुःख-कष्ट र खराबी बढ़ेको हुनाले, सहस्राब्दीवादको लोकप्रियतामा बढ़ेको प्रतीत हुन्छ। तर उत्तरस्राब्दीवादमा जस्तै प्राक्सहस्राब्दीवादी दृष्टिकोण समकालीन घटनाहरूको पर्यवेक्षणमा आधारित छैन तर धर्मशास्त्रका विशेष खण्डहरूमा, विशेष गरी (तर सम्पूर्ण रूपमा होइन) प्रकाश २०:१-१० मा, आधारित छ।

**आ. प्राक्महासङ्कष्टीय प्राक्सहस्राब्दीवाद (वा Dispensational सहस्राब्दीवाद) :** उन्नाइसौं र बिसौं शताब्दीमा एउटा अर्को किसिमको प्राक्सहस्राब्दीवादले व्यापक जनप्रियता हासिल गरेको छ, विशेष गरी ब्रिटेन र संयुक्त राष्ट्र अमेरिकामा। यस दृष्टिकोणअनुसार, ख्रीष्ट सहस्राब्दीभन्दा अघि मात्र नआउनुभएर (ख्रीष्टको पुनरागमन *प्राक्*सहस्राब्दिक हुन्छ), यो महासङ्कष्टभन्दा पनि अघि आउनेछ (ख्रीष्टको पुनरागमन *प्राक्*महासङ्कष्टीय हुनेछ)। यो दृष्टिकोण माथि उल्लेखित पुरातन प्राक्सहस्राब्दिक दृष्टिकोणजस्तै छ, तर यसमा एक मुख्य भिन्नता छ : यसले सहस्राब्दीमा पृथ्वीमा राज्य गर्नलाई ख्रीष्ट आउनुभन्दा अघि पनि उहाँको अर्को पुनरागमन थप्छ। यो पुनरागमन विश्वासीहरूलाई संसारबाट लैजानलाई भएको ख्रीष्टको गुप्त पुनरागमन हो भन्ने ठानिन्छ।[३] प्राक्महासङ्कष्टीय प्राक्सहस्राब्दीवाद दृष्टिकोणलाई रेखाचित्र ५५.४ मा जस्तै गरी देखाउन सकिन्छ।




प्राक्महासङ्कष्टीय प्राक्सहस्राब्दीवाद
*रेखाचित्र ५५.४*

यस दृष्टिकोणअनुसार, जबसम्म ख्रीष्ट *हठात्, अनपेक्षित समयमा, र गुप्त रूपमा* आउनुहुन्न, तबसम्म मण्डलीको युग रहिरहनेछ, ख्रीष्ट पृथ्वीमा आधा बाटोसम्म

[३]विश्वासीहरूका निम्ति ख्रीष्टको यो गुप्त आगमनलाई कहिलेकाहीं "सशरीर उठाइलगिने" वा *rapture*

आउनुहुनेछ, र त्यसपछि विश्वासहरूलाई उहाँकहाँ बोलाउनुहुनेछ : "... ख्रीष्टमा मरेकाहरूचाहिँ पहिले बौरिउठ्नेछन्। तब हामी बाँचिरहेका र छोड़िएकाहरू प्रभुलाई आकाशमा भेट्न तिनीहरूका साथसाथै उठाइलगिनेछौं ..." (१ थेस ४:१६-१७)। *त्यसपछि पृथ्वीबाट हटाइएका विश्वासीहरूसँगै ख्रीष्ट स्वर्ग फर्किजानुहुनेछ। यो भएपछि, पृथ्वीमा* सात वर्ष*सम्म महासङ्कष्ट हुनेछ*।[४]

सङ्कष्टको यो सात वर्षीय समयावधिमा, ख्रीष्टको पुनरागमनभन्दा अघि हुनेछन् भनी पूर्ववाणी गरिएका चिन्हहरूमध्ये धेरैवटा पूरा हुनेछन्।[५] यहूदीहरूले ख्रीष्टलाई तिनीहरूका मसीह भनी भरोसा गर्दा, तिनीहरूका पूर्णताको विशाल भेला हुनेछ। महाकष्टबीच अत्यन्त प्रभावकारी प्रचारकार्य पनि हुनेछ, विशेष गरी यहूदी खीष्टियानहरूद्वारा। *महासङ्कष्टको अन्त्यमा, पृथ्वीमा एक हजार वर्ष शासन गर्नलाई ख्रीष्ट उहाँका सन्तहरूसँग फर्किआउनुहुनेछ*। यो सहस्राब्दिक युगपछि एउटा विद्रोह हुनेछ, जसको फलस्वरूप शैतान र यसका फौजहरूको अन्तिम हार हुनेछ, त्यसपछि अविश्वासीहरूको पुनरुत्थान हुनेछ, अन्तिम न्याय हुनेछ, अनि अनन्त राज्य सुरु हुनेछ।

प्राक्‌महासङ्कष्टीय प्राक्‌सहस्राब्दीवादको एउटा थप विशिष्टता उल्लेख हुनैपर्दछ : यो दृष्टिकोण ती अधिकांश डिसपेन्सेशनलिस्टहरूमा मात्रै पाइन्छ जसले मण्डली र इस्राएलबीच स्पष्ट भिन्नता कायम राख्न चाहन्छन्। यो प्राक्‌महासङ्कष्टीय दृष्टिकोणले यो भिन्नता कायम राख्छ, कारण यहूदीहरू व्यापक रूपमा ख्रीष्टियान बनेपछि यो भिन्नता हुन्छ भन्छन् किनभने यहूदी जनगणको व्यापक मतान्तरणभन्दा अघि मण्डलीलाई संसारबाट लगिनेछ। त्यसकारण यी यहूदी मानिसहरू मण्डलीबाट भिन्नै विशेष समूह नै रहनेछन्। प्राक्‌महासङ्कष्टीय प्राक्‌सहस्राब्दीको अर्को विशेषता यो हो कि "जहाँ सम्भव हुन्छ" त्यहाँ बाइबलीय अगमवाणीहरूको व्याख्या "अक्षरशः" गर्नुपर्छ भनी यसले जोड़ दिन्छ। यो विशेष गरी पुरानो करारमा इस्राएलबारे गरिएका अगमवाणीहरूमा लागु हुन्छ। यो दृष्टिकोण राख्नेहरू तर्क गर्छन् कि इस्राएललाई भावी आशिष्‌बारे परमेश्वरका अगमवाणीहरू अझै पनि यहूदी मानिसहरूबीच नै पूरा हुनेछन्; तिनका परिपूर्ति चर्चमा खोजेर तिनलाई "आत्मिकीकरण" गरिनुहुँदैन। अन्त्यमा, प्राक्‌महासङ्कष्टीय प्राक्‌सहस्राब्दीको एउटा आकर्षक विशेषता के छ भने यसले ख्रीष्टको पुनरागमन "कुनै पनि क्षण" हुन सक्छ भनी मानिसहरूलाई कर गर्ने अनुमति दिन्छ र त्यसकारण हामीलाई ख्रीष्टको पुनरागमनको लागि तयार बन्न उत्साहित गर्ने अनुच्छेदहरूको पूर्ण शक्तिप्रति न्याय गर्छ, साथै ख्रीष्टको पुनरागमन अघि हुने चिन्हहरू अक्षरशः पूरा हुनेछन् भनी मानिलिन्छ, कारण यी चिन्हहरू सङ्कष्टमा पूरा हुनेछन् भनी यसले भन्छ।

---

भनिन्छ, जो ल्याटिन *rapio*, ("समात्नु, खोस्नु, बोकिलैजानु")-बाट व्युत्पन्न भएको हो।

[४]केही व्याख्याताहरूले यस दृष्टिकोणको फरक रूपमा विश्वास गर्छन्, जस्तै महासङ्कष्टको मध्य भागमा ख्रीष्ट आउनुभएर विश्वासीहरूलाई उद्धार गर्नुहुनेछ। त्यसपछि तीन वर्ष छ महिनासम्म पृथ्वीमा अतिरिक्त महासङ्कष्ट हुनेछ। यसलाई "मध्यमहासङ्कष्ट सशरीर उठाइलगिने" (*midtribulation rapture*_ दृष्टिकोण भनिन्छ। यस दृष्टिबारे थप छलफलको निम्ति, हे. Gleason Archer, Paul Feinberg, Douglas Moo, Richard Reiter, *The Rapture: Pre-, Mid-, or Post-Tribulation?* मा Gleason Archer, "The Case for the Mid-Seventieth-Week Rapture Position (ग्र्यान्ड र्‍यापिड्स् : जोन्डरभ्यान, १९८४), पृह. ११३-४५।

[५]ख्रीष्टको पुनरागमनअघि देखा पर्ने चिन्हहरूबारे छलफलको निम्ति हे. अ. ५४।

यी तीनवटा (वा चारवटा) दृष्टिकोणहरूबारे तर्कहरूलाई जाँच गर्नभन्दा पहिले, यो बझ्नु आवश्यक हुन्छ कि भविष्यका घटनाहरूसम्बन्धी अगमवाणिक खण्डहरूका विभिन्न बेहोराहरूका व्याख्या प्रायः नै जटिल र कठिन काम हुन्छ जसमा अनेकौं परिवर्तनीय (varialble) कारकतत्त्वहरू संलग्न हुन्छन्। यसकारण यस क्षेत्रमा हाम्रो निष्कर्षहरूमा पाइने निश्चितताको परिणाम अरू धर्मसिद्धान्तहरूको तुलना कम हुन्छ। म एउटा दृष्टिकोण (पुरातन प्राक्सहस्राब्दीवाद)-को पक्षपोषण गर्नेछु, तथापि इभ्यानजेलिकलहरूले अध्ययनको यो क्षेत्र जटिल छ अनि सहस्राब्दी र सङ्कष्टका अवधिबारे विविध दृष्टिकोणहरू राख्नेहरूप्रति ठूलो मात्रामा अनुग्रहपूर्ण विचार राख्नुपर्छ भनी मानिलिनु आवश्यक छ भन्ने पनि म सोच्दछु।

## ख. असहस्राब्दी (Amillennialism)-को पक्षमा भएका तर्कहरूबारे विमर्श

असहस्राब्दी (Amillennialism) दृष्टिकोणको पक्षमा निम्नलिखित तर्कहरू अघि सार्न सकिन्छ :

१. असहस्राब्दीवादीहरू भन्छन्, हामीले सम्पूर्ण बाइबल हेर्दा *एउटै खण्डले मात्र* (प्रका २०:१-६) भविष्यमा ख्रीष्टको एक हजार बर्से शासन हुनेछ भन्ने शिक्षा दिएको देखिन्छ, अनि त्यो खण्ड आफै पनि अस्पष्ट छ। त्यस्तो प्रमुख धर्मसिद्धान्तलाई एउटा अनिश्चित र व्यापक रूपमा विवादग्रस्त व्याख्यामाथि आधारित बनाउनु मूर्खतापूर्ण काम हो।

तर असहस्राब्दीवादीहरूले प्रकाश २०:१-६ लाई कसरी बुझ्दछन्? यस खण्डले वर्तमान मण्डली-युग बुझाएको हो भनी असहस्राब्दीवादी व्याख्याले हेर्छ। त्यो खण्ड यस्तो छ :

> त्यसपछि अतल कुण्डको साँचो र एउटा ठूलो साङ्लो हातमा लिएर एउटा स्वर्गदूत स्वर्गबाट ओर्लेर आएका मैले देखें। तिनले त्यो अजिङ्गर, त्यो प्राचीन सर्प, जो दियाबलस वा शैतानको हो, त्यसलाई पक्रे, अनि *एक हजार वर्षका निम्ति बाँधेर* राखे। तिनले त्यसलाई अतल कुण्डमा फलिदिए, र त्यो कुण्ड बन्द गरी मोहोर लगाइदिए, ताकि एक हजार वर्ष अन्त्य नभएसम्म जाति-जातिहरूलाई त्यसले बहकाउन नपाओस्। त्यसपछि केही समयको निम्ति यसलाई फुक्का गरिनुपर्छ।
>
> तब मैले सिंहासन र त्यसमाथि बस्नेहरूलाई देखे, जसलाई इन्साफ गर्ने अधिकार दिइएको थियो। तब येशूका गवाहीको निम्ति र परमेश्वरका वचनको निम्ति शिर काटिएकाहरू, त्यो पशु र त्यसको मूर्तिको पूजा नगर्नेहरू र त्यसको छाप निधार वा हातमा नलगाउनेहरूका आत्माहरूलाई मैले देखें। *तिनीहरू फेरि जीवित भए, र तिनीहरूले ख्रीष्टसँग एक हजार वर्षसम्म राज्य गरे,* अरू मरेकाहरूचाहिँ ती एक हजार वर्ष नबितुञ्जेल *जीवित भएनन्*। यो पहिलो पुनरुत्थान हो। पहिलो पुनरुत्थानमा सहभागीहरू हुनेहरू धन्य र पवित्र हुन्। यिनीहरूलाई दोस्रो मृत्युको शक्तिले केही गर्न

सक्दैन, तर तिनीहरू परमेश्वर र ख्रीष्टका पूजाहारी भएर *उहाँसँग एक हजार वर्षसम्म राज्य गर्नेछन्*।

असहस्राब्दीवादी व्याख्याअनुसार,[६] पद १-२ मा शैतानलाई बाँध्ने काम येशूको सांसारिक सेवाकालमा भयो। उहाँले बलियो मानिसलाई बाँध्ने कुरा गर्नुभयो ताकि उसको घर लुट्न सकियोस् (मत्ती १२:२९) र भन्नुभयो कि भूतात्माका तागतहरूलाई विजय गर्नलाई परमेश्वरका आत्मा त्यस समय शक्तिसाथ उपस्थित हुनुहुन्थ्यो, "तर यदि परमेश्वका आत्माद्वारा म भूतहरूलाई धपाउँछु भने परमेश्वको राज्य तिमीहरूमा आइसकेको छ" (मत्ती १२:२८)। त्यसरी नै, शैतानको शक्तिलाई तोड्ने सम्बन्धमा, येशूले उहाँको सेवाकालमा भन्नुभयो, "मैले शैतानलाई स्वर्गबाट बिजुलीझैं खसिरहेको देखें" (लूक १०:१८)।

प्रकाश २०:१-३ मा शैतानलाई बाँध्ने काम एउटा विशेष उद्देश्यको निम्ति हो भनी असहस्राब्दीवादीहरूले तर्क गर्छन्, *"ताकि जाति-जातिहरूलाई त्यसले बहकाउन नपाओस्"* (प. ३)। येशू आउनुहुँदा ठीक यस्तै भयो र सुसमाचार यहूदीहरूलाई मात्र होइन तर, पेन्तिकोसपछि, संसारका सबै जातिहरूलाई प्रचार गरिन आरम्भ भयो। वास्तवमा, मण्डलीको विश्वव्यापी मिशनेरी क्रियाकलाप र संसारका अधिकांश वा सारा जातिहरूमा मण्डलीको उपस्थितिले देखाउँछ कि पुरानो करारमा "जाति-जातिहरूलाई छल्ने" र तिनीहरूलाई अँध्यारोमा राख्ने शैतानको जुन शक्ति थियो त्यो तोड़िएको छ।

असहस्राब्दीवादी दृष्टिकोणमा, पद ४ मा वर्णन गरिएको दृश्य स्वर्गमा हुन्छ, यूहन्नाले भने, "येशूका गवाहीको निम्ति ... शिर काटिएकाहरू ... का *आत्माहरू*लाई मैले देखें। तिनीहरू फेरि जीवित भए, र तिनीहरूले ख्रीष्टसँग एक हजार वर्षसम्म राज्य गरे" (प. ४)। यूहन्नाले भौतिक शरीर होइन तर "आत्माहरू" देखेका कारण यो तर्क गरिन्छ कि यो दृश्य स्वर्गमा नै देखिनेछ। मूलपाठले "तिनीहरू फेरि जीवित भए" भन्दा यसको अर्थ यो हुँदैन कि तिनीहरूले शारीरिक पुनरुत्थान प्राप्त गरे। यस पदमा चलाइएको सामान्य भूतकाल *ezesan*-को व्याख्या गर्दा यो लामो समयावधि-सम्म घटित घटनाबारे वक्तव्य हो भनी सहजै थाहा गर्न सकिने हुनाले उक्त वाक्यको अर्थ सम्भवतः "तिनीहरू जिए" भन्ने हुन्छ। ("तिनीहरूले ... राज्य गरे" बताउने क्रियापद पनि सामान्य भूतकाल सङ्केतक नै भएकोले र यसले हजार वर्षभित्रमा घटित एउटा घटनातिर सङ्केत गर्ने हुनाले, "तिनीहरू ... जीवित भए" भन्ने क्रियापदको पनि उस्तै अर्थ हुनुपर्छ।) अर्कोतिर, कतिपय असहस्राब्दीवादी व्याख्याकर्ताहरूले क्रियापद *ezesan*-लाई ख्रीष्टको उपस्थितिमा स्वर्गीय अस्तित्वमा आउने र स्वर्गबाट उहाँसँग राज गर्न थाल्ने भन्ने अर्थमा "तिनीहरू जीवित भए"-लाई लिनेछन्।

यस दृष्टिकोणअनुसार, "पहिलो पुनरुत्थान" (प. ५)-ले प्रभुसँग स्वर्गमा हुनलाई

[६]यहाँमा मैले मुख्य रूपमा अनुसरण गरिरहेको छु Anthony A. Hoekema- को उत्कृष्ट छलफल "Amillennialism," *The Meaning of the Millennium: Four Views,* ed. Robert G. Clouse (डाउनर्स् ग्रोभ, इलि.: इन्टरभर्सिटी प्रेस, १९७७) पृह. १५५-८७ मा दिइएको।

जानु बुझाउँछ। यो शरीरिक पुनरुत्थान होइन तर स्वर्गमा परमेश्‍वरको उपस्थितिमा आउने कार्य हो। त्यसरी नै, पद ५ ले "अरू मरेकाहरूचाहिँ ती एक हजार वर्ष बितुञ्जेल *जीवित भएनन्*" भन्छ, "यसलाई तिनीहरू एक हजार वर्षको अन्त्यसम्म न्यायको निम्ति परमेश्‍वरको उपस्थितिमा आएनन् भनी बुझ्छन्। यसकारण ४ र ५ पदहरूमा "फेरि जीवित भए" भन्ने वाक्यांशको अर्थ "परमेश्‍वरको उपस्थितिमा आउनु" हुन्छ। ("पहिलो पुनरुत्थान"-बारे असहस्राब्दीवादीको अर्को दृष्टिकोण यो छ कि यसले ख्रीष्टको पुनरुत्थान र ख्रीष्टसँग हुने एकत्वको माध्यमद्वारा ख्रीष्टमा विश्‍वासीहरूको पुनरुत्थान बुझाउँछ।)

२. असहस्राब्दीवादको पक्षमा प्रायः नै प्रस्ताव गरिने दोस्रो तर्क यो तथ्य हो कि धर्मशास्त्रले दुईवटा पुनरुत्थान (सहस्राब्दी सुरु हुनुभन्दा अघि विश्‍वासीहरूको पुनरुत्थान अनि सहस्राब्दीको अन्त्यमा न्यायको निम्ति अविश्‍वासीहरूको पुनरुत्थान) होइन, तर विश्‍वासी र अविश्‍वासीहरू दुवैको पुनरुत्थान हुने एउटै पुनरुत्थानको शिक्षा दिन्छ। यो महत्त्वपूर्ण तर्क हो, किनभने सहस्राब्दिक दृष्टिकोणले एक हजार वर्षले छुट्ट्याएको दुईवटा भिन्न-भिन्नै पुनरुत्थानहरू आवश्यक छन् भन्छ।

एउटै मात्र पुनरुत्थानको पक्षमा भएको प्रमाण कम्तीमा पनि तीनवटा खण्डहरूमा पाइन्छ। येशूले भन्नुहुन्छ, "*यसमा अचम्म नमान, किनभने समय आइरहेछ, जब चिहानमा हुनेहरू सबैले उसको सोर सुन्नेछन्, र बाहिर निस्किआउनेछन् :* सुकर्म गर्नेहरू जीवनको पुनरुत्थानको निम्ति, र कुकर्म गर्नेहरूचाहिँ दण्डाज्ञाको पुनरुत्थानको निम्ति" (यूह ५:२८-२९)। यहाँ येशूले "एउटै घड़ी"-बारे बताइरहनुभएको छ जब विश्‍वासी र अविश्‍वासी दुवै चिहानबाट निस्किआउनेछन्। यस्तै प्रकारले फेलिक्स्को अगि मुद्दाको निम्ति पावल उभिएको बेला उनले यो बताउँछन् कि उनका यहूदी विरोधीहरूले पनि यो स्वीकार गर्नेछन् कि *"धर्मी र अधर्मीहरू दुवैको मृतकबाट पुनरुत्थान हुन्छ"* (प्रे २४:१५)। फेरि पनि, उनले विश्‍वासी र अविश्‍वासीहरू दुवैको एउटै पुनरुत्थान हुनेछ भन्ने बताउँछन्। अन्त्यमा, हामी दानिएलको पुस्तकमा यो पढ्दछौं, "पृथीमा धूलोमा सुतेका भीड़हरू उठ्नेछन्, केही अनन्त जीवनको लागि र अरूहरूचाहिँ शर्म र अनन्त तिरस्कारको लागि" (दान १२:२)।

३. *महिमान्वित विश्‍वासीहरू र पापीहरू पृथ्वीमा एक साथ बस्ने कुरा स्वीकार गर्न बड़ो कठिन* छ। Berkhof भन्छन्, "यो बुझ्न असम्भव छ कि पुरानो पृथ्वी र पापी मानवजातिको एउटा भाग नयाँ संसार र महिमान्वित मानवजातिको एउटा भागको साथसाथै कसरी बस्न सक्छ। महिमान्वित शरीरमा सिद्ध सन्तहरूले शरीरमा भएका पापीहरूसँग कसरी प्रभुभोज लिन सक्छन्? महिमान्वित पापीहरू यो पापले भरिएको वातावरणमा तथा मृत्यु र क्षयका परिदृश्यहरूमाझ कसरी जिउन सक्छन्?[७]

४. *यदि ख्रीष्ट पृथ्वीमा शासन गर्नलाई महिमासाथ आउनुहुन्छ भने, मानिसहरू कसरी पापमै लागिरहन सक्छन्?* येशू एक पटक वास्तवमा उहाँको पुनरुत्थान शरीरमा उपस्थित भई पृथ्वीमा राजा हुनभएर शासन गर्न आरम्भ गर्नुभएपछि, यो

[७] Berkhof, *Systematic Theology,* पृ. ७१५।

अति असम्भाव्य देखिँदैन कि मानिसहरूले उहाँलाई अझै पनि इन्कार गर्नेछन् अनि खराबी र विद्रोह त्यस बेलासम्म पृथ्वीमा बढ्नेछ जबसम्म ख्रीष्टको विरोधमा लड़ाइँ गर्नलाई शैतानले कालान्तरमा जाति-जातिहरूलाई भेला गर्दैन।[८]

५. यस प्रकारको सहस्राब्दीको कुनै पनि पत्यारलाग्दो *उद्देश्य* भएको देखिँदैन। मण्डलीको युग एकपटक समाप्त भएपछि अनि ख्रीष्ट आइसक्नुभएपछि अनन्त राज्यको आरम्भमा बियाँलो गर्ने कारणै के हुन्छ र ?

६. निष्कर्षमा, असहस्राब्दीवादीहरू भन्छन् कि धर्मशास्त्रले यो सङ्केत दिएको देखिन्छ कि अनन्त राज्य हुनभन्दा पहिले *घटनुपर्ने सबै प्रमुख घटनाहरू* अचानक घट्नेछन्। ख्रीष्ट फर्किआउनुहुनेछ, विश्वासी र अविश्वासीहरूको एउटै पुनरुत्थान हुनेछ, अन्तिम न्याय हुनेछ, र नयाँ आकाश र पृथ्वी स्थापित गरिनेछन्। त्यसपछि हामी भविष्यको कुनै सहस्राब्दीविना नै तुरुन्तै अनन्तको राज्यमा प्रवेश गर्नेछौं।[९]

यहाँनेर हामी यी असहस्राब्दीवादी तर्कहरूको छोटो उत्तर दिन सक्छौं, यद्यपि कुनै बुँदाहरूमा प्राक्सहस्राब्दीवादको पक्षका तर्कहरूमा अझै पूर्ण व्याख्या विकसित गरिनेछ।

१. भविष्यमा पृथ्वीमा हुने सहस्राब्दीबारे बाइबलको एउटै खण्डले मात्र शिक्षा दिन्छ भन्ने आपत्तिको उत्तरमा विभिन्न टिप्पणीहरू गर्न सकिन्छ :

(अ) कुनै कुरा सत्य र हामीले विश्वास गर्नैपर्ने हुनलाई बाइबलले त्यो कुरा एकपटक मात्र भन्नु आवश्यक हुन्छ, उदाहरणार्थ, बाबेलको धरहरामा भाषाहरू खलबल पारिएको घटना केवल उत्पत्ति ११:१-९ मा बयान गरिएको छ, तर पनि यो सत्य हो भनी हामी विश्वास गर्छौं, किनभने यसले यही सिकाउँछ। त्यसरी नै, भविष्यमा ख्रीष्टको सहस्राब्दिक शासनकालबारे एउटै खण्डले मात्र सिकाए तापनि हामीले यसलाई विश्वास गर्नैपर्दछ।

यसबाहेक, यो उदेकलाग्दो कुरा होइन कि यो धर्मसिद्धान्त प्रकाशको पुस्तकमा स्पष्टतापूर्व सिकाइनुपर्दछ। पुरानो करारको युगको अन्त्यमा झण्डै यस्तै प्रकारको स्थिति थियो। सम्पूर्ण पुरानो करारमा मसीह दुईपटक आउनुहुने स्पष्ट शिक्षा छैन – एकपटक कष्टित ख्रीष्टको रूपमा जो मर्नुहुन्छ र फेरि बौरी उठ्नुहुन्छ, र हाम्रो मुक्ति कमाउनुहुन्छ र त्यसपछि विजेता राजाको रूपमा जसले पृथ्वीमा राज गर्नुहुन्छ। पुरानो करारका अगमवक्ताहरूमा ख्रीष्टका पहिलो र दोस्रो आगमनहरूतिर सङ्केत

[८] यो तर्क विशेष गरी Arthur H. Lewis, *The Dark Side of Millennium* (ग्र्यान्ड र्‍यापिडस् : बेकर, १९८०)-मा विकसित गरिएको छ।

[९] प्रका २०:१ वर्तमान युगमा लागु हुन्छ भनी असहस्राब्दीवादीहरूले विश्वास गर्ने हुनाले, तिनीहरू कहिलेकाहीं भन्छन् "प्राक्सहस्राब्दीवादीहरूले सहस्राब्दीलाई *प्रतीक्षा गरिरहेका* छन्, उत्तरसहस्राब्दीवादीहरूले यसको निम्ति *कार्य गरिरहेका* छन्, तर हामी यसलाई *उपभोग गरिरहेका* छौं।"

यस कुरामाथि ध्यान दिनुपर्दछ कि कति असहस्राब्दीवादीहरूले *असहस्राब्दीवाद* शब्द मन पराउँदैनन् किनभने यसले यो सूचित गर्छ कि तिनीहरूले कुनै सहस्राब्दीवादमा पटक्कै विश्वास गर्दैनन्, जबकि तिनीहरूले *भविष्यको* सहस्राब्दीमा विश्वास गर्दैनन भन्नु बढ़ी सही हो। तिनीहरूले अझ सकारात्मक शब्द, जस्तै "साकार गरिएको सहस्राब्दीवाद"-लाई अझ राम्रो ठान्छन्। यसले तिनीहरूलाई ख्रीष्टले प्रका २०:१-६ मा सिकाउनुभएको सहस्राब्दिक राज्यमा तिनीहरू विश्वास गर्छन् भनी सूचित गर्ने अनुमति दिन्छ; तरै पनि तिनीहरूले यस अनुच्छेदले वर्तमान मण्डलीको युगबारे बताउँछ भनी विश्वास गर्छ। (हे. J. Adams, *The Time Is at Hand* [फिलिप्सबर्ग, एन्.जे.: प्रेज्बिटेरियन अ्यान्ड रिफर्मड्, १९७०], पृह. ७-११।)

दिन सकिन्छ, तर ती कहीं पनि स्पष्टतासित सिकाइएको छैन, किनभने उद्धारको काम हुनभन्दा अगाड़ि नै परमेश्वरले उहाँका उद्धारको योजनाबारे त्यो बेहोरा प्रकट गरिदिन आवश्यक ठान्नुभएन। त्यसरी नै, प्रकाशको पुस्तक लेखिएको समयसम्म ल्याइपुऱ्याउने पुरानो करार र नयाँ करारका अनेकौं पुस्तकहरूमा अनन्त राज्यभन्दा अघि भविष्यमा पृथ्वीमा आउने सहस्राब्दीका *सङ्केतहरू* छन्, तर यूहन्नाले प्रकाशको पुस्तक नलेखुन्जेल यसको सुस्पष्ट शिक्षण थातीमा राखिएको थियो। प्रकाश नयाँ करारको पुस्तक हो जसले अझै भविष्यमा आउने कुराहरूबारे सर्वाधिक स्पष्ट रूपले शिक्षा दिन्छ, यसकारण आउने सहस्राब्दीको यो स्पष्ट प्रकटीकरण बाइबलको यस स्थानमा राखिनु उपयुक्त छ।

(आ) सहस्राब्दीबारे शिक्षा दिने खण्ड अस्पष्ट छ भन्ने आरोपको उत्तरमा प्राक्सहस्राब्दीवादीहरूले यो उत्तर दिन्छन् कि तिनीहरूले यसलाई कुनै पनि प्रकारले अस्पष्ट पाउँदैनन्। तिनीहरूले यो तर्क गर्छन् कि प्राक्सहस्राब्दी दृष्टिकोणको एउटा लाभ यो हो कि यसले प्रकाश २०:१-६ लाई सोझै अर्थमा बुझ्दछ – मूलपाठले भन्छ कि शैतान बाँधिनेछ र एक हजार वर्षको निम्ति अतल कुण्डमा फालिनेछ, अनि प्राक्सहस्राब्दीवादीहरू भन्छन् कि एउटा समय आउँदैछ जब शैतान बाँधिनेछ र एक हजार वर्षको निम्ति अतल कुण्डमा फालिनेछ। मूलपाठले ख्रीष्टको एक हजार वर्षीय राज्यबारे बताउँछ, अनि प्राक्सहस्राब्दीवादीहरूले भविष्यमा पृथ्वीमा ख्रीष्टको एक हजार वर्षीय राज्य हुनेछ भन्ने आशा गर्छन्। यसले "पहिलो पुनरुत्थान"-मा फेरि जीवित पारिएका मानिसहरूबारे बताउँछ, अनि प्राक्सहस्राब्दीवादीहरू भन्छन् कि "आशिषित् र पवित्र" विश्वासीहरूको पहिलो पुनरुत्थान हुनेछ (प्रका २०:६), अनि "अरू मरेकाहरू"-का निम्ति दोस्रो पुनरुत्थान (प. ५)। प्राक्सहस्राब्दीवादीहरूअनुसार, खण्डमा "अस्पष्टता"-ले त्यस बेला मात्र प्रवेश गर्छ जब व्याख्याताले यस प्रकारको सोझो व्याख्यामा जे छ त्योभन्दा भिन्नै कुरा पाउने प्रयास गर्छ।

(इ) अन्त्यमा, धेरै प्राक्सहस्राब्दीवादीहरूले यो तर्क गर्छन् कि अनेकौं खण्डहरूले, विशेष गरी पुरानो करारका, हामीलाई त्यो भविष्यको युगमाथि विश्वास गर्न बाध्य बनाउँछ जो वर्तमान युगभन्दा ठूलो छ तर जो अनन्त राज्यसरह छैन (हे. भज ७२:८-१४; यशै ११:२-९; ६५:२०; जक १४:६-२१; १ कोर १५:२४; प्रका २:२७; १२:५; १९:१५)।[१०] तिनीहरूले भन्छन् कि यी खण्डहरूले एउटा यस्तो युगको चित्रण गर्छ जो धेरै मात्रामा तिनीहरूले बुझेका सहस्राब्दीजस्तै नै देखिन्छ।

(ई) असहस्राब्दीवादीहरूले दिएका प्रकाश २०:१-६ को व्याख्याको सम्बन्धमा, अनेकौं कठिनाइहरू उत्पन्न हुन्छन्। मत्ती १२:२८-२९ र लूका १०:१८ ले येशूको सेवाकार्यको समयमा शैतान बाँधिएको कुरा बताए तापनि प्रकाश २० को वर्णन त्योभन्दा पनि विस्तृत छ। यो खण्डले शैतान यस समय बाँधिएको छ मात्र भन्दैन तर यसले "अतल कुण्ड"-को बारेमा पनि बताउँछ र यो भन्छ कि स्वर्गबाट ओर्लिआएको स्वर्गदूतले *"त्यसलाई अतल कुण्डमा फालिदिए र त्यो कुण्ड बन्द*

[१०]यी अनुच्छेदहरूबारे छलफलको निम्ति हे. तल।

*गरी मोहोर लगाइदिए* ताकि एक हजार वर्ष अन्त्य नभएसम्म जाति-जातिहरूलाई त्यसले बहकाउन नपाओस्" (प्रका २०:२-३)। केवल बाँध्ने वा गतिविधि प्रतिबन्धित बनाइएको भन्दा अझ धेरै कुरा यहाँ देखिन्छ। शैतानलाई अतल कुण्डमा फालिदिने र त्यसलाई बन्द गरेर मोहोर लगाइदिने विम्बविधानले पृथ्वीमा त्यसको प्रभावलाई पूर्ण रूपले हटाइएको चिन्ह दिन्छ। शैतान अब त्यो अतल कुण्डमा छ जसलाई बन्द गरिएको छ अनि जसमा मोहोर लगाइएको छ भन्नु मण्डली युगको वर्तमान विश्व परिस्थितिमा ठ्याम्मै मिल्दैन, जसमा शैतानका क्रियाकलाप अझ पनि अति नै बलियो छ, जसमा त्यो "कसैलाई भेट्टाऊँ र खाइहालूँ भनी गर्जने सिँहझैं" हिँड्छ (१ पत्र ५:८), जसमा त्यसले कसैको मनमा "पवित्र आत्मासँग झुट बोल्ने ... कुरा" भरिदिन सक्छ (प्रे ५:३) अनि जसमा "मूर्तिपूजकहरूले जो बलि चढ़ाउँछन्, त्यो परमेश्वरलाई होइन, तर भूतप्रेतलाई चढ़ाउँछन्" (१ कोर १०:२०)।

यसबाहेक, येशूको सेवकार्यको समयमा शैतानलाई बाँधिएपछि पनि, यो सत्य नै रहन्छ कि "उहाँको महिमाको सुसमाचार तिनीहरूले नदेखून् भनेर यस संसारको देवले अविश्वासीहरूको समझलाई अन्धो तुल्याइदिएको छ" (२ कोर ४:४)। यसैकारण ख्रीष्टियानहरूले "शरीर र रगतको विरुद्ध होइन, तर प्रधानताहरूका विरुद्ध, शक्तिहरूका विरुद्ध, वर्तमान अन्धकारका सांसारिक शासकहरूका विरुद्ध र स्वर्गीय स्थानहरूमा भएका दुष्टचाइँका आत्मिक सेनाहरूका विरुद्ध" (एफि ६:१२) लड़ाइँ गर्नुपर्दछ। यसको कारण यो हो कि मण्डलीको युगमा पनि परमेश्वरको राज्यको विस्तारको शैतानी विरोधका शक्तिहरूमाथि विजय गर्न र शक्तिहरू तोड्न सुसमाचार सबल भए तापनि संसारबाट शैतानको प्रभाव पूर्ण रूपमा हटाइएको छैन, "त्यो ख्रीष्ट विरोधीको आत्मा ... अब ... संसारमा आइसकेको छ" (१ यूह ४:३) अनि, वास्तवमा, "हामी जान्दछौं, हामी परमेश्वरका हौं, र *सारा संसार त्यस दुष्टको अधीनमा परेको छ"* (१ यूह ५:१९)। नयाँ करारमा बारम्बार दोहोऱ्याइएको यो प्रमुख विषयवस्तुले, अर्थात् मण्डलीको युगभरि नै पृथ्वीमा शैतानको लगातार क्रियाकलापले, यो सोच्न कठिन बनाउँदछ कि शैतानलाई अतल कुण्डमा फ्याँकिएको छ र यस कुण्डलाई एक हजार वर्षको बन्द गरेर मोहोर लगाइएको छ। त्यो विम्बविधानले पृथ्वीबाट शैतानको सक्रिय प्रभाव पूर्ण रूपले हटाइएको छ भन्ने बताउन मात्र सक्छ।

प्रकाश २० मा शैतान बाँधिएको र बन्दी बनाइएको जुन कुरा छ त्यसको आशय *"जाति-जातिहरूलाई त्यसले बहकाउन नपाओस्"* (प. ३) हो भनी असहस्राब्दीवादीहरू भन्छन् भन्ने तथ्यबारे के भन्ने ? के यसको अर्थ यो मात्र होइन कि सुसमाचार अब जाति-जातिहरूमाझ प्रभावकारी रूपमा प्रचार गर्न सकिन्छ ? उक्त वाक्यांशले यही नै बुझाउला, तर यो शब्द विशेष गरी प्रकाशको पुस्तकमा *धोखा दियो* (ग्रीक *plano*) भन्ने शब्दसित बढ़ी सामञ्जस्यमा रहेको देखिन्छ, यो भन्नलाई कि त्यो *धोखा* हो *जो मण्डलीको सम्पूर्ण युगमा अहिले चलिरहेको* छ र यो सहस्राब्दी आरम्भ हुँदा मात्र समाप्त हुनेछ। "सारा संसारलाई बहकाउने" (प्रका १२:९) शैतान नै हो भनिएको छ, अनि बेबिलोनको तन्त्रमन्त्रले दण्ड आउनुभन्दा पहिले "जाति-जातिहरू"

"ठगिएका थिए" भनिएको छ (प्रका १८:२३)।[११] त्यसकारण यसो भन्नु अझ उपयुक्त देखिन्छ कि शैतानले अहिले *अझै* पनि जाति-जातिहरूलाई धोखा दिइरहेको छ, तर सहस्राब्दीको आरम्भमा यो धोखापूर्ण प्रभाव हटाइनेछ। ख्रीष्ट आउनुभन्दा पहिले अझ भयानक धोखा थियो, तर आज पनि निक्कै मात्रामा धोखा रहेकै छ।

यूहन्नाले उनको दर्शनमा "आत्माहरू" देखे भन्ने कुराले यो अनिवार्य बनाउँदैन कि यो दृश्य स्वर्गको हो। यी आत्माहरू "पहिलो पुनरुत्थान"-मा फेरि "जीवित भएका" मानिसहरूका भएका हुनाले, हामीले यिनीहरूलाई ती *व्यक्तिहरू* हुन् भन्नुपर्दछ जसले पुनरुत्थान शरीरहरू प्राप्त गरेर पृथ्वीमा राज गर्न सुरु गरे। यसबाहेक, प्रकाश २०:१ ले यो सङ्केत दिन्छ कि यो दृश्य संसारका घटनाहरूमाथि केन्द्रित छ, किनकि यस पदले भन्छ, "एउटा स्वर्गदूत *स्वर्गबाट ओर्लेर आएका* मैले देखें।" यदि स्वर्गदूत स्वर्गबाट ओर्लिआएका हुन् भने उनले पृथ्वीमा क्रियाकलाप गर्छन्, र यो सम्पूर्ण दृश्य पृथ्वीमा भएको हो।

केही असहस्राब्दीवादीहरूले यो तर्क गर्छन् कि "फेरि जीवित भए" भन्ने वाक्यांशले स्वर्गीय अस्तित्वमा आएको वा परमेश्वरको उपस्थितिमा आएको कुरा बुझाउँछ भनी तर्क गर्छन्। तर यो प्रश्न गरिनैपर्दछ कि ग्रीक शब्द *zao* ("जीवित हुनु")-ले यो अर्थ कहाँचाहिँ लिन्छ? नयाँ करारमा अरू कुनै पनि शब्दले "परमेश्वरको उपस्थितिमा आउनु" भन्ने अर्थ लिँदैन।

यसबाहेक, असहस्राब्दीवादीले दिने "पहिलो पुनरुत्थान"-को व्याख्या अपत्यारलाग्दो किसिमको छ। *पुनरुत्थान* शब्द (ग्रीक *anastasis*)-को अर्थ अन्यत्र कहिल्यै "स्वर्ग जानु" वा "परमेश्वरको उपस्थितिमा जानु" हुँदैन, तर यसको अर्थ शारीरिक पुनरुत्थान हुन्छ। पहिलो शताब्दीका पाठकहरूले यस शब्दलाई यसरी नै बुझेका हुनुपर्छ। "पहिलो पुनरुत्थान" ख्रीष्टको पुनरुत्थान हो (अनि उहाँसँग हाम्रो मिलन हो) भन्ने अर्को असहस्राब्दीवादी दृष्टिकोण सम्भाव्य देखिँदैन किनभने जो "फेरि जीवित" भए तिनीहरू "येशूका गवाहीको निम्ति ... शिर काटिएकाहरू" (प. ४) थिए, जसले मृत्युपछिको शारीरिक पुनरुत्थान बुझाउँछ।[१२]

२. के धर्मशास्त्रले *एउटै* पुनरुत्थानको मात्र शिक्षा दिन्छ जसो हुँदा विश्वासी र अविश्वासीहरू दुवै एउटै समयमा पुनरुत्थान गराइनेछन्? प्रकाश २० ले *"पहिलो* पुनरुत्थान"-बारे स्पष्ट रूपमा बताउँछ भन्ने कुरा हामीले बुझ्दा यो स्वीकार गर्न कठिन हुन्छ, जसले दोस्रो पुनरुत्थान पनि हुन्छ भन्ने इङ्गित गर्छ। फेरि जीवित हुने र एक हजार वर्षसम्म ख्रीष्टसँग राज गर्नेहरूबारे हामी यो पढ्दछौं, "यो पहिलो पुनरुत्थान हो। पहिलो पुनरुत्थानमा सहभागी हुनेहरू धन्य र पवित्र हुन्! यिनीहरूलाई

[११]यी दुवै उद्धरणहरूले त्यही पारिभाषिक शब्द *plano* प्रयोग गर्छन्। झुटा ख्रीष्टहरू वा झुटा अगमवक्ताहरूद्वारा धेरै जना ठगिइनेछन् वा बरालिइनेछन् भन्ने येशूको चेताउनीबारे बताउनलाई मत्ती २४:४, ५, ११, २४ ले यही क्रियापद प्रयोग गर्छ।

[१२]यस व्याख्यालाई रद्द गर्ने अन्य कारणहरू यी हुन् (१) एक हजार वर्ष बितेपछि "अरू मरेकाहरू" "जीवित" भए (प. ५) भनिएको छ – यो अविश्वासीहरूको शारीरिक पुनरुत्थानतिर गरिको सङ्केत हो – तर यसको अर्थ यो हुनजान्छ कि "जीवित" भए वाक्यांशले विश्वासी र अविश्वासी दुवैको शारीरिक पुनरुत्थानतिर सङ्केत गर्छ, ख्रीष्टको पुनरुत्थानमा आत्मिक मिलनतिर मात्र होइन; अनि (२) मूलपाठले "यो पहिलो पुनरुत्थान हो" (प. ५) भन्दा सन्दर्भमा भएको सर्वाधिक प्रत्यक्ष पूर्ववर्ती घटना ४ पदमा लेखिएको विश्वासीहरू फेरि

दोस्रो मृत्युको शक्तिले केही गर्न सक्तैन" (पह. ५-६)। यस खण्डले पहिलो पुनरुत्थानमा सहभागी हुने र धन्यका हुनेहरूबाट यसमा सहभागी नहुनेहरूलाई छुट्याउँछ। तिनीहरू "अरू मरेकाहरू" हुन् अनि यसको अर्थ "दोस्रो मृत्यु" (अर्थात्, अन्तिम न्यायको सामना गर्नुपर्ने र परमेश्वरको उपस्थितिदेखि बाहिर अनन्त दण्डको आदेश दिइएको)-को तिनीहरूमाथि शक्ति हुन्छ, अनि तिनीहरूले मृत्यु अनुभव गर्नेछन्। तर यदि यस खण्डले स्पष्टतया पहिलो पुनरुत्थानबारे शिक्षा दिन्छ भने, अनि एक हजार वर्षको अन्त्यमा अरू सबै मृतकहरू फेरि जीवित हुन्छन् भने, यहाँ प्रकाश २० मा दुई भिन्न-भिन्नै मृत्युबारे स्पष्ट शिक्षा छ।

अरू खण्डहरूको सम्बन्धमा, असहस्राब्दीवादीहरू एउटै मात्र पुनरुत्थान हुन्छ भन्ने दृष्टिकोणलाई समर्थन गर्ने दाबी गर्छन्, यहाँ यो भन्नैपर्दछ कि ती खण्डहरूले दुईवटा पुनरुत्थानको धारणालाई अस्वीकार गर्दैन, तर विश्वासी र अविश्वासीहरूको पुनरुत्थान भिन्न-भिन्नै समयमा हुन्छ वा हुँदैन भन्ने कुराचाहिँ तिनीहरूले निर्दिष्ट गरी भन्दैनन्। वास्तवमा, यूहन्ना ५ मा येशूको वक्तव्यले दुईवटा पुनरुत्थानहरूका सम्भावनाको सङ्केत दिन्छ। उहाँ भन्नुहुन्छ कि चिहानमा हुनेहरू बाहिर निस्किआउनेछन्, "सुकर्म गर्नेहरूचाहिँ *जीवनको पुनरुत्थानको निम्ति,* र कुकर्म गर्नेहरूचाहिँ *दण्डाज्ञाको पुनरुत्थानको निम्ति"* (यूह ५:२८-२९)। यसरी येशूले वास्तवमा दुईवटा भिन्न-भिन्नै पुनरुत्थानबारे बताउनुहुन्छ।[13]

जहाँसम्म दानिएलको पुस्तकको प्रश्‍न छ, यो भन्न सकिन्छ कि पृथ्वीको धूलोमा सुत्नेहरू बिउँझनेछन्, "केही अनन्त जीवनको लागि र अरूहरूचाहिँ शर्म र अनन्त तिरस्कारको लागि," तर यो एकैसाथ हुनेछ वा भिन्न-भिन्नै समयहरूमा हुनेछ सो यस पदले बताउँदैन। यसले यो मात्र भन्छ कि दुवै किसिमका मानिसहरू जीवित बनाइनेछन्। प्रेरित २४:१५ बारे पनि यस्तै भन्न सकिन्छ, जहाँ पावल भन्छन् कि "धर्मी र अधर्मी दुवैको मृतकबाट पुनरुत्थान हुनेछ।" यसले पुष्टि गर्छ दुवै किसिमका मानिसहरू मृतकबाट उठाइनेछन्, तर यो विभिन्न समयहरूमा हुन सक्छ भन्ने सम्भावनालाई यसले इन्कार गर्दैन। प्रकाश २०:५-६ नभएको खण्डमा, यी सबै

---

जीवित हुनु हो, तर त्यस सन्दर्भमा ख्रीष्टको पुनरुत्थान हुँदैन।

[13]यस सन्दर्भमा येशूले भन्नुहुन्छ, "*समय* आइरहेछ जब चिहानमा हुनेहरू सबैले उसको सोर सुन्नेछन्, र बाहिर निस्किआउनेछन्", यसको अर्थ दुवै पुनरुत्थानहरू एउटै समयमा हुन्छ भन्ने हुँदैन, किनभने "समय"-ले यूहन्नाको सुसमाचारमा अन्यत्र समयको लामो अवधि बुझाउन सक्छ। यसको केवल तीन पदअघि येशूले भन्नुभयो, "साँच्चै, म तिमीहरूलाई भन्दछु, त्यो समय आइरहेछ, र त्यो समय अहिले हो, जब मृतकहरूले परमेश्वरका पुत्रको सोर सुन्नेछन्, र सुन्नेहरू बाँच्नेछन्" (यूह ५:२५)। यहाँ "समय"-ले मण्डलीको सम्पूर्ण युगलाई बुझाउँछ जब आत्मिक रूपमा मरेकाहरूले येशूको सोर सुन्नेछन् र फेरि जीवित हुनेछन्। यूहन्नाले *समय* शब्दलाई (ग्रीक *hora*) त्यो समय बुझाउन प्रयोग गर्न सक्छन् जब साँचो आराधकहरूले पितालाई आत्मा र सत्यतामा आराधना गर्नेछन् (यूह ४:२१, २३), वा चेलाहरूलाई तीव्र सतावट आउनेछ (यूह १६:२)। यी उदाहरणहरूले पनि समयका लामा अवधिहरू बुझाउँछ। सम्पूर्ण युगहरूलाई पनि।

यसलाई त्यसरी नै भन्नु सम्भव छ, साठी जना विद्यार्थीहरू भएका श्रेणीलाई म भन्न सक्छु, "निराश नहोओ – तिमीहरू सबैका निम्ति *दीक्षान्तको दिन आउँदैछ।*" तर म जान्दछु कि कसै-कसैले यही वर्ष दीक्षित हुनेछन्, कोही अर्को वर्ष अनि अरू कोही दुई वा तीन वर्षपछि दीक्षित हुनेछन्। म "दीक्षान्तका दिनहरू"-को सट्टामा "दीक्षान्तको दिन" भन्न सक्छु किनभने यो स्पष्ट छ कि यो कस्तो किसिमको दिन हो म त्यसबारे बोल्दैछु; यो कुन दिनमा हुन्छ वा यो एकै दिनको हुन्छ वा धेरै दिनको हुन्छ सोबारे म बोल्दैछु।

?, 5
स्याट्स

पदहरूले पुनरुत्थान भविष्यको एउटै समयमा हुन्छ भन्ने बताएको हुन सक्छ वा नहुन पनि सक्छ। प्रकाश २०:५-६ ले दुईवटा पुनरुत्थानहरूबारे दिएको स्पष्ट शिक्षा हेर्दा, यी पदहरूले भविष्यमा हरेक प्रकारको व्यक्तिको सुनिश्चित पुनरुत्थानबारे, ती पुनरुत्थानहरूबीच समयको अन्तराल हुन्छ वा हुँदैन भन्ने स्पष्ट नगरीकन, सङ्केत दिएका हुन् भनी बुझिनुपर्दछ।

३. सहस्राब्दीको समयमा महिमित विश्वासीहरू र पापीहरू पृथ्वीमा सँगै बाँचेका कुरा अब हामीलाई उदेकको लाग्छ, तर यस्तो गर्न परमेश्वरको निम्ति निश्चय नै असम्भव छैन। हामीले यो बुझ्नैपर्दछ कि पुनरुत्थानपछि येशू पृथ्वीमा महिमित शरीरसित चालीस दिनसम्म बस्नुभयो अनि त्यस समय पुरानो करारका धेरै सन्तहरू पनि थिए जो महिमित शरीरसित पृथ्वीमा यस समय जिए (मत्ती २७:५३)।[14] वास्तवमा, यो यस प्रकारको विश्व स्थिति हुन सक्छ जो अति नै भिन्न हुनेछ अनि अहिलेको संसारभन्दा पनि अझ धेरै परिणाममा परमेश्वरलाई महिमा दिने संसार हुनेछ तर हामीले परमेश्वरले यस प्रकारको स्थिति ल्याउन सक्नुहुनेछैन वा ल्याउनुहुनेछैन भनी दाबी गर्न न्यायोचित देखिँदैन। उहाँले निश्चय नै यसो गर्न सक्नुहुन्छ र विभिन्न खण्डहरूले यो सङ्केत दिएका प्रतीत हुन्छ कि यसो गर्ने उहाँको असल उद्देश्य र आशय छ।

४. पृथ्वीमा राजाका रूपमा ख्रीष्टको शरीरिक उपस्थिति हुँदाहुँदै पनि खराबी र गुप्त विद्रोह रही रहन सक्नु निश्चय नै असम्भव छैन। हामीले यो याद गर्नुपर्दछ कि यहूदा तीन वर्षसम्म ख्रीष्टसँग निकटस्थ सम्बन्धमा रहेको थियो र पनि त्यसले ख्रीष्टलाई धोखा दियो। यसको अतिरिक्त, धेरै फरिसीहरूले येशूका आश्चर्यकर्महरू देखे अनि उहाँले मृतकहरूलाई पनि जीवित बनाउनुभएको पनि देखे तर पनि तिनीहरूले उहाँलाई विश्वास गरेनन्। वास्तवमा, चेलाहरू महिमान्वित प्रभु येशूको उपस्थितिमा हुँदा पनि, तिनीहरूबारे हामी यो पढ्दछौं कि "कतिले चाहिँ शङ्का गरे" (मत्ती २८:१७)। ख्रीष्टकै उपस्थितिमा यस किसिमको दुराग्राही अविश्वास बुझ्न कठिन छ, तर हामीले यो कुरा स्मरण गर्नुपर्दछ कि शैतान आफै पनि स्वर्गमा परमेश्वरको उपस्थितिमा भएको उच्च पदबाट खस्यो।

पृथ्वीमा ख्रीष्टको शारीरिक शासनकालको उपस्थितिमा मानिसहरूले पाप गरिरहन सक्दैन भनी असहस्राब्दीवादीहरूले आपत्ति उठाउँदा, तिनीहरूको दृष्टिकोणले पापको गहिरो प्रकारले गाड़िएको र अविवेकी स्वभाव बुझ्न सक्दैन। यसले यस तथ्यलाई पनि बुझ्न सक्दैन कि "ठूलो प्रमाण" र "अस्वीकार गर्नै नसकिने साक्ष्य"-ले मानिसलाई साँचो हृदय-परिवर्तन गराउँदैन। पवित्र आत्माको सक्षम बनाउने र विश्वास दिलाउने कामले मात्र मानिसहरूका हृदयमा साँचो पश्चात्ताप र विश्वास ल्याउन सक्छ। पापको अविवेकी स्वभाव यस्तो हुन्छ कि जो "अपराध र अधर्महरूमा मरेका" छन्, तिनीहरू मरेका प्रचुर प्रमाण हुँदाहुँदै पनि तिनीहरू प्रायः नै विद्रोह र अविश्वासमा लागिरहन्छन्।[15]

---

[14]हे. मत्ती २७:५२-५३ बारे अ. ४२।

[15]झण्डै यस्तै प्रकारको उदाहरण यो तथ्य हो कि हरेक प्राणीको अविश्वसनीय जटिल रचना हुँदाहुँदै

यसको तात्पर्य यो होइन कि सहस्राब्दीमा एकै जना पनि ख्रीष्टमा आउनेछैन। निस्सन्देह, त्यस समय लाखौं मानिसहरू ख्रीष्टियान बन्नेछन् अनि संसारको प्रत्येक समाजको हरेक पक्षमा ख्रीष्टको राजको प्रभाव व्याप्त हुनेछ। तथापि खराबी र विद्रोह सँगसँगै बढ्दैजानेछ भन्ने कुरा बुझ्न कठिन छैन।

५. भविष्यको सहस्राब्दीको निम्ति परमेश्वरको मनमा अनेकौं उद्देश्यहरू हुन सक्छन्, तीमध्ये धेरैवटा अहिले हाम्रो निम्ति स्पष्ट हुन सक्छन्। तर यस प्रकारको सहस्राब्दीले *समाजका संरचनाहरूमा,* विशेष गरी परिवार र नागरिक सरकारका संरचनाहरूमा, *परमेश्वरका असल उद्देश्यहरू कार्यान्वित भएका* देखाउँछ। मण्डलीको युगमा, परमेश्वरका असल उद्देश्यहरू मूलतः विभिन्न मानिसहरूका जीवनमा अनि ख्रीष्टमा विश्वास गर्नेहरूकहाँ आउने आशिषहरूमा देखिन्छ। अहिले केही सीमासम्म (अनि जागृतिको समयमा धेरै मात्रामा) यसले नागरिक सरकारलाई, शैक्षिक संस्थानहरूलाई र निगमहरूलाई प्रभावित पार्छ र धेरै मात्रामा परिवारलाई प्रभावित पार्छ। तर यीमध्ये कुनै पनि संरचनाहरूमा परमेश्वरका असल उद्देश्यहरू, उहाँका महान् बुद्धि र भलोपन विभिन्न व्यक्तिहरूका लागि उहाँका योजनाहरूमा मात्र होइन तर सामाजिक संरचनाहरूका निम्ति पनि देखाउँदै, त्यति मात्रामा प्रकट गरिएका छैनन् जति मात्रा गर्न सकिन्थे। सहस्राब्दीमा यी सबै सामाजिक संरचनाहरूबाट परमेश्वरको महिमाको निम्ति उहाँको बुद्धिको सौन्दर्य प्रकट हुनेछ।

यसबाहेक, सहस्राब्दीले परमेश्वरको धार्मिकतालाई न्यायसङ्गत सिद्ध गर्नेछ। कतिपय मानिसहरू पाप र अविश्वासमा लागी नै रहनेछन् भन्ने तथ्यले यो देखाउँछ कि "पाप – परमेश्वरको विरुद्धमा विद्रोह – खराब समाज वा वातावरणको कारण हुँदैन। यो मानिसहरूका हृदयको पापी स्वभावको कारण हुँदछ। त्यसकारण अन्तिम न्यायको दिनमा परमेश्वरको न्याय पूर्ण रूपमा न्यायसङ्गत सिद्ध हुनेछ।"[१६] शैतान एक हजार वर्ष बाँधिएपछि पनि पाप रही नै रहन सक्छ भन्ने तथ्यले यो पनि देखाउनेछ कि पापको निम्ति परमदोष मानिसहरूका जीवनमा भूतात्मिक प्रभावको होइन तर मानिसहरूका हृदयमा गहिरो प्रकारले गाड़िएको पापीपनले हो।

तेस्रो, बाइबलको सम्पूर्ण विस्तारले हामीलाई यो प्रकट गरिदिन्छ कि परमेश्वरका उद्देश्यहरू खुलस्त गर्दैलानु र उहाँको महिमा समयको कालक्रममा क्रमागत रूपमा प्रकट गर्दैलानु परमेश्वरकै स्वेच्छा हो। अब्राहामको बोलावटको समयदेखि इसाहकको जन्मसम्म, मिश्रको यात्रा र प्रस्थानमा, प्रतिज्ञात देशमा यहूदीहरूको स्थापनामा, दाऊदीय राज्य र विभाजित राजतन्त्रमा, निर्वासन र पुनर्वापसीसितै मन्दिरको पुनर्निर्माणमा, बाँकी रहेका विश्वासीहरूको परिरक्षणमा, अनि अन्त्यमा, मानवचोलामा येशू ख्रीष्टको आगमनमा परमेश्वरका उद्देश्यहरू बढ्दोगरी महिमायुक्त र उदेकका देखिन्छन्। येशूकै जीवनमा पनि उहाँका महिमाको उत्तरोत्तर प्रकटीकरणको लागि ३३ वर्ष लाग्यो, जसको पराकाष्ठा उहाँको जीवनका अन्तिम तीन वर्ष थिए। त्यसपछि

पनि, र वास्तवमा, सम्पूर्ण विश्व संयोगवश अस्तित्वमा आउन गणितीय रूपले असम्भव हुँदाहुँदै पनि आज धेरै मानिसहरूले विश्व सृष्टि गर्नुहुने परमेश्वर हुनुहुन्छ भनी विश्वास गर्न अस्वीकार गर्छन्।

[१६] George Ladd, "Historic Premillennialism," *The Meaning of the Millennium: Four Views*, पृ. ४० मा।

येशूको मृत्यु, पुनरुत्थान र स्वर्गारोहणमा हाम्रो उद्धार पूर्ण गरियो। सबै देशहरूमा मण्डलीको फैलाइले अब २,०१५ वर्ष ओगटेको छ अनि यो कहिलेसम्म फैलिँदैजाने हो सो हामी जान्दैनौं। यो सबै भन्नुको कारण यही हो कि परमेश्वरका असल उद्देश्यहरू एकैसाथ पूरा गरिन्छन् भन्ने कुरा बुझाउन उहाँ चाहनुहुन्न, तर तिनीहरूलाई समय बित्दैजाँदा क्रमागत रूपमा खुलस्त गर्दैलानुहुन्छ। ख्रीष्टियानहरूका व्यक्तिगत जीवनमा या अझै साँचो हुन्छ, जो दिनहुँ अनुग्रह र परमेश्वरसँगको सङ्गतिमा र ख्रीष्टकै स्वरूपमा बढ्दैजान्छन्। त्यसकारण, अनन्त राज्यभन्दा अघि, उद्धारको इतिहासको उत्तरोत्तर प्रकटीकरणमा परमेश्वरले एउटा अन्तिम पाइलालाई स्थापना गर्नभयो भने, त्यो आश्चर्यजनक हुनेछैन। परमेश्वरका बुद्धि र योजनालाई आश्चर्यसाथ मानिस र स्वर्गदूतहरूले हेर्दा, त्यसले उहाँको महिमालाई बढाउने काम गर्नेछ।

६. अन्त्यमा, असहस्राब्दीवादप्रति प्रमुख आपत्ति यही तथ्य कायम रहिरहनु हुन्छ कि यसले प्रकाश २० को कुनै साँचो र सन्तोषजनक व्याख्या प्रस्ताव गर्न सक्दैन।[१७]

## ग. उत्तरसहस्राब्दीवादको पक्षका तर्कहरूबारे एउटा विचार

उत्तरसहस्राब्दीवादको पक्षमा तर्कहरू निम्निलिखित छन् :

१. महान् आदेशले हामीलाई यो आशा गर्नतिर डोऱ्याउँछ कि सुसमाचार शक्तिमा प्रचार हुनेछ अनि अन्ततः यसको परिणाम कालान्तरमा ख्रीष्टियानहरू ठूलो संख्यामा भएको एउटा संसार हुनेछ। येशूले स्पष्ट गरी भन्नुभयो, *"स्वर्ग र पृथ्वीमा समस्त अधिकार* मलाई दिइएको छ। यसकारण जाओ, र सबै देशका जातिहरूलाई चेला बनाओ, पिता र पुत्र र पवित्र आत्माको नाउँमा तिनीहरूलाई बप्तिस्मा देओ, मैले तिमीहरूलाई आज्ञा गरेका सबै कुरा पालन गर्न तिनीहरूलाई सिकाओ। हेर, म युगको अन्त्यसम्म सधैं तिमीहरूका साथमा छु" (मत्ती २८:१८-२०)। स्वर्ग र पृथ्वीमा ख्रीष्टको सबै अधिकार भएको कारण, अनि यो आदेश पूरा गर्नका निम्ति उहाँ हामीसँग रहनुहुने प्रतिज्ञा गर्नुभएको कारण, हामी यो आशा गर्न सक्छौं कि यो काम विनाबाधा हुनेछ अनि अन्ततः सारा संसारमा विजयी हुनेछ।

२. राज्यको उत्तरोत्तर वृद्धिको दृष्टान्तले यो सङ्केत दिन्छ कि अन्ततः यसले आफ्नो प्रभावले पृथ्वीलाई ढाक्नेछ। यहाँ उत्तरसहस्राब्दीवादीहरूले निम्नलिखित बुँदातिर औंल्याउँछन् :

> येशूले तिनीहरूलाई अर्को दृष्टान्त भन्नुभयो, "स्वर्गको राज्य रायोको दानाजस्तो हो, जो एक जना मानिसले लगेर आफ्नो बारीमा राप्यो। त्यो सबै बीउहरूमा सानो हुन्छ, तर जब बढ्छ, तब त्यो सबै सागपातहरूभन्दा ठूलो हुन्छ र रूख नै भइहाल्छ। आकाशका चराचुरुङ्गीहरू आएर त्यसका हाँगाहरूमा गुँड लाउँछन्।" (मत्ती १३:३१-३२)

[१७]प्रकाश २० का अन्य व्याख्याहरू असहस्राब्दीवादीहरूद्वारा प्रस्तावित गरिएका छन्, तर स्पष्टै बुझ्न सकिने झैं देखिने मूलपाठलाई अर्कै प्रकारले व्याख्या गर्ने परिश्रमको भारमुनि असहस्राब्दीवादीहरू छन् किनभने तिनीहरू विश्वास गर्छन् कि धर्मशास्त्रको बाँकी भागले सांसारिक सहस्राब्दी छ भन्ने शिक्षा दिँदैन। तर यदि बाँकी धर्मशास्त्रले यसलाई अस्वीकार गर्दैन (कुनै स्थानहरूमा धर्मशास्त्रले यसको सङ्केत दिन्छ), अनि यदि यस मूलपाठले यस्तै शिक्षा दिन्छ भने, यसलाई स्वीकार गर्न धेरै नै उपयुक्त देखिन्छ।

हामीले यो पदलाई पनि ध्यान दिनसक्छौं, "उहाँले तिनीहरूलाई अर्को दृष्टान्त भन्नुभयो, "स्वर्गको राज्य खमीरजस्तै हो, जो एक स्त्रीले पच्चीस किलोग्राम पीठोमा मिसायो, र त्यो जम्मै खमीरले फुलिएर ठीक नभएसम्म त्यसलाई एक ठाउँमा राखी" (मत्ती १३:३३)। उत्तरसहस्राब्दीवादीहरूअनुसार, राज्य सम्पूर्ण संसारमा व्याप्त नभएसम्म र संसारलाई केही मात्रामा पूर्णतया परिवर्तन नगरेसम्म यसको वृद्धि निरन्तर भइरहनेछ।

३. उत्तरसहस्राब्दीवादीहरूले यो पनि तर्क गर्नेछन् कि संसार अझ धेर-धेरै ख्रीष्टियान बन्दैछ। मण्डली सारा संसारभरि बढ्दैछ अनि फैलिँदैछ अनि यसलाई सताइए अनि दमन गरिए तापनि परमेश्वरको शक्तिद्वारा यो असाधारण रूपमा बढ्दैछ।[१८]

तर यहाँनेर हामीले पनि एउटा महत्त्वपूर्ण भिन्नता छुट्ट्याउनुपर्दछ। उत्तरसहस्राब्दीवादीहरूले "सहस्राब्दी" जे हो भनी विश्वास गर्छन् त्यो प्राक्सहस्राब्दीवादीहरूले विश्वास गर्ने "सहस्राब्दी"-भन्दा अति नै भिन्नै छ। एउटा अर्थमा भन्नुपर्दा, तिनीहरूले एउटै विषयबारे पनि छलफल गरिरहेका हुँदैनन्। प्राक्सहस्राब्दीवादीहरूले येशू ख्रीष्ट नवीकृत पृथ्वीमा पुनरुत्थान गरिएका महिमान्वित विश्वासीहरूसँग शारीरिक रूपमा उपस्थित भई राज गरिरहनुभएको कुरा गर्छन् भने, उत्तरसहस्राब्दीवादीहरूले केवल धेरैभन्दा धेरै खीष्टियानहरूले समाजलाई प्रभावित गरिरहेको संसार हुनेछन् भन्ने कुरा गर्छन्। तिनीहरू नवीकृत पृथ्वी वा महिमान्वित सन्तगण वा शासन गर्नका लागि शारीरिक रूपमा उपस्थित ख्रीष्टद्वारा गठित सहस्राब्दीको कल्पना गर्दैनन् (किनकि तिनीहरू यो सोच्दछन् कि अनन्तको राज्य उद्घाटन गर्नलाई ख्रीष्ट आउनुभएपछि मात्र यी घटनाहरू घटनेछन्)।[१९] त्यसकारण सहस्राब्दीबारे सम्पूर्ण छलफल यसका वरिपरि भएका घटनाक्रमभन्दा पनि अझ ठूलो कुरा हो। यसमा यो समयावधिको प्रकृतिबारे नै पनि महत्त्वपूर्ण भिन्नता संलग्न छ।

वास्तवमा, यदि अरू कसैले यस्तो गरेको छ वा छैन सो म जान्दिनँ, तर कुनै व्यक्ति एउटै समयमा *सहस्राब्दी*का दुई भिन्न-भिन्नै अर्थहरू लिएर उत्तरसहस्राब्दीवादी वा प्राक्सहस्राब्दीवादी हुन असम्भव हुनेछैन। कुनै व्यक्ति उत्तरसहस्राब्दीवादी हुन सक्छन् अनि उसले सोच्न सक्छ कि संसार प्रायः नै पूर्ण रूपमा ख्रीष्टियान नबनेसम्म सुसमाचारको प्रभाव बढ्दैजानेछ अनि त्यसपछि ख्रीष्ट फर्किआउनुहुनेछ र पृथ्वीमा वास्तविक राज्य स्थापित गर्नुहुनेछ। उहाँसँग माहिमान्वित वा महिमित

[१८]उत्तरसहस्राब्दीवादी A. H. Strong-ले यो तर्क गर्छन् कि प्रकाश २०:४-१० ले "सामान्य रूपमा दोस्रो आगमन र पुनरुत्थान भनिने घटनाहरू वर्णन गर्दैन तर मण्डलीका पछिको इतिहासमा हुने महान् परिवर्तनहरू वर्णन गर्छ, जो दोस्रो आगमन र पुनरुत्थानको प्रातिनिधिक, र परिचयात्मक हुन्छन्।" यसकारण, तिनले प्रकाश २० लाई, "मण्डलीका उग्रवादी पछिल्ला दिनहरू"-को पूर्ववाणी मात्र हो अनि यो यस्तो समय हो जब "पवित्र आत्माको प्रभावमा" मण्डलीले "अघि नजानिएको सीमासम्म र बाहिरका खराबीहरूमाथि विजय प्राप्त गर्नेछ (A.H. Strong, *Systematic Theology,* पृ. १०१३)।

[१९]यसरी नै, असहस्राब्दीवादीहरूले वर्तमानमा सहस्राब्दी "उपभोग गरिरहेका" बताउँदा, जसले मण्डली युगतिर सङ्केत गर्छ भनी तिनीहरू प्रकाश २० को आधारमा बुझ्दछन्, तिनीहरूले पनि उत्तरसहस्राब्दीवादीहरू वा प्राक्सहस्राब्दीवादीहरूले कल्पना गरेका "सहस्राब्दी"-भन्दा अत्यन्तै भिन्नै किसिमको सहस्राब्दीबारे कुरा गरिरहेका हुन्छन्।

शरीरमा राज्य गर्नका लागि उहाँले विश्‍वासीहरूलाई मृतकबाट जीवित बनाउनुहुनेछ। वा, अर्कोतिर, एक अत्यधिक सकारात्मक प्राक्सहस्राब्दीवादीले यो वर्तमान युगको वृद्धिमान ख्रीष्टियान स्वभावबारे उत्तरसहस्राब्दीवादीहरूमध्ये धेरै शिक्षाहरू अपनाउन सक्छ भन्नु कल्पनीय हुन्छ।[20]

उत्तरसहस्राब्दीवादी तर्कहरूको प्रत्युत्तरमा निम्नलिखित बुँदाहरू प्रस्तुत गर्न सकिन्छ :

१. त्यो महान् आदेशले वास्तवमा त्यो अख्तियारबारे बताउँछ जो ख्रीष्टको हातमा दिइएको छ, तर यसको अनिवार्य अर्थ यो होइन कि संसारका बहुसंख्यक मानिसहरूलाई ख्रीष्टियान बनाउनलाई ख्रीष्टले त्यो अख्तियार प्रयोग गर्नुहुनेछ। ख्रीष्टको अख्तियार महान् छ भन्नु परमेश्‍वरको शक्ति असीम छ भन्ने अर्को तरिका हो जसलाई कसैले इन्कार गर्न सक्दैन। तर प्रश्‍नचाहिँ मण्डलीको संख्यामा वृद्धि ल्याउनलाई ख्रीष्टले उहाँको शक्ति कतिसम्म प्रयोग गर्नुहुनेछ भन्ने छ। उहाँले यो शक्ति पूरा सीमासम्म प्रयोग गर्नुहुनेछ अनि ख्रीष्टियान बनाउनुहुने विश्‍वव्यापी काम कार्यान्वयन गर्नुहुनेछ भनी हामी अनुमान गर्न सक्छौं, तर यस्तो अनुमान केवल अनुमानै हो। यो त्यो महान् आदेशको कुनै विशेष प्रमाणमाथि आधारित छैन वा वर्तमान युगमा ख्रीष्टको अख्तियार र शक्तिबारे बताउने अरू मूलपाठमा आधारित छैन।[21]

२. रायोको दानको र खमीरको दृष्टान्तले हामीलाई यो भन्छ कि परमेश्‍वरले कुनै सानो कुराबाट एउटा ठूलो कुरा उमार्नुहुन्छ, तर तिनले राज्य कुन सीमासम्म वृद्धि हुनेछ सो हामीलाई बताउँदैनन्। उदाहरणार्थ, रायोको दानाको दृष्टान्तले हामीलाई यो भन्दैन कि त्यो रूख बढ्यो र यो सारा संसारमा फैलियो। अनि खमीरको दृष्टान्तले समाजमा व्याप्त हुने उत्तरोत्तर वृद्धिबारे मात्र बताउँछ (जस्तो गरी मण्डलीले अगावै गरेको छ), तर त्यो प्रभावको मात्रा वा असरबारे मात्रा केही भन्दैन (उदाहरणार्थ, अन्त्यमा रोटीको ५ प्रतिशत खमीर थियो र ९५ प्रतिशत रोटी पकाउन मुछेको पीठो थियो, वा २० प्रतिशत खमीर र ८० प्रतिशत रोटी थियो, वा ६० प्रतिशत खमीर र ४० प्रतिशत खमीर थियो, आदि भनी यसले हामीलाई बताउँदैन)। राज्यको क्रमशः वृद्धि हुनेछ र यो रोपिएको हरेक समाजमा अन्ततः यसको प्रभाव हुनेछ भन्ने यसको अभिप्रेत अर्थभन्दा अझ धेरै कुरा भन्न यसले दृष्टान्तलाई कर मात्र लगाइरहेको छ।

३. संसार अझ धेरै मात्रामा ख्रीष्टियान बन्दैछ भन्ने तर्कको प्रत्युत्तरमा, संसार अझ खराब पनि बन्दैछ भन्नैपर्दछ। मानिसहरूका हृदयमा भएका विकृतिको गहिराइ र अनैतिकताको प्रसारलाई पराजित गर्न मानवजातिले युगौंयुगदेखि अत्यधिक प्रगति

[20]यसको अर्थ, त्यस्तो दृष्टिकोण आन्तरिक तनाउहरू र कठिनाइहरूबाट (विशेष गरी ख्रीष्ट संसारमा अनुपस्थित हुनुभएको बेला कसरी खराबी घटेर जान सक्यो तर उहाँ दैहिक रूपमा यहाँ उपस्थिति हुनुहुँदा र शासन गरिरहेको हुनुहुँदा व्यापक विद्रोहको रूपमा बढ्‌ेर गयो सो व्याख्या गर्न तिनीहरूलाई गाह्रो पर्छ), तर यसको अर्थ यो हो कि यो दृष्टिकाणभित्र चरम असङ्गति हुँदैन।

[21]१ कोर १५:२५ ले भन्दछ, “किनकि उहाले आफ्ना सारा शत्रुलाई आफ्ना पाउमुनि नपारुञ्जेल उहाले राज्य गर्नैपर्छ,” तर तात्कालिक सन्दर्भ (पह. २४, २६)-ले उहाँका शत्रुहरूलाई नष्ट गर्नेबारे (२६ पदमा मृत्युलगायत) बताउँछ, मानिसहरूलाई हृदय-परिवर्तन गराएर मण्डलीमा ल्याउनेबारे बताउँदैन।

गरेको छ भनी इतिहासको वा आधुनिक समाजको कुनै पनि विद्यार्थीले तर्क गर्न सक्दैन। वास्तवमा, उन्नाइसौं शताब्दीका पाश्चात्य समाजहरूको आधुनिकीकरण-सित प्रायः नै नैतिकतामा सुधार आएको छैन तर लागुपदार्थको दुरुपयोग, दाम्पत्य विश्वासविहीनता, अश्लील साहित्य वा चलचित्रहरू, समलैङ्गिकता, अख्तियारको विरुद्धमा विद्रोह, अन्धविश्वास (ज्योतिष विद्या अनि न्यू एज मूभमेन्ट), भौतिकवाद, लोभ, चोरी र बोलीमा झुटोपन अपूर्व तहमा आएका छन्। ख्रीष्टियान मत मान्नेहरूबीच पनि, विशेष गरी व्यक्तिगत नैतिकता र परमेश्वरसँग घनिष्ठताका गहिराइको क्षेत्रमा, ख्रीष्टियान जीवनमा निराशाजनक त्रुटि छ। बाइबलमा विश्वास गर्ने खीष्टियानहरूको बाहुल्य भएको स्थानमा पनि अझै पनि पार्थिव सहस्राब्दिक राज्यजस्तो केही कदाचित देखापर्दैन।[२२] यो साँचो हो कि विश्व जनसंख्याको प्रतिशतको रूपमा मण्डलीको वृद्धि हालका दशकहरूमा असाधारण रहेको छ,[२३] र हामी यसद्वारा अति नै प्रोत्साहित बन्नुपर्दछ। यो सम्भव छ कि हामीले कुनै दिन धेरैवटा समाजहरूमाथि साँचो ख्रीष्टियानत्वको अत्यधिक ठूलो प्रभाव देख्नेछौं र यदि यसो भयो भने प्राक्सहस्राब्दिक दृष्टिकोण अझ सम्भव देखिन्छ। तर त्यस्ता घटनाहरूलाई प्राक्सहस्राब्दिक वा असहस्राब्दिक बनोटभित्र पनि बुझ्न सकिन्छ, जसले गर्दा प्रतिद्वन्द्वी यी दृष्टिकोणहरूसम्बन्धी अन्तिम निर्णयहरू सान्दर्भिक बाइबलीय मूलपाठहरूको व्याख्या गरेरै गर्नुपर्दछ।

४. अन्त्यमा, उत्तरसहस्राब्दिक दृष्टिकोणलाई स्पष्ट रूपमा अस्वीकार गरेका देखिने विभिन्न खण्डहरू नयाँ करारमा छन् भन्ने कुरामा हामीले ध्यान दिनुपर्दछ। येशूले भन्नुभयो, "साँघुरो ढोकाबाट भित्र पस। किनभने विनाशमा पुऱ्याउने ढोका फराकिलो र बाटो सजिलो हुन्छ, र यसबाट भित्र पस्नेहरू धेरै हुन्छन् किनभने जीवनमा पुऱ्याउने ढोका साँघुरो हुन्छ र बाटो कठिन हुन्छ। जसले चाहिँ जीवनमा पुऱ्याउँछ, र *त्यो भेट्टाउने थोरै नै हुन्छन्"* (मत्ती ७:१३-१४)। संसारको बहुसंख्या ख्रीष्टियान बन्नेछ भनी शिक्षा दिनको सट्टामा, यहाँ विनाशतर्फ यात्रा गर्ने "धेरै"

---

[२२]संयुक्त राज्य अमेरिकामा एउटा चाखलाग्दो उदाहरण टेक्सस राज्य हो। आँकड़ाहरूले यो देखाउँछन् कि टेक्सस्का ५० प्रतिशतभन्दा पनि धेरै मानिसहरू सदर्न ब्याप्टिस्ट चर्चका सदस्यहरू छन्। यो त्यो ख्रीष्टियान सम्प्रदाय हो जसले विश्वासद्वारा मात्रै मुक्तिको साँचो सुसमाचार र हरेक व्यक्तिले नयाँ जन्म लिनुपर्ने कुरा प्रचार गर्छ। यो स्वयम्मा एक उदेकको तथ्य हो जसको निम्ति हामी परमेश्वरप्रति धन्यवादी हुनुपर्दछ, तर आज टेक्ससमा बस्ने मानिसहरूमध्ये कसैले पनि म सहस्राब्दीअधीन बसोबास गरिरहेको छु भन्ने कुरा गम्भीरतापूर्वक दाबी गर्दैन (कमसेकम उत्तरसहस्राब्दीवादीहरूले यसलाई बुझ्ने अर्थमा)। यदि सदर्न ब्याप्टिस्टहरूको जनसंख्यामा यस राज्यका बाइबलमा विश्वासी गर्ने ख्रीष्टियानहरूलाई पनि गाभियो भने, यस राज्यको जनसंख्याको आधाभन्दा पनि धेरै भागमा नयाँ गरी जन्मेका ख्रीष्टियानहरूद्वारा गठित हुनेछ। तर यदि ५० प्रतिशत ख्रीष्टियानहरूको जनसंख्याले पनि हामीलाई पृथ्वीको सहस्राब्दीनजि क ल्याउँदैन भने, उत्तरसहस्राब्दीवादीको आशा वास्तविकतामा परिणत हुनुका लागि वैश्विक जनसंख्याको कति प्रतिशत मानिसहरू ख्रीष्टियान बन्नुपर्ने हो ? अनि हामीले यस्तो सहस्राब्दी प्राप्तितर्फ महत्त्वपूर्ण प्रगति गरिरहेका छौं भन्ने प्रमाण इतिहासभरि नै कहाँ छ र ?

[२३]"१९५० र १९९२ भित्र बाइबलमा विश्वास गर्ने ख्रीष्टियानहरूको संख्या ३ प्रतिशतदेखि बढ़ेर १० प्रतिशत भयो। यो ८ करोड़देखि ५४ करोड़तिर मारिएको फड्को हो" ("Christianity: Waning or Growing?," *Mission Frontiers Bulletine* [पासाडेना, क्यालिफ., जनवरी-फरवरी, १९९३] पृ. २५ मा Rick Wood )। यो पत्रिकाले प्रायः हरेक अङ्कमा विभिन्न देशहरूका यस्तै तथ्याङ्कहरू प्रकाशित गर्छ जसले मानिसलाई यो निर्ष्कषमा पुग्न बाध्य गर्छन् कि १९५० देखि यता मण्डलीको वृद्धि यति असाधारण छ कि संसारको इतिहासमा यसको पूर्वोदाहरण नै छैन।

हुन्छन्, तर उद्धार गरिएकाहरू "कम" हुन्छन् भनी येशूले भन्नुभएको प्रतीत हुन्छ। यसरी नै, येशूले प्रश्न गर्नुहुन्छ, *"मानिसको पुत्र आउँदा के उसले पृथ्वीमा विश्वास भेट्टाउनेछ र?"* (लूक १८:८), यो एउटा यस्तो प्रश्न हो जसले पृथ्वी विश्वास गर्ने मानिसहरूले भरिनेछैन, बरु विश्वास नभएका मानिसहरूद्वारा भरिनेछ भन्ने सुझाउ दिन्छ।

मण्डलीको प्रभाव वृद्धि हुँदै जाँदा संसार अझ उत्तम बन्नेछ भन्ने दृष्टिकोणको विपरीत, पावलले पूर्ववाणी गर्छन् कि ख्रीष्ट फर्किआउनुअघि "विद्रोह" आउनेछ र "पापको मानिस" ("the *man of lawlessness*") अर्थात् "सर्वनाशको छोरो" प्रकट हुनेछ जसले "आफैलाई परमेश्वर नै घोषणा गरेर परमेश्वरको मन्दिरमा त्यो बस्छ" (२ थेस २:३-४)।[२४]

अन्तिम दिनहरूबारे तिमोथीलाई लेख्दै पावल भन्छन् :

> आखिरी दिनहरूमा डरलाग्दा समयहरू आउनेछन्। किनभने मानिसहरू आफैलाई मात्र माया गर्ने, रुपियाँपैसाको मोह गर्ने, घमण्डी, हठी, अरूको बदनाम गर्ने, आमा-बाबुको आज्ञापालन नगर्ने, बेगनी र अपवित्र, स्वाभाविक प्रेमरहितका, खुशी पार्न नसकिने, अरूको बदख्याइँ गर्ने, विश्वासघाती, दुराचारी, क्रूर, असल कुरालाई घृणा गर्ने, विश्वासघाती, उत्ताउला, अहङ्कारले फुलेका, परमेश्वरलाई भन्दा सुख-विलासलाई प्रेम गर्ने, भक्तिको भेषचाहिँ लिने, तर त्यसको शक्तिलाई इन्कार गर्ने हुनेछन्। यस्ता मानिसहरूबाट अलग्ग बस। (२ तिमो ३:१-५)

उनी अगाड़ि थप्छन् :

> ख्रीष्ट येशूमा भक्तिसाथ जीवन बिताउन इच्छा गर्नेहरू सबै जना सतावटमा पर्ने नै छन्, तर दुष्ट मानिसहरू र ठगाहाहरू ठगेर र ठगिएर झन्-झन् दुष्ट हुँदैजानेछन्। ... यस्तो दिन आउँदैछ, जब तिनीहरू ठीक शिक्षालाई नसहने हुनेछन्, तर आफूलाई मन परेका कुरो मात्र सुन्न चाहनेछन् र आफ्नो रुचिअनुसार शिक्षकहरू थुपार्नेछन् र सत्य कुरा सुन्नदेखि तर्किजानेछन्, दन्त्यकथाहरूतिर बरालिनेछन्। (२ तिमो ३:१२-१३; ४:३-४)

अन्त्यमा, र सायद सर्वाधिक निर्णायक रूपमा, मत्ती २४:१५-३१ ले ख्रीष्टको आगमनको समयअघि आउने महासङ्कष्टबारे बताउँछ :

> किनकि त्यस बेला यस्तो महासङ्कष्ट हुनेछ, जो जगत्‌को शुरूदेखि अहिलेसम्म भएको छैन, नता फेरि कहिल्यै हुनेछ। ती दिन नघटाइएका भए कोही मानिस बाँच्न सक्नेथिएन, तर चुनिएकाहरूका निम्ति ती दिन घटाइनेछन्।

[२४]केही उत्तरसहस्राब्दीवादीहरूले यो विश्वास गर्छन् कि ख्रीष्टको पुनर्आगमनअघि अन्तिम विद्रोह हुनेछ। यी पदहरूले तिनीहरूको दृष्टिकोणप्रति आपत्ति गठित गर्दैनन्, तर ख्रीष्टको पुनर्आगमनको ठीकअघि प्रबल बन्ने गैर-ख्रीष्टियान विश्व स्थिति सङ्केत गर्ने निम्नलिखित पदहरूले यो सङ्केत गर्छन् कि यस प्रकारको उत्तरसहस्राब्दिक दृष्टिकोण विरुद्धमा भारी नै पर्नेछ, किनभने ती पदहरूले उत्तरसहस्राब्दीमा सुसमाचारको प्रचारले ल्याएको शान्ति र धार्मिकता सहस्राब्दीभन्दा निर्णायक रूपमा भिन्नै भएको चित्रित गर्छन्।

> ... ती सङ्कष्टका दिनको तरुन्तैपछि सूर्य अँध्यारो हुनेछ, र चन्द्रमाले आफ्नो चमक दिनेछैन, र ताराहरू आकाशबाट खस्नेछन्, तथा आकाशका शक्तिहरू हल्लाइनेछन्। तब मानिसको पुत्रको चिन्ह आकाशमा देखा पर्नेछ, र पृथ्वीका सबै जातिहरू विलाप गर्नेछन्, र तिनीहरूले मानिसको पुत्रलाई आकाशका बादलहरूमा शक्ति र ठूलो महिमासाथ आइरहेको देख्नेछन्। (मत्ती २४:२१-३०)

यो खण्डले ख्रीष्टियान बनाइएको संसारको होइन तर महाकष्ट र खराब संसार चित्रण गर्छ, पृथ्वीमा अघि भएको सबै महासङ्कष्टका अवधिहरूलाई उछिन्ने एउटा ठूलो सङ्कष्ट चित्रण गर्छ। यसले यो भन्दैन कि ख्रीष्ट फेरि आउनुहुँदा संसारको ठूलो भागले उहाँलाई स्वागत गर्नेछ तर यो भन्छ कि आकाशमा मानिसका पुत्रको चिन्ह देखापर्दा "पृथ्वीका सब जातिहरू विलाप गर्नेछन्" (मत्ती २४:३०)।

उत्तरसहस्राब्दिक दृष्टिकोणबाट मत्ती २४ त्यस्तो कठिन खण्ड भएको कारण, यो ख्रीष्टको दोस्रो आगमनबारे केही अघि देखापर्ने घटनाहरूको पूर्ववाणीको रूप होइन भनी यसलाई व्याख्या गर्ने विभिन्न प्रयासहरू गरिएका भए तापनि यसलाई ख्री. ७० मा यरूशलेमको विनाशको परिपूर्ति हो भनी विशेष गरी व्याख्या गरिएको छ।

यस व्याख्यालाई कायम राख्न प्राक्सहस्राब्दीवादीहरूले मत्ती २४:२९-३१ का तत्त्वहरूलाई प्रतीकात्मक बनाउँछन्।[२५] सूर्य र चन्द्रमा अन्धकार पारिने, आकाशबाट ताराहरू खस्ने, अनि आकाशका शक्तिहरू हल्लाइने घटनाहरूलाई अक्षरशः बुझ्नुहुँदैन, तर दण्ड दिनका लागि हुने परमेश्वरको आगमन बुझाउने विम्बविधान हो भनी लिनुपर्दछ। इजकिएल ३२:७, योएल २:१०, र आमोस ८:९ मा दण्डको यस्तै विम्बविधान पाइन्छ भनी भनिएको छ – तर यी खण्डहरूले अन्धकारको दण्डबारे मात्र बताउँछन् र आकाशबाट ताराहरू खसिरहेका वा स्वर्गका शक्तिहरू हल्लाइएका कुराबारे बताउँदैन। R. T. France-ले पनि यशैया १३:१० र ३४:४ उल्लेख गर्छन्, जसले सूर्य र चन्द्रमा अँध्यारा भएका र आकाशका शक्तिहरू भएका, र आकाशका तारा र सूर्यहरू झरिरहेका कुरा बताउँछन् तर यी खण्डहरू केवल प्रतीकात्मक हुन् भनी France-ले गरेको दाबी सही छ भनी यसै मान्न सकिन्न – यी खण्डहरूलाई यस्ता सन्दर्भहरूमा राखिएका छन् जसमा यी सबै अन्तिम न्यायको अघि आकाशमा हुने परिवर्तनहरूका अक्षरशः पूर्ववाणीहरू हुन् भनी सहजै बुझ्न सकिन्छ। यसकारण यी खण्डहरू यरूशलेममाथि दण्डको भविष्यसूचक विम्बविधान मात्र हुन् भन्ने कुरा प्रस्ट हुँदैहुँदैन।[२६]

यसबाहेक, यिनलाई केवल प्रतीकात्मक वक्तव्यहरू मात्र हुन् भनी हेर्ने व्याख्याहरू येशूका वक्तव्य थपिँदैजाँदा झन् कठिन हुँदैजान्छ किनकि उहाँले सूर्य, चन्द्रमा र

---

[२५]यहाँ मैले R. T. France, *The Gospel According to Matthew,* पृह. ३४३-४६ को व्याख्यालाई पहिल्याइरहेको छु।

[२६]उत्तरसहस्राब्दिक दृष्टिकोणको पक्षमा लिन सकिने अर्को तर्क मत्ती २४:३४ को "यी सबै पूरा नहोउञ्जेल यो पुस्ता बितिजानेछैन" भन्ने वक्तव्य हो। "यस पुस्ता" भन्दा उत्तरसहस्राब्दीवादीले अत्यन्त स्वाभाविक भावमा येशू बोल्नुभएको सुन्ने मानिसहरू भन्ने अर्थमा लिन सक्छ, र त्यसर्थ पह. २९-३१ का (वा ५-३१ पह.-कै) घटनाहरू ख्री. ७० मा घटे भन्ने दृष्टिकोणलाई समर्थन दिइएको छ। तर मत्ती २४:३४

ताराहरूमा हुने चिन्हहरूबारे मात्र बोल्नुहुन्न, तर त्यसपछि तुरुन्तै भन्नुहुन्छ, *"तब* मानिसको पुत्रको चिन्ह आकाशमा देखा पर्नेछ, ... र *तिनीहरूले मानिसको पुत्रलाई आकाशका बादलहरूमा शक्ति र ठूलो महिमासाथ आइरहेको देख्नेछन्"* (मत्ती २४:३०)। यसअघि France-ले यो खण्डबारे जुन व्याख्या दिएका छन् त्यसकै अनुरूपमा तिनी भन्छन्, "पृथ्वीका सब जातिहरू"-ले केवल यहूदीहरूतिर इङ्गित गर्छन्, अर्थात् "देशका (अर्थात्, इस्राएल देशका) सबै कुल (परिवार)-हरू"।[२७] अनि उनी भन्छन् कि शक्ति र महिमासित हुने मानिसको पुत्रको आगमनतिर गरिएको सङ्केतले ख्रीष्टको पुनरागमनतिर होइन, तर "समर्थन र अख्तियार प्राप्त गर्नलाई" *पिताकहाँ स्वर्गमा* उहाँको आगमनतिर इङ्गित गर्छ।[२८] France-ले स्वीकृतिसहित J. B. Caird-को वक्तव्य उद्धृत गर्छन् जसले भन्छन्, "स्वर्गका बादलहरूमा मानिसको पुत्रको आगमनलाई अन्तरिक्ष यात्राको आदिम रूप भनी कल्पना गरिएको थिइएन, तर इतिहासभित्र र राष्ट्रिय स्तरमा भाग्य उल्टाइदिने प्रतीकको रूपमा लिइएको थियो।"[२९] उहाँका चुनिएकाहरूलाई आकाशको एउटा कुनादेखि अर्को कुनासम्म भेला गर्नलाई तुरहीहरूको ठूलो आवाजसितै ख्रीष्टका स्वर्गदूतहरू पठाइनुले ती सन्देशवाहकहरूतिर सङ्केत गर्छ जसले पृथ्वीभरि सुसमाचार प्रचार गर्छन्। त्यसो र चुनिएकाहरूको भेला सुसमाचार प्रचारद्वारा चुनिएकाहरूलाई मण्डलीमा भेला गरिनु हो।

तर, France-को व्याख्याले पृथ्वीका सबै कुलहरूले "मानिसको पुत्रलाई आकाशका बादलहरूमा शक्ति र ठूलो महिमासाथ आइरहेको *देख्नेछन्"* (मत्ती २४:३०) भनी येशूले भन्नुहुन्छ भन्ने तथ्यको सन्तोषजनक स्पष्टीकरण दिन सक्दैन। यो स्वर्गमा हुने अदृश्य कार्य होइन जसमा ख्रीष्टले पिता परमेश्वरबाट अख्तियार प्राप्त गर्नुहुन्छ, तर यो शक्ति र ठूलो महिमासाथ उहाँको पुनरागमन हो जसबारे यहाँ पूर्ववाणी गरिएको छ। सुसमाचार प्रचार गर्नेहरूलाई अन्यत्र ठूलो आवाजमा तुरही बजाउने स्वर्गदूतहरू कहिल्यै भनिएको छैन, अनि सुसमाचारको प्रचारलाई अन्यत्र "आकाशको एक छेउदेखि अर्को छेउसम्म चारै दिशाबाट उसका चुनिएकाहरूलाई" (मत्ती २४:३१) भेला गर्ने कार्य भनिएको छैन। यसबाहेक, येशूले अन्यत्र उहाँ बादलमा आउने कुरा गर्नुहुँदा, उहाँ *स्वर्गमा पिता परमेश्वरकहाँ* आउने कुरा गर्नुहुन्न, तर *पृथ्वीका मानिसहरूकहाँ* आउने कुरा गर्नुहुन्छ। "हेर, उहाँ बादलहरूसाथ आउँदैहुनुहुन्छ, र हरेक आँखाले उहाँलाई देख्नेछ। तिनीहरूले पनि जसले उहाँलाई घोचे, र पृथ्वीका सबै कुलहरूले उहाँको कारण विलाप गर्नेछन्" (प्रका १:७)। पावल भन्छन् ख्रीष्ट फर्किआउनुहुँदा हामी बाँचिरहेकाहरू "प्रभुलाई आकाशमा भेट्न तिनीहरूका साथसाथै बादलमा उठाइलगिनेछौं" (१ थेस ४:१७)। ख्रीष्ट ठूलो शक्ति र अख्तियारसित

को निम्ति यस प्रकारको व्याख्या आवश्यक छैन, किनभने "यो पुस्ता"-ले त्यो पुस्तातिर सङ्केत गरेको बुझ्न सकिन्छ जसले "यी सबै" (प. ३३ () भएका देख्छ, त्यो जहिले पनि किन नहोस्। (प. ३२ को "नेभाराको रूख"-लाई इतिहासको कुनै विशेष समय बुझाउने अगमवाणिक प्रतीकको रूपमा बुझिनुहुँदैन – जस्तै राष्ट्रको रूपमा इस्राएलको पुनर्जन्म – किनभने येशूले यसलाई प्रकृतिबाट एउटा दृष्टान्तको रूपमा मात्र प्रयोग गर्नुहुन्छ, अर्थात् नेभाराको रूखले पालुवाहरू हालदा वसन्त आयो भनी थाहा हुन्छ। त्यसरी नै यी चिन्हहरू देखापर्दा [पह. ५-३१] मानिसका पुत्र चाँड़ै आउनुहुनेछ भनी थाहा लाग्दछ।

[२७] France, *Matthew,* पृ. ३४५

[२८] ऐजन, पृ. ३४४।

[२९] ऐजन, पृ. ३४४, G. B. Caird, *Jesus and the Jewish Nation* (लन्डन : एथलोन प्रेस, १९६५, पृ. २०।

आउनुहुँदा, उहाँ पृथ्वीमा राज गर्नलाई आउनुहुनेछ (मत्ती २४:३०-३१ को अर्थ यही नै हो। (पृथ्वीका विलाप गर्ने जातिहरूले "मानिसको पुत्रलाई आकाशका बादलहरूमा ... आइरहेको देख्नेछन्" भन्ने तथ्यमाथि France-ले कुनै टिप्पणी गर्दैनन् (प. ३०)। यी जातिहरूले येशू आइरहनुभएको देख्नेछन् भन्ने तथ्यले यहाँ कुनै प्रतीकात्मक वा अदृश्य स्वर्गीय व्याख्या बुझ्न कठिन बनाउँछ।)

यसबाहेक, ख्रीष्टको पुनरागमनसित सम्बन्धित अरू मूलपाठहरूबाट (आकाशीय चिन्हहरू, ख्रीष्ट शक्तिसित आउनुभएको, ठूलो आवाजमा तुरहीको बोलावट, स्वर्गदूतहरूले चुनिएकाहरूलाई भेला गरेका) थुप्रिएका कारकतत्त्वहरूले हामीलाई यो विश्वास गर्न लगाउँछ कि यहाँ विचाराधीन कुरो ख्रीष्टले लाक्षणिक रूपले अख्तियार प्राप्त गर्नुभएको मात्र नभएर, उहाँको दोस्रो आगमन हो। यदि मत्ती २४ ले ख्रीष्टको दोस्रो आगमनबारे बताउँछ भने, उहाँको आगमन ठीक महासङ्कष्टको अवधिपछि हुनेछ, पृथ्वीमा शान्ति र धार्मिकताको सहस्राब्दी स्थापना गरिसकिएपछि होइन।[30]

अन्त्यमा, ख्रीष्ट चाँड़ै आउन सक्नुहुन्छ र कुनै पनि समयमा हुने उहाँको पुनरागमनको निम्ति हामी तयार हुनुपर्दछ[31] भन्ने सङ्केत दिने सबै खण्डहरू उत्तरसहस्राब्दीवादीविरुद्ध एक महत्त्वपूर्ण तर्क पनि हो भनी ठान्नुपर्दछ। किनभने ख्रीष्ट कुनै पनि समय फर्किआउन सक्नुहुन्छ भने, ख्रीष्ट आउनुभन्दा पहिले पृथ्वीमा सहस्राब्दी स्थापनाको लागि आवश्यक पर्ने दीर्घ अवधिलाई विश्वासोत्पादक सिद्धान्त मान्न सकिँदैन।

### घ. प्राक्सहस्राब्दीवादको पक्षका तर्कहरूमा विचार

यस पुस्तकमा पक्ष लिइएको दृष्टिकोण ऐतिहासिक प्राक्सहस्राब्दीवाद हो। प्राक्सहस्राब्दीवादी दृष्टिकोणविरुद्धका तर्कहरू मूलतः असहस्राब्दीवादी र उत्तरसहस्राब्दीवादीपक्षका तर्कहरूमा प्रस्तुत गरिएका छन्, र त्यसकारण यहाँ भिन्नै खण्डमा यसलाई दोहोराइनेछैन, तर यस तर्कविरुद्ध संयोगवश उठ्ने आपत्तिहरूबारे छलफल गरिएकै बेला विचार गरिनेछ।

१. पुरानो करारका विभिन्न खण्डहरूले यस युगसित मिल्दा देखिँदैनन्, नता अनन्त राज्यसित नै मिल्दा देखिन्छन्। यी खण्डहरूले उद्धारको इतिहासमा कुनै भावी चरण सङ्केत गर्छन् जो वर्तमान मण्डली-युगभन्दा अत्यन्त ठूलो हुन्छ तर जसले पृथ्वीबाट सारा पाप र विद्रोह र मृत्यु हटाइनेछ भनी अझै पनि ठान्दैन।

भविष्यको कुनै समयको यरूशलेमबारे बोल्दै यशैया भन्छन् :

> थोरै दिनसम्म बाँच्ने बालक वा आफ्नो पूरा उमेरसम्म नबाँच्ने वृद्ध मानिस त्यहाँ कहिल्यै हुनेछैन। सय वर्षसम्म बाँचेर मर्नेचाहिँ जवान मानिनेछ, र सय वर्षसम्म नबाँच्नेचाहिँ श्रापित मानिनेछ। (यशै ६५:२०)

[30] यो सत्य हो केही उत्तरसहस्राब्दीवादीहरूले यो विश्वास गर्छन् कि ख्रीष्टको आगमनको केही समयअघि, सहस्राब्दीको अन्त्यमा विद्रोह हुनेछ। तर धार्मिकता र शान्तिको राज्यको प्रभुत्वको विरोधमा हुने विद्रोहको अवधि महासङ्कष्टको अवधिसरह हुँदैन जसमा खराबीले प्रभुत्व राखेको हुन्छ अनि ख्रीष्टियानहरूले ठूलो सतावट भोग्छन्।

[31] ख्रीष्टको आसन्न पुनर्आगमनबारे शिक्षा दिने अनुच्छेदहरूका निम्ति हे. अ. ५४।

हामी यहाँ यो पढ्छौं कि शैशवकालमा नै मर्ने शिशुहरू हुनेछैनन् अनि समय नै नआई मर्ने वृद्ध मानिसहरू हुनेछैनन्, जुन स्थिति वर्तमान युगभन्दा अति नै भिन्नै छ। तर मृत्यु र पाप तब पनि रहिरहेकै हुनेछ, किनभने एक सय वर्ष पुगेको बालक मर्नेछ, अनि एक सय वर्ष नबाँच्ने मानिस "श्रापित" हुनेछ। यस खण्डको बृहत्तर सन्दर्भले सहस्राब्दी र अनन्त राज्यका तत्त्वहरू मिसाएको हुन सक्छ (तु. पह. १७, २५), तर जसरी यी अगमवाणीहरूले ख्रीष्टका पहिलो दोस्रो आगमनहरूबीच कुनै पार्थ्यक्य राख्दैन, त्यसरी नै पुरानो करारले भविष्यका कुराहरूमा पार्थक्य राख्दैन। त्यसकारण बृहत्तर सन्दर्भमा मिश्रित तत्त्वहरू हुन सक्छन्, तर यो बुँदाचाहिँ रहन्छ कि यो एउटा तत्त्व (लामो समयसम्म बाँच्ने शिशुहरू र वृद्ध मानिसहरू, एक सय वर्षमा मर्ने शिशु, अनि पापीहरू श्रापित हुने)-ले भविष्यमा आउने एउटा विशेष समय सूचित गर्छ जो वर्तमान युगभन्दा बेग्लै हुन्छ।

अर्को स्थानमा यशैयाले सहस्राब्दी राज्यको पूर्ववाणी गरे झैं देखिन्छ :

> ब्वाँसोचाहिँ थुमासित बस्नेछ, र चितुवा पाठासित सुतेर बस्नेछ। बाछा, सिंह र एक बर्से पशु एकैसाथ रहनेछन्, र एउटा सानो बालकले तिनीहरूलाई डोऱ्याउनेछ। गाई र भालू एकैसाथ चर्नेछन्, र तिनीहरूका बच्चाहरू एकैसाथ ढल्केर बस्नेछन्। र सिंहले गोरुले झैं पराल खानेछ। दूधे-बालकले गोमन सर्पको कुरको नजिक खेल्नेछ, र भर्खर दूध छोड़ेको बालकले विषालु सर्पको दुलोमा आफ्नो हात हालनेछ। तिनीहरूले मेरा सबै पवित्र पर्वतमा नता केही हानि, न नोक्सानी गर्नेछन्, किनकि समुद्र पानीले भरिएझैं पृथ्वी परमप्रभुको ज्ञानले भरिपूर्ण हुनेछ। (यशैया ११:६-९)

यस खण्डले प्रकृतिमा हुने महत्त्वपूर्ण नवीकरणबारे स्पष्ट बताउँछ जसले हामीलाई वर्तमान युगदेखि अति टाढ़ामा लानेछ, एउटा यस्तो समयमा जब "समुद्र पानीले भरिएझैं पृथ्वीमा परमप्रभुको ज्ञानले भरिपूर्ण हुनेछ" (प. ९)। तर पनि यसपछिको पदमा यशैया भन्छन् :

> *त्यस दिन* मानिसहरूका निम्ति यिशैको वंशबाट एउटा झन्डाजस्तै खड़ा हुनेछ। *जाति-जातिहरू उहाँकहाँ भेला हुनेछन्,* र उहाँको विश्रामको स्थान महिमामय हुनेछ। त्यस दिन परमप्रभुले अश्शूर, तल्लो माथिल्लो मिश्र, कूश, बेबिलोनेनिया ... बाट आफ्ना प्रजाको बाँकी रहेको भागलाई छुटाउनलाई आफ्नो हात फेरि दोस्रो पल्ट पसार्नुहुनेछ। (यशै ११:१०-११)

यहाँ कतिले अझै पनि मसीहलाई खोजिरहेका छन् अनि स्पष्टतः मुक्तिमा आइरहेका छन्, अनि यहाँ पनि परमप्रभुले उहाँका जनको बाँकी रहेको भागलाई पृथ्वीका विभिन्न जातिहरूबाट भेला गरिरहनुभएको छ। त्यसकारण, यस्तो देखिँदैन कि अनन्तको राज्य आरम्भ भएको छ, तरै पनि प्रकृतिमा हुने उल्टो परिवर्तनले वर्तमान युगमा घट्न जाने कुनै पनि कुरालाई उछिन्नेछ। के यसले भविष्यको सहस्राब्दी राज्यको सङ्केत दिँदैन र ?

भजन ७२ सोलोमनको शासनको वर्णनभन्दा पनि अझ पर जान्छ भन्ने देखिन्छ अनि यसले मसीहको राज्यका महिमाहरूको भविष्यवाणी गरेको देखिन्छ :

> उनले एउटा समुद्रदेखि अर्को समुद्रसम्म, र यूफ्रेटिस नदीदेखि पृथ्वीको सीमान्तसम्मै राज्य गर्नेछन्। मरुभूमिका जातिहरू उनको सामने झुक्नेछन्, र उनका शत्रुहरूले धूलो चाट्नेछन्। तर्शीश र टाढ़ाका सामुद्रिक किनार का राजाहरूले उनीकहाँ कर ल्याउनेछन्, शेबा र सेबाका राजाहरूले उनलाई भेटी चढ़ाउनेछन्। सबै राजाहरू उनको अगाड़ि घोप्टो पर्नेछन्, र सबै जातिहरूले उनको सेवा गर्नेछन्। किनकि दरिद्रहरूलाई, जसले पुकार गर्छन्, र सहायता नपाएका गरीबहरूलाई उनले उद्धार गर्नेछन्। कमजोर र दरिद्रलाई उनले टिठ्याउनेछन्, र दरिद्रहरूको प्राण बचाउनेछन्। अत्याचार र हिंसाबाट उनले तिनीहरूको प्राण मोल तिरेर छुटाउनेछन्, किनकि उनको दृष्टिमा तिनीहरूको रगत बहुमूल्य छ। (भज ७२:८-१४)[३२]

यस खण्डले निश्चय नै दाऊद वा सोलोमनले जानेका राज्यभन्दा अत्यन्तै विस्तृत मसीही राज्यबारे बताउँछ, किनभने मसीहका राज्य "पृथ्वीको सीमान्तसम्मै ... फैलिनेछ" अनि "सबै जातिहरूले उनको सेवा गर्नेछन्" (पह. ८, ११; भजनकारले भनेका यो कुरामाथि पनि ध्यान दिनुहोस्, "घाम र जून रहुञ्जेल सारा पुस्ताभरि उनी बाँचिरहनेछन्" प. ५)। यो राज्य धार्मिकतामा र न्यायमा गरिएको राज्य हुनेछ – तर यो निश्चय नै अनन्तको राज्य हुनेछैन। "पुकार गर्ने" "दरिद्रहरू", "सहायता नपाएका गरीबहरू" अझै पनि छन्; "अत्याचार र हिंसाबाट" छुटाउनुपर्ने मानिसहरू अझै पनि छन् (पह. १२-१४)। यी धार्मिक राजाको शासनमुनि "धूलो चाट्ने" शत्रुहरू अझै पनि छन् (प. ९)। यी सबैले वर्तमान युगभन्दा एउटा अत्यन्तै बेग्लै युगबारे बताउँछ, तर त्यो युग अनन्त राज्य होइन जहाँ पाप वा कष्ट हुँदैन।

जकरियाले पनि आउने युगबारे अगमवाणी गर्छन् जसमा पृथ्वीमा ठूलो परिवर्तन हुनेछ, जसमा प्रभु सारा पृथ्वीका राजा हुनुहुन्छ, अनि जसमा अझै पनि विद्रोह र पाप, दु:ख-कष्ट र मृत्यु हुनेछन् :

> ... तब परमप्रभु मेरा परमेश्वर उहाँका सबै पवित्र जनहरूसँग आउनुहुनेछ। त्यस दिन नता उज्यालो हुनेछ, न ठन्डा हुनेछ, न तुसारो पर्नेछ। त्यस दिनमा रात हुनेछैन, त्यो एउटा अनौठो दिन हुनेछ – जो परमप्रभुले जान्नुहुन्छ। जब साँझ पर्छ, तब उज्यालै रहनेछ।
>
> त्यस दिन यरूशलेबाट जिउँदो पानी निस्केर आउनेछ, आधाचाहिँ पूर्वको समुद्रतिर र आधाचाहिँ पश्चिमको समुद्रतिर बगिनिस्कनेछ, हिउँद र वर्षमा नित्य बगिरहेनछ।

[३२]यहाँ NASB र RSV-ले यी वक्तव्यहरूलाई भविष्यकथनहरू होइन तर प्रार्थनाहरूका रूपमा लिन्छन् ("उहाँको राज्य होस्। ... उहाँका बैरीहरू उहाँको समक्ष झुकून्," आदि)। तर यी दुवै स्थितिहरू, यस भजनले मसीही शासकको बाटो हेर्छ जसको कुनै दिन "पृथ्वीको सीमान्तसम्मै" अधिकार-क्षेत्र हुनेछ।

> परमप्रभु समस्त पृथ्वीका राजा हुनुहुनेछ। त्यस दिन एकमात्र परमप्रभु हुनुहुनेछ र उहाँकै नाउँ मात्र हुनेछ।
>
> जाति-जातिहरूले यरूशलेमको विरुद्धमा लड़ाइँ गरे, ती सबैलाई परमप्रभुले यस्तो महामारीद्वारा प्रहार गर्नुहुनेछ : तिमीहरू आफ्ना खुट्टामा खड़ा भएर उभिएकैमा तिनीहरूका मासु कुहेर जानेछ, तिनीहरूका आँखा तिनीहरूकै खोपिल्टामा कुहुनेछन्, र तिनीहरूका जिब्रा तिनीहरूका मुखैमा कुहिजानेछन्। ... सबै वरिपरिका जातिहरूको धन-सम्पत्ति जम्मा गरिनेछ – सुन, चाँदी, लुगाफाटाहरू ठूलो परिणाममा बटुलिनेछ।
>
> ... तब यरूशलेमलाई आक्रमण गर्ने जाति-जातिहरूमा जत्ति बाँचेका हुन्छन्, तिनीहरू बर्सेनि सर्वशक्तिमान् परमप्रभुका महाराजालाई दण्डवत् गर्न र छाप्रो-वासको चाड़ मान्नलाई यरूशलेममा जानेछन्। सर्वशक्तिमान् परमप्रभु महाराजालाई दण्डवत् गर्न पृथ्वीका सबै परिवारमध्येका जो जाँदैनन्, तिनीहरूका निम्ति पानी पर्नेछैन। (जकरिया १४:५-१७)

यहाँ फेरि पनि वर्णन वर्तमान युगसित मिल्दैन, किनकि यस स्थितिमा परमप्रभु सारा पृथ्वीका राजा हुनुहुन्छ। तर प्रभुप्रति स्पष्ट अनाज्ञाकारिता र विरोधको कारण यो अनन्तको राज्यसित पनि मिल्दैन। कसैले आपत्ति उठाउन सक्छ कि यो पुरानो करारको अगमवाणीजस्तै छ जसमा भविष्यका विशिष्ट घटनाहरू मिश्रण गरिएका हुन्छन् र अगमवक्ताको दर्शनमा अलग गरिएका हुँदैनन्, यद्यपि ती घटनाहरू वास्तवमा घट्दा तिनीहरूमाझ धेरै वर्षले फरक परेको हुन्छ। तरै पनि, यस खण्डमा यस प्रकारको भिन्नता बनाउनु कठिन छ किनभने यो विशेष गरी सारा पृथ्वीका राजा प्रभुको विरुद्धमा विद्रोह हो जुन पृथ्वी यी विपत्ति र वर्षाको कमीले सताइएको छ।[३३]

२. प्रकाश २० बाहेक नयाँ करारमा अन्य खण्डहरू पनि छन् जसले भविष्यको सहस्राब्दीबारे सङ्केत गर्छन्। पुनरुत्थान हुनुभएको प्रभु थिएटराको मण्डलीसित बोल्नुहुँदा भन्नुहुन्छ, *"जसले जित्छ र मेरा कामहरूलाई आखिरसम्मै कायम राख्छ, त्यसलाई म जाति-जातिमाथि अधिकार दिनेछु र फलामको डण्डाले माटोका भाँड़ाहरू टुक्रा-टुक्रा पारेर फोरेझैं त्यसले तिनीहरूलाई शासन गर्नेछ,* जसरी मैले पनि मेरा पिताबाट अधिकार पाएको छु" (प्रका २:२६-२७)। प्रयुक्त विम्बविधान (फलामको डण्डाले शासन; माटोका भाँड़ाहरू टुक्रा-टुक्रा पार्नु)-ले विद्रोही मानिसहरूमाथि जबरजस्तीको शासन बुझाउँछ। तर खराबीलाई जित्ने विश्वासीहरूले यस शासनमा कहिले भाग लिनेछन् ? यो धारणा भविष्यको सहस्राब्दिक राज्यसित मिल्छ जब महिमित सन्तहरूले ख्रीष्टसँग पृथ्वीमा शासन गर्नेछन्, तर यो धारणा वर्तमान युगको वा अनन्त स्थितिको कुनै समयसित मिल्दैन। (जाति-जातिहरूलाई "फलामको डण्डाले" शासन गर्ने धारणा प्रकाश १२:५-६ र १९:१५ मा पनि पाइन्छ।)

[३३]यस अनुच्छेदले आशिष्‌लाई अझै पनि पुरानो करारका बलिहरूको रूपमा वर्णन गर्छ अनि पुरानो करारको छाप्रोवासको चाड़ उल्लेख गर्छ। यो त्यस दिनका मानिसहरूलाई उपलब्ध भएको शब्दावली र वर्णन थिए, तर नयाँ करारले यी चीजहरूमध्ये धेरैको अझै धेरै (आत्मिक) परिपूर्तिको अनुमति दिन्छ।

पावलले पुनरुत्थानको कुरा गर्दा भन्छन् कि हरेक व्यक्तिले तिनको आफ्नै क्रमअनुसार पुनरुत्थान शरीर पाउनेछन्, "ख्रीष्टचाहिँ अगौटे फल, *त्यसपछि (epeita)* उहाँको पुनरागमनमा ख्रीष्टका आफ्नैहरू। तब *(eita)* अन्त्य आउनेछ, जब उहाँले हरेक शासन, हरेक अख्तियार र शक्ति नष्ट पारेर परमेश्वर, अर्थात् पितालाई राज्य सुम्पिदिनुहुनेछ। किनकि उहाँले आफ्ना सारा शत्रुलाई आफ्ना पाउमुनि नपारुञ्जेल उहाँले राज्य गर्नैपर्छ। सबैभन्दा पछि नष्ट पारिने शत्रु मृत्यु हो" (१ कोर १५:२३-२५)। यस खण्डमा "त्यसपछि" र "तब" *(epeita* र *eita)* भनी अनुवाद गरिएका दुवै शब्दहरूले "त्यसपछि" भन्ने अर्थ दिन्छन्, "त्यही समयमा" होइन। त्यसकारण यस खण्डले यस धारणालाई केही यसरी समर्थन गर्छ कि जसरी ख्रीष्टको पुनरुत्थान र उहाँको दोस्रो आगमन (जब हामी हाम्रो पुनरुत्थान शरीर प्राप्त गर्छौं, प. १२)-माझ समयको अन्तराल छ, त्यसरी नै ख्रीष्टको दोस्रो आगमन र "अन्त्य" (प. २४)-बीच समयको अन्तराल छ, जुन अन्त्य हुँदा ख्रीष्टले केही समयको निम्ति शासन गरिसक्नुभएपछि र उहाँका सबै शत्रुहरूलाई उहाँको पाउमुनि राखिसक्नुभएपछि राज्य पितालाई सुम्पिदिनुहुन्छ।[३४]

३. वर्तमान युगभन्दा अझ महान् तर अनन्त राज्यभन्दा न्यून भविष्यको समय हुनेछ भन्ने सङ्केत दिने वा स्पष्टतः सुझाउ दिने अन्य खण्डहरूको पृष्ठभूमिमा एकपटक प्रकाश २० लाई फेरि हेर्नु समुचित हुनेछ। यहाँ भएका अनेकौं वक्तव्यहरूले भविष्यको न्यायभन्दा अघि हुने ख्रीष्टको भावी पार्थिव शासनतिर सङ्केत गरिरहेका छन् भनी बुझ्नु सर्वोत्तम हुन्छ।

(अ) अतल कुण्डमा शैतानलाई बाँध्नु र कैद गर्नुले (पह. २-३) शैतानको गतिविधिमा हामीले आजको युगमा जानेका भन्दा अत्यधिक प्रतिबन्ध इङ्गित गर्छ (हे. माथिको छलफल, असहस्राब्दीवादअन्तर्गत)।

(आ) जो विश्वासीहरू थिए तिनीहरू "फेरि जीवित भए" (प. ४) भन्ने वक्तव्यलाई दैहिक पुनरुत्थान हो भनी बुझ्नु सर्वोत्तम हुन्छ किनकि दोस्रो पदले भन्छ, "यो पहिलो पुनरुत्थान हो।" क्रियापद *ezesan*, अर्थात् "फेरि जीवित भयो" भन्ने क्रियापद प्रकाश २:८ मा प्रयोग गरिएकै क्रियापद र क्रियापदको त्यही रूप हो। यहाँ (प्रका २:८ मा) येशूले आफैलाई उही व्यक्तिको रूपमा चिन्हित गर्नुहुन्छ "जो मरेको थियो, फेरि जीवित भयो" (प्रका २:८)। यहाँ उहाँले प्रत्यक्षतः उहाँको पुनरुत्थानतिर सङ्केत गरिरहनुभएको छ।[३५]

(इ) प्राक्सहस्राब्दीवादी व्याख्याअनुसार, ख्रीष्टसँग राज्य गर्नु (प्रका २०:४) अझै आउने भविष्यमा हुने कुरा हो, अहिले भइरहेको कुरा होइन (जस्तो कि असहस्राब्दीवादीहरूले दाबी गर्छन्)। यो नयाँ करारको बाँकी भागअनुरूप छ, जहाँ हामीलाई प्रायः नै यो भनिन्छ कि विश्वासीहरूले ख्रीष्टसँग राज्य गर्नेछन् अनि

[३४]ग्रीक शब्द *eita*-ले "त्यसपछि" बुझाउँछ (हे. मर्क ४:१७, २८; १ कोर १५:५,७; १ तिमो २:१३)। यसले सधैं सांसारिक क्रम सङ्केत गर्दैन, किनभने यसले तर्कसङ्गत अनुक्रममा भएको अर्को विषय वा तर्कको परिचय पनि दिन सक्छ, तर ऐतिहासिक घटनाहरूको वर्णन गर्दा यसले कुनै यस्तो कुरातिर सङ्केत गर्छ जसले अरू केही भएपछि हुने घटना इङ्गित गर्छ (हे. BAGD, पृह. २३३-३४; साथै LSJ पनि हे., पृ.४९८ः।

[३५]सामान्य भूत सङ्केतक *ezesan*- लाई दुवै स्थितिमा कामको आरम्भ भएको बुझाउने प्रारम्भवाचक

तिनीहरूलाई उहाँद्वारा पृथ्वीमा शासन गर्ने अधिकार दिइनेछ (हे. लूक १९:१७, १९; १ कोर ६:३; प्रका २:२६-२७; ३:२१)। तर मध्यवर्ती स्थिति (तिनीहरूको मृत्यु र ख्रीष्टको पुनरागमन माझको समय)-मा विश्वासीहरूले ख्रीष्टसँग राज्य गरिरहेका वा शासन गर्नमा उहाँका सहभागी भइरहेका हुन्छन् भनी धर्मशास्त्रले कतै भन्दैन। वास्तवमा, प्रकाशले अगाड़ि ख्रीष्टको पुनरागमन अघि स्वर्गमा सन्तहरूले, वेदीमुन्तिर पर्खिरहेका अनि पृथ्वीका दुष्टहरूको इन्साफ गर्न आरम्भ गरियोस् भनी प्रभुलाई पुकार गरिरहेका चिन्हण गर्छ (प्रका ६:९-१०)। खीष्टियानहरूले ख्रीष्टसँग राज्य गर्न थालिसकेका छन् भनी कतै पनि भनिएको छैन।

प्रकाश २० मा फेरि जीवित हुने र ख्रीष्टसँग राज्य गर्नेहरू मानिसहरूमा *"त्यो पशु र त्यसका मूर्तिको पूजा नगर्नेहरू र त्यसको छाप निधार वा हातमा नलगाउनेहरू"* हुनेछन् (प्रका २०:४)। यो तिनीहरूतिर गरिएको सङ्केत हो जसले प्रकाश १३:१-१८ मा बताइएको पशुद्वारा आउने सतावटप्रति आत्मसमर्पण गरेनन्।

तर प्रकाश १३ मा वर्णित सतावटको कठोरताले हामीलाई यदि *त्यो पशु* संसारको परिदृश्यमा *अझै पनि आइसकेको छैन,* तर अझै भविष्यमा आउँछ, भन्ने निष्कर्षतिर डोऱ्याउँछ भने, त्यस पशुद्वारा हुने सतावट पनि भविष्यमै आउने कुरा हो। अनि यदि यो सतावट अझै आउने भविष्यमा हुने हो भने, प्रकाश २० को परिदृश्य पनि, जहाँ "त्यो पशु ... को पूजा नगर्नेहरू र त्यसको छाप निधार वा हातमा नलगाउनेहरू" (प्रका २०:४) अझै भविष्यमा हुने कुरा हो। यसको अर्थ यो हुन्छ कि प्रकाश २०:१-६ ले वर्तमान मण्डली-युग वर्णन गर्दैन तर यसले ख्रीष्टको भावी सहस्राब्दिक राज्य बुझाउँछ भनी बुझ्नु उत्तम हुन्छ। यी मतहरू मिलेर यो प्राक्सहस्राब्दीवादको पक्षमा वकालत गर्छन्। हामी यदि यस दृष्टिकोणमा पक्का विश्वास गर्छौं भने, हजार वर्ष भनेको साँच्चैको हजार वर्ष हो भनी ठानिन्छ वा कुनै अनिश्चित अवधि भएको एउटा लामो समय मात्र हो भन्ने प्रश्न वास्तवमा प्रासङ्गिक प्रश्न हुन्छ। अनि सहस्राब्दीको प्रकृतिका बेहोराबारे हामीमा पर्याप्त स्पष्टता नहुन सक्छ, तापनि हामी तर्कसङ्गत रूपमा निश्चित हुन सक्छौं कि भविष्यमा पृथ्वीमा ख्रीष्टको राज्य हुनेछ जो वर्तमान युगभन्दा अति नै भिन्नै हुनेछ।

### ङ. महासङ्कष्टको समय

प्राक्सहस्राब्दीवादपक्षका तर्कहरूद्वारा कायल भएकाहरूले अझै एउटा प्रश्नबारे निर्णय गर्नैपर्छ – ख्रीष्ट "महासङ्कष्ट"-अघि आउनुहुनेछ कि पछि?

"महासङ्कष्ट" मत्ती २४:२१ (र सामान्तरहरू)-मा पाइन्छ, जहाँ येशूले भन्नुहुन्छ, "किनकि त्यस बेला यस्तो महासङ्कष्ट हुनेछ, जो जगत्को शुरूदेखि अहिलेसम्म भएको छैन, नता फेरि कहिल्यै हुनेछ।" ऐतिहासिक प्राक्सहस्राब्दीले ख्रीष्ट त्यो महासङ्कष्टपछि आउनुहुनेछ भनी विश्वास गर्छ किनकि यस खण्डले अगाड़ि भन्छ, "ती सङ्कष्टका दिनको तुरुन्तैपछि सूर्य अँध्यारो हुनेछ ...। तब मानिसको पुत्रको चिन्ह आकाशमा देखापर्नेछ, र पृथ्वीका सब जातिहरू विलाप गर्नेछन्, र तिनीहरूले

(inceptive) सामान्य भूतको रूपमा बुझ्दछु।

मानिसको पुत्रलाई आकाशका बादलहरूमा शक्ति र ठूलो महिमासाथ आइरहेको देख्नेछन्" (मत्ती २४:२९-३०)। तर माथि व्याख्या गरिएको जस्तै, उन्नाइसौं र बीसौं शताब्दीमा ख्रीष्ट महासङ्कष्टअघि आउनुहुनेछ भनी विश्वास गर्ने विभिन्न किसिमका प्राक्‌सहस्राब्दीवाद जनप्रिय भयो। यसलाई प्रायः नै "प्राक्‌सहस्राब्दी सशरीर स्वर्गमा उठाइलगिने" *(pretribulation rapture)* दृष्टिकोण भनिन्छ, किनभने ख्रीष्ट पहिलोपटक फर्किआउनुहुँदा मण्डलीलाई "सशरीर स्वर्गमा उठाइलगिनेछ" वा उहाँसँग हुनलाई अचानक खोसिएझैं माथि स्वर्गमा लगिनेछ भन्ने यसले विश्वास गर्छ।

यस प्रकारको "प्राक्‌सहस्राब्दी सशरीर स्वर्गमा उठाइलगिने" दृष्टिकोणको पक्षमा भएका तर्कहरू निम्नलिखित छन् :[३६]

१. महासङ्कष्टको सम्पूर्ण समयावधिमा परमेश्वरको क्रोध सारा संसारमा खनाइने समय हुनेछ। त्यसकारण खीष्टियानहरूलाई त्यस बेला पृथ्वीमा नहुनु नै उपयुक्त हो।

२. येशूले प्रकाश ३:१० मा प्रतिज्ञा गर्नुहुन्छ, *"तिमीलाई परीक्षाको त्यस बेलादेखि म बचाउनेछु, जो पृथ्वीमा* वास गर्ने मानिसहरूलाई जाँच गर्न सारा संसारमा *आउनेवाला छ"* (प्रका ३:१०)। यस खण्डले यो सङ्केत दिन्छ कि त्यो जाँचको घड़ी आउनुभन्दा पहिले मण्डली संसारबाट उठाइलगिनेछ।

३. यदि ख्रीष्ट महासङ्कष्टपछि *आउनुभएर* उहाँका शत्रुहरूलाई पराजित गर्नुहुन्छ भने, सहस्राब्दीको राज्यलाई आबाद गर्नका लागि आवश्यक पर्ने अविश्वासीहरू कहाँबाट आउनेछन् ? तरै पनि, प्राक्‌महासङ्कष्ट दृष्टिकोणले महासङ्कष्टमा ख्रीष्टियान बनेका हजारौं यहूदी विश्वासीहरूमा ध्यान पुऱ्याउँछ जो सहस्राब्दिक राज्यमा गैरमहिमित शरीरहरूसित जानेछन्।

४. यस दृष्टिकोणले यो विश्वास गर्न सम्भव बनाइदिन्छ कि ख्रीष्ट कुनै पनि समय आउन सक्नुहुन्छ (महासङ्कष्टअघि उहाँको आगमन) तर पनि उहाँ आउनुभन्दा पहिले धेरै चिन्हहरू पूरा हुनुपर्नेछ (महासङ्कष्टपछि उहाँको आगमन जब चिन्हहरू पूरा हुनेछन्)।

यो विशेष गरी प्राक्‌महासङ्कष्टीय दृष्टिकोणपक्षको तर्क नभएको भए तापनि यस कुरामा ध्यान दिनैपर्दछ कि प्राक्‌महासङ्कष्टवादीहरूले मत्ती २४ मा भएको महासङ्कष्टबारे शिक्षालाई अनि त्यस स्थितिमा विश्वासीहरूलाई दिइएका प्रोत्साहनहरू महासङ्कष्टको बेलाका यहूदीहरूलाई लागु हुन्छ, तर सामान्यतः मण्डलीमा होइन भनी हेर्छ।[३७]

यी तर्कहरूको प्रतिउत्तरमा निम्नलिखित बुँदाहरू राख्न सकिन्छ :

१. महासङ्कष्टको समयमा हुने सबै दुःखकष्टहरू परमेश्वरको क्रोधका कारण हो

[३६]प्राक्‌सङ्कष्टीय शरीर उठाइलगिने दृष्टिकोणको पक्षमा अधिकांश तर्क *The Rapture: Pre-, Mid-, of Post-Tribulational ?*, पृह. ४५-८६ मा Paul D. Feinberg-को अति सम्यक् प्रबन्ध "The Case for Pretribulation Rapture Position"-बाट।

[३७]हे. ले उनले सशरीर उठाइलगिने (सङ्कष्टपूर्व) घटना वर्णन गर्ने अनुच्छेदहरू भनी उनले हेरेका र दोस्रो आगमन (सङ्कष्टपछि) वर्णन गर्ने भनी उनले हेरेका अनुच्छेदहरूबीचका भिन्नताहरूबारे Feinberg एक अतिरिक्त तर्क दिन्छन्। तर, यी अधिकतर भिन्नताहरू अलंघ्य अन्तरविरोधहरू होइनन्, तर केवल यस्ता मुद्दाहरू हुन् जसमा एउटा घटना एउटा अनुच्छेद उल्लेख गरिएको छ अनि अर्कोमा गरिएको छैन

भन्नु नयाँ करारमा पाइने महासङ्कष्टको बयानसित मिल्दैन। अधिकांश दुःख-कष्टहरू "दुष्टता बढ़ेको हुनाले" (मत्ती २४:१२) साथै यस समयावधिमा मण्डलीलाई सतावट र शैतानबाट हुने विरोध अति नै बढ्छ भन्ने तथ्यको कारणले हो। सबै ख्रीष्टियानहरू (चाहे गैरयहूदी हुन् वा यहूदी विश्वासीहरू) सबै समय परमेश्वरको क्रोधबाट तर्किनेछन्, तर यसको अर्थ यो होइन कि तीव्र कठिनाइको बेला पनि तिनीहरू सबै दुःखकष्टबाट तर्किनेछन्।

२. सारा संसारमा आइरहेको सतावटको घड़ीमा फिलडेल्फियाका निष्ठावान् मण्डलीका विश्वासीहरूलाई (प्रका ३:१०) उहाँले सुरक्षा दिनुहुनेछ भनी येशूले भन्नुहुन्छ भन्ने तथ्य महासङ्कष्टअघि सम्पूर्ण मण्डलीसंसारबाट उठाइलगिनेछ भन्ने बलियो प्रमाण होइन। सर्वप्रथम, यो वक्तव्य एउटा विशेष मण्डली (फिलेडेल्फिया)-लाई मात्र भनिएको हो अनि यसलाई इतिहासमा भविष्यको कुनै निर्दिष्ट समयमा सारा मण्डलीमा लागु गरिनु हुँदैन। यसबाहेक, "सारा संसारमाथि आउने सङ्कष्टको समय"-ले त्यो महासङ्कष्ट नै इङ्गित गर्न आवश्यक छैन, तर बढ़ी सम्भवतः सम्पूर्ण रोमी साम्राज्य वा सम्पूर्ण आवाद संसारमा आउने महाकष्ट र सतावटतिर इङ्गित गर्छ। अन्त्यमा, फिलाडेल्फियाको मण्डलीको रक्षा गरिनेछ भन्ने प्रतिज्ञाको अर्थ यो हुँदैन कि तिनीहरूलाई संसारबाट उठाइनेछ, तर यति मात्र कि तिनीहरूलाई विश्वसनीय बनाइराखिनेछ अनि दुःख र परीक्षाको समयमा हानि हुनदेखि रक्षा गरिनेछ।

३. प्राक्महासङ्कष्टवादी दृष्टिकोणको निम्ति यसो भन्नु कुनै तर्क नै हुँदैन कि महिमान्वित शरीरहरूमा नभएका केही मानिसहरू हुनुपर्छ जसले सहस्राब्दीमा प्रवेश गर्नेछन् किनभने (उत्तरमहासङ्कष्टवादी दृष्टिकोणअनुसार), महासङ्कष्टको अन्त्यमा ख्रीष्ट आउनुहुँदा उहाँले उहाँको विरुद्धमा पङ्क्तिबद्ध सबै सेनाहरूलाई पराजित गर्नुहुनेछ, तर यसको अर्थ यो होइन कि उहाँले तिनीहरू सबैलाई मार्नुहुनेछ वा सर्वनाश गर्नुहुनेछ। धेरैले ख्रीष्टमाथि भरोसा नगरी आत्मसमर्पण गरिहाल्नेछन्, अनि त्यसरी अविश्वासीहरूकै रूपमा सहस्राब्दीमा प्रवेश गर्नेछन्। सहस्राब्दीको सम्पूर्ण समयवाधिमा निस्सन्देह धेरै मानिसहरू ख्रीष्टमा आउनेछन्।

४. महासङ्कष्टपूर्वको दृष्टिकोण मात्र त्यो दृष्टिकोण होइन जो ख्रीष्ट कुनै पनि समय आउनुहुनेछ अनि उहाँको पुनरागमन अघि चिन्हहरू हुनेछन् भन्ने धारणासित मिल्दछ। यसअघिको अध्यायमा प्रस्तुत गरिएको दृष्टिकोण – चिन्हहरू पूरा भएको हुनु असम्भाव्य छ तर सम्भव छ – पनि यी धारणाहरूसित मिल्नजान्छ।[३८]

तर यो भन्नैपर्दछ कि प्राक्महासङ्कष्टवादीहरूको यो तर्कपछाड़ि सम्भवतः एक अझ आधारभूत चिन्तन छ : मण्डली (जसलाई ख्रीष्टसँग हुनलाई स्वर्गमा उठाइलगिनेछ भनी तिनीहरूको सोच्दछन्) र इस्राएल (जसले महासङ्कष्टको बेला र त्यसपछि सहस्राब्दिक राज्यमा पृथ्वीमा परमेश्वरका जन गठन गर्नेछ भनी तिनीहरू सोच्दछन्)-बीच भिन्नता बचाइराख्ने इच्छा। तर हामीले अगाड़िको एउटा अध्यायमा हेरेका झैं[३९]

(जुन बुँदा Douglas Moo-ले उनको "Response" पृह. ९९-१०१ मा उत्तम प्रकारले राखेका छन्)

[३८]हे. अ. ५४।

[३९]इस्राएल र मण्डलीमाझको भिन्नताको प्रश्नबारे हे. अ. ४४।

नयाँ करारले इस्राएल र मण्डलीबीच यस प्रकारको भिन्नतालाई मान्यता दिँदैन। यसकारण यसले महासङ्कष्ट र सहस्राब्दीको समयमा यी समूहहरूबीच कुनै भिन्नता खुट्ट्याउने आवश्यकता इङ्गित गर्दैन।

प्राक्‌महासङ्कष्ट सशरीर स्वर्ग उठाइलगिने दृष्टिकोणको अर्को रूपभेद (variation) पनि छ जसलाई मध्यमहासङ्कष्ट सशरीर स्वर्ग उठाइलगिने *(midtribulation rapture)* दृष्टिकोण भनिन्छ। यसलाई Gleason Archer-ले आफ्नो प्रबन्ध "The Case for the Mid-Seventieth-Week Rapture Position"-मा समर्थन गरेका छन्।[४०] उनी महासङ्कष्टलाई दुई भिन्न-भिन्नै भागहरूमा छुट्याइएका मान्दछन्। पहिलोमा साढ़े तीन वर्ष मानिसको क्रोध यसको विशेषता हुनेछ, अनि त्यस बेला मण्डली उपस्थित हुनेछ। दोस्रो साढ़े तीन वर्ष परमेश्‍वरको क्रोध यसको विशेषता हुनेछ, अनि त्यस बेला पृथ्वीमा मण्डली अनुपस्थित हुनेछ। मध्यमहासङ्कष्टीय सशरीर स्वर्ग उठाइलगिने घटनालाई समर्थन गर्ने धर्मशास्त्रका मूलभूत तर्क यस तथ्यमा पाइन्छ कि दानिएल ७:२५, ९:२७ र १२:७ अनि ११ मा साथै प्रकाश १२:१४ मा सङ्केतित दिन वा खेपलाई आधा-आधा भागमा छुट्टाइएको छ, जहाँ एउटा प्रतीकात्मक हप्तामा साढे तीन पल्ट वा साढ़े तीनको मध्यान्तर उल्लेख गरिएको छ, र यसरी यस अवधिले साढ़े तीन सङ्केत गर्छ, जसको पछि परमेश्‍वरका जनहरूलाई महासङ्कष्टबाट उद्धार गरिनेछ। यस दृष्टिकोणको पक्षमा भएको अर्को तर्क यो हो कि यसले कि ख्रीष्टको पुनरागमनबारे अझ तीव्र बनाइएको आशा दिन्छ, किनकि साढ़े तीन वर्ष सात वर्षभन्दा छोटो समयावधि हो।

तरै पनि, दानिएका खण्डहरूले सत्तरौं हप्ताको *अवरोध*बारे बताए तापनि, जो दानिएलले भविष्यको लागि पूर्ववाणी गर्छन्, ती खण्डहरूले यो बताउँदैनन् कि सप्ताहको बीचमा विश्‍वासीहरूलाई पृथ्वीबाट लगिनेछ।[४१] साढ़े तीन वर्षको महासङ्कष्टले सात वर्षका महासङ्कष्टको प्रत्याशाले भन्दा अति विराट् आसन्नताको भाव दिन्छ भन्नु पनि गाह्रै हुन्छ।

अन्त्यमा, उत्तरमहासङ्कष्टीय सशरीर स्वर्ग उठाइलगिइने दृष्टिकोण (पृथ्वीमा महासङ्कष्टको एउटा अवधिपछि ख्रीष्टको दोस्रो आगमन हुनेछ भन्ने ऐतिहासिक प्राक्‌महासङ्कष्टीय दृष्टिकोण)-को पक्षका तर्कहरूका रूपमा प्राक्‌महासङ्कष्टीय सशरीर स्वर्ग उठाइलगिइने दृष्टिकोणविरुद्ध केही आपत्ति व्यक्त गर्न सकिन्छ :

१. नयाँ करारले कहींकतै स्पष्ट रूपमा यो भन्दैन कि मण्डली महासङ्कष्टअघि संसारबाट लगिइनेछ। यो महत्त्वपूर्ण घटना घट्नु थियो भने, हामीले कमसेकम नयाँ करारमा यसबारे प्रस्ट शिक्षण पाउने आशा गर्न सक्थ्यौं। येशूले निश्‍चय नै हामीलाई भन्नुहुन्छ कि उहाँ फेरि आउनुहुनेछ र उहाँसँगै हुनलाई हामीलाई लानुहुनेछ (यूह १४:३), अनि पावल हामीलाई भन्छन् कि आकाशमा उहाँलाई भेट्नलाई हामी बादलमा उड़ाइलगिनेछौं (१ थेस ४:१७), अनि आँखाको मिलिकमा हामी परिवर्तन हुनेछौं र पुनरुत्थान शरीर पाउनेछौं (१ कोर १५:५१-५२), तर यी प्रत्येक खण्डलाई

[४०] *The Rapture*, पृह. ११३-४५ मा।

[४१] हे. Paul D. Feinberg, "Response," *The Rapture*-मा, पृह. १४७-५०।

विश्वासीहरूले सारा इतिहासभरि महासङ्कष्टअघि मण्डलीलाई *गुप्त रूपमा* स्वर्गमा उठाइलगिनेछ भनी बताउने होइन, तर सहस्राब्दिक राज्यमा (वा, असहस्राब्दिक दृष्टिकोणअनुसार, अनन्त राज्यमा) विश्वासीहरूसँग राज्य गर्नलाई पृथ्वीमा *तिनीहरूसित* उहाँको पुनरागमन हुनुभन्दा केही पलअघि ख्रीष्टसँग हुनका लागि मण्डलीलाई अति दृष्टिगोचर ढङ्गले *सार्वजनिक रूपमा* "उठाइलगिने" (rapature)-बारे बताउँछ भनी विश्वासीहरूले विश्वास गरेका छन्।[४२]

यसबाहेक, १ थेसलोनिकी ४:१७ बुझ्न अति नै कठिन छ, जो गुप्त आगमनको धारणा बताउनलाई मण्डली "उठाइलगिनेछ" (वा *र्‍याप्चर्* गराइनेछ) भनी स्पष्टतया बताउने एउटै मात्र खण्ड हो। यसले भन्छ, "प्रभु स्वयम् *हुकुमको गर्जनसित, प्रधान स्वर्गदूतको आवाज र परमेश्वरका तुरहीको सोरसित* स्वर्गबाट ओर्लनुहुनेछ" (१ थेस ४:१६)। यस वचनबारे Leon Morris सही भन्छन् "हुनसक्छ यसबाट उहाँ हामीले यो बुझेको चाहनुहुन्छ कि *र्‍याप्चर्* गुप्त रूपमा हुनेछ अनि के भइरहेछ सो सन्तहरूबाहेक अरू कसैले जान्नेछैन। तर उहाँको वचनबाट यो कुरा बुझ्न गाह्रै पर्छ। जे खुलस्त र सार्वजनिक छ त्यसलाई उहाँले अझै साधारण तरिकामा कसरी वर्णन गर्न सक्नुहुन्थ्यो होला – त्यो बुझ्न कठिन छ।"[४३]

प्राक्‌महासङ्कष्ट र्‍याप्चर्‌को धर्मसिद्धान्त विभिन्न खण्डहरूबाट निकालिएको निचोड़ हो, यी सबै खण्डहरू विवादित छन्। यसबाहेक, यो धर्मसिद्धान्त धर्मशास्त्रमा छ भनी कसैले विश्वास गर्छ भने पनि, यो यति कम स्पष्टतासित सिकाइएको छ कि उन्नाइसौं शताब्दीसम्म पनि यसको पत्तो लागेको थिएन। यसले यो सम्भावित भएको देखाउँदैन।

२. कुनै खण्डहरूमा महासङ्कष्ट प्रभुको पुनरागमनसित स्पष्ट रूपले जोड़िएको छ। सर्वप्रथम, मत्ती २४:३१ मा चुनिएकाहरूलाई भेला गर्नको निम्ति गरिने चर्को तूर्यनाद, १ थेसलोनिकी ४:१६ मा परमेश्वरको तुरहीको आवाज, अनि १ कोरिन्थी १५:५१-५२ मा तुरहीको अन्तिम आवाज जसमा हाम्रो शरीरहरू परिवर्तन हुन्छन्, ती सबै एउटै तुरही भएको देखिन्छ – सहस्राब्दीको केहीअघि मात्र बजाइएको अन्तिम तुरही। यदि यो वास्तवमै "अन्तिम तुरहीको बोलावट" हो भने (मत्ती २४:१-४) यसको सात वर्षपछि अर्को अन्तिम तुरहीको बोलावट (मत्ती २४:३१) कसरी हुनेछ सो बुझ्न कठिन हुन्छ।

यसबाहेक, मत्ती २४ ले मण्डलीलाई होइन तर महासङ्कष्टको बेला बचाइने यहूदी जातितिर मात्रै सङ्केत गरिरहेको छ भनी बुझ्न साह्रै कठिन हुन्छ। येशूले उहाँका चेलाहरूलाई सम्बोधन गरिरहनुभएको छ (मत्ती २४:१-४) अनि उहाँले तिनीहरूलाई

[४२]पावलले "तब हामी बाँचिरहेका र छोड़िएकाहरू प्रभुलाई आकाशमा भेट्न तिनीहरूका साथसाथै बादलमा उठाइलगिनेछौं" (१ थेस ४:१७) भन्दा उनले "भेट्न" शब्दको लागि ग्रीक शब्द *apantesis* प्रयोग गर्छन्, जसलाई बाइबलेतर ग्रीक साहित्यमा आइरहेका कुनै मेजिस्ट्रेटलाई भेट्नका लागि शहरका नागरिकहरू शहरबाहिर गएर तिनीसँगै शहरभित्र फर्केका बुझाउन प्रयोग गरिन्छ। "यो शब्दलाई महत्त्वपूर्ण अतिथिहरूलाई एउटा शहरले सार्वजनिक स्वागत जनाउने एउटा प्राचीन नागरिक परम्परा बुझाउने पारिभाषिक शब्दको रूपमा बुझिनुपर्छ" (Eric Peterson, "*apantesis,*" *TDNT,* 1:380 )। Moulton र Milligan भन्छन्, "यो शब्द भर्खरै आएका उच्चाधिकारीलाई औपचारिक स्वागत जनाउने एक प्रंकारको प्राविधिक शब्द थियो भन्ने देखिन्छ। यस्तो प्रयोगले नयाँ करारको प्रयोगसित खुबै मेल खाँदछ।

[४३]Leon Morris, *The First and Second Epistles to the Thessalonians,* प. १४५)।

आउनेवाला सतावट र कष्टबारे चेताउनी दिइरहनुभएको छ। उहाँले तिनीहरूलाई आउनेवाला महासङ्कष्टबारे बताइरहनुभएको छ र त्यसपछि भन्नुहुन्छ कि "ती सङ्कष्टका दिनको तुरुन्तैपछि" आकाशमा चिन्हहरू देखिनेछन् र "तिनीहरूले मानिसको पुत्रलाई आकाशका बादलहरूमा शक्ति र ठूलो महिमासाथ आइरहेको देख्नेछन्" (मत्ती २४:३०)।

तर के यो सम्भव छ कि येशूले उहाँका चेलाहरूलाई यी सबै कुरा भन्नुहुँदा, उहाँले मण्डलीलाई होइन तर महासङ्कष्टको बेला ख्रीष्टियान बन्ने यहूदी जातिको भावी सांसारिक राज्यबारे मात्र भन्नुभएको हो ? जो उहाँको मनमा यस्तो अर्थ थियो भनी उहाँका चेलाहरूले कसरी बुझ्नसक्थे ? नता यो सम्भाव्य देखिन्छ कि चेलाहरू र भविष्यमा हुने एक यहूदी राज्यका प्रतिनिधिहरू थिए, मण्डलीका प्रतिनिधिहरू थिएनन्, जुन मण्डली स्थापना गरिँदा तिनीहरू त्यससित यति समग्र रूपमा सम्बन्धित थिए कि तिनीहरू यसका जगै थिए (एफि २:२०)।

३. अन्त्यमा, नयाँ करारले ख्रीष्टका दुई विभिन्न पुनरागमनहरूलाई (एकपल्ट महासङ्कष्टअघि मण्डलीको लागि, र सात वर्षपछि अविश्‍वासीहरूलाई इन्साफ गर्नका लागि उहाँको मण्डलीसित) समर्थन गरेको देखिँदैन। फेरि पनि, कुनै पनि खण्डमा यस्तो दृष्टिकोण सिकाइएको छैन, तर ख्रीष्टको पुनरागमनबारे विभिन्न परिप्रेक्ष्यबाट बयान गर्ने विभिन्न खण्डहरूमा भएका भिन्नताहरूबाट निकालिएको निर्ष्कष हो। तर यी खण्डहरूले एउटै समयमा घटिरहेको एउटै घटनातिर इङ्गित गरिरहेका छन् भन्ने देख्न कठिन छैन।[४४]

सम्पूर्ण इतिहासमा भएको बहुसंख्यक मण्डलीको प्रसङ्गमा यही निष्कर्ष निकाल्नु सर्वोत्तम हुन्छ भन्ने देखिन्छ कि येशूले पूर्ववाणी गर्नुभएको जस्तै गरी मण्डलीले महासङ्कष्ट भोग्नुपर्नेछ। हामीले सम्भवतः हाम्रो निम्ति यो मार्ग अपनाउने थिएनौं, तर निर्णय हाम्रो थिएन। अनि हामी अहिले जीवित भएकामध्ये कोही महासङ्कष्टको समयसम्म पृथ्वीमा रहौँ भन्ने परमेश्‍वरले इच्छा गर्नुहुन्छ भने, हामीले पत्रुसको कुरा सुन्नुपर्दछ, "यदि ख्रीष्टको नाउँमा तिमीहरू निन्दित भयौ भने तिमीहरू धन्यका हौँ। किनभने महिमाका र परमेश्‍वरका आत्मा तिमीहरूमाथि रहनुहुन्छ" (१ पत्र ४:१४) अनि "ख्रीष्टले पनि तिमीहरूका निम्ति कष्ट भोग्नुभयो, अनि तिमीहरूका लागि एउटा उदाहरण छोड़िजानुभयो" (१ पत्र २:२१)। ख्रीष्टियानहरूले दुःख-कष्ट सहनुपर्दछ भन्ने धारणा हामी ख्रीष्टसँग सहउत्तराधिकारीहरू हौँ भन्ने पावलको वचनमा पनि देखिन्छ, "उहाँसँग दुःख भोग्छौं भनेता हामी उहाँसँगै महिमित पनि हुनेछौं" (रोम ८:१७)। अनि हामीले यो याद गर्न सक्छौं कि नोआको समयदेखि प्रारम्भिक प्रेरितहरूका शहाँदतको समयसम्म आफ्ना जनलाई प्रायः नै दुःख-कष्टको माध्यमद्वारा महिमामा ल्याउने परमेश्‍वरको तरिका रहिआएको छ। उहाँले आफ्नै पुत्रलाई पनि यस्तै गर्नुभयो। "यो उचित थियो, कि परमेश्‍वर, जसको निम्ति र जसद्वारा सबै थोकको अस्तित्व छ, उहाँले नै धेरै सन्तानलाई महिमामा ल्याउनुहुँदा तिनीहरूका मुक्तिका कर्ता येशूलाई कष्टद्वारा सिद्ध तुल्याउनुभयो" (हिब २:१०)।

[४४] हे. माथि पादटिप्पणी ३७; प्राथमिक अनुच्छेदहरू माथि दिइएका छन्।

उहाँका कुनै पनि छोराछोरीहरूभन्दा धेरै कष्ट उठाउनुहुने मुक्तिदाता स्वयम्बाट हामीले यो अर्ती पाएका छौं, "तिमीले भोग्नैलागेका कष्टहरूसँग नडराओ। ... तिमी मृत्युसम्मै विश्वासी होओ, र म तिमीलाई जीवनको मुकुट दिनेछु" (प्रका २:१०)।

## व्यक्तिगत प्रयोगका लागि प्रश्नहरू

१. यो अध्याय पढ्नअघि, ख्रीष्टको पुनरागमन असहस्राब्दीमा, उत्तरसहस्राब्दीमा वा प्राक्सहस्राब्दीमध्ये कहिले हुनेछ भन्ने तपाईंको दृढ विश्वास थियो ? अनि यो पुनरागमन उत्तरमहासङ्कष्टीय, वा प्राक्महासङ्कष्टीय हुनेछ भन्ने तपाईंको विश्वास थियो ? यदि त्यसो हो भने, अब तपाईंको दृष्टिकोण परिवर्तन भएकै छ भने, त्यो कसरी ?

२. सहस्राब्दीबारे तपाईंको वर्तमान दृष्टिकोणले आज तपाईंको ख्रीष्टियान जीवनलाई कसरी प्रभावित पार्छ, बुझाउनुहोस्। यस्तै प्रकारले, महासङ्कष्टबारे तपाईंको दृष्टिकोणले तपाईंको वर्तमान ख्रीष्टियान जीवनलाई कसरी प्रभावित पार्छ, बुझाउनुहोस्।

३. महिमान्वित (महिमित) शरीरसित, अनि सारा संसारका राजाका येशू ख्रीष्टसँग पृथ्वीमा बाँच्न कस्तो लाग्ला भनी तपाईं ठान्नुहुन्छ ? यस्तो राज्यका विभिन्न स्थितिहरूप्रति तपाईंका केही मनोवृत्तिहरू र संवेगात्मक प्रतिक्रियाहरूका अलि विस्तृत वर्णन गर्नसक्नुहुन्छ ? के तपाईंले वास्तवमै यस्ता राज्य आतुरीसित प्रतीक्षा गर्नुहुन्छ ? (तपाईं महिमान्वित शरीर सहस्राब्दीको समयावधिमा आशा गर्नुहुन्छ वा अनन्त राज्य नआउञ्जेल आशा गर्नुहुन्न भन्ने तथ्यको आधारमा तपाईंका उत्तरहरू भिन्नभिन्नै हुनेछन्।)

४. ख्रीष्टियानहरूका दैनिक जीवनमा र मनोवृत्तिहरूमा प्राक्महासङ्कष्ट र्‍याप्चर्का सकारात्मक र नकारात्मक परिणामहरू के-के हुन सक्लान् ? त्यसरी नै, उत्तरमहासङ्कष्ट र्‍याप्चर्का सकारात्मक र नकारात्मक परिणामहरू के-के हुन सक्लान् ?

## विशेष शब्दावली

असहस्राब्दीवाद
डिस्पेसेशनल प्राक्सहस्राब्दीवाद
महासङ्कष्ट
ऐतिहासिक प्राक्सहस्राब्दीवाद
मध्यमहासङ्कष्टीय र्‍याप्चर
सहस्राब्दीवाद
उत्तरमहासङ्कष्टीय प्राक्सहस्राब्दीवाद
उत्तरमहासङ्कष्टीय र्‍याप्चर
प्राक्सहस्राब्दीवाद
प्राक्महासङ्कष्टीय प्राक्सहस्राब्दीवाद
प्राक्महासङ्कष्टीय र्‍यापचर
र्‍यापचर

## पुस्तक सूची

(यस पुस्तक सूचीको व्याख्याका लागि अ. १, पृ. ४७ को पुस्तक सूचीमाथि दिइएको टीका हे. । सम्पूर्ण पुस्तक सूचीको तथ्याङ्क परिशिष्ट ४ मा प्राप्य छ।)

### इभ्यान्जेलिकल् सुव्यवस्थित ईश्वरशास्त्रहरूबाट चयनित खण्डहरू


१. एङ्गलिकन (इपिस्कपलियन)

१८८२-९२ लिट्टन, ५८१-८५

२. अर्मिनी (वेजलियन वा मेथडिस्ट)

१९४० विलि, ३:२८०-३१९

१९८३ कार्टर, २:१११८-२७

१९८३ कटरेल, ३:४०१-६०

३. ब्याप्टिस्ट

१७६७ गिल, २:२६८-३०२

१९०७ स्ट्रङ्ग, १०१०-१५

१९१७ म्यूलिन्स्, ४६६-७२

१९८३-८५ एरिक्सन, १२०५-२४

४. डिसपेन्सेशनल

१९४७ शेफर, ४:२६४-७८; ५:३१५-५८

१९४९ थीसन, ३१५-७५, ३९१-९५

१९८६ राइरि ४३९-५२, ४६१-५११

५. लुथरन

१९३४ म्युएलर, ६२१-२५

६. रिफमर्ड् (वा प्रेज्बिटरियन)

१७२४-५८ एड्वर्डस्, २:२७८-३१३

१८७१-७३ होज, ३:८६१-६८

१८८७-१९२१ वारफिल्ड, *BD*, ६४३-६४; *PWC*, ३२५-५३०; *CC*, ३९३-४४४

१९३८ बर्खोफ, ६९५-७०७

१९६२ बुसवेल, २:३४६(५३८

७. रीन्यूअल (वा क्यारिज्म्याटिक्/पेन्टिकोस्टल)

१९८८-९२ विल्यम्स्, २:४२१-४४


### रोमन क्याथलिक सुव्यवस्थित ईश्वरशास्त्रहरूबाट प्रातिनिधिक खण्डहरू

(कुनै प्रस्ट छलफल छैन)

## अन्य पुस्तकहरू/लेखहरू

Adams, Jay. *The Time Is at Hand.* Phillipsburg, N.J: Presbyterian and Reformed, 1970. (Amillennial.)

Allis, O. T. *Prophecy and the Church.* Philadelphia: Presbyterisn and Reformed,1945. (Amillennial.)

Archer, Gleason, Paul Feinberg, Douglas Moo, and Richard Reiter. *The Rapture: Pre-Mid-, or Post-Tribulation ?* Grand Rapids, 1984. (Contains well-argued essays representing the three different positions.)

Bauckham, R. J. "Millennium." In *NDT,* pp. 428-30.

Beechick, Allen. *The Pre-Tribulation Rapture.* Denver: Accent, 1980.

Berkouwer, G. C. *The Return of Christ.* Trans. by James Van Oosterom. Ed. by Marlin J. Van Elderen. Grand Rapids: Eerdmans, 1972.

Boettner, Lorrain. *The Millennium.* Philadelphia: Presbyterian and Reformed, 1957. (Postmillennial.)

Clouse, F. G. "Rapture of the Church." In *EDT*, pp. 908-10.

Clouse, Robert G., ed. *The Meaning of the Millennium: Four Views.* Doweners Grove, Ill.: InterVarsity Press, 1977. (The chapters by Ladd and Hoekema are excellent statments of the classical premillennial and amillennial positions.)

Erickson, Millard. *Contemporary Options in Eschatology.* Grand Rapids: Baker, 1977.

Feinberg, Charles L. *Millennialism: The Two Major Views.* Chicago: Moody Press, 1980. (Pretribulational premillennial.)

Hendriksen,William. *The Momentous Event.* London: Banner of Truth, 1970.

Hoekema, Anthony S. *The Bible and the Future.* (Grand Rapids: Eerdmans, 1979, pp. 109-238. (Amillennial.)

Kirk, J. Marcellus. *An Eschatology of Victory.* Nutley, N.J.: Presbyterian and Reformed, 1974. (Postmillennial.)

Ladd, Gerorge Eldon. *The Blessed Hope.* Grand Rapids: Eerdmans,1956. (Classic or posttribulational premillenniall.)

Lightner, Robert P. *The Last Days Handbook: A Comprehensive Guide to Understanding the Different Views of Prophesy. Who Believes What About Prophecy and Why.* Nashville,Tenn.: Thomas Nelson,1990.

McClain, Alva J. *The Greatness of the Kingdoom.* Grand Rapids: Zondervan, 1959.

Murry, Iain. *The Puritan Hope.* London: Banner of Truth, 1971. (Postmillennial.)

Pantecost, J. Dwight. *Things to Come.* Findlay, Ohio: Dunham,1958. (Pretribulational premillennial.)

Poythress, Vern. *Understanding Dispensationalist.* Grand Rapids: Zondervan, 1987. (Amillennial.)

Travis, S. H. "Eschatology." In *NDT,* pp. 228-31.

Vos, Geerhardus. *The Pauline Eschatology.* Grand Rapids: Eerdmans, 1961. (Amillennial.)

Walvoord, John F. *The Blessed Hope and the Tribulation.* Grand Rapids: Zondervan, 1976.(Pretribulational premillennial.)

———. *The Millennial Kingdom.* Findlay, Ohio: Dunham, 1959. (Pretribulational premillennial.)

## धर्मशास्त्रको कण्ठस्थ गर्नुपर्ने खण्ड

**प्रकाश २०:४-६** : *तब मैले सिंहासन र त्यसमाथि बस्नेहरूलाई देखें, जसलाई इन्साफ गर्ने अधिकार दिइएको थियो। तब येशूका गवाहीको निम्ति र परमेश्वरका वचनको निम्ति शिर काटिएकाहरू, र त्यो पशु र त्यसका मूर्तिको पूजा नगर्नेहरू र त्यसको छाप निधार वा हातमा नलगाउनेहरूका आत्माहरूलाई मैले देखें। तिनीहरू फेरि जीवित भए र तिनीहरूले ख्रीष्टसँग एक हजार वर्षसम्म राज्य गरे। अरू मरेकाहरू चाहिँ ती एक हजार वर्ष नबितुञ्जेल जीवित भएनन्। यो पहिलो पुनरुत्थान हो। पहिलो पुरुत्थानमा सहभागी हुनेहरू धन्य र पवित्र हुन्। यिनीहरूलाई दोस्रो मृत्युको शक्तिले केही गर्न सक्दैन, तर तिनीहरू परमेश्वर र ख्रीष्टका पूजाहारी भएर उहाँसँग एक हजार वर्षसम्म राज्य गर्नेछन्।*

## भजन

"जहाँ घाम छ त्यहाँ येशू राज्य गर्नुहुनेछ"

Issac Watts-द्वारा लिखित यस भजनले सारा संसारमाथि ख्रीष्टको राज्यको वर्णन गर्छ। सहस्राब्दीबारे हाम्रो व्यक्तिगत विश्वासहरूले हामीलाई यो भजनले सहस्राब्दीलाई वा अनन्तको स्थितिलाई बुझाउँछ वा बुझाउँदैन भन्ने निष्कर्षतिर लगे वा नलगे तापनि यसले हामीलाई त्यो राज्यको र पृथ्वीमाथि येशू राजा हुनुहुँदा आउने आशिष्‌को चित्रण गर्छ जसको निम्ति हाम्रो हृदयले चाहना गर्छ।

जहाँ घामले यसको अनुक्रमिक यात्रा गर्छ,
　　त्यहाँ येशूले राज्य गर्नुहुनेछ;
चन्द्रमा धमिलो नबनुञ्जेल अनि यसले चमक दिउञ्जेल,
　　उहाँको राज्य किनारदेखि किनारसम्म फैलिनेछ।

गरिनेछन् प्रार्थना अनन्त उहाँको निम्ति,
　　बन्दछन् सबै प्रशंसाहरू उहाँको शिरको मुकुट;
मीठो अत्तरजस्तै नाउँ उहाँको माथि उठनेछ,
　　हरेक बिहानको बलिदानसितै।

सबै क्षेत्रहरूका सबै भाषी मानिस,
　　सबैभन्दा मीठो गीतसित हुन्छन् ध्यानस्थ उहाँको प्रेममा;
अनि शिशु सोरहरूले गर्नेछन् घोषणा
　　उहाँको नाउँमा तिनीहरूको सुरुका आशिषहरू।
हुनेछन् आशिष्‌हरू जहाँ पनि गर्नुहुन्छ राज उहाँले,

उफ्रन्छ कैदी तिनका साङ्लाहरू छिनाल्न,
थकितहरूले पाउँछन् अनन्तको विश्राम,
अनि सबै छोराहरू छन् आशिषित।

उठोस् हरेक प्राणी र ल्याओस्
त्यसले सम्मानहरू हाम्रा राजालाई,
स्वर्गदूतहरू ओर्लिऊन् गीतहरूसित फेरि,
दोहोऱ्याओस् पृथ्वीले उच्च स्वरमा आमिन।

*रचयिता* : Issac Watts, 1719

अध्याय ५६

# अन्तिम न्याय र अनन्त दण्ड

# The Final Judgement and Eternal Punishment

***कसको न्याय गरिनेछ ? नरक के हो ?***

## व्याख्या र धर्मशास्त्रीय आधार

### क. अन्तिम न्याय : एक वास्तविकता

**१. अन्तिम न्यायबारे धर्मशास्त्रीय प्रमाण ।** विश्‍वासी र अविश्‍वासीहरूको अन्तिम न्याय हुनेछ भनी धर्मशास्त्रले बारम्बार पुष्टि गर्छ। तिनीहरू आफ्ना पुनरुत्थित शरीरमा ख्रीष्टको न्यायआसनसामुन्ने उभिनेछन् र उहाँले गर्नुभएको तिनीहरूका अनन्त फसेला सुन्नेछन्।

अन्तिम न्यायलाई प्रकाशको पुस्तकमा यूहन्नाको दर्शनमा जीवन्त रूपले चित्रित गरिएको छ :

> तब *मैले एउटा ठूलो सेतो सिंहासन र त्यसमाथि विराजमान हुनुहुनेलाई देखें।* उहाँको सामुन्नेबाट पृथ्वी र आकाश भागेर गए, र तिनीहरूका निम्ति कतै ठाउँ पाइएन। *मैले ठूला र साना सबै मृतकहरूलाई सिंहासनको सामुन्ने उभिरहेका देखें, र पुस्तकहरू खोलिए।* अर्को पुस्तक पनि खोलियो, जो जीवनको पुस्तक हो। *ती पुस्तकहरूमा लेखिएका कुरामुताबिक, तिनीहरूका कामअनुसार मृतकहरूको इन्साफ भयो।* समुद्रले त्यसमा भएका मृतकहरू दिइहाल्यो, अनि मृत्यु र पातालले पनि तिनीहरूमा भएका मृतकहरू दिइहाले। तिनीहरू प्रत्येकको आफ्ना-आफ्ना कामअनुसार इन्साफ भयो। मृत्यु र पाताल अग्नि-कुण्डमा फालिए। यो अग्नि-कुण्ड दोस्रो मृत्यु हो। जसको नाउँ जीवनको पुस्तकमा लेखिएको भेट्टाइएन त्यो अग्नि-कुण्डमा फालियो। (प्रका २०:११-१५)

अन्य धेरैवटा खण्डहरूले यो अन्तिम न्यायबारे शिक्षा दिन्छ। पावलले एथेन्समा भएका ग्रीक दार्शनिकहरूलाई भन्छन्, "... अब प्रत्येक ठाउँमा सब मानिसहरूलाई पश्‍चात्ताप गर्ने आज्ञा दिनुहुन्छ। किनकि *उहाँले एक दिन तोकिदिनुभएको छ, जुन दिन उहाँले* आफूले नियुक्त गर्नुभएका एक जना व्यक्तिद्वारा *धार्मिकतामा संसारको*

*न्याय गर्नुहुनेछ।* उनलाई मृतकबाट जीवित पारेर उहाँले सबै मानिसहरूलाई यसको प्रमाण दिनुभएको छ" (प्रे १७:३०-३१)।[1] यस्तै प्रकारले पावल "परमेश्वरको धार्मिक इन्साफ प्रकट हुने त्यस क्रोधका दिन"-बारे बताउँछन् (रोम २:५)। आइरहेको न्यायको दिनबारे अन्य अनुच्छेदहरूले पनि स्पष्ट गरी बताउँछन् (हे. मत्ती १०:१५; ११:२२, २४; १२:३६; २५:३१-४६; १ कोर ४:५; हिब ६:२; २ पत्र २:४; यहू ६; आदि)।

अन्तिम न्याय परमेश्वरले इतिहासभरि नै धार्मिकतालाई इनाम दिनुभएको अनि अधार्मिकतालाई दण्ड दिनुभएको कैयौं पूर्वगामीहरू उदाहरणहरूको पराकाष्ठा हो। हाबिल, इसहाक, याकूब, मोशा, दाऊदलगायत उहाँप्रति विश्वसनीय मानिसहरूलाई, र इस्राएलका विश्वसनीय मानिसहरूलाई उहाँले आशिष् दिनुभयो, र जोखिमबाट छुटकारा दिनुभयो भने, अनाज्ञाकारिता र अविश्वासमा डटिरहनेहरूलाई समय-समयमा दण्ड पनि दिनुभयो; उहाँका दण्डहरूमा बाढ़ी, बाबेलका धरहराबाट मानिसहरू तितरबितर, सदोम र गोमरामाथि दण्ड, अनि पापमा लागिरहने मानिसहरूमाथि (रोम १:१८-३२) र पापमा लागिरहने जातिहरूमाथि (यशै १३-२३; आदि) इतिहासभरि नै अविच्छिन्न दण्ड संलग्न थियो। यसको अतिरिक्त, अदेख क्षेत्रमा, पाप गर्ने स्वर्गदूतहरूलाई उहाँले दण्ड दिनुभयो (२ पत्र २:४)। पत्रुसले हामीलाई यो स्मरण गराउँछन् कि परमेश्वरका दण्डहरू समय-समयमा र निश्चयतासित पूरा गरिएका छन्, र यसले हामीलाई एउटा अझै आइरहेको अन्तिम दण्डबारे स्मरण गराउँछ, किनकि "भक्तहरूलाई परीक्षाबाट बचाउन र भक्तिहीनहरूलाई न्यायको दिनसम्म दण्डमा जकड़िराख्न प्रभु जान्नुहुन्छ, विशेष गरी तिनीहरूलाई जो अशुद्ध पार्ने कामवासनामा डुबिरहन्छन्, र अधिकारको अवहेलना गर्छन्" (२ पत्र २:९-१०)।

**२. के एउटाभन्दा धेरै न्याय हुनेछन् ?** डिस्पेन्सेशनवादी दृष्टिकोणअनुसार, एउटाभन्दा धेरै न्याय आउनेछन्। उदाहरणार्थ, डिस्पेन्सेशनवादीहरूले मत्तीमा २५:३१-४६ मा भएको अन्तिम न्याय देख्दैनन् :

> जब मानिसको पुत्र सारा स्वर्गदूतहरूसँग आफ्नो महिमा आउनेछ, तब ऊ आफ्नो महिमामय सिंहासनमा बस्नेछ। र *उसको सामुन्ने सबै जातिहरू भेला हुनेछन्,* र जसरी गोठालाले भेड़ा र बाख्रालाई छुट्ट्याउँछ, त्यसरी नै उसले तिनीहरूलाई एउटालाई अर्काबाट अलग गर्नेछ। उसले भेड़ाहरूलाई आफ्नो दाहिनेपट्टि, र बाख्राहरूलाई देब्रेपट्टि राख्नेछ। तब राजाले आफ्ना दाहिनेपट्टिकाहरूलाई भन्नेछ, 'आओ, मेरा पिताका धन्यका हो ! संसारको उत्पत्तिदेखि तिमीहरूका निम्ति तयार गरिएको राज्यलाई अधिकार

[1] रोचक कुरा के छ भने पावलले ती अविश्वासी गैरयहूदीहरूलाई अनन्तको न्यायबारे घोषणा गरे जोसँग पुरानो करारका शिक्षाहरूबारे कुनै ज्ञान थिएन (प्रे २४:२५)। पावलले अविश्वासी रोमी राज्यपाल फेलिक्सको सामुन्ने पनि "भावी इन्साफ"-बारे तर्क गरे। यी दुवै घटनाहरूमा पावलले यो बुझेका स्पष्ट हुन्छ कि परमेश्वरको अगि जवाफदेही हुने दिन ती सबै मानिसहरूसामुन्ने आइरहेको थियो भन्ने क्रूर तथ्यले ती सबै मानिसहरूको अनन्त नियति जोखिममा थियो भन्ने गम्भीर तुल्याउने विचार उनका श्रोतालाई दिनेथियो।

> गर। किनभने म भोकाएको थिएँ, तिमीहरूले मलाई खान दियौ। ... तिमीहरूले यी मेरा भाइहरूमध्ये सबैभन्दा सानामा एक जनालाई जे-जति गऱ्यौ, त्यो तिमीहरूले मलाई नै गऱ्यौ। "त्यसपछि उनले देब्रेपट्टिका मानिसहरूलाई भन्नेछन्, 'श्रापित मानिस हो! मबाट दूर होओ, र दियाबलस र त्यसका दूतहरूका लागि तयार गरिएको अनन्तको आगोमा जाओ। किनभने म भोकाएको थिएँ, तिमीहरूले मलाई खान दिएनौ ... 'साँच्चै, म तिमीहरूलाई भन्दछु, यी सबैभन्दा सानाहरूमध्ये एक जनालाई जे-जति गरेनौ त्यो तिमीहरूले मेरो निम्ति गरेनौ।" तब यिनीहरू अनन्त दण्डको भागी हुनेछन्, तर धर्मी जनहरू अनन्त जीवनमा प्रवेश गर्नेछन्।

डिस्पेन्सेशनवादी परिप्रेक्ष्यबाट, यो खण्डले अन्तिम न्यायतिर (प्रका २०:११-१५ मा बताइएको "एउटा ठूलो सेतो सिंहासन") होइन, तर महासङ्कष्टपछि र सहस्राब्दीको आरम्भमा आउने न्यायतिर सङ्केत गर्छ। तिनीहरूले यो भन्छन् कि यो न्याय *"सबै जातिहरूको न्याय"* हुनेछ, जसमा जातिहरूले महासङ्कष्टको बेला यहूदीहरूलाई जसरी व्यवहार गरे सोहीअनुरूप तिनीहरूलाई व्यवहार गरिनेछ। यहूदीहरूलाई असल व्यवहार गर्नेहरू र ख्रीष्टप्रति समर्पित बन्न इच्छुक हुनेहरूले सहस्राब्दीमा प्रवेश गर्नेछन्, अनि जसले यसो गरेका हुँदैनन् तिनीहरूलाई प्रवेश दिइनेछैन।

यसकारण, डिस्पेन्सेशनवादी दृष्टिकोणमा, न्याय विभिन्न किसिमका छन् : (अ) सहस्राब्दीमा को प्रवेश गर्नेछ सो निर्णय गरिनलाई "सबै जातिहरूको न्याय" (मत्ती २५:३१-४६); (आ) "विश्वासीहरूका कामहरूको न्याय" (जसलाई कहिलेकाहीँ २ कोरिन्थी ५:१ मा "न्यायासान" बुझाउन प्रयुक्त ग्रीक शब्द अनुसरण गरेर *bema* न्याय भनिन्छ जसमा ख्रीष्टियानहरूले विभिन्न दर्जाका इनामहरू पाउनेछन्; अनि (आ) अविश्वासीहरूका निम्ति अनन्तको दण्ड घोषणा गर्नलाई सहस्राब्दीको अन्त्यमा "ठूलो सेतो सिंहासन"-बाट हुने न्याय (प्रका २०:११-१५)।[२]

यस पुस्तकमा अपनाइएको दृष्टिकोण यही छ कि यी तीन अनुच्छेदहरूले उही र एउटै न्यायबारे बताउँछन्, तीन बेग्ला-बेग्लै न्यायहरूबारे होइन। विशेष गरी मत्ती २५:३१-४६ सम्बन्धी, डिस्पेन्सेशनवादी दृष्टिकोण सही हो भन्ने सम्भाव्य देखिँदैन। यस अनुच्छेदमा सहस्राब्दीमा प्रवेश गरिनेबारे कुनै उल्लेख छैन। यसको अतिरिक्त, उद्घोषित न्यायले पृथ्वीमा हुने सहस्राब्दिक राज्यमा गरिने प्रवेशबारे बताउँदैन वा त्यो राज्यबाट निष्कासनबारे बताउँदैन तर बताउँछ मानिसहरूको अनन्तका नियतिहरू ("संसारको उत्पत्तिदेखि तिमीहरूका निम्ति तयार गरिएको राज्यलाई अधिकार गर। ... 'श्रापित मानिस हो! मबाट दूर होओ, र दियाबलस र त्यसका दूतहरूका लागि तयार गरिएको अनन्तको आगोमा जाओ। ... तब यिनीहरू *अनन्त दण्ड*को भागी हुनेछन्, तर धर्मी जनहरू *अनन्त जीवन*मा प्रवेश गर्नेछन्" (पह. ३४, ४१, ४६)। अन्त्यमा, धर्मशास्त्रभरि परमेश्वरले मानिसहरूसँग गर्नुभएको व्यवहार हेर्दा, तिनीहरूका *अनन्त* नियति तिनीहरूका जातित्वमा आधारित छैन, किनकि अविश्वासी जातिहरूबीच विश्वासीहरू पनि हुन्छन्, अनि परमेश्वरको प्रकट इच्छाप्रति अज्ञ

[२] Lewis Sperry Chafer, *Systematic Theology*, 7:13-17, जसले अरू न्यायहरू पनि संलग्न गर्छन्।

धेरै मात्रामा समर्पण देखाउने जातिहरूभित्र पनि धेरै दुष्ट मानिसहरू हुनेछन्। अनि "परमेश्वरले पक्षपात गर्नुहुन्न" (रोम २:११)। यस दृश्यमा वास्तवमा "सबै जातिहरू" ख्रीष्टको सिंहासनअगाड़ि भेला गराइएका (२५:३२) भए तापनि, यो दृश्यमा देखिने न्यायको चिन्ह विभिन्न व्यक्तिहरूमाथि हुने न्यायको चिन्ह हो (भेड़ाहरू बाख्राहरूबाट छुट्ट्याइएका छन्, अनि ख्रीष्टका दाज्यू-भाइहरूलाई दयासित व्यवहार गर्नेहरूलाई राज्यमा स्वागत छ जबकि तिनीहरूलाई रद्द गर्नेहरू रद्द गरिन्छन्, पद. ३५-४०, ४१-४५)।

## ख. अन्तिम न्यायको समय

अन्तिम न्याय सहस्राब्दीपछि र यसको अन्त्यमा उठ्ने विद्रोहपछि हुनेछ। सहस्राब्दीको राज्य र पृथ्वीमा प्रभाव जमाउनबाट शैतानलाई हटाइएको चित्रण यूहन्नाले प्रकाश २०:१-६ मा गर्छन् (अघिल्ला दुईवटा अध्यायहरूमा भएको छलफल हे.) र त्यसपछि उनी भन्छन् "एक हजार वर्ष बितेपछि शैतान त्यसको कैदबाट छोड़िनेछ, ... देश-देशका मानिसहरूलाई बहकाउन, ... लड़ाइँको निम्ति भेला गर्न" निस्केर आउनेछ" (प्रका २०:७-८)। यस अन्तिम विद्रोहलाई परमेश्वरले निर्णायक रूपले पराजित गर्नुभएपछि (प्रका २०:९-१०) इन्साफ हुनेछ भनी यूहन्नाले हामीलाई भन्छन्, "तब मैले एउटा ठूलो सेतो सिंहासन र त्यसमाथि विराजमान हुनुहुनेलाई देखें" (प. ११)।

## ग. अन्तिम न्यायको प्रकृति

**१. येशू ख्रीष्ट न्यायाधीश हुनुहुनेछ।** पावलले "जिउँदा र मरेकाहरूको इन्साफ गर्न आउनुहुने ख्रीष्ट येशू"-बारे बताउँछन् (२ तिमो ४:१)। पत्रुसले भन्छन् येशू ख्रीष्ट "जीवित र मृतकहरूका न्यायकर्ता हुनलाई परमेश्वरद्वारा नियुक्त हुनुभएको व्यक्ति" हुनुहुन्छ (प्रे १०:४२); तु. १७:३१; मत्ती २५:३१-३३)। सम्पूर्ण विश्वका न्यायकर्ताको रूपमा काम गर्ने अधिकार यस्तो कुरा हो जो पिताले पुत्रलाई दिनुभएको छ, "पिता"-ले उसलाई न्यायको फैसला दिने अधिकार दिनुभएको छ, किनभने ऊ मानिसको पुत्र हो" (यूह ५:२६-२७)।

**२. अविश्वासीहरूको न्याय हुनेछ।** न्यायको निम्ति सबै अविश्वासीहरू ख्रीष्टको सामुन्ने उभिनेछन् भन्ने कुरा स्पष्ट छ किनकि यस न्यायमा "ठूला र साना सबै मृतकहरू"-को न्याय हुनेछ (प्रका २०:१२), अनि पावल भन्छन् "परमेश्वरको धार्मिक इन्साफ प्रकट हुने त्यस क्रोधको दिन ... उहाँले हरेक मानिसलाई उसको कामअनुसार दिनुहुनेछ। ... सत्यको पालन नगर्ने, र दुष्टतामा हिँड्नेहरूमाथि चाहिँ क्रोध र रीस पर्नेछ" (रोम २:५-८)।

अविश्वासीहरूको यो इन्साफमा *दण्डका मात्राहरू* (degrees of punishment) विभिन्न हुनेछन् किनकि हामी यो पढ्दछौं कि मृतकहरूलाई "तिनीहरूका कामअनुसार ... इन्साफ" गरियो (प्रका २०:१२, १३), र त्यसकारण मानिसहरूले

गरेका कामअनुसार गरिने यस इन्साफमा मानिसहरूले गरेका कामको मूल्याङ्कन हुनैपर्दछ।[३] येशू भन्नुहुन्छ :

> आफ्नो मालिकको इच्छा जानेर तयार नरहने र तिनको इच्छाबमोजिम नगर्नेचाहिँ दासले ज्यादै पिटाइ खानेछ। तर मालिकको इच्छा नजानेर पिटाइ खाने योग्यको काम गर्नेले थोरै पिटाइ खानेछ (लूका १२:४७-४८)।

येशूले खोराजीन र बेथसेदा शहरहरूलाई "न्यायको दिनमा तिमीहरूको भन्दा त टुरोर र सीदोनको हालत *बढ़ी सहनीय* हुनेछ" (मत्ती ११:२२; तु. २४) भन्नुहुँदा, वा शास्त्रीहरूले "नै *बढ़ी दण्ड* पाउनेछन्" (लूक २०:४७) भन्नुहुँदा, उहाँले अन्तिम दिनमा दिइने दण्डमा मात्राहरू हुनेछन् भन्ने कुरा परिलक्षित गर्नुहुन्छ।

वास्तवमा, भएको प्रत्येक गलत काम याद गरिनेछ अनि र त्यस दिन दिइने दण्डमा यस कामको लेखा लिइनेछ किनभने "हरेक व्यर्थको कुरा जो मानिसहरू बोल्दछन्, न्यायको दिनमा तिनीहरूले त्यसको लेखा दिनुपर्नेछ" (मत्ती १२:३६)। बोलिएको एक-एक शब्द र गरिएको प्रत्येक काम प्रकाशमा ल्याइनेछ अनि त्यसले दण्ड पाउनेछ ("हामीले गरेको हरेक काम, असल होस् वा खराब होस्, प्रत्येक गुप्त कुरासमेत सबैको न्याय परमेश्वरले गर्नुहुन्छ" (उप १२:१४)।

यी पदहरूले देखाएका जस्तै, न्यायको दिन मानिसहरूका हृदयका गुप्त कुराहरू प्रकट गराइनेछन् अनि सार्वजनिक गरिनेछन्। पावल त्यस दिनबारे बताउँदै भन्छन्, "परमेश्वरले ... येशू ख्रीष्टद्वारा मानिसहरूका गुप्त कुराको इन्साफ गर्नुहुनेछ" (रोम २:१६; तु. लूक ८:१७)। "छोपिएको यस्तो कुनै कुरा छैन, जो थाहा लाग्नेछैन। यसकारण जे *तिमीहरूले अँध्यारोमा भनेका छौ, त्यो उज्यालोमा सुनिनेछ। गुप्त कोठामा भनेका कुरा घरको धुरीबाट प्रचार हुनेछ"* (लूक १२:२-३)।

**३. विश्वासीहरूको न्याय हुनेछ।** ख्रीष्टियानहरूलाई लेख्दा पावल भन्छन्, *"हामी सबै परमेश्वरका न्याय-आसनको सामने खड़ा हुनेछौं।* ... हामी हरेकले परमेश्वरलाई आफ्नो लेखा दिनेछौं" (रोम १४:१०, १२)। उनी कोरिन्थीहरूलाई पनि भन्छन्, "किनकि *हामी सबै ख्रीष्टका न्याय-आसनको सामुने खड़ा हुनुपर्छ, यसरी शरीरमा हुँदा आफूले गरेबमोजिम हरेकले असल वा खराब प्रतिफल पाउनेछ"* (२ कोर ५:१०; तु. रोम २:६-११; प्रका २०:१२, १५)। यसको अतिरिक्त, मत्ती २५:३१-४६ मा अन्तिम न्यायको चिन्हमा ख्रीष्टले भेड़ाहरूलाई बाख्राहरूबाट छुट्ट्याइ-रहनुभएको, अनि उहाँको आशिष् प्राप्त गर्नेहरूलाई इनाम दिइरहनुभएको पनि संलग्न छ)।

[३]अविश्वासीहरूका कामअनुसार तिनीहरूले पाउने दण्डका मात्राहरू हुन्छन् भन्ने तथ्यको अर्थ यो हुँदैन कि अविश्वासीहरूले कहिल्यै पर्याप्त असल काम गरेर परमेश्वरको अनुमोदन प्राप्त गर्न सक्छन् वा मुक्ति आर्जन गर्न सक्छन्, किनकि मुक्ति ख्रीष्टमा भरोसा गर्नेहरूकहाँ सित्तैंको वरदानको रूपमा आउँछ, "जसले उहाँमाथि विश्वास गर्छ, त्यो दोषी ठहरिँदैन, तर विश्वास नगर्नेचाहिँ अघि नै दोषी ठहरिएको छ, किनभने उसले परमेश्वरका एकमात्र पुत्रको नाउँमा विश्वास गरेको छैन" (यूह ३:१८)।

मानिसहरूको मृत्युपछि ख्रीष्टलाई स्वीकार गर्ने "दोस्रो मौका" हुनेछैन भन्ने तथ्यबारे छलफलको निम्ति हे. अ. ४१।

यो बुझ्नु आवश्यक छ कि विश्वासीहरूलाई गरिने न्याय मूल्याङ्कन गर्नलाई र विभिन्न मात्राका इनामहरू प्रदान गरिने न्याय हुनेछ (तल हे.), तर विश्वासीहरूले यस्तो न्याय सामना गर्नुपर्छ भन्ने तथ्यले तिनीहरूमा यो डर उत्पन्न गराउनुहुँदैन कि तिनीहरू सदाकालको निम्ति दण्डित हुनेछन्। येशूले भन्नुहुन्छ, "जसले मेरो वचन सुन्छ र मलाई पठाउनुहुनेमाथि विश्वास गर्छ, त्यससित अनन्त जीवन छ। *त्यो न्यायमा आउँदैन* तर मृत्युदेखि त्यसले जीवनमा प्रवेश गरेको छ" (यूह ५:२४)। यहाँ "न्याय"-लाई अनन्त दण्डाज्ञा र मृत्युको अर्थमा बुझिनुपर्दछ, किनकि यसलाई मृत्युदेखि जीवनमा सराइसित तुलना गरिएको छ। अरू कुनै समयभन्दा अन्तिम न्यायको दिनमा, यो चरम महत्त्वको कुरा हुन्छ कि "यसकारण *अब ख्रीष्ट येशूमा भएकाहरूलाई दण्डको आज्ञा छैन"* (रोम ८:१)। यसकारण न्यायको दिनलाई एउटा यस्तो दिनको रूपमा चित्रित गर्न सकिन्छ जब विश्वासीहरूलाई इनाम दिइन्छ र अविश्वासीहरूलाई दण्ड दिइन्छ :

> जाति-जातिहरू क्रुद्ध भए, तर तपाईंको क्रोध प्रकट भयो र मरेकाहरूका इन्साफको समय आयो, र *तपाईंका दासहरू* र अगमवक्ताहरू र सन्तहरूलाई तपाईंका नाउँको डर मान्ने ठूला-सानाहरू*लाई इनाम दिने समय,* र पृथ्वीको विनाश गर्नेहरूलाई नाश गर्ने समय आयो। (प्रका ११:१८)

के त्यो दिन विश्वासीहरूका गुप्त कुराहरू र कामहरू र तिनीहरूका सबै पापहरू पनि प्रकट गरिनेछन्? यस्तो प्रतीत हुन्छ कि यस्तै नै हुनेछ किनभने न्यायको दिनबारे विश्वासीहरूलाई लेख्दा उनी भन्छन् कि प्रभु आउनुहुँदा उहाले *"लुकेका कुराहरूलाई प्रकाशमा ल्याउनुहुनेछ,* र मानिसका हृदयका अभिप्रायहरू प्रकट गरिदिनुहुनेछ। तब हरेक मानिसले परमेश्वरबाट आफ्नो प्रशंसा पाउनेछ" (१ कोर ४:५; तु. कल ३:२५)। यस तथ्यले धार्मिक जीवन बिताउने अभिप्रेरणा निश्चय नै उपलब्ध गराउनुपर्दछ, र पावलले २ कोरिन्थी ५:९-१० मा यसलाई यसरी नै प्रयोग गर्छन्, *"उहालाई प्रसन्न तल्याउनु नै हाम्रो लक्ष्य हुन्छ।* किनकि हामी सबै ख्रीष्टका न्याय-आसनको सामुन्ने खड़ा हुनुपर्छ।" तर यसले विश्वासीहरूलाई आतङ्कित पार्नु वा तर्साउनु हुँदैन, किनभने त्यस दिन खुलस्त गरिने हरेक पाप पनि *क्षमा गरिएको* पाप हुनेछ, र त्यसको फलस्वरूप ती परमेश्वरका अनुग्रहको विपुलताको निम्ति परमेश्वरलाई महिमा दिने अवसर हुनेछन्।

*विश्वासीहरूका इनामको मात्रा* हुन्छ भन्ने कुरा पनि धर्मशास्त्रले सिकाउँछ। अगावै बसाइएको जग, अर्थात् ख्रीष्ट स्वयम्, कोरिन्थीहरूले कसरी मण्डली निर्माण गर्छन् भन्नेबारे उनीहरू होसियार बनून् भनी पावलले कोरिन्थीहरूलाई प्रोत्साहन दिन्छन्।

> यदि कुनै मानिसले यस जगमाथि सुन, चाँदी, बहुमुल्य पत्थर, काठ, घाँस वा पराल प्रयोग गरेर घर बनायो भने, प्रत्येक मानिसको काम प्रकट हुनेछ,

> किनकि न्यायको दिनले त्यो खुलस्त गरिदिनेछ। त्यो आगोद्वारा प्रकट हुनेछ, र हरेकले कस्तो काम गरेको छ, सो आगोले जाँच गर्नेछ। *यदि कुनै मानिसले त्यस जगमाथि बनाएको काम रहिरह्यो भने उसले इनाम पाउनेछ।* यदि कुनै मानिसको काम जलेर नष्ट भयो भने त्यसले नोक्सानी भोग्नुपर्नेछ, तर त्यो आफैंचाहिँ आगोबाट उम्केझैं बाँच्नेछ। (१ कोर ३:१२-१५)

त्यसरी नै, हामीले यस जीवनमा जे गरेका छौं त्यसको निम्ति पाइने इनामका मात्राहरूतिर फेरि पनि इङ्गित गर्दै पावल ख्रीष्टियानहरूका बारेमा भन्छन्, “हामी सबै ख्रीष्टका न्याय-आसनको सामुन्ने खड़ा हुनुपर्छ, यसरी शरीरमा हुँदा आफूले गरेबमोजिम हरेकले असल वा खराब प्रतिफल पाउनेछ” (२ कोर ५:१०)। यसरी नै सुनका सिक्काको दृष्टान्तमा, अझै दश सिक्का कमाउनेलाई भनियो, “तैंले दश शहरहरूमाथि अधिकार पाउनेछस्।” अझै पाँच सिक्का कमाउनेलाई भनियो, “तैंले पनि पाँच शहरहरूमाथि अधिकार पाउनेछस्” (लूक १९:१७, १९)। यसरी नै अन्य धेरै खण्डहरूले अन्तिम न्यायको दिन पाउने इनामका मात्राहरूबारे शिक्षा दिन्छन् वा इङ्गित गर्छन्।[४]

तर हामी यहाँ भुल बोधबारे सावधान हुनुपर्दछ : स्वर्गमा इनामका विभिन्न मात्राहरू हुनेछन्, तथापि हरेक व्यक्तिको आनन्द पूर्ण र अनन्तकालीन हुनेछ। इनामका विभिन्न मात्राहरू हुँदाहुँदै पनि यस्तो कसरी हुनसक्छ भनी यदि हामीले प्रश्न गर्‍यौं भने, यसले बस यही देखाउँछ कि हामीसँग जे सम्पत्ति छ वा हाम्रो सामाजिक मर्यादा वा शक्ति जे छ त्यसैमाथि हाम्रो खुशीको प्रत्यक्ष बोध *(perception)* आधारित हुन्छ। तर, वास्तविकतामा, हाम्रो साँचो आनन्द परमेश्वरमा रमाउनुमा अनि उहाँले हामीलाई दिनुभएको मर्यादामा बनेको हुन्छ। जसलाई ठूलो इनाम र उच्च प्रतिष्ठा दिइएको छ, उनीहरू मात्र स्वर्गमा पूर्ण रूपमा खुशी हुनेछन् भनी सोच्ने मूर्खता त्यस बेला देखिन्छ जब हामीले यो बुझ्दछौं कि हामीलाई जतिकै ठूलो इनाम दिइए तापनि अझ ठूला-ठूला इनामहरू भएकाहरू, वा उच्चतर् प्रतिष्ठा र अख्तियार भएकाहरू प्रेरितहरूलगायत, स्वर्गीय प्राणीहरू अनि येशू ख्रीष्ट र परमेश्वर स्वयम् सदैव हुनेछन्। मानिसहरू पूर्ण रूपमा खुशी हुनलाई यदि सर्वोच्च प्रतिष्ठा आवश्यक हुने भए, स्वर्गमा परमेश्वरबाहेक कोही पनि खुशी हुनेथिएनन्, जो निश्चय नै भुल धारणा हो। यसको अतिरिक्त, स्वर्गमा अझ ठूला-ठूला इनामहरू र सम्मान भएकाहरू, परमेश्वरको सिंहासनका छेऊ भएकाहरू तिनीहरूका प्रतिष्ठामा होइन तर परमेश्वरको सिंहासनअघि उहाँलाई उपासना गर्नलाई दण्डवत् गर्ने विशेषाधिकारमा मात्र आनन्दित हुन्छन् (हे. प्रका ४:१०-११)।

स्वर्गमा पाइने इनामहरूका मात्राहरूबारे नयाँ करारको यो स्पष्ट शिक्षाबारे अझ

---

[४]हे. दान १२:२; मत्ती ६:२०-२१; १९:२१; लूक ६:२२-२३; १२:१८-२१, ३२, ४२-४८; १४:१३-१४; १ कोर ३:८; ९:१८; १३:३; १५:१९, २९-३२, ५८; गला ६:९-१०; एफि ६:७-८; कल ३:२३-२४; १ तिमो ६:१८; हिब १०:३४, ३५; ११:१०, १४-१६, २६, ३५; १ पत्र १:४; २ यूह ८; प्रका ११:१८; २२:१२ पनि; तु. मत्ती ५:४६; ६:२-६, १६-१८, २४; लूक ६:३५ पनि।

ठूलो चेतना हुनु हाम्रो निम्ति नैतिक र आत्मिक रूपमा लाभदायक हुनेछ। यसले हामीलाई एका-अर्काका प्रतियोगी बनाउनुभन्दा, हामी सबैले स्वर्गीय इनाम वृद्धि गर्न सकौं भनी एक-अर्कालाई सहायता गर्ने र प्रोत्साहन दिने बनाउनुपर्दछ, किनकि हामी सबैकहाँ आशिष् ल्याउन परमेश्‍वरसँग असीम क्षमता छ अनि हामी सबै एक-अर्काका अङ्गहरू हौं (तु. १ कोर १२:२६-२७)। हामीले हिब्रूका लेखकको अर्तीलाई अझ उत्सुकतासित पालन गर्नेछौं, "हामी एउटाले अर्कालाई प्रेम र असल कामको निम्ति कसरी उत्साहित गराउने त्यस कुरामाथि विचार गरौं। कति जनाको सङ्गतिमा नजाने बानी हुन्छ, तर हामीचाहिँ एकसाथ भेला हुन नछोड़ौं। तर प्रभुको दिन नजिक आइरहेको तिमीहरूले देखेका हुनाले एउटाले अर्कालाई झन् प्रोत्साहन देओ" (हिब १०:२४-२५)। यसबाहेक, हाम्रो जीवनमा भविष्यको स्वर्गीय इनामको हार्दिक खोजीले हामीलाई प्रभुले डाक्नुभएको जुनै काम पनि सम्पूर्ण हृदयले गर्न उत्प्रेरित गर्नेछ, चाहे त्यो काम ठूलो होस् वा सानो, दाम तिरिएको वा नतिरिएको। यसले हामीलाई धन वा सफलताको होइन, तर उहाँको अनुमोदन चाहना गर्ने बनाउनेछ। यसले हामीलाई एउटै जगमाथि, अर्थात् येशू ख्रीष्टमाथि मण्डली स्थापित गर्नलाई उत्प्रेरित गर्नेछ (१ कोर ३:१०-१५)।

४. **स्वर्गदूतहरूको न्याय हुनेछ।** पत्रुसले भन्छन् कि विद्रोही स्वर्गदूतहरूलाई "न्यायको दिनसम्मको निम्ति" पातालको अन्धकारमा जकड़िराखिएको छ (२ पत्र २:४) अनि यहूदाले भन्छन् कि विद्रोही स्वर्गदूतहरूलाई परमेश्‍वरद्वारा "न्यायको त्यस ठूलो दिनसम्म" राखिएको छ (यहू ६)। यसको अर्थ यो हो कि कमसेकम विद्रोही स्वर्गदूतहरू वा भूतात्माहरू पनि त्यस अन्तिम दिनको न्यायमा पर्नेछन्।

धार्मिक स्वर्गदूतहरूका सेवाको पनि मूल्याङ्कन गरिन्छ कि गरिँदैन भन्नेबारे धर्मशास्त्रले स्पष्ट रूपमा केही सङ्केत दिँदैन, तर यो सम्भव छ कि तिनीहरू पावलको वक्तव्यमा समाविष्ट छन्, "के तिमीहरूलाई थाहा छैन हामी स्वर्गदूतहरूको न्याय गर्नेछौं?" (१ कोर ६:३)। यो सम्भव छ कि यसमा धार्मिक स्वर्गदूतहरू समाविष्ट छन् किनभने पावलले भूतात्मा वा पतित स्वर्गदूतहरूबारे बताइरहेका छन् भन्ने सङ्केत सन्दर्भमा छैन, अनि नयाँ करारमा कुनै थप विशेषताविना उल्लेखित "स्वर्गदूत" शब्दले सामान्यतः धार्मिक स्वर्गदूतहरू बुझाउँछ। तर हामीलाई निश्‍चितता दिनलाई मूलपाठ पर्याप्त मात्रामा स्पष्ट छैन।

५. **न्यायको काममा हामी सहायता गर्नेछौं।** हामी (विश्‍वासीहरू)-ले न्यायको प्रक्रियामा भाग लिनेछौं भन्ने शिक्षा नयाँ करारको बढ़ो चकित बनाउने पक्ष हो। पावल भन्छन्,

> *सन्तहरूले संसारको न्याय गर्छन्* भन्ने कुरा के तिमीहरूलाई थाहा छैन? यदि संसारको न्याय तिमीहरूले नै गर्नुपर्छ भने, सानाभन्दा साना मुद्दा छिन्न के तिमीहरू अयोग्य छौ? के तिमीहरूलाई थाहा छैन, *हामी स्वर्गदूतहरूको न्याय गर्नेछौं?* उसो भए यस जीवनमा हुने कुरा ठूला हुन्

र ? (१ कोर ६:२-३)

यो तर्क गर्न सकिन्छ कि यसको अर्थ यो मात्र हो कि हामी ख्रीष्टद्वारा घोषणा गरिने न्याय हेरिरहेका हुनेछौं र त्यसलाई अनुमोदन गरिरहेका हुनेछौं, तर यो कुरा सन्दर्भसित सही प्रकारले मिलेको देखिँदैन, किनकि यहाँ पावलले कोरिन्थीहरूलाई तिनीहरूमाझका कानुनी विवादहरू अविश्वासीहरूकहाँ लानुभन्दा बरु आफैहरूमाझ मिलाउन प्रोत्साहन दिइरहेका छन्। यही सन्दर्भमा उनी भन्छन्, "तिमीहरूलाई शर्ममा पार्न म यो भन्दछु। आफ्ना भाइ-भाइका बीचको झगड़ा मिलाउन सक्ने बुद्धिमान् मानिस के साँच्चै तिमीहरूमा कोही पाइँदैन ? तर एउटा भाइ अर्को भाइको विरुद्धमा अदालत जान्छ, त्यो पनि अविश्वासीहरूका सामुन्ने" (१ कोर ६:५(६)। यस प्रकारको न्यायमा निश्चय नै सावधान मूल्याङ्कन र पहिचान गर्ने क्षमता चाहिन्छ। यसको अर्थ यो हुन्छ कि यस्तो सावधान मूल्याङ्कन र पहिचान गर्ने क्षमता अन्तिम न्यायको दिनमा हामीद्वारा स्वर्गदूतहरूको र संसारको न्याय गरिँदा प्रयोग हुनेछ। यो प्रकाश २० को शिक्षाजस्तै छ जहाँ यूहन्नाले भन्छन् "सिंहासनहरू र त्यसमाथि बस्नेहरूलाई देखें, जसलाई इन्साफ गर्ने अधिकार दिइएको थियो" (प्रका २०:४)। ती सिंहासनहरूमाथि बस्नेहरूको परिचय मूलपाठले नदिए तापनि तिनीहरूलाई बहुवचनमा उल्लेख गरिएको कारण यसले यो सङ्केत दिन्छ कि न्यायको प्रक्रियाका सबै पक्षहरू ख्रीष्टले आफैमा मात्र आरक्षित गरी राख्नुहुन्न वास्तवमा उहाँले आफ्ना चेलाहरूलाई भन्नुहुन्छ कि तिनीहरू "बाह्र सिंहासनमा" बस्नेछन् "र इस्राएलका बाह्र कुलमाथि इन्साफ" गर्नेछन् (मत्ती १९:२८; तु. लूक २२:३०)। यो कुरा यो सत्यतासित मिल्नजान्छ कि उद्धारको इतिहासमा परमेश्वरले समय-समयमा इन्साफ निष्पादन गर्ने अधिकार मानवीय अधिकारीहरूका हातमा दिनुभएको छ, चाहे ती मोशा र उनलाई सघाउने एल्डरहरू होऊन्, न्यायकर्ताहरूका समयदेखि परमेश्वरले नियुक्त गर्नुभएको न्यायकर्ताहरू होऊन्, दाऊद र सोलोमनजस्ता बुद्धिमानी राजाहरू होऊन्, धेरै राष्ट्रहरूका नागरिक सरकारहरू होऊन् (हे. रोम १३:१-७; १ पत्र २:१३-१४), वा मण्डलीभित्र नियम लागु गर्नेहरू र शासन गर्नेहरू वा मण्डली अनुशासन लागु गरिएको निरीक्षण गर्नेहरू होऊन्।।

## घ. अन्तिम न्यायको आवश्यकता

विश्वासीहरू जब मर्छन्, तिनीहरू तत्कालै परमेश्वरको उपस्थितिमा जाने हुनाले अनि अविश्वासीहरू जब मर्छन् तिनीहरू परमेश्वरदेखि बिछोड़को स्थिति र दण्डमा सहन[५] हुनाले परमेश्वरले किन अन्तिम न्यायको समय राख्नु नै भयो भनी हामी प्रश्न गरौंला। Berkhof बुद्धिमत्तासित यो औंल्याउँछन् कि हाम्रो हृदयका स्थिति वा  हाम्रो जीवनको आचरणका ढाँचा पत्ता लाउने उद्देश्यको निम्ति अन्तिम न्याय होइन किनकि उहाँले ती कुराहरू विस्तृत रूपमा जान्नुहुँदछ। अन्तिम न्यायबारे

[५]विश्वासीहरूको मृत्यु हुँदा उनीहरू तत्कालै परमेश्वरको उपस्थितिमा जान्छन्, अनि अविश्वासीहरू तत्कालै दण्ड पाउने एउटा स्थानमा जानेछन् जो परमेश्वरबाट अलग पारिएको हुनेछ भन्ने धारणालाई समर्थन गर्ने प्रमाणको लागि हे. अ. ४२।

उनी बरु यो भन्छन् :

> यसले सबै विवेकशील प्राणीहरूका सामु औपचारिक, न्यायिक तरिकामा परमेश्वरको घोषणात्मक महिमालाई बरु प्रदर्शन गर्ने यस (न्याय)-को उद्देश्य हो जसले एकापट्टि उहाँका पवित्रता र धार्मिकता बुझाउँछ अनि अर्कोपट्टि उहाँको अनुग्रह र करुणा बुझाउँछ। यसको अतिरिक्त, यो कुरा मनमा राख्नुपर्दछ कि अन्तिम दिनको न्याय एउटा व्यक्तिको मृत्युभन्दा एकभन्दा अधिक पक्षहरूमा भिन्नै हुनेछ। यो गुप्तमा हुनेछैन, तर सार्वजनिक हुनेछ; यसले आत्मासित मात्र होइन, तर शरीरसित पनि सम्बन्ध राख्नेछ; यो एउटै व्यक्तिको सम्बन्धमा होइन तर सबै मानिसहरूको सम्बन्धमा हुनेछ।[६]

### ङ. अन्तिम न्यायमा परमेश्वरको इन्साफ

धर्मशास्त्रले स्पष्ट पुष्टि गर्छ कि उहाँको न्यायमा परमेश्वर पूर्णतः न्यायी हुनुहुनेछ अनि त्यस दिन गुनासो गर्न कोही सक्षम हुनसक्नेछैन। परमेश्वर यस्तो हुनुहुन्छ जसले "पनपक्ष नगरी मानिसको कामअनुसार इन्साफ" गर्नुहुन्छ (१ पत्र १:१७), अनि "परमेश्वरले पक्षपात गर्नुहुन्न" (रोम २:११; त. कल ३:२५)। यही कारणले, त्यो अन्तिम दिनमा हरेक मुख "चूप" हुनेछ र "सारा संसार परमेश्वरको अघि जवाफदेही" हुनेछ (रोम ३:१९), अनि परमेश्वरले कुनै पुरुषलाई वा कुनै महिलालाई न्यायसङ्गत व्यवहार गर्नुभएन भनी कसैले गुनासो गर्न सक्नेछैन। वास्तवमा, अन्तिम न्यायका धेरै आशिषहरूमध्ये एउटा महान् आशिष् यो हुनेछ कि सन्त र स्वर्गदूतहरूले लाखौं जीवनहरूमा प्रदर्शित परमेश्वरको पूर्ण न्याय देख्नेछन्, अनि यही नै अनन्तको निम्ति उहाँको प्रशंसाको स्रोत बन्नेछ। दुष्ट बेबिलोनको न्याय गरिएको समयमा स्वर्गमा ठूलो प्रशंसा हुनेछ किनकि यूहन्ना भन्छन्, "त्यसपछि मैले स्वर्गबाट एउटा ठूलो भीड़ले चर्को सोरमा यसो भनिरहेको जस्तो सुनें, *हल्लेलूयाह !* मुक्ति, महिमा र शक्ति हाम्रा परमेश्वरका हुन्, किनकि *उहाँका इन्साफ सत्य र न्यायसङ्गत छन्"* (प्रका १९:१-२)।

### च. अन्तिम न्यायको नैतिक कार्यान्वयन

हाम्रो जीवनमा अन्तिम न्यायसम्बन्धी धर्मसिद्धान्तका विभिन्न सकारात्मक नैतिक प्रभावहरू छन्।

**१. अन्तिम न्यायसम्बन्धी धर्मसिद्धान्तले संसारमा न्यायको आवश्यकताप्रति हाम्रो आन्तरिक भावलाई सन्तुष्ट गराउँछ।** अन्तिम न्याय हुनेछ भन्ने तथ्यले हामीलाई यो आश्वासन दिन्छ कि परमेश्वरको विश्व अन्ततः *न्यायोचित* छ किनकि परमेश्वर नियन्त्रणमा हुनुहुन्छ अनि उहाँले सही अभिलेख राख्नुहुन्छ, अनि न्यायसङ्गत इन्साफ दिनुहुन्छ। जब पावल दासहरूलाई तिनीहरूका मालिकको अधीनमा बस्नू भन्छन्,

[६]Berkhof, *Systematic Theology*, पृ. ७३१।

उनी तिनीहरूलाई यो आश्वासन दिन्छन्, "किनकि आफूले गरेका कुकर्मको फल कुकर्मीले पाउनेछ, र यसमा पक्षपात हुँदैन" (कल ३:२५)। अन्तिम न्यायको चिन्हले यस तथ्यको उल्लेख गर्छ कि "पुस्तकहरू खोलिए" (प्रका २०:१२; तु. मला ३:१६)। यसले हामीलाई यो स्मरण गराउँछ कि (चाहे ती पुस्तकहरू वास्तविक होऊन् वा प्रतीकात्मक) हाम्रो सबै कामहरूका स्थायी तथा सही अभिलेख परमेश्वरद्वारा राखिएको छ अनि अन्ततः सबै लेनदेन चुक्ता गरिनेछ अनि सबै कुराहरू सही पारिइनेछन्।

२. **अन्तिम न्यायसम्बन्धी धर्मसिद्धान्तले हामीलाई अरू मानिसहरूलाई स्वेच्छाले क्षमा दिन सक्षम बनाउँछ।** हामी यो बुझ्दछौं कि हाम्रो विरुद्धमा खराब काम गर्ने अरू मानिसहरूलाई बदला लिने काम हाम्रो होइन, वा त्यसो गर्ने चाहनासमेत हामीले गर्नु हुँदैन, किनभने त्यसो गर्ने अधिकार परमेश्वर स्वयम्ले राख्नुभएको छ। "प्रिय हो, आफैले कहिल्यै बदला नलिओ तर परमेश्वरको क्रोधमा छोड़िदेओ। किनभने, लेखिएको छ, *"बदला लिने काम मेरो हो, म नै बदला लिनेछु"* (रोम १२:१९)। विश्वमा हरेक खराबीको बदला लिइनेछ भनी जानेर, हामीलाई कसैले खराबी गरेको छ भने, त्यो खराबी गर्ने व्यक्तिलाई हानि गर्ने वा बदला लिने काम हामीले परमेश्वरको हातमा छोड़िदिनुपर्दछ (यो बुझेर कि ख्रीष्ट क्रूसमा मर्नुहुँदा ख्रीष्टद्वारा खराबीको बदला लिइएको छ (यदि खराबी गर्ने मानिस प्रभुमा आउँछ भने) वा यो खराबीको बदला अन्तिम न्यायमा लिइनेछ (ती मानिसहरूका निम्ति जसले मुक्तिको निम्ति ख्रीष्टमा भरोसा गर्दैनन्)। तर यी दुईमा प्रत्येकै मामिलामा हामीले त्यो स्थितिलाई परमेश्वरको हातमा छोड़िदिन सक्छौं र त्यसपछि त्यो पापीले मुक्तिको निम्ति ख्रीष्टमा भरोसा गर्नेछ, र त्यसरी उसका पापहरूको क्षमा पाउनेछ भनी उसको निम्ति प्रार्थना गर्नसक्छौं।

हामीले भोग्नुपरको र अहिलेसम्म नसुधारिएको अन्यायको कारण हामीले हाम्रो हृदयमा तीतोपन वा रोष राखिराख्नुबाट यस विचारले हामीलाई रोक्नुपर्छ। परमेश्वर न्यायी हुनुहुन्छ, अनि उहाँले कुनै दिन सबै गलतहरूलाई सही बनाइदिनुहुनेछ अनि पूर्णतः न्यायी इनाम र दण्ड दिनुहुनेछ भन्ने कुरा जानेर हामीले यी स्थितिहरूलाई परमेश्वरको हातमा छोड़िदिन सक्छौं। यसरी हामी ख्रीष्टको उदाहरणमा हिँड़िरहेका हुनेछौं, जसले "तिनीहरूले उहाँलाई अपमान गर्दा उहाँले साटो फेर्नुभएन। तर *उचित न्याय गर्नुहुनेमाथि उहाँले भरोसा राख्नुभयो"* (१ पत्र २:२२-२३)। उहाँले प्रार्थना पनि गर्नुभयो, "हे पिता, यिनीहरूलाई क्षमा गर्नुहोस् किनकि यिनीहरूले के गर्दैछन् सो जान्दैनन्" (लूक २३:३४; तु. प्रे ७:६०, जहाँ स्तिफनसले तिनलाई मार्नेहरूका निम्ति प्रार्थना गर्दै येशूको उदाहरण पछ्याएका थिए)।

३. **अन्तिम न्यायसम्बन्धी धर्मसिद्धान्तले धार्मिक जीवन बिताउने अभिप्रेरणा उपलब्ध गराउँछ।** विश्वासीहरूका निम्ति, अन्तिम न्याय विश्वसनीयता र असल कामको निम्ति प्रेरणा हो, पापको क्षमा कमाउने साधन होइन तर अझ ठूलो अनन्तको इनाम

कमाउने साधन हो।[७] यो हाम्रो लागि एउटा स्वस्थकर र असल अभिप्रेरणा हो – येशूले हामीलाई भन्नुहुन्छ, "तर आफ्नो निम्ति स्वर्गमा धन-सम्पत्ति थुपार" (मत्ती ६:२०)। यद्यपि यो हाम्रो सांसारिक संस्कृतिबारे हाम्रो लोकप्रिय दृष्टिकोणहरूका विरुद्धको कुरा हुनजान्छ, एउटा यस्तो संस्कृतिको जसले स्वर्ग वा अनन्तको इनाममा वास्तवमै विश्वासै गर्दैन।

अन्तिम न्यायसम्बन्धी धर्मसिद्धान्तले अविश्वासीहरूका जीवनमा केही हदसम्मकै भए पनि नियन्त्रण उपलब्ध गराउँछ। यदि समाजमा कुनै दिन सबैले तिनीहरूका सृष्टिकर्तालाई, तिनीहरूका जीवनको लेखा दिनुपर्नेछ भन्ने व्यापक सर्वसामान्य स्वीकृति छ भने, "परमेश्वरको" केही "भय" धेरै मानिसहरूका जीवनको रीति बन्नेछ। तर यसको तुलनामा अन्तिम न्यायको गहन चेतना नभएका मानिसहरूले आफूलाई झन् ठूला-ठूला खराबीप्रति अर्पण गर्दछन् यो देखाउँदै कि "तिनीहरूका आँखाको सामने परमेश्वरको भय छैन" (रोम ३:१८)। अन्तिम न्यायलाई इन्कार गर्नेहरूलाई पत्रुस "गिल्ला" गर्नेहरू हुनेछन् भन्छन्, जो "पछिल्ला दिनहरूमा गिल्ला गर्नेहरू गिल्ला गर्दै, तिनीहरूका आफ्नै अभिलाषामा यसो भन्दै आउनेछन्, "उहाँका आगमनको प्रतिज्ञा कहाँ गयो ?" (२ पत्र ३:३-४)। उनी यो पनि घोषणा गर्छन् कि खराबी गर्नेहरू जो "तिमीहरू तिनीहरूसँग भ्रष्टताको बाटोमा नहिँड़ेको देखेर तिनीहरू छक्क पर्छन्, र "तिमीहरूको बदख्वाइँ गर्छन्"; तिनीहरूले पनि "तर जीवित र मृतकहरूको न्याय गर्न तत्पर हुनुहुनेलाई तिनीहरूले लेखा दिनुपर्नेछ" (१ पत्र ४:४-५)। विश्वासीहरूका निम्ति अन्तिम न्यायबारे जागरुकता सान्त्वनासाथै अविश्वासीहरूलाई तिनीहरूका खराब चालामा लागिनरहनू भन्ने एउटा चेताउनी हो।

**४. अन्तिम न्यायसम्बन्धी धर्मसिद्धान्तले प्रचारकार्यको निम्ति ठूलो अभिप्रेरणा उपलब्ध गराउँछ।** मानिसहरूले यस जीवनमा लिएका निर्णयहरूले सम्पूर्ण अनन्तकालको निम्ति तिनीहरूको नियतिलाई प्रभाव पार्नेछन् अनि इजकिएलको माध्यमद्वारा परमेश्वरको "आफ्नो दुष्ट चाल त्याग ! हे इस्राएलका घराना हो, तिमीहरू किन मर्छौ ?" (इज ३३:११) भन्ने अपील हाम्रो हृदयहरूले अनुभूति गर्नु अनि त्यो भावना हाम्रो मुखहरूमा प्रतिध्वनित हुनु उचित कुरा हो। वास्तवमा, पत्रुसले यो सङ्केत दिन्छन् कि प्रभुको पुनरागमनमा भएको ढिलाइको कारण "सबै जनाले पश्चात्ताप गरून् भन्ने इच्छा गरेर प्रभु तिमीहरूप्रति धैर्यवान् हुनु" हो (२ पत्र ३-९)।

## छ. नरक

अन्तिम न्यायसम्बन्धी धर्मसिद्धान्तको सन्दर्भमा नरकसम्बन्धी धर्मसिद्धान्तबारे छलफल गर्न उपयुक्त हुन्छ। *नरकलाई हामी यस प्रकारले परिभाषित गर्न सक्छौं – नरक दुष्टहरूलाई अनन्त चेतन दण्ड (conscious punishment)-को स्थान हो।* धर्मशास्त्रले यसका विभिन्न खण्डहरूमा सिकाउँछ कि यस्तो स्थान छ। सुनका सिक्काको दृष्टान्तमा मालिकले भन्छ, "त्यस बेकम्मा नोकरलाई चाहिँ बाहिरी

[७]अझ ठूला-ठूला स्वर्गीय इनामको लागि काम गर्ने धारणा नयाँ करारमा बारम्बार उल्लेखित मुख्य

अन्धकारमा फालिदेओ, जहाँ मानिसहरू रुनेछन् र दाह्रा किट्नेछन्" (मत्ती २५:३०)। अन्तिम न्यायपछि दण्डको चेतना हुनेछ। यस्तै प्रकारले राजाले न्याय गर्नुहुँदा राजाले कस-कसैलाई भन्नेछन्, "मबाट दूर होओ, र दियाबलस र त्यसका दूतहरूका लागि तयार गरिएको अनन्तको आगोमा जाओ" (मत्ती २५:४१), अनि येशूले भन्नुहुन्छ कि यसरी दण्ड पाउनेहरू "अनन्त दण्डको भागी हुनेछन्, तर धर्मी जनहरू अनन्त जीवनमा प्रवेश गर्नेछन्" (मत्ती २५:४६)।[८] यस मूलपाठमा, "अनन्त जीवन" र "अनन्त दण्ड"-बीचको समान्तरले यही सङ्केत गर्छ कि दुवै स्थितिहरू विनाअन्त्यको हुनेछन्।[९]

येशूले नरकलाई "ननिभ्ने आगो" (मर्क ९:४३) भन्नुहुन्छ अनि भन्नुहुन्छ कि नरक त्यो यस्तो ठाउँ हो जहाँ "न कीरा मर्दछन्, न आगो नै निभ्दछ" (मर्क ९:४८)।[१०] धनी मानिस र लाजरसको दृष्टान्तले पनि दण्डको भयानक चेतनता बुझाउँछ (बोध गराउँछ) :

> त्यो धनी मानिस पनि मऱ्यो र गाड़ियो। नरकमा कठोर कष्ट भोगिरहेको बेला उसले नजर उठाएर हेऱ्यो, टाढ़ामा अब्राहाम र उनको सँगमा लाजर सलाई देख्यो। अनि उसले कराएर भन्यो, 'हे पिता अब्राहाम, ममाथि दया गरेर लाजरसलाई पठाइदिनुहोस् र त्यसले आफ्नो औँलाको टुप्पा पानीमा चोपेर मेरा जिब्रोलाई शीतल पारिदिओस्, किनकि म यस ज्वालामा भयङ्कर वेदना पाइरहेछु। (लूक १६:२२-२४)

त्यसपछि त्यसले लाजरसलाई तिनका बाबुको घरमा पठाइदिनुहोस् भनी निवेदन गर्छ, "किनभने मेरा पाँच भाइ छन्, र त्यसले तिनीहरूलाई चेताउनी देओस्, नत्रता तिनीहरू पनि यस कष्टको ठाउँमा आउलान्" (लूक १६:२८)।

प्रकाशको पुस्तकमा आएर यस अनन्तको दण्डका वर्णनहरू अति नै प्रस्ट छन् :

> यदि कुनै मानिसले त्यो पशु र त्यसका मूर्तिलाई पुज्यो र निधारमा वा हातमा त्यसको छाप लियो भने त्यसले पनि उहाँका क्रोधको कचौरामा केही नमिसाई तयार गरिएको परमेश्वरका क्रोधको कड़ा मद्य पिउनेछ, र पवित्र स्वर्गदूतहरू र थुमाको सामुन्ने आगो र गन्धकमा त्यसलाई यातना दिइनेछ। *तिनीहरूका यातनाको धूवाँ सदासर्वदा मास्तिर गइरहनेछ। तिनीहरू यी नै हुन् जसले जसले त्यो पशु र त्यसको मूर्तिलाई पूजा गर्छन्,*

विषय हो। हे. माथिको पादटिप्पणी ४ मा तालिकाबद्ध पदहरू।

[८]यहाँ अनुवाद गरिएको "दण्ड" ग्रीक *kolasis* हो, जो अन्यत्र सतावटमा परेका ख्रीष्टियानहरूले सहेका असहनीय शारीरिक कष्ट वा सतावट बताउन प्रयोग गरिएको छ जो सतावटमा परेका ख्रीष्टियानहरूले सहेका थिए (*Martyrdom of Polycarp* 2.4; तु. Ignatius, *To the Romans* 5.3)। अरू बेला यस शब्दलाई सामान्यत: परमेश्वरीय दण्ड बुझाउन मात्र प्रयोग गरिएको छ, तर त्यो दण्डका स्वभावको विशेष विवरण दिइएको छैन (तु. BAGD, पृ. ४४०-४१)।

[९]अनुगामी अनुच्छेदहरूमा उद्धृत गरिएका यी र अन्य मूलपाठहरूले स्पष्ट रूपले सङ्केत गर्छन् कि बाइबलले सर्वमुक्तिवाद (*universalism*, अर्थात्, सबै मानिसहरूले अन्ततः उद्धार पाउनेछन् भन्ने धर्मसिद्धान्त) सिकाउँदैन।

[१०]यशै ६६:२४ तु., जसले परमेश्वरविरुद्ध विद्रोह गर्नुहरू व्यक्तिहरूबारे बताउँछ, "तिनीहरूको कीरा

र त्यसका नाउँको छाप लिन्छन्। (प्रका १४:९-११)

यो अनुच्छेदले अविश्वासीहरूका अनन्तको सचेतन दण्डको धारणालाई अत्यन्त स्पष्टतासित अभिपुष्टि गर्छ।

दुष्ट शहर बेबिलोनलाई दिइएको दण्डसम्बन्धी यो लेखिएको छ कि स्वर्गमा एउटा ठूलो भीड़ चिच्याउँछ, "हल्लेलूयाह ! *त्यो महान् महानगरी जलेको धूवाँ सदासर्वदा मास्तिर गइरहन्छ"* (प्रका १९:३)। शैतानको विद्रोह अन्त्यमा दबाइएपछि हामी पढ्छौं, "तिनीहरूलाई बहकाउने त्यो दियाबलस आगो र गन्धकको कुण्डमा फालियो, जहाँ त्यो पशु र झुटो अगमवक्ता पनि थिए। *त्यहाँ तिनीहरूले दिनरात सदासर्वदै यातना भोग्नेछन्"* (प्रका २०:१०)। यो अनुच्छेद पनि मत्ती २५:४१ को सम्बन्धमा महत्त्वपूर्ण छ, जहाँ अविश्वासीहरूलाई "दियाबलस र त्यसका दूतहरूका लागि तयार गरिएको अनन्तको आगोमा" पठाइन्छ। यो खण्डले हामीलाई पाप र परमेश्वरविरुद्धको विद्रोहमा पाइने खराबीको विशालता र यस किसिमको दण्ड अनिवार्य बनाउने परमेश्वरका पवित्रता र न्याय बुझ्न बाध्य बनाउनुपर्दछ।

अविश्वासीहरूले अनन्तसम्म पाउने सचेतन दण्डको धारणालाई केही इभ्यानजेलिकल् ईश्वरशास्त्रीहरूद्वारा पनि हालमा अस्वीकार गरिएको छ।[११] यस अवधारणालाई यसअघि सेभेन्थ डे एडभेन्टिस्ट चर्चद्वारा र मण्डलीको सम्पूर्ण इतिहासभरि नै विभिन्न व्यक्तिहरूद्वारा इन्कार गरिएको छ। अनन्तको निम्ति सचेतन दण्डलाई इन्कार गर्नेहरूले प्रायः नै *"विनाशवाद"* (annihilationism)-लाई समर्थन गर्छन्। यो यस्तो शिक्षा हो जसले भन्छ कि दुष्टहरूले केही समयको निम्ति परमेश्वरको क्रोधको दण्ड भोगेपछि, उहाँले तिनीहरूलाई "विनाश गर्नुहुनेछ" जसो हुँदा त्यसपछि तिनीहरू अस्तित्वमा रहँदैनन्।[१२] विनाशवादमा विश्वास गर्नेहरूमध्ये धेरैले पनि पापको निम्ति हुने अन्तिम न्याय र दण्डको सत्यतामाथि विश्वास गर्छन् तर तिनीहरू यो तर्क गर्छन् कि पापीहरूले तिनीहरूका पापका निम्ति परमेश्वरको क्रोध केही समयको निम्ति भोगेपछि अन्त्यमा तिनीहरू अस्तित्वमा रहनेछैनन्। तसर्थ त्यो दण्ड "चेतन" हुनेछ तर "अनन्तको" हुनेछैन।

विनाशवादको पक्षमा राखिएका तर्कहरू यी हुन् : (१) कतिले भन्छन् कि दुष्टहरूको विनाशबारे बाइबलीय सन्दर्भले यो परिलक्षित गर्छ कि नष्ट गरिएपछि तिनीहरू अस्तित्वमा रहनेछैनन् (फिलि ३: १९; १ थेस ५:३; २ थेस १:९; पत्र ३:७; आदि); (२) अनन्तको निम्ति सचेतन सजाय परमेश्वरको प्रेमको प्रस्ट विरोधाभास

मर्ने छैन, तिनीहरूको आगो निभ्नेछैन।"

[११]हे. E. Hughes, *The True Image: The Origin and Destiny of Man in Christ*(ग्र्यान्ड र्‍यापिड्स्: ईर्डम्यान्स्, १९८९), पृह. ४०५-४०७; David L. Edwards/John R.W. Stott, *Essentials: A Liberal-Evangelical Dialogue*; (लन्डन : होडर अ्यान्ड स्टटन, १९८८), पृह. २७५-७६); Clark Pinnock, "The Destruction of the Finally Impenitent", C*ThRev 4* (वसन्त १९९०), पृह. २४३-५९।

[१२]परमेश्वरले कालान्तरमा अविश्वासीहरूलाई विनाश (साँचो विनाशवाद *annihilationism*) गरिदिनुहुनेछ भन्ने दृष्टिकोणको अर्को रूपलाई "सशर्तको अमरत्व" *(conditional immorality)* हो। यो दृष्टिकोणले भन्छ, परमेश्वरले मानिसहरू सृष्टि गर्नुभएको छ ताकि तिनीहरूले ख्रीष्टलाई मुक्तिदाता स्वीकार गरे भने मात्रै तिनीहरूले अमरत्व (कहिले नमर्ने) पाउनेछन्। यसो हो भने ख्रीष्टलाइ नस्वीकारर्नेहरूसित अमरत्वको वरदान छैन अनि मृत्युमा वा अन्तिम न्यायको समयमा तिनीहरू अस्तित्वमा रहँदैरहँदैनन्। यो दृष्टिकोण मैले यस अध्यायमा अलगै छलफल नगरेको विनाशवादसित झण्डै-झण्डै मिल्नजान्छ। (सशर्तको विनाशवादका

हो; (३) कुनै एउटा समयमा गरिएका पापहरू र अनन्त सजायबीचको असङ्गतिमा निहित स्पष्ट अन्याय; अनि (४) यो सत्यता कि परमेश्वरको सृष्टिमा खराब जीवहरूको निरन्तर उपस्थितिले परमेश्वरले उहाँको महिमा प्रतिविम्बित गर्नका निम्ति सृष्टि गर्नुभएको सृष्टिको श्रेष्ठतालाई अनन्तको निम्ति बिगारिदिनेछ।

यसको प्रत्युत्तरमा यो भनिनैपर्दछ कि विनाशबारे बताउने पदहरू (जस्तै, फिलि ३:१९; १ थेस ५:३; २ थेस १:९; र २ पत्र ३:७)-ले अस्तित्व नै मेटिन्छ भन्ने अनिवार्यतः सङ्केत गर्दैन किनकि यी खण्डहरूमा "विनाश"-को निम्ति प्रयुक्त शब्दहरूले अनिवार्यतः अस्तित्व मेटिनु वा कुनै किसिमको सत्यानाश हुनु बुझाउँदैन, तर ती शब्दहरू अविश्वासीहरूमाथि अन्तिम न्यायका हानिकारक र विनाशकारी प्रभावहरू बुझाउने तरिकाहरू मात्र हुन सक्छन्।[१३]

परमेश्वरको प्रेमबाट राख्न सकिने तर्कको सम्बन्धमा, परमेश्वरको प्रेमलाई परमेश्वरीय दण्डको धारणासित सामञ्जस्यमा ल्याउनुमा जुन कठिनाइ छ, त्यही कठिनाइ हुन्छ परमेश्वरको प्रेमलाई अनन्त दण्डसित सामञ्जस्यमा ल्याउनुमा पनि, अनि, यसको विपरीत, यदि (जस्तो कि धर्मशास्त्रले प्रशस्त मात्रामा साक्षी दिन्छ) अन्तिम न्यायपछि परमेश्वरले दुष्टहरूलाई केही समयसम्म दण्ड दिनु परमेश्वरको स्वभावसित सुसङ्गत हुन्छ भने, त्यही दण्डलाई अनन्त समयावधिसम्म दिनु परमेश्वरको स्वभावसित असङ्गत हुने कुनै अवश्यंभावी कारण हुन्छ भन्ने देखिँदैन।

यस प्रकारको तर्कले केही मानिसहरूलाई अर्कै किसिमको विनाशवाद अपनाउनु बाध्य बनाउन सक्छ, एउटा यस्तो विनाशवाद जसमा चेतन दुःखभोग नै हुँदैन, अल्प समयको लागि पनि हुँदैन, अनि एउटै दण्ड यो हुनेछ कि अविश्वासीहरू मरेपछि तिनीहरूको अस्तित्व लोप हुनेछ। तर, यसको प्रत्युत्तरमा, यस किसिमको तात्कालिक विनाशलाई वास्तवमा सजाय भन्न मिल्ला र भन्ने प्रश्न गर्न सकिन्छ, किनकि यसमा पीड़ा चेतना नै हुनेछैन। वास्तवमा, धेरै मानिसहरूका निम्ति, विशेष गरी यस जीवनमा दुःख पाइरहेका अनि कठिनाइमा परेकाहरूका निम्ति, अस्तित्वको समाप्ति हुने प्रत्याभूति कुनै तरिकामा एउटा वाञ्छनीय विकल्प हुन सक्छ भन्ने देखिन्छ। अनि यदि अविश्वासीहरूको सजाय पटक्कै नहुने भए हिटलर र स्टचालिनजस्ता मानिसहरूले पनि कुनै सजाय पाउनेवाला छैनन्, अनि सृष्टिमा कुनै अन्तिम इन्साफ हुनेथिएन। तब यस जीवनमा मानिसहरूले सकेसम्म दुष्ट बन्ने ठूलो प्रेरणा पाउनेथिए।

*अनन्त* दण्ड न्यायसङ्गत छैन (किनभने अस्थायी पाप र अनन्तको सजायमाझ

---

अन्य केही संस्करणहरूले छोटै समयको सचेत दण्ड पनि इन्कार गर्छ)।

[१३]फिलिप्पी ३:१९ र २ पत्रुस ३:७ मा "विनाश"-को लागि प्रयोग गरिएको शब्द *apoleia* हो, जो मत्ती २६:८ मा येशूको शिरमा भर्खरै खनाइएको अत्तर "नष्ट" भएको (उनीहरूका विचारमा) बुझाउन चलाइएको शब्द हो। "खर्च" गरिएको घटनामा प्रयोग भएको छ। त्यो अत्तर नष्ट भएर गएन; यो येशूको शिरमा प्रस्टै देखिन्थ्यो। तर यो यस अर्थमा नष्ट गरिएको थियो कि यसलाई अब अरू कसैलाई लगाइदिन, वा बेच्न सकिँदैनथियो। १ थेसलोनिकी ५:३ र २ थेसलोनिकी १:९ मा दुष्टको विनाश बुझाउनको निम्ति अर्को शब्द *olethros* प्रयोग गरिएको छ, तर यो शब्दले कुनै थोकको अस्तित्व शेष हुन्छ भन्ने सङ्केत गर्दैन, किनकि यही शब्द १ कोरिन्थी ५:५ मा एउटा मानिसलाई त्यसको शरीरको *विनाश*को निम्ति शैतानलाई सुम्पिएको (अर्थात्, त्यसलाई चर्चबाट निकालिएको) बताउन प्रयोग गरिएको छ – तर चर्चबाट निकालिँदा त्यसको शरीर निश्चय नै शेष भएन, यद्यपि त्यसले त्यसको भौतिक शरीरमा प्रगाढ़ कष्ट सहेको हुन सक्छ (हामीले "शरीर"-को अर्थ चाहे त्यसको भौतिक शरीर लगाऔं वा पापी स्वभाव, यो साँचो नै

असङ्गति छ) भन्ने तर्कले गलत ढङ्गले यो अनुमान गर्दछ कि पापीहरूले परमेश्वरको विरुद्धमा विद्रोह गर्दा गर्ने खराबीको मात्रा हामी जान्दछौं। David Kingdon भन्छन्, "सृष्टिकर्ता विरुद्धको पाप यति घृणास्पद हुन्छ कि हाम्रो पापले बेरिएको कल्पना [क्षमता]-भन्दा त्यो पूर्णतः परको कुरा हुन्छ। ... सजाय कस्तो हुनुपर्ने हो सोबारे परमेश्वरलाई सल्लाह दिने धृष्टता कसको हुन सक्छ ?"[१४] उनले यो सुझाउ दिँदै यस आपत्तिको उत्तर दिन्छन् कि नरकमा भएका अविश्वासीहरूले पाप गरिरहनसक्छन्, तर कहिल्यै पश्चात्ताप नगर्न सक्छन्, र यो टिप्पणी गर्छन् कि प्रकाश २२:११ ले यस दिशातिर औंल्याउँछ : "दुष्ट काम गर्नेहरू दुष्टै काम गरिरहोस्, फोहोर फोहोरै भइरहोस्।"[१५]

यसको अतिरिक्त, यहाँनेर, विनाशवादको विरुद्ध परमेश्वरको न्यायमाथि आधारित एउटा तर्क ल्याउन सकिन्छ। विनाशवादीहरूले विचारेका त्यस प्रकारको छोटो समयको सजायले के अविश्वासीहरूका सबै पापको मोल वास्तवमै चुक्ता गर्छ अनि के यसले परमेश्वरको न्यायलाई सन्तुष्ट पार्न सक्छ ? यदि यसले सक्दैन भने, परमेश्वरको न्यायलाई सन्तुष्ट पारिएको छैन र विनाशवादीहरू विनाश गरिनु हुँदैन। तर यदि सन्तुष्ट पारेको छ भने, अविश्वासीलाई स्वर्गमा जान दिनुपर्दछ र तिनलाई नाश गरिनु हुँदैन। यी दुवै स्थितिहरूमा, विनाशवाद आवश्यक छैन वा सही छैन।

चौथो तर्कसम्बन्धी, सजाय नपाउने खराबीले सृष्टिमा परमेश्वरको महिमा घटाउनेछ, र हामीले यो बुझ्नैपर्दछ कि जब परमेश्वरले खराबीलाई सजाय दिनुहुन्छ, र त्यसलाई जित्नुहुन्छ, उहाँको महिमा, धार्मिकता र सबै विरोधहरूमाथि विजय प्राप्त गर्ने उहाँको शक्ति देखिनेछ (रोम ९:१७, २२-२४)। परमेश्वरको दयाको गहिराइ पनि तब प्रकट गरिनेछ, किनकि उद्धार गरिएका सबै पापीहरूले यो बुझ्नेछन् कि तिनीहरू पनि परमेश्वरबाट यस किसिमको सजाय पाउन योग्यका छन् अनि येशू ख्रीष्टद्वारा परमेश्वरको अनुग्रहबाट मात्र तिनीहरू बाँच्न सकेका छन् (तु. रोम ९:२३-२४)।

यी सबै कुराहरू भनी सकिए तापनि, हामीले यो कुरा स्वीकार गर्नुपर्दछ कि यस प्रश्नका गहिराइहरूको अन्तिम समाधान हामीले बुझ्न सक्नेभन्दा धेरै माथिको कुरा हो, अनि यो परमेश्वरको सल्लाहमा लुकेको हुन्छ। अनन्त चेतन दण्डलाई अति स्पष्टतापूर्वक पुष्टि गर्ने माथि उद्धृत धर्मशास्त्रका खण्डहरू नहुँदा हुन् त, विनाशवाद हामीलाई एउटा आकर्षक विकल्प देखिनेथियो। विनाशवादलाई ईश्वरशास्त्रीय तर्कहरूद्वारा खण्डन गर्न सकिने भए तापनि, अन्ततः ती खण्डहरू स्वयम्का स्पष्टता र सशक्तताले नै हामीलाई यो विश्वास दिलाउँछन् कि विनाशवाद गलत हो अनि धर्मशास्त्रले दुष्टहरूको अनन्त चेतन सजायको शिक्षा दिन्छ।[१६]

---

हुनेछ)।

[१४]*David Kingdon,* "Annihilationism: Gain or Loss?" (मार्च, १९९२; लेखकबाट प्राप्त गरिएको अप्रकाशित लेख), पृ. ९।

[१५]ऐजन, पृह. ९-१०।

[१६]हाम्रो संस्कृतिको वैचारिक ढाँचाको निम्ति, अनि, अझै गहिरो तहमा, हाम्रो स्वाभाविक तथा परमेश्वरप्रदत्त प्रेमको भाव र परमेश्वरको स्वरूपमा सृष्टि भएको हरेक मानवप्राणीले उद्धार पाओस् भन्ने चाहनाको निम्ति अनन्त चेतन दण्डसम्बन्धी धर्मसिद्धान्त अति नै अपरिचित भएको कारण, यो धर्मसिद्धान्त

हामीले यस धर्मसिद्धान्तबारे के सोच्नुपर्ने ? आज यस धर्मसिद्धान्तबारे सोच्नु हाम्रो निम्ति कठिन छ, अनि कठिन हुनु पनि पर्दछ। हामीले यस धर्मसिद्धान्तबारे मनन गर्दा यदि हाम्रो हृदय गहन क्लेशले कहिल्यै पीड़ित भएन भने हाम्रो आत्मिक र संवेगीय संवेदनशीलताहरूमा गम्भीर कमी छ। उनका परिजन यहूदीहरूका उद्धार नपाएको अवस्थाबारे विचार गर्दा पावल भन्छन्, "मेरो हृदयमा *असाध्य शोक* र *मनमा अटूट वेदना छ"* (रोम ९:२)। दुष्टको मृत्युमा परमेश्वरले उहाँको आफ्नै वेदनाबारे जे भन्नुहुन्छ त्यो पावलको कुरासित मेल खान्छ, "जस्तो म जीवित छु, परमप्रभु परमेश्वर भन्नुहुन्छ, *दुष्टहरूको मृत्युमा म खुशी हुन्नँ,* तर तिनीहरूले आफ्नो चाल त्यागेर बाँचून् भनी म चाहन्छु; आफ्नो दुष्ट चाल त्याग ! हे इस्राएलका घराना हो, तिमीहरू किन मर्छौ ?" (इज ३३:११)। "ए यरूशलेम, ए यरूशलेम, तँ जसले अगमवक्ताहरूलाई मार्ने र तँकहाँ पठाइएकाहरूलाई ढुङ्गाले हान्ने ! जसरी कुखुरीले आफ्ना चल्लाहरूलाई पखेटामुनि बटुल्छ, त्यसरी नै मैले धेरै पल्ट तेरा बालकहरूलाई बटुल्ने इच्छा गरें, तर तैंले मानिनस्। हेर, तिमीहरूको घर उजाड़ छोड़िएको छ" (मत्ती २३:३७-३८; तु. लूक १९:४१-४२)।

नरकसम्बन्धी धर्मसिद्धान्तबारेमा सोच्न हामीलाई यसकारण कठिन पर्दछ कि परमेश्वरको प्रतिरूपमा सृष्टि गरिएका मानिसहरूका निम्ति उहाँ स्वयम्का प्रेमको एउटा भाग परमेश्वरले हाम्रो हृदयमा हालिदिनुभएको छ – उहाँको विरुद्धमा विद्रोह गर्नेहरूका निम्ति पनि उहाँको प्रेम। जबसम्म हामी यस जीवनमा छौं, अनि सुसमाचार सुन्न आवश्यक परेका अरू मानिसहरूबारे हामी जबसम्म सोच्दछौं र मुक्तिको निम्ति ख्रीष्टमा भरोसा गदछौं तबसम्म अनन्त सजायबारे सोच्न हामीलाई आत्मामा ठूलो दुःख र व्यथा अनुभूति हुनुपर्दछ। हामीले यो पनि बुझ्नुपर्दछ कि परमेश्वरले उहाँको बुद्धिमा धर्मशास्त्रमा जे आज्ञा दिनुभएको छ, शिक्षा दिनुभएको छ सो सही छ। त्यसकारण हामीले यस धर्मसिद्धान्तलाई घृणा गर्नु हुँदैन वा यसको विरुद्धमा विद्रोह गर्नु हुँदैन, तर जहाँसम्म हामी सक्षम छौं, त्यहाँसम्म हामी यो कुरा स्वीकार गर्ने पक्षमा आउनुपर्छ कि अनन्त सजाय असल र सही छ, किनभने परमेश्वरमा अधार्मिकता ठयाम्मै हुँदैन।

यसले हामीलाई यो बुझ्न सहायता गर्नसक्छ कि यदि परमेश्वरले अनन्त सजाय नदिनुहुँदो हो त, प्रत्यक्षतः, उहाँको न्याय पूर्ण हुनेथिएन अनि उहाँले बुद्धिमानी तरिका भनी सोच्नुभएको प्रकारले उहाँको महिमा वृद्धि हुनेथिएन। अनि सायद यसले हामीलाई यो बुझ्न सहायता गर्न सक्छ कि आउनेवाला संसारको परिप्रेक्ष्यबाट अनन्त सजायको आवश्यकता र सहीपनको मान्यता अझ बढ़ी मात्रामा हुनेछ। सहीद बनाइएका विश्वासीहरूले स्वर्गमा चर्को सोरमा यसो भनी कराएका यूहन्नाले सुनेका छन्, "हे सर्वशक्तिमान् पवित्र र सत्य प्रभु, अझै कहिलेसम्म तपाईंले पृथ्वीमा रहनेहरूको इन्साफ गर्नुहुन्न र हाम्रो रगतको बदला लिनुहुन्न ?" (प्रका ६:१०)। यसको

आज ख्रीष्टियानहरूलाई पुष्टि गर्न भावनात्मक रूपले धेरै गाह्रो पर्ने धर्मसिद्धान्तहरूमध्ये एक हो। बाइबलले अनुमोदन गरेका सबै कुराहरूबारे बाइबल सत्य छ भन्ने प्रतिबद्धताबाट पछि हट्नेहरूका निम्ति यो त्यागिदिनुपर्ने सबैभन्दा पहिलो धर्मसिद्धान्त हो। बाइबलको परमसत्यतालाई स्वीकार नगर्ने उदारवादी ईश्वरशास्त्रीहरूमाझ अनन्त चेतन दण्डसम्बन्धी धर्मसिद्धान्तमा विश्वास शायदै कोही होलान्।

अतिरिक्त, बेबिलोनको अन्तिम विध्वंशमा, अन्तत खराबीको घृणित स्वभाव देख्दा स्वर्गमा ठूलो भीड़ उहाँका इन्साफको सहीपनको निम्ति परमेश्वरको प्रशंसा गर्दै चर्को सोरमा कराउँछ :

> हल्लेलुयाह ! मुक्ति, महिमा र शक्ति हाम्रा परमेश्वरका हुन्, किनकि उहाँका इन्साफ सत्य र न्यायसङ्गत छन्। सारा पृथ्वीलाई आफ्नो व्यभिचार ले भ्रष्ट पार्ने त्यस महावेश्यालाई उहाँले दण्ड दिनुभएको छ, र उहाँका दासहरूका रगतको बदला लिइसक्नुभएको छ। ... हल्लेलूयाह ! त्यो महानगरी जलेको धूवाँ सदासर्वदा मास्तिर गइरहन्छ" (प्रका १९:१-३)

यस्तो हुनबित्तिकै "चौबीसै धर्मगुरु र ती चार जीवित प्राणीहरूले घोप्टो परेर सिंहासनमा विराजमान हुनुभएको परमेश्वरलाई यसो भनेर दण्डवत् गरे, आमिन, हल्लेलूयाह !" (प्रका १९:४)। परमेश्वरले खराबीलाई दण्ड दिनुहुँदा स्वर्गमा उपस्थित रहेका उद्धार गरिएकाहरू तथा जीवित प्राणीहरूको यो ठूलो भीड़ले परमेश्वरको प्रशंसा गर्दा तिनीहरूको नैतिक न्याय गलत छ भनी हामी भन्न सक्दैनौं किनकि तिनीहरू सबै जना पापबाट स्वतन्त्र छन् अनि तिनीहरूका नैतिक न्यायहरू परमेश्वरलाई प्रसन्न बनाउने प्रकारका हुन्छन्।

तर, यस वर्तमान युगमा, जब हामी शैतान र त्यसका भूतात्माहरूलाई दिइएको अनन्त सजायबारे मनन गर्छौं, तब परमेश्वरले खराबीलाई दण्ड दिनुहुँदा मात्रै हामी यस प्रकारको समारोहोन्मुख हुनुपर्दछ। जब हामी तिनीहरूबारे सोच्छौं, हामी तिनीहरूलाई स्वाभाविक रूपले प्रेम गर्दैनौं, यद्यपि तिनीहरू पनि परमेश्वरद्वारा सृष्टि गरिएका थिए। तर अब तिनीहरू पूर्णत: दुष्टका भक्तहरू छन् र उद्धारको सम्भावनाबाहिर छन्। यसकारण जसरी हामी सबै मानवजातिका उद्धारको लालायित हुन्छौं, त्यसरी नै हामी तिनीहरूका मुक्तिको निम्ति लालायित हुन सक्दैनौं। अनन्तको सजाय सत्य र न्यायसङ्गत हुन् भनी हामी सबैले विश्वास गर्नैपर्दछ, तर हामीले यो पनि तीव्र चाहना गर्नपर्दछ कि मण्डलीलाई अति नै सताउने मानिसहरू ख्रीष्टको विश्वासमा आऊन् अनि त्यसरी अनन्त दण्डबाट मुक्त होऊन्।

## व्यक्तिगत प्रयोगका लागि प्रश्नहरू

१. विश्वासीहरूका निम्ति अन्तिम न्याय हुनेछ भनी के तपाईंले यसअघि सोच्नुभएको थियो ? अब यसबारे तपाईंले के सोच्नुहुन्छ ? हामी सबै ख्रीष्टको न्याय-आसन अगि उभिनुपर्दछ भन्ने तथ्यको सचेतताले आज तपाईंको जीवनलाई कसरी प्रभावित पार्दछ ? त्यस अन्तिम दिनमा तपाईंका सबै वचन र कामहरू सर्वजनिक बनाइँदा कस्तो अनुभूति होला भनी तपाईं सोच्नुहुन्छ ? त्यस दिनबारे मनन गर्दा के त्यहाँ डरको तत्त्व रहेको पाउनुहुन्छ ? यदि पाउनुहुन्छ भने, यूहन्ना ४:१६-१८ माथि मनन गर्नुहोस् :

> यसरी हामीप्रति भएको परमेश्वरको प्रेम हामी जान्दछौं र विश्वास

गर्छौं। परमेश्वर प्रेम हुनुहुन्छ, र जो प्रेममा रहन्छ त्यो परमेश्वरमा रहन्छ, र परमेश्वर त्यसमा रहनुहुन्छ। न्यायको दिनको निम्ति हामी पूर्ण भरोसासाथ बस्न सकौं भनेर प्रेम यसैमा हामीमा सिद्ध हुन्छ। किनकि उहाँ जस्तो हुनुहुन्छ हामी पनि यस संसारमा त्यस्तै छौं। प्रेममा डर हुँदैन, तर सिद्ध प्रेमले डर हटाउँछ। किनकि डरको सम्बन्ध त दण्डसँग हुन्छ, अनि जो डराउँछ प्रेममा त्यो सिद्ध भएको हुँदैन।

२. स्वर्गमा धन-सम्पत्ति थुपार्नेबारे के तपाईंले अघि धेरै सोच्नुभएको छ वा अझ ठूलो स्वर्गीय इनाम थुपार्ने विचार गर्नुभएको छ? तपाईंले यदि यस धर्मसिद्धान्त साँच्चै नै विश्वास गर्नुहुन्छ भने तपाईंको जीवनमा यसको कस्तो प्रभाव हुनुपर्ने हो भनी तपाईं सोच्नुहुन्छ?
३. ख्रीष्टसँग स्वर्गदूतहरूको र वास्तवमा सारा संसारलाई न्याय गर्ने काममा सहभागी हुनेबारे तपाईं के सोच्नुहुन्छ? (हे. १ कोर ६:२-३) ? यस अन्तिम न्यायमा परमेश्वरले हामीलाई भाग लिन दिनुहुन्छ भन्ने तथ्यले हामी परमेश्वरको प्रतिरूपमा सृष्टि गरिएकाबारे र सृष्टिमा हाम्रा निम्ति उहाँका उद्देश्यहरूबारे के भन्छ? त्यसले तपाईंको आफ्नैबारे र परमेश्वरसँग तपाईंको अनन्त सम्बन्धबारे तपाईंलाई कस्तो अनुभूति गराउँछ?
४. तपाईंको मण्डलीमा भएका केही ख्रीष्टियान मित्रहरूबारे सोच्नुहोस्। अन्तिम न्यायमा तिनीहरू ख्रीष्टको अगि उभिएका हेर्नुहुँदा तपाईंलाई कस्तो लाग्ला भनी तपाईं सोच्नुहुन्छ? त्यस समय तिनीहरूले तपाईंको बारेमा कस्तो अनुभूति गर्लान्? भविष्यको यस न्यायबारे मनन गर्दा एक-अर्कासँग ख्रीष्टमा आज दाज्य-भाइ वा दिदी-बहिनीसँगको तपाईंको सङ्गतिबारे तपाईंले जुन तरिकामा विचार गर्नुहुन्छ त्यसलाई यसले कसरी प्रभाव पार्दछ भनी तपाईं ठान्नुहुन्छ?
५. विश्वासी र अविश्वासीहरूको अन्तिम न्याय हुनेछ भन्ने कुराबारे के तपाईं खुशी हुनुहुन्छ? के यसले तपाईं परमेश्वरको न्यायका अनुभूति गर्नुहुन्छ वा यस सम्पूर्ण अवधारणामा केही अन्याय अनुभूति गर्नुहुन्छ?
६. के तपाईंमा विश्वास छ कि धर्मशास्त्रले दुष्टलाई अनन्त चेतन सजाय छ भनी शिक्षा दिन्छ? शैतान र भूतात्माको सम्बन्धमा त्यस धारणाबारे तपाईंले विचार गर्नुहुँदा, के यो सही हो भनी तपाईं ठान्नुहुन्छ?
७. विगतमा तपाईंलाई खराबी गर्ने कोही व्यक्ति छ, अनि उसलाई क्षमा गर्न तपाईंलाई कठिन पर्दछ? अन्तिम न्यायसम्बन्धी धर्मसिद्धान्तले के त्यस व्यक्तिलाई क्षमा दिन तपाईंलाई अझ सक्षम बनाउन सहायता गर्दछ?

## विशेष शब्दावली

विनाशवाद ठूलो सेतो न्यायको सिंहासन

| | |
|---|---|
| सशर्त अमरत्व | नरक |
| अनन्त चेतन दण्ड | जाति-जातिहरूको न्याय |
| अन्तिम न्याय | सार्वजनिनवाद (universalism) |

## पुस्तक सूची

(यस पुस्तक सूचीको व्याख्याका लागि अ. १, पृ. ४७ को पुस्तक सूचीमाथि दिइएको टीका हे.। सम्पूर्ण पुस्तक सूचीको तथ्याङ्क परिशिष्ट ४ मा प्राप्य छ।)

### इभ्यान्जेलिकल् सुव्यवस्थित ईश्वरशास्त्रहरूबाट चयनित खण्डहरू


१. एङ्गलिकन (इपिस्कपलियन)
- १८८२-९२ लिट्टन, ५९१-६००
- १९३० थोमस, ५२५-२६

२. अर्मिनी (वेजलियन वा मेथडिस्ट)
- १८७५-७६ पोप, ३:४०१-४७
- १८९२-९४ मिली, २:४५८-७१
- १९४० विली, ३:३३८-७५
- १९६० पुर्किसर, ५६७-७४
- १९८३ कार्टर, २:११०५-९, ११२७-३०, ११३३-३६

३. ब्याप्टिस्ट
- १७६७ गिल, ३०२-२९
- १८८७ बोइस, ४६१-७१, ४७७-९३
- १९०७ स्ट्रङ्ग, १०२३-२९, १०३३-५६
- १९१७ म्यूलिन्स ४७८-८३, ४८८-५०३
- १९७६-८३ हेनरी, ४:५९३-६१४; ६:४९२-५१३
- १९८३-८५ एरिक्सन, १००५-२२, १२३४-४१, १२००-१२०४

४. डिसपेन्सेशनल
- १९४७ शेफर, ४:४०२-१२, ४२७-३३
- १९४९ थीसन, ३८३-९०, ३९६-९७
- १९८६ राइरि ५१२-१६, ५२०-२२

५. लुथरन
- १९१७-२४ पाइपर, ३:५३९-५०
- १९३४ म्यूएलर, ६३०-३९

६. रिफमर्ड (वा प्रेज्बिटरियन)
- १७२४-५८ एड्वर्डस्, २:१२२-३०, १९०-२१३, ५१५-२५
- १८६१ हिपि, ७०३-६

| | |
|---|---|
| १८७१-७३ | होज, ३:८३७-५४, ८६८-८० |
| १८७८ | डेबनी, ८४२-६२ |
| १८८९ | शेड, २ख:६५९-६३, ६६७-७५४ |
| १९३७-६६ | मरे, *CW*, २:४१३-१७ |
| १९३८ | बर्खोफ, ७२८-३८ |
| १९६२ | बुसवेल, २:३०६-८, ५०८-११ |

७. रीन्यूअल (वा क्यारिज्म्याटिक्/पेन्टिकोस्टल)

| | |
|---|---|
| १९८८-९२ | विलियम्स, ३:४१३-२०, ४४५-७७ |

**रोमन क्याथलिक सुव्यवस्थित ईश्वरशास्त्रहरूबाट प्रातिनिधिक खण्डहरू**

१. रोमन क्याथलिक : परम्परावादी

| | |
|---|---|
| १९५५ | ओट, ४७९-८२, ४९२-९६ |

२. रोमन क्याथलिक : भेटिकनोत्तर द्वितीय

| | |
|---|---|
| १९८० | म्याकब्राइन, २:११५०-५५ |

**अन्य पुस्तकहरू/लेखहरू**

Beckwith, R. T. "Purgatory." In *NDT,* pp. 549-50.
Blamires, Harry. *Knowing the Truth About Heaven and Hell.* Knowing the Truth Series, eds. J. I. Packer and Peter Kreeft. Ann Arbor: Servant, 1988.
Buis, Harry. *The Doctrine of Eternal Punishment.* Philadelphia: Presbyterian and Reformed, 1957.
Cameron, Nigel M. de S., ed. *Universalism and the Doctrine of Hell.* Carlisle, U.K.: Paternoster and Grand Rapids: Zondervan, 1992.
Crockett, William V., Z. J. Hayes, Clark H. Pinnock, and John F. Walvoord. *Four Views on Hell.* Grand Rapids: Zondrvan, 1992.
Gerstner, John H. Repent or Perish. Ligonier, Pa.: Soli Deo Gloria, 1990.
Helm, Paul. "Universalism and the Threat Of Hell." *TrinJ* vol. 4 N.S., No. 1 (Spring 1983) : 35-43.
Hoekema, Anthonny A. *The Bible and the Future.* Grand Rapids: Eerdmans, 1979, pp. 253-73.
Hubbard, D. A. "Last Judgment, The." In *EDT*, pp. 620-21.
Martin, James P. *The Last Judgment.* Grand Rapids: Eerdmans, 1983.
Morris L. "Eternal Punishment." In *EDT,* pp. 369-70.
O'Donovan, O. M. T., and R. J. Song. "Punishment." In *NDT,* pp. 547-49.
Packer, J. I. "Evangelicals and the Way of Salvation: New Challenges

to the Gospel – Universalism and Justification by Faith." In *Evangelical Affirmation.* Ed. Kenneth S. Kantzer and Carl F. H. Henry. Grand Rapids: Zondervan, 1990, pp. 107-36

Travis, S. H. "Judgment of God." In *NDT*, p. 358.

## धर्मशास्त्रको कण्ठस्थ गर्नुपर्ने खण्ड

**प्रकाश २०:११-१३ :** *तब मैले एउटा ठूलो सेतो सिंहासन र त्यसमाथि विराजमान हुनुहुनेलाई देखें। उहाँको सामुन्नेबाट पृथ्वी र आकाश भागेर गए र तिनीहरूका निम्ति कतै ठाउँ पाइएन। मैले ठूला र साना सबै मृतकहरूलाई सिंहासनको सामुन्ने उभिरहेका देखें, र पुस्तकहरू खोलिए। अर्को एउटा पुस्तक पनि खोलियो, जो जीवनको पुस्तक हो। ती पुस्तकहरूमा लेखिएका कुरामुताबिक, तिनीहरूका कामअनुसार मृतकहरूको इन्साफ भयो। समुद्रले त्यसमा भएका मृतकहरू दिइहाल्यो, अनि मृत्यु र पातालले पनि तिनीहरूमा भएका मृतकहरू दिइहाले। तिनीहरू प्रत्येकको आफ्ना-आफ्नो कामअनुसार इन्साफ भयो।*

### भजन

"अहो, चाँड़ै आउनुहोस्, सबैका भयानक न्यायकर्ता"

("अनन्तका पिता, उद्धार गर्न बलियो"-को परिचित रागमा)

आउनुहोस् चाँड़ै सबैका भयानक न्यायकर्ता;
किनकि भयानक भए पनि तपाईंको आगमन,
सत्यताबाट सबै छायाहरू झर्नेछन् अनि
झुटोपन मेटिनेछ, तपाईंको दृष्टिमा।
अहो, चाँड़ै आउनुहोस्; किनकि शङ्का र डर
बादलजस्तै बिलिनेछन् जब तपाईं छेउ हुनुहुन्छ।

अहो, चाँड़ै आउनुहोस्; महान् राजा सबैका;
गर्नुहोस् शासन हाम्रोवरिपरि र भित्र;
अब पापले मोहित नगरोस् हाम्रो आत्माहरू;
मरून् पापसितै पीड़ा र व्यथा।
अहो, चाँड़ै आउनुहोस्; किनकि मात्र तपाईंले गर्न बनाउनसक्नुहुन्छ
छरपस्टिएका तपाईंका मानिसहरूलाई एक।

अहो, चाँड़ै आउनुहोस्; साँचो जीवन सबैका;
किनकि मृत्यु छ शक्तिशाली वरिपरि;
हर घरमा खस्छ त्यसको छाया,
हर हृदयमा पाइन्छ त्यसको चिन्ह।

अहो, चाँड़ै आउनुहोस्; कारण शोक र पीड़ाले बनाउन सक्दैन
कहिल्यै तपाईंको महिमायुक्त शासनलाई धमिलो।

अहो, चाँड़ै आउनुहोस्; सबैका निश्चित ज्योति;
किनकि निराश रातले ढाक्छ हाम्रो मार्ग
अनि कमजोर आत्माहरू दिन पर्खेर थकित बनी ढल्न थाल्छन्।
अहो, चाँड़ै आउनुहोस्; तपाईंको सिंहासन वरिपरि छैन
कुनै आँखो अन्धो, कुनै रात ज्ञात छैन।

*रचयिता :* Lawrance Tuttiett, 1854

*वैकल्पिक भजन :*
"महान् परमेश्वर, म के देख्छु र के सुन्छु"

यी दुवै भजनहरूमा नैराश्य र न्यायका भाव व्याप्त छन्, तर पनि यस वैकल्पिक भजनले आत्माले ख्रीष्टलाई भेट्नलाई गर्ने तयारी र आनन्दमय प्रत्याशाको भावमाथि ध्यान दिन्छ।

महान् प्रभु, म के देख्छु र सुन्छु ! सृष्टि गरिएका चीजहरूको अन्त्य !
मानवजातिको न्यायकर्ता प्रकट हुनुहुन्छ, महिमाको बादलमा बिराजमान् !
तुरही बज्दछ; चिहानहरूले मृतकहरू फर्काउँछन् जो पहिले थिए तिनीहरूमा।
तयारी गर, हे मेरो आत्मा, भेट्न उहाँलाई।

ख्रीष्टमा मरेकाहरू पहिले उठ्दछन्, तुरहीको अन्तिम आवाजमा,
भेट्न उहाँलाई आकाशहरूमा, हर्षसाथ तिनका प्रभुले घेरेका,
कुनै उदास डरहरूले तिनका आत्माहरूलाई भयभीत पार्दैन;
उहाँको उपस्थितिले दिन्छ अनन्तको छाया दिन्छ –
उहाँलाई भेट्न तयारहरूलाई।

तर, अपराधी डरहरू भरिएका पापीहरूले, देख्छन् उहाँको क्रोधले प्रबल भएको;
किनकि ती उठ्नेछन्, अनि पाउँछन् तिनका आँसुहरू र सुस्केराहरू हराएका।
अनुग्रहको दिन बितेर गएको छ, अब छैन; काँप्दै उभिन्छन् तिनीहरू सिंहासनअघि,
भेट्न उहाँलाई सबै तयार नभएकाहरू।

*रचयिता :* प्रथम पङ्क्ति, अज्ञात, १८०२;
२-३ पङ्क्तिहरू, William B. Collyer, 1812;
वैकल्पिक प्रस्तुति : Thomas Cotterill, 1820

अध्याय ५७

# नयाँ स्वर्ग र नयाँ पृथ्वी

# The New Heaven and New Earth

***स्वर्ग के हो ? के यो एउटा स्थान हो ?***
***पृथ्वी कसरी नयाँ बनाइनेछ ?***
***नयाँ स्वर्ग र नयाँ पृथ्वीमा बस्नु कस्तो हुनेछ ?***

## व्याख्या र धर्मशास्त्रीय आधार

### क. हामी परमेश्वरसँग नयाँ स्वर्ग र नयाँ पृथ्वीमा अनन्तको निम्ति बस्नेछौं

अन्तिम न्यायपछि विश्वासीहरू अनन्तको निम्ति परमेश्वरको उपस्थितिमा जीवनको पूर्ण आनन्दमा प्रवेश गर्नेछन्। येशूले हामीलाई भन्नुहुनेछ, "आओ, मेरा पिताका धन्यका हो ! संसारको उत्पत्तिदेखि तिमीहरूका निम्ति तयार गरिएको राज्यलाई अधिकार गर" (मत्ती २५:३४)। हामी त्यो राज्यमा प्रवेश गर्नेछौं जहाँ "अबदेखि उसो ... कहिल्यै सराप हुनेछैन। परमेश्वर र थुमाको सिंहासन त्यहाँ हुनेछ, र उहाँका दासहरूले उहाँको उपासना गर्नेछन्" (प्रका २२:३)।

यस स्थानतिर सङ्केत गर्दै ख्रीष्टियानहरूले परमेश्वरसँग सदासर्वदाको निम्ति "स्वर्गमा बस्ने" कुरा प्रायः नै गर्छन्। तर वास्तवमा, बाइबलको शिक्षा योभन्दा पनि अझ विपुल छ : बाइबलले भन्छ कि नयाँ आकाश *र नयाँ पृथ्वी* हुनेछन् – एउटा पूर्णतः नवीकृत (renewed) सृष्टि – अनि हामी त्यहाँ परमेश्वरसँग बस्नेछौं।

परमेश्वर यशैयाको माध्यमद्वारा प्रतिज्ञा गर्नुहुन्छ "हेर, म *नयाँ आकाश र नयाँ पृथ्वी* सृष्टि गर्नेछु। अघिअघिका कुराहरूको सम्झना हुनेछैन, नता ती मनमा आउनेछन्" (यशै ६५:१७) अनि *"नयाँ आकाश र नयाँ पृथ्वी,* जो म बनाउनेछु" (यशै ६६:२२) भन्नुहुन्छ। पत्रुसले भन्छन्, "उहाँको प्रतिज्ञाबमोजिम हामी नयाँ स्वर्ग र नयाँ पृथ्वीको बाटो हेर्छौं, जसमा धार्मिकताले वास गर्छ" (२ पत्र ३:१३)। अन्तिम न्यायपछि आउने घटनाहरूबारे यूहन्नाले देखेका दर्शनमा उनी भन्छन्, "तब मैले नयाँ आकाश र नयाँ पृथ्वी देखें किनकि पहिलो आकाश र पहिलो पृथ्वी बितिगएका थिए" (प्रका २१:१)। उनी हामीलाई अझै भन्छन् स्वर्ग र पृथ्वीको एउटा नयाँ किसिमको एकीकरण हुनेछ, किनकि उनले पवित्र शहर "नयाँ यरूशलेम ... परमेश्वरबाट ... स्वर्गबाट तलतिर झरिरहेको" देख्छन् (प्रका ११:२), अनि उनले एउटा चर्को सोरले यो घोषणा गरेको सुन्छन्, "हेर, परमेश्वरको वास मानिसहरूसँग

भएको छ। उहाँ तिनीहरूसँग वास गर्नुहुनेछ, तिनीहरू उहाँका प्रजा हुनेछन्" (प. ३)। यसकारण यस नयाँ सृष्टिमा स्वर्ग र पृथ्वी एउटै हुनेछ र त्यहाँ हामी परमेश्वरको उपस्थितिमा बस्नेछौं।

**१. स्वर्ग के हो ?** यस वर्तमान युगमा परमेश्वर वास गर्नुहुने स्थानलाई अक्सरै धर्मशास्त्रमा "स्वर्ग" भनिन्छ। परमप्रभु भन्नुहुन्छ, "स्वर्ग मेरो सिंहासन हो" (यशैया ६६:१) अनि येशूले हामीलाई यो प्रार्थना गर्न सिकाउनुहुन्छ "हे हाम्रा पिता, जो *स्वर्ग*मा हुनुहुन्छ" (मत्ती ६:९)। येशू अहिले *"स्वर्गमा जानुभएको* छ ... परमेश्वरको दाहिने बाहुलीपट्टि विराजमान हुनुहुन्छ" (१ पत्र ३:२२)। वास्तवमा, स्वर्गलाई निम्नलिखित प्रकारले परिभाषित गर्न सकिन्छ : *स्वर्ग यस्तो स्थान हो जहाँ परमेश्वरले आशिष् दिनलाई उहाँको उपस्थितिलाई पूर्ण रूपले जनाउनुहुन्छ।*

हामीले यसभन्दा अघि यो छलफल गर्‍यौं कि परमेश्वर कसरी सबै ठाउँमा[1] हुनुहुन्छ तर कुनै-कुनै स्थानहरूमा आशिष् दिनलाई उहाले आफ्नो उपस्थितिलाई कसरी विशेष गरी प्रकट गर्नुहुन्छ। आशिष् दिनलाई परमेश्वरको सबैभन्दा ठूलो उपस्थिति स्वर्गमा देखिन्छ, जहाँ उहाले आफ्नो महिमा जनाउनुहुन्छ, जहाँ स्वर्गदूतहरू र अन्याय प्राणीहरू र उद्धार पाएका सन्तहरूले उहाँको उपासना गर्छन्।

**२. स्वर्ग एक स्थान हो, मनोस्थिति (State of Mind) मात्र होइन।** तर कसैले स्वर्गलाई पृथ्वीसित कसरी जोड्न सकिएला भनी प्रश्न गर्न सक्ला। निश्चय नै पृथ्वी एउटा *स्थान* हो जो हाम्रो दिक्-काल विश्व (space-time universe)-को कुनै निश्चित स्थानमा अवस्थित छ, तर के स्वर्गलाई पनि एक *स्थान*को रूपमा सोच्न सकिन्छ जसलाई पृथ्वीसित जोड्न सकियोस् ?

सुसमाचारी (evangelical) संसारदेखि बाहिर स्वर्ग एक स्थान हो भन्ने धारणालाई प्रायः नै अस्वीकार गरिन्छ, जसको मुख्य कारण यही हो कि यसको अस्तित्व धर्मशास्त्रको गवाहीबाट मात्र जान्न सकिन्छ। हालैका केही इभ्यानजेलिकल विद्वान्हरू पनि स्वर्ग एउटा स्थान हो भन्ने तथ्यलाई अनुमोदन गर्न हिचकिचाउँदै आएका छन्।[2] स्वर्गबारे हामी केवल बाइबलबाट मात्र जान्दछौं र यसबारे कुनै पनि अनुभवाश्रित (empirical) प्रमाण दिन सक्दैनौं भन्ने तथ्य स्वर्ग एउटा वास्तविक स्थान होइन भनी विश्वास गर्ने कारण बन्ला ?

---

[1]परमेश्वरको सर्वज्ञताबारे हे. अ. ११।

[2]Millard Erickson, *Christian Theoloy*-मा भन्छिन्, स्वर्ग एउटा स्थान र अवस्था दुवै भए तापनि मूलतः यो एउटा अवस्था हो" (पृ.१२३२)। यो एउटा यस्तो वक्तव्य हो जसलाई बुझ्न कठिन छ। कुनै थोक कि स्थान हुन्छ कि स्थान हुँदैन; यो केही स्थान हो तर "मूलतः एक अवस्था" जस्तो हुन सक्दैन। यो एउटा स्थान हो वा स्थान होइन। यो कुनै किसिमको स्थान हो "तर मूलतः यो एउटा अवस्था हो" हुँदैन। तर यो वक्तव्यभन्दा पनि अझ कड़ा वक्तव्य Donald Guthrie-को छ जसले नयाँ करारको विषयमा यो भन्छन्, "तर हामी एउटा व्यक्तिको उपस्थितिभन्दा अधिक एउटा स्थानको वर्णन पाउने आशा गर्नेछैनौं," (*New Tesament Theology,* p 875) र "पावलले स्वर्गलाई एक स्थानको रूपमा सोच्दैनन् तर परमेश्वरको उपस्थितिको सम्बन्धमा सोच्छन्" (*New Tesament Theology,* p 880)। तर के यस प्रकारको भिन्नताले कुनै अर्थ दिन्छ ? यदि कुनै व्यक्ति कुनै उपस्थित छ भने परिभाषाअनुसार त्यहाँ कुनै स्थान हुनैपर्दछ, किनभने "उपस्थित" हुनु भनेको "यस स्थानमा अवस्थित" हुनु हो।

नयाँ कराररले स्वर्गको अवस्थितिको धारणाबारे अनेकौं विभिन्न तरिकाले, अनि स्पष्ट रूपमा शिक्षा दिन्छ। येशूले स्वर्गारोहण गर्नहुँदा उहाँ एउटा स्थानमा जानुभयो भन्ने तथ्य नै त्यो विवरणको सम्पूर्ण बुँदा हो। उहाँका चेलाहरूलाई यो भन्नुहुँदाहुँदै उहाँ "तिनीहरूले हेर्दाहेर्दै ... उँभो उचालिनुभयो, र बादलमा ... तिनीहरूका दृष्टिबाट लोप हुनुभयो" (प्रे १:९; तु. लूक २४:५१:); "उहाँले तिनीहरूलाई आशीर्वाद दिनुहुँदैगर्दा, उहाँ तिनीहरूबाट छुट्टिनुभयो")। स्वर्गदूतहरू चिच्याए, "यही येशू, जो तिमीहरूबाट स्वर्गमा लगिनुभयो, अहिले जसरी उहालाई स्वर्गमा लगिनुभएको देख्यौ, त्यसरी नै उहाँ फेरि आउनुहुनेछ" (प्रे १:११)। येशूले जुन *ठाउँ*मा "आरोहण गर्नुभयो" त्यो ठाउँबारे शिक्षा दिने योभन्दा कुनै सर्वोत्तम उपाय के हुन सक्छ सो बुझ्न कठिन छ।

स्तिफनसको मृत्युबाट पनि त्यही तथ्यको निर्ष्कष निकाल्न सकिन्छ। तिनलाई ढुङ्गाको वर्षा हुनभन्दा केही क्षणअघि "पवित्र आत्माले भरिपूर्ण *भईकन स्वर्गतिर एकटक लाएर हेरे,* र परमेश्वरको महिमा र येशूलाई परमेश्वरको दाहिनेपट्टि देखे। तिनले भने, "हेर, स्वर्ग उघ्रेको म देख्छु, र मानिसको पुत्रलाई परमेश्वरको दाहिनेपट्टि उभिरहनुभएको म देख्तछु" (प्रे ७:५५-५६)। तिनले एउटा अस्तित्वको स्थितिका प्रतीकहरू मात्र देखेनन्। यस्तो लाग्छ, तिनका आँखाहरू वास्तविकताको आत्मिक आयाम देख्नलाई मात्र खोलिएका थिए जुन अस्तित्व वर्तमान युगमा परमेश्वरले हामीबाट लुकाएर राख्नुभएको छ – यो यस्तो वास्तविकता हो हाम्रो दिक्-काल विश्वमा वास्तवमै अस्तित्वमा छ, अनि जसभित्र येशू अहिले उहाँको भौतिक पुनरुत्थान शरीरमा बाँच्नुभएको छ, त्यो समयको प्रतीक्षा गर्नुहुँदै जब उहाँ फेरि पृथ्वीमा फर्किआउनुहुनेछ।[३] यसको अतिरिक्त, हाम्रो पनि ख्रीष्टको जस्तै पुनरुत्थान शरीरहरू हुनेछन् भन्ने सत्यताले यो देखाउँछ कि स्वर्ग एउटा स्थान हुनेछ, किनकि त्यस्तो भौतिक शरीरहरूमा (जो सिद्ध पारिएका हुन्छन्, फेरि कहिल्यै दुर्बल नहुने वा नमर्ने),[४] हामी एउटा विशेष स्थानमा विशेष समयमा वास गर्नेछौं, जसरी आज येशू उहाँको पुनरुत्थान शरीरमा बाँच्नु र वास गर्नुहुन्छ।

येशूको "तिमीहरूका निम्ति एउटा *ठाउँ* तयार पार्न म गइरहेछु" (यूह १४:२) भन्ने प्रतिज्ञालाई बुझ्ने सबैभन्दा सरस भावचाहिँ स्वर्गलाई एक स्थानको रूपमा लिइएको धारणा हुन्छ। उहाँले पूर्ण स्पष्टतासित उहाँको यस संसारको अस्तित्वबाट पिताकहाँ फर्किगइरहनुभएको र त्यसपछि फेरि आउनुहुने कुरा भन्नुहुन्छ : "अनि गएर मैले तिमीहरूका निम्ति ठाउँ तयार पारेपछि म फेरि आउनेछु, र तिमीहरूलाई मकहाँ लैजानेछु, र *जहाँ म छु*, त्यहाँ तिमीहरू पनि हुनेछौ" (यूह १४:३)।

यी मूलपाठहरूले हामीलाई यो निर्ष्कषतिर लाँदछन् कि स्वर्ग अहिले पनि एउटा ठाउँ हो यद्यपि यो कहाँ छ सो हाम्रो निम्ति अज्ञात छ अनि जसको अस्तित्व अहिले हाम्रा प्राकृतिक इन्द्रियहरूद्वारा बुझ्न सक्षम छैन। यो परमेश्वरको वासस्थान हो जो कुनै रीतिमा अन्तिम न्यायको दिन नयाँ बनाइनेछ अनि यो नयाँ पृथ्वीसित एउटै

[३]ख्रीष्टको पुनरुत्थान शरीर र उहाँको स्वर्ग आरोहणबारे छलफल हे. अ. २८ मा।
[४]हाम्रो पुनरुत्थान शरीरको प्रकृतिबारे हे. अ. ४२।

हुनेछ।

**३. भौतिक सृष्टि नयाँ बनाइनेछ अनि हामी यसमा बाँचिरहनेछौं र काम गरिरहनेछौं।** नयाँ बनाइएको स्वर्गको अतिरिक्त, परमेश्वरले "नयाँ पृथ्वी" बनाउनुहुनेछ (२ पत्र ३:१३; प्रका २१:१)। विभिन्न परिच्छेदहरूले यो सङ्केत दिन्छन् कि भौतिक सृष्टि महत्त्वपूर्ण ढङ्गमा नयाँ बनाइनेछ। "सृष्टि बढ़ो उत्कण्ठाले परमेश्वरका पुत्रहरू प्रकट हुने कुराको प्रतीक्षा गर्छ। सृष्टि व्यर्थताको वशमा पारियो, त्यसको आफ्नै इच्छाले होइन, तर उहाँको इच्छाले, जसले त्यसलाई वशमा पार्नुभयो, यसै आशामा, कि *सृष्टि त्यसको आफ्नै विनाशको बन्धनबाट मुक्त गराइनेछ, र त्यसले पनि परमेश्वरका सन्तानको महिमित स्वतन्त्रता प्राप्त गर्नेछ"* (रोम ८:१९-२१)।

तर के पृथ्वी पूर्ण रूपमा नयाँ मात्र बनाइनेछ वा यसलाई पूर्ण रूपमा नाश गरिनेछ र यसको स्थानमा अर्को पृथ्वी हुनेछ वा परमेश्वरद्वारा नयाँ बनाइनेछ? कुनै-कुनै परिच्छेदहरूले एउटा सम्पूर्ण रूपमा नयाँ सृष्टिबारे बताएका भान हुन्छ : भजन १०२ लाई उद्धृत गर्दै हिब्रूका लेखकले हामीलाई स्वर्ग र पृथ्वीका बारेमा भन्छन्, "खास्टोझैं तपाईंले तिनीहरूलाई लपेट्नुहुन्छ, वस्त्रझैं ती फेरिनेछन्" (हिब १:११–१२)। यसपछि उनले हामीलाई भन्छन् कि परमेश्वरले यो प्रतिज्ञा गर्नुभएको छ, "अझ एक पल्ट पृथ्वी मात्र होइन, तर स्वर्गलाई समेत म हल्लाउनेछु।" हल्लाउने यो काम यति डरलाग्दो हुनेछ कि "हल्लाउन सकिने कुराहरू हटाइनेछन्, तर हल्लाउन नसकिने कुराहरू स्थिर रहनेछन्" (हिब १२:२६-२७)। पत्रुस भन्छन्, "तर प्रभुको दिन चोरजस्तै गरी झट्टै आउनेछ, जसमा *आकाशचाहिँ ठूलो आवाजसाथ बितिजानेछ, तत्त्वहरू आगोको रापले पग्लिनेछन्, र पृथ्वी र त्यसमा भएका सबै थोक भस्म हुनेछन्"* (२ पत्र ३:१०)। प्रकाशको पुस्तकमा यस्तै चिन्ह पाइन्छ जहाँ यूहन्नाले "उहाँको सामुन्नेबाट पृथ्वी आकाश भागेर गए,र तिनीहरूका निम्ति कतै ठाउँ पाइएन" (प्रका २१:१)। यसको अतिरिक्त, यूहन्ना भन्छन्, "तब मैले नयाँ आकाश र नयाँ पृथ्वी देखें, किनकि पहिलो आकाश र पहिलो पृथ्वी बितिगएका थिए। समुद्र त अब छँदैथिएन" (प्रका २१:१)।

पृथ्वी पूर्ण रूपमा ध्वंश गरेर त्यसको स्थानमा अर्को राखिने हो, वा यसलाई केवल बदली गरेर नवीकरण गरिने हो भन्नेबारेमा प्रोटेस्टन्ट सम्प्रदायभित्र असहमति छ। Berkhof भन्छन् लुथरन विद्वान्हरूले यस तथ्यमाथि जोर दिएका छन् कि एउटा सम्पूर्ण रूपमा नयाँ सृष्टि हुनेछ, जबकि उदारवादी विद्वान्हरूमा ती पदहरूमा जोर दिने प्रवृत्ति देखिन्छ जसले यो भन्छ कि वर्तमान सृष्टि नयाँ बनाइनेछ।[५] यहाँ रीफर्मड् दृष्टिकोण श्रेयस्कर देखिन्छ, किनकि यो सोच्न कठिन छ कि परमेश्वरले उहाँको सृष्टिलाई पूर्ण रूपमा सर्वनाश गर्नुहुनेछ जुन कारणले दियाबलसलाई हाँस्ने अवसर दिइनेछ र त्यस सृष्टिलाई हटाइनेछ जो शुरूमा "असल" थियो (उत १:३१)। पृथ्वीलाई हल्लाइनेछ र हटाइनेछ अनि प्रथम पृथ्वी बितेर जानेछ भनी बताउने परिच्छेदहरूले पृथ्वी यसको वर्तमान रूपमा अस्तित्वमा भएको कुरालाई मात्र

[५]Berkhof, *Systematic Theology,* p. 737.

बुझाएको हुन सक्छ, यसको अस्तित्वैलाई बताएको नहुन सक्छ, २ पत्रुस ३:१० पनिं तत्त्वहरू पग्लिजानेछन् र यसमा भएका पृथ्वी र कामहरू भस्म हुनेछन् भन्ने परिच्छेदहरूले पृथ्वीलाई एउटा ग्रहैको रूपमा उल्लेख नगरिरहेको भएर पृथ्वीको सतहमा रहेका थोकहरूतिर (अर्थात्, मैदान अनि मैदानमा रहका थोकहरू) इङ्गित गरेको हुन सक्छ। केवल एउटा ग्रह हो तर पृथ्वीमा भएका बाहिरी चीजहरूलाई बुझाएको मात्र हुन सक्छ।

**४. हाम्रा पुनरुत्थान शरीरहरू नयाँ सृष्टिको भाग बन्नेछन् ।** नयाँ आकाश र पृथ्वीमा पुनरुत्थान भएका हाम्रा शरीरहरूका निम्ति स्थान र क्रियाकलाप हुनेछन्। हाम्रा शरीरहरू कहिल्यै पनि वृद्ध वा रोगी हुनेछैनन्। यस दृष्टिकोणको पक्षमा हामीले मान्नुपर्ने एउटा तथ्य यो हो कि परमेश्वरले आरम्भिक भौतिक सृष्टि "साह्रै असल थियो" बनाउनुभयो (उत १:३१)। यसकारण परमेश्वरले बनाउनुभएको भौतिक संसारमा वा उहाले यहाँ राख्नुभएका प्राणीहरूमा वा उहाँले हामीलाई सृष्टिमा दिनुभएको भौतिक शरीरहरूमा कुनै पनि अन्तर्निहित पाप वा खराबी वा "अनात्मिक" कुरा छैन। यी सबै कुरा र चीजहरू पापद्वारा भत्काइएका र विकृत पारिएका भए तापनि परमेश्वरले भौतिक संसारलाई पूर्ण रूपमा नाश गर्नुहुन्न (यसले यो प्रमाण गर्नेछ कि पापले परमेश्वरका उद्देश्यहरूलाई कुण्ठित र पराजित बनाएको छ), यसको साटो उहाँले सम्पूर्ण सृष्टिलाई सिद्ध बनाउनुहुनेछ अनि यसलाई ती उद्देश्यहरूसित सामञ्जस्यमा ल्याउनुहुनेछ जुन उद्देश्यको निम्ति यसलाई उहाँलाई आरम्भमा सृष्टि गर्नुभएको थियो। त्यसकारण हामी यो आशा गर्न सक्छौं कि नयाँ स्वर्ग र पृथ्वीमा पूर्णतः सिद्ध पृथ्वी हुनेछ जो फेरि एक पटक पूर्णतः "अति असल" हुनेछ। अनि हामी यस्ता भौतिक शरीरहरू पाउने आशा गर्न सक्छौं जो परमेश्वरको दृष्टिमा फेरि पनि "अति असल" हुनेछन्, अनि ती शरीरहरूले ती कामहरू गर्नेछन् जुन उद्देश्यका निम्ति परमेश्वरले आरम्भमा मानिसलाई पृथ्वीमा राख्नुभएको थियो।

हिब्रूका लेखकले "यस वर्तमान समयमा" मानिसको अधीनमा सब थोक भएको देख्दैनौं भन्दा (हिब २:८) भन्दा, उनको अर्थ अन्ततः सबै थोक हाम्रो अधीनमा हुनेछन्, मानिस ख्रीष्टको राजत्वको अधीनमा भन्ने हो। (हे. प. ९ : "हामी येशू देख्तछौं ... महिमा र आदरको मुकुट उहाँलाई पहिराइयो")। परमेश्वरले बनाउनुभएको यस संसारमा हरेक चीज मानिसको अधीनमा हुनेछ जो परमेश्वरको आरम्भको योजना थियो।[६] यस अर्थमा हामीले "यस पृथ्वीलाई अधिकार गर्नेछौं" (मत्ती ५:५) र परमेश्वरले आरम्भमा योजना गर्नुभएझैं हामी पृथ्वीलाई शासन गर्नेछौं।

यही कारण कि स्वर्गको जीवनका वर्णनहरू परमेश्वरले बनाउनुभएको भौतिक र द्रव्यात्मक सृष्टिकै अंश पाइँदा त्यसले हामीलाई चकित तुल्याउनु हुँदैन। "थुमाका विवाहको भोजमा" हामी *खानेछौं अनि पिउनेछौं* (प्रका १९:९)। येशूले

[६]मानिसले सारा सृष्टिलाई अधीनमा गरोस् भन्ने परमेश्वरको मूल उद्देश्यबारे माथि हे.।

स्वर्गीय राज्यमा उहाँका चेलाहरूसँग एक पटक फेरि *अँगुरको रस* पिउनुहुनेछ (लूक २२:१८)। "जीवनका पानीको *नदी"* "परमेश्वरको र थुमाको सिंहासनबाट निस्की त्यस *शहरका सड़क*को बीचबाट बगिरहेको थियो" (प्रका २२:१)। *जीवनको वृक्ष*ले "हरेक महीना बाह्रै किसिमका फलहरू" दिइरहनेछ (प्रका २२:२)। यी अभिव्यक्तिहरू, कुनै पनि अक्षरशः सन्दर्भहरूविना, प्रतीकात्मक मात्रै हुन् भन्नका लागि दह्रो कारण छैन। तर ढोकाहरू अनि पर्खाल र जगहरू भएका त्यो स्वर्गीय शहर वास्तविक र साँचो कुनै थोकको वर्णन हो भनी सोच्न गाह्रो पर्दैन, "परमेश्वरबाट स्वर्गदेखि तलतिर झरिरहेको पवित्र शहर यरूशलेम। त्यसमा परमेश्वरको महिमा थियो, र त्यसको चमक बहुमूल्य रत्नहरू ... जस्तो चहकिलो थियो" (प्रका २१:१०-११)। "त्यस शहरको सड़क चहकिलो शीशाजस्तै निखुर सुनको थियो। ... पृथ्वीका राजाहरूले आफ्ना वैभव त्यसमा ल्याउनेछन्। दिनमा त्यसका ढोकाहरू कुनै किसिमले बन्द हुनेछैनन् र त्यहाँ रात नै हुनेछैन। तिनीहरूले जाति-जातिहरूका वैभव र सम्मान त्यसभित्र ल्याउनेछन्" (प्रका २१:२१-२६)।

कतिपय विवरणहरू बुझ्नमा हामीमा केही अनिश्चयता हुन सक्छ, तर हामी नयाँ स्वर्ग र नयाँ पृथ्वीमा खानेछौं र पिउनेछौं अनि अन्य शारीरिक क्रियाकलाप पनि गर्नेछौं भन्नु यो चिन्हसित विसङ्गत भएको देखिँदैन। प्रकाशको पुस्तकमा स्वर्गका बयानहरूमा सङ्गीतका वर्णनहरूमा निश्चय प्रमुख छ, अनि हामी यो कल्पना गर्न सक्छौं कि परमेश्वरलाई महिमा दिनका लागि साङ्गीतिक र कलात्मक दुवै थरीका क्रियाकलापहरू गरिएलान्। सम्भवतः प्रौद्योगिक, सृजनात्मक, र आविष्कारशील उपायहरूद्वारा सिर्जनाको अनुसन्धान र विकासका समग्र क्षेत्रमा मानिसहरूले काम गर्नेछन्, र यसरी परमेश्वरको प्रतिरूपमा तिनीहरूको उत्कृष्ट सृष्टिलाई सम्पूर्ण मात्रामा प्रदर्शन गर्नेछन्।

यसको अतिरिक्त, परमेश्वर असीम हुनुहुन्छ अनि हामी उहाँका महानतालाई कहिल्यै शेष पारिसक्दैनौं (भज १४५:३), अनि हामी सीमित भएकाले उहाँको ज्ञान वा सर्वज्ञताको बराबरी कहिल्यै गर्न सक्दैनौं,[७] यसकारण हामी यो आशा गर्न सक्छौं कि सम्पूर्ण अनन्तताको निम्ति परमेश्वरबारे र उहाँको सृष्टिसित उहाँको सम्बन्धबारे हामी झन् झन् सिक्दैजान सक्नेछौं। यसरी हामी सिकाइको त्यो प्रक्रिया कायम राख्नेछौं जो यस जीवनमा आरम्भ गरिएको थियो जसमा "उहाँलाई पूर्ण रूपले प्रसन्न पार्ने" जीवनचाहिँ त्यो जीवन हो जसमा निरन्तर "परमेश्वरको ज्ञानमा बढ्दैजान" सकियोस् (कल १:१०)।

**५. नयाँ सृष्टि "समयविहीन" हुनेछैन तर यसमा कहिल्यै समाप्त नहुने क्षणहरूको अनुक्रम हुनेछ।** एउटा जनप्रिय भजनले "परमप्रभुको तुरही बज्नेछ अनि समय अरू रहनेछैन" भन्ने कुरा बताए तापनि धर्मशास्त्रले यस अवधारणालाई समर्थन गर्दैन।

[७] १ कोर १३:१२ ले भन्दैन कि हामी सर्वज्ञाता बन्नेछौं वा हरेक कुरा जान्नेछौं (पावलले भन्न सक्थे, हामी सबै कुराहरू जान्नेछौं, *ta panta,* यदि हामीले त्यसो गर्ने इच्छा गरेका भए), तर, सही ढङ्गमा अनूदित, बस् यति भन्छन् कि हामीले पूरै वा अझै गहन प्रकारले जान्नेछौं, "जसरी म पनि पूर्ण रूपले चिनिएको छु," अर्थात्, हाम्रो ज्ञानमा कुनै भुल वा भ्रान्तिविना।

निश्चय नै परमेश्वरको महिमाको ज्योति प्राप्त गर्ने (प्रका २१:२३) यस स्वर्गीय शहरले कहिल्यै पनि अन्धकार वा रात अनुभव गर्नेछैन (प्रका २१:२५)। तर यसको अर्थ यो होइन कि स्वर्ग त्यो स्थान हुनेछ जसमा समय अज्ञात रहनेछ। वा जहाँ कुनै कामहरू एउटापछि अर्को गरी गर्न सकिँदैन। वास्तवमा, प्रकाशको पुस्तकमा स्वर्गीय उपासनाका सबै चिन्हहरूमा अर्थपूर्ण वाक्यहरूमा क्रमैसँग बोलिएका शब्दहरू, अनि गरिएका कामहरू गाभिएका छन् (परमेश्वरको सिंहासनअघि दण्डवत् गरिरहेका र उहाँको सिंहासनअघि मुकुट राखिरहेका) जसमा घटनाहरूको एउटा अनुक्रम सम्मिलित छ। जब हामी पढ्छौं कि "पृथ्वीका राजाहरूले ... जाति-जातिहरूमा वैभव र सम्मान यसभित्र ल्याउनेछन्" (प्रका २१:२४-२६), त्यसमा अर्को गतिविधि देख्छौं जसले घटनाहरूको एउटा सिलसिला सम्मिलित गर्छ, जो जसमा एउटापछि अर्को घटना घट्दछ। अनि जीवनको वृक्षका बाह्र थरीका फल छ जसले "*हरेक महीना* ... फल दिइरहन्थ्यो" (प्रक २२:२) भन्ने तथ्यको स्पष्ट तात्पर्य पनि निश्चय त्यही नै हो। प्रका १०:६ बारे हे. अ. ११, पादटिप्पणी १८)।

हामी सीमित प्राणीहरू भएका कारण, हामीले यो पनि आशा गर्न सक्छौं कि हामी सधैं पलहरूका सिलसिलामा जिउनेछौं। जसरी हामीले परमेश्वरको सर्वज्ञता वा सर्वव्यापकता कहिल्यै पनि लाभ गर्न सक्दैनौं, त्यसरी नै समग्र समयलाई सराबरी जीवन्त रूपले देख्ने अर्थमा अनि पलहरूको अनुक्रममा नबाँचीकन वा समयद्वारा सीमित नपारिने अर्थमा हामीले परमेश्वरको अनन्तता कहिल्यै प्राप्त गर्न सक्नेछैनौं। सीमित प्राणीहरूका रूपमा, हामी कहिले अन्त नहुने पलहरूको सिलसिलामा नै बाँच्नेछौं।

### ख. नयाँ सृष्टिसम्बन्धी धर्मसिद्धान्तले धनसम्पत्ति पृथ्वीमा नभएर स्वर्गमा थुपार्नमा ठूलो प्रेरणा दिन्छ

यो वर्तमान सृष्टि अस्थायी हो अनि नयाँ सृष्टिमा हाम्रो जीवन अनन्तका लागि हुनेछ भन्ने तथ्यबारे जब हामी विचार गर्छौं, हामीलाई भक्तिको जीवन जिउने अनि यसरी जिउने कि स्वर्गमा धन थुपार्ने गरी बाँच्ने बलियो प्रेरणा मिल्छ। स्वर्ग र पृथ्वी नाश पारिनेछन् भन्ने तथ्यमाथि चिन्तन गर्दा पत्रुस भन्छन् :

> यी सबै कुराहरू यसरी पग्लन्छन् भन्ने जानेर पवित्रता र भक्तिको जीवनमा तिमीहरू कस्ता किसिमका मानिसहरू हुनुपर्छ ? तिमीहरू परमेश्वरको दिन प्रतीक्षा गर्दछौ, र त्यस दिनलाई नजिक ल्याउन चाहन्छौ, जुन दिन आकाशहरू जलेर भस्म हुनेछन्, र तत्त्वहरू आगोको रापमा पग्लनेछन्। तर उहाँको प्रतिज्ञाबमोजिम हामी नयाँ स्वर्ग र नयाँ पृथ्वीको बाटो हेर्छौं, जसमा धार्मिकताले वास गर्छ। (२ पत्रुस ३:११-१३)

अनि येशूले हामीलाई अति स्पष्टतापूर्वक भन्नुहुन्छ :

> आफ्नो निम्ति पृथ्वीमा धन-सम्पत्ति नथुपार, जहाँ कीरा र खियाले ती

नष्ट पार्छन् र जहाँ चोरहरूले घर फोरेर ती चोर्छन्। तर आफ्नो निम्ति स्वर्गमा धन-सम्पत्ति थुपार, जहाँ कीराले वा खियाले नष्ट पार्दैन, र चोर ले पनि चोर्दैन। किनकि जहाँ तिम्रो धन हुन्छ, त्यहाँ तिम्रो मन पनि हुन्छ। (मत्ती ६:१९-२१)[८]

## ग. नयाँ सृष्टि परमेश्वरको उपस्थितिमा अत्यन्त सुन्दरता र प्रशस्तता आनन्दको स्थान हुनेछ

नयाँ स्वर्ग र नयाँ पृथ्वीबारे हामीमा स्वाभाविक रूपले भएका सारा प्रश्नहरूका बाबजुद हामीले यो तथ्यलाई भुल्नु हुँदैन कि धर्मशास्त्रले यो नयाँ सृष्टिलाई एकनिष्ठ रूपले एउटा अत्यन्तै सुन्दरताको र आनन्दको स्थानको रूपमा चित्रित गरेको छ। प्रकाश २१ र २२ मा स्वर्गको वर्णनमा, यो प्रकरण बारम्बार पुष्टि गरिएको छ। यो एउटा "पवित्र शहर" हो (२१:२), "दुलहाको निम्ति दुलहीजस्तै गरी सिङ्गारिएर तयार" पारिएको स्थान (२१:२)। त्यस स्थानमा "फेरि मृत्यु हुनेछैन, र शोक र पीड़ा पनि हुनेछैन" (२१:४)। त्यहाँ हामी "जीवनका पानीको फुहाराबाट ... सित्तैंमा" पिउन सक्छौं (२१:६)। यो यस्तो शहर हो जसमा "परमेश्वरको महिमा थियो, र त्यसको चमक बहुमूल्य रत्नहरू तथा बिल्लौर स्फटिकजस्तो चहकिलो थियो" (२१:११)। यो विशाल क्षेत्र भएको शहर हो, दिइएको नापलाई चाहे अक्षरशः बुझौं वा प्रतीकात्मक रूपमा। यसको लमाइ १२,००० टाँगो (२१:१६), वा प्रायः १,४०० माइल (२,२५० किमि), अनि "त्यसको लमाइ, चौड़ाइ *र उचाइ* बराबर थियो" (२१:१६)। शहरका खण्डहरू विभिन्न रङ्गका अत्यधिक बहुमूल्य रत्नहरूले निर्मित थियो (२१:१८-२१)। यो सबै प्रकारको खराबीबाट मुक्त हुनेछ, कारण "थुमाका जीवनको पुस्तकमा नाउँ लेखिएकाहरूबाहेक कुनै अशुद्ध कुरा, घृणित काम गर्ने र झुट बोल्ने कुनै किसिमले पनि त्यसभित्र पस्नेछैन" (२१:२७)। त्यस शहरमा हामीसँग पनि परमेश्वरको सारा सृष्टिमाथि शासन गर्ने अधिकार हुनेछ, कारण "तिनीहरूले सदासर्वदै राज्य गर्नेछन्" (२२:५)।

तर स्वर्गीय शहरका सारा भौतिक सुन्दरताभन्दा अझै मुख्यचाहिँ, सबै जातिका र इतिहासका सबै कालका परमेश्वरका जनहरूसँग अनन्तका लागि हामीले उपभोग गर्ने सङ्गतिभन्दा अझै मुख्य, पीड़ा, शोक र शारीरिक कष्टबाट स्वतन्त्रताभन्दा मुख्य, अनि परमेश्वरको राज्यमा शासन गर्नुभन्दा मुख्य – यी सबैभन्दा कता हो कता मुख्यचाहिँ हामी परमेश्वरको उपस्थितिमा उहाँसँग अबाधित सङ्गति उपभोग गर्दै बसेका हुनेछौं भन्ने तथ्य हुनेछ। "हेर, परमेश्वरको वास मानिसहरूसँग भएको छ। उहाँ तिनीहरूसँग वास गर्नुहुनेछ, र तिनीहरू उहाँका प्रजा हुनेछन्, र परमेश्वर आफै तिनीहरूका परमेश्वर भएर तिनीहरूसँग रहनुहुनेछ। उहाँले तिनीहरूका आँखाको आँसु पूर्ण रूपले पुछिदिनुहुनेछ" (२१:३-४)।

पुरानो करारमा, जब परमेश्वरको महिमाले मन्दिरलाई ढाक्दा पूजाहारीहरू खड़ा रहन र सेवा गर्न सक्थेनन् (२ इति ५:१४)। नयाँ करारमा, बेथलेहम

[८]स्वर्गीय इनामबारे विवेचन हे. अ. ५६ मा।

बाहिरको चउरमा बसेका गोठालाहरूलाई परमेश्‍वरका महिमाले घेर्दा "तिनीहरू साह्रै डराए" (लूक २:९)। तर यहाँ स्वर्गको शहरमा, परमेश्‍वरको उपस्थितिका शक्ति र पवित्रतालाई हामी सामना गर्न सक्नेछौं किनकि हामी परमेश्‍वरको महिमाको वातावरणमा *निरन्तर* जिउनेछौं। "त्यो शहर उज्यालो गराउन सूर्य र चन्द्रमाको खाँचो छैन, किनभने *परमेश्‍वरको महिमा नै त्यसको उज्यालो हो। त्यहाँको बत्तीचाहिँ थुमा आफै हुनुहुन्छ"* (२१:२३)। यो परमेश्‍वरले "आफ्नो महिमा र श्रेष्ठता"-मा (२ पत्र १:३) हामीलाई बोलाउनुमा उहाँको उद्देश्यको परिपूर्णता हुनेछ। तब हामी *"आनन्दसहित उहाँको महिमाको सामने"* निरन्तर वास गर्नेछौं। (यूह १:२४; तु. रोम ३:२३; ८:१८; ९:२३; १ कोर १५:४३; २ कोर ३:१८; ४:१७; कल ३:४; १ थेस २:१२; हिब २:१०; १ पत्र ५:१, ४, ४, १०)।

त्यस शहरमा हामी परमेश्‍वरको उपस्थितिमा बस्नेछौं किनकि "परमेश्‍वर र थुमाको सिंहासन त्यहाँ हुनेछ, र उहाँका दासहरूले उहाँको आराधना गर्नेछन्" (२२:३)। यहाँ पृथ्वीमा समय-समयमा परमेश्‍वरको साँचो उपासना गर्नमा हामी आनन्द अनुभव गर्छौं अनि हामी यो बुझ्दछौं कि उहाँलाई महिमा दिनु हाम्रो सर्वोच्च आनन्द हो। तर त्यस शहरमा यो आनन्द बढ्दैजानेछ अनि हामी जसको निम्ति सृष्टि गरिएका थियौं, त्यो उद्देश्य परिपूर्ति भएको थाहा गर्नेछौं। हाम्रो महान्‌तम आनन्द प्रभु स्वयम्‌लाई हेर्नु र सदाभरि उहाँको उपस्थितिमा रहनु हुनेछ। स्वर्गीय शहरका आशिषहरूबारे यूहन्नाले बताउँदा ती आशिषहरूको चरमबिन्दु यही छोटो वक्तव्यमा आउँदछ, *"तिनीहरूले उहाँको मुहार देख्नेछन्"* (यूह २२:४)। हामीले परमेश्‍वरको अनुहारमा हेर्दा उहाँले फर्किएर हामीलाई अनन्त प्रेमले हेर्नुहुन्छ र यसरी हेर्नुहुँदा हामी उहाँमा त्यो हरेक थोकको परिपूर्ति देख्नेछौं जो यस विश्‍वमा असल र सही र वांछनीय भनी हामी जान्दछौं। परमेश्‍वरको मुहारमा हामीले जान्न चाहेका सिद्ध प्रेम, शान्ति, र आनन्द अनि सत्यता र न्याय, पवित्रता र बुद्धि, भलोपन र शक्ति, महिमा र सुन्दरता जान्नेछौं। हामीले प्रभुको अनुहारमा एकटक लगाएर हेर्दा हामीले अघि कहिल्यैभन्दा धेरै हदमा जान्नेछौं कि *"तपाईंको उपस्थितिद्वारा तपाईंले आनन्दले मलाई गद्‌गद् पार्नुहुनेछ। तपाईंको दाहिने बाहुलीमा अनन्त आनन्द छ"* (भज १६:११)। तब हाम्रा हृदयका अभिलाषा पूरा हुनेछन् जुन अभिलाषासित हामीले विगतमा पुकारेका थियौं, "एउटै कुरा म परमप्रभुसँग माग्दछु, मैले खोजेका यही हो, कि जीवनभरि म परमप्रभुको भवनमा रहन पाऊँ, र *उहाँको सुन्दरतालाई हेरिरहन पाऊँ,* र उहाँको मन्दिरमा उहाँलाई खोज्न पाऊँ" (भज २७:४)।

जब परमेश्‍वरलाई हामी मुखामुख देख्नेछौं, हाम्रा हृदयहरूले अन्य केही चाहनेछैनन्। *"स्वर्गमा तपाईंबाहेक मेरो अरू को छ र ?* र पृथ्वीमा पनि मैले चाहना गर्ने तपाईंबाहेक अरू केही छैन। ... परमेश्‍वर सदासर्वदाको निम्ति मेरो हृदयको शक्ति र मेरो भाग हुनुहुन्छ" (भज ३:२५-२६)। त्यसपछि आनन्दसित हाम्रा हृदय र सोरहरू उद्धार गरिएका सबै युगका व्यक्तिहरू र स्वर्गका शक्तिशाली फौजसितै यही गीत गाउनेछन्, "पवित्र, पवित्र, पवित्र परमप्रभु सर्वशक्तिमान् परमेश्‍वर, जो

हुनुहुन्थ्यो  र हुनुहुन्छ र जो आउनुहुनेछ" (प्रका ४:८)।

### व्यक्तिगत प्रयोगका लागि प्रश्नहरू

१. तपाईंको अहिलेसम्मको ख्रीष्टियान जीवनमा नयाँ स्वर्ग र नयाँ पृथ्वीबारे सोच्दै कुनै समय बिताउनुभएको छ? के तपाईंको हृदयमा यसको निम्ति बलियो चाहना छ? यदि यो चाहना बलियो छैन भने यस्तो किन भयो भनी तपाईं ठान्नुहुन्छ।
२. स्वर्गीय शहरमा प्रवेश गर्नलाई तपाईंलाई यस अध्यायले कुन तरिकामा उत्तेजित बनाएको छ? आउने जीवनको निम्ति सशक्त चाहनाको कारण तपाईंको ख्रीष्टियान जीवनमा कुन सकारात्मक प्रभावहरू आउनेछ भनी तपाईं ठान्नुहुन्छ?
३. के तपाईंलाई यो पूर्ण विश्वास छ कि हामी नयाँ सृष्टिमा भौतिक शरीरहरूसितै अस्तित्वमा रहनेछौं जुन शरीर सिद्ध पारिएका हुनेछन्। यदि विश्वास गर्नुहुन्छ भने के तपाईं यस अवधारणाद्वारा प्रोत्साहित हुनहुन्छ वा निराश हुनुहुन्छ? आज पनि स्वर्ग वास्तविक स्थान हो भन्ने कुरामाथि जोर दिन आवश्यक छ?
४. तपाईंले कुन तरिकामा पृथ्वीमा भन्दा स्वर्गमा धन-सम्पत्ति थुपारिसक्नुभएको छ? अहिले तपाईंको आफ्नै जीवनमा त्यसो गर्ने अझै बढ़ी तरिकाहरू छन्? तपाईंले यसो गर्नुहुनेछ भनी ठान्नुहुन्छ?
५. आफ्नो भविष्यको जीवन उच्चाटलाग्दो हुन्छ भनी कहिलेकाहीं मानिसहरूले सोचेका हुन्छन्। के तपाईंले पनि यस्तै अनुभूति गर्नुहुन्छ? अनन्तको राज्य उच्चाटलाग्दो हुनेछ भन्ने आपत्तिको असल उत्तर के हो?
६. तपाईं अन्त्यमा परमेश्वरको उपस्थितिमा उभिनुहुँदा र उहाँलाई मुखामुख देख्नुहुँदा तपाईंलाई कस्तो अनुभूति हुनेछ भनी तपाईं ठान्नुहुन्छ?

### विशेष शब्दावली

स्वर्ग — नयाँ स्वर्ग र नयाँ पृथ्वी

### पुस्तक सूची

(यस पुस्तक सूचीको व्याख्याका लागि अ. १, पृ. ४७ को पुस्तक सूचीमाथि दिइएको टीका हे.। सम्पूर्ण पुस्तक सूचीको तथ्याङ्क परिशिष्ट ४ मा प्राप्य छ।)

### इभ्यान्जेलिकल् सुव्यवस्थित ईश्वरशास्त्रहरूबाट चयनित खण्डहरू

१. एङ्गलिकन (इपिस्कपलियन)

१८८२-९२ लिट्टन, ६००-६०५

२. अर्मिनी (वेजलियन वा मेथडिस्ट)

१८७५-७६ पोप, ३:४४७-५४
१८९२-९४ मिले, २:४७२-७५
१९४० विलि, ३:३७५-९३
१९६० पुर्किसर, ५७४-७७
१९८३ कार्टर, २:११३०-३३, ११३६-४०

३. ब्याप्टिस्ट

१७६७ गल,२:२५८-६८, ३२९-४०
१८८७ बोइस,४७१-७७
१९०७ स्ट्रङ्ग, १०९२९-३३
१९१७ म्यूलिन्स,४८३-८८
१९७६-८३ हेनरी,४:५९३-६१४
१९८३-८५ एरिक्सन,१२२५-३४

४. डिसपेन्सेशनल

१९४७ सेफर, ४:४३३-३९; ५:३६५-७६
१९४९ थीसन, ३९७-९९

५. लुथरन

१९१७-२४ पाइपर, ३:५५०-५५
१९३४ म्यूएलर, ६३९-४४

६. रिफमर्ड (वा प्रेज्बिटरियन)

१५५९ एडवर्ड्स, २:६१७-४१
१८६१ हिपि, ७०६-१२
१८७१-७३ होज, ३:८५५-६१
१८७८ डेबनी, ८४९-५२
१८८९ शेड, २ख, ६६४-६६
१९३८ बर्खोफ, ७३७-३८
१९६२ बुसवेल, २:५११-३८

७. रीन्यूअल (वा क्यारिज्म्याटिक्/पेन्टिकोस्टल)

१९८८-९२ विल्यम्स, ३:४७९-५०८

**रोमन क्याथलिक सुव्यवस्थित ईश्वरशास्त्रका प्रातिनिधिक खण्डहरू**

१. रोमन क्याथलिक: परम्परावादी

१९५५ ओट्, ४७६-७९

२. रोमन क्याथलिक: भेटिकन दोस्रोपछि

१९८० म्याकब्राइन, २:११४१-४२, ११५५-५६

## अन्य पुस्तक/लेखहरू

Blamires, Harry. *Knowing the Truth About Heaven and Hell.* Knowing the Truth series, eds. J. I. Packer and Peter Kreeft. Ann Arbor: Servant, 1988.

Gilmore, John. *Probing Heaven: Key Questions on Hereafter.* Grand Rapids: Baker,1989.

Grider, J. K. "Heaven." In *EDT,* 499-500.

Hoekema, Anthony A. " The New Earth." In *The Bible and the Future.* Grand Rapids : Eerdmans,1979, pp 274-87.

Lincoln, Andrew T. *Paradise now and Not Yet: Studies in the Role of the Heavenly Dimensions in Paul's Thought With Special Reference to His Eschatolgy.* Society for New Testament Studies Monograph Series. London; New York: Cambridge, 1981.

Murry, John. "Glorification." In *Redemption Accomplished and Applied.* Grand Rapids: Eerdmans, 1955, pp 174-81.

Smith, Wilbur M. *The Biblical Doctrine of Heaven.* Chicago: Moody, 1968.

## धर्मशास्त्रको कण्ठस्थ गर्नुपर्ने खण्ड

**प्रकाश २१:३-४** : *सिंहासनबाट यसो भन्ने एउटा चर्को सोर मैले सुनें, "हेर, परमेश्वरको वास मानिसहरूसँग भएको छ। उहाँ तिनीहरूसँग वास गर्नुहुनेछ, र तिनीहरू उहाँका प्रजा हुनेछन्, र परमेश्वर आफै तिनीहरूका परमेश्वर भएर तिनीहरूसँग रहनुहुनेछ। उहाले तिनीहरूका आँखाको आँसु पूर्ण रूपले पुछिदिनुहुनेछ, र फेरि मृत्यु नै हुनेछैन, र शोक पीड़ा पनि हुनेछैन। किनकि पहिलेका कुराहरू बितिसकेका छन्"*

## भजन

"समयका बालुवा डुब्दैछन्"

यो भजन कुनै पनि भाषामा लेखिएको सबैभन्दा सुन्दर भजन हो। यसले अति स्पष्टतासित यो तथ्य व्यक्त गर्दछ कि स्वर्ग परमेश्वरको महिमा हो जुन महिमा त्यो थुमा हो जो हाम्रा लागि मर्नुभयो र उहाले अहिले राज्य गर्नुहुन्छ।

समयका बालुवा डुब्दैछन्, स्वर्गको उषा उदाउँदैछ,
जुन बसन्तको निम्ति मैले सुस्केरा लिएको थियो,

त्यो उज्यालो बिहानी बिउँझन्छ : बिहानी अँध्यारो, अँध्यारो
मध्यरात्री थियो, तर बिहानी अब आइसकेको छ।
महिमा, महिमा इम्मानुएलको देशमा वास गर्नुहुन्छ।
त्यहाँ राजा घुमटोविना उहाँको सौन्दर्यमा दखिनुहुन्छ;
सातौं मृत्यु बीचमा भए तापनि यो यात्रा थियो अति उत्तम रूपमा समाप्त गरिएको
उभिनुहुन्छ त्यो थुमा उहाँको फौजसित सियोन पर्वतमा।
महिमा, महिमा इम्मानुएलको देशमा वास गर्नुहुन्छ।

हे ख्रीष्ट, उहाँ हुनुहुन्छ प्रेमको मिठो कुवामा !
पृथ्वीका खोलाहरू मैले चाखेको छु, माथि अझ गहिरो पानी म पिउनेछु।
त्यहाँ उहाँको  कृपाको सागर विस्तारित हुन्छ।
महिमा, महिमा इम्मानुएलको देशमा वास गर्नुहुन्छ।

बेहुलीको वस्त्र तिनका आँखा होइनन्, तर हो तिनका बेहुलाको अनुहार;
एकटक लाएर म हेर्नेछैन महिमालाई, तर हेर्नेछु मेरा महिमाका राजालाई
उहाँले दिनुहुने मुकुटलाई होइन, तर छेड़िएको उहाँका हातलाई;
इम्मानुएलको देशमा महिमा हुनुहुन्छ थुमा।

*रचयिता* :  Anne R. Cousin, 1857